# सामाजिक अध्ययन

## कक्षा ९

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

**प्रकाशक**

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

© **पाठ्यक्रम विकास केन्द्र**

यस पाठ्यपुस्तकसम्बन्धी सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरमा निहित छ । पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिविना व्यापारिक प्रयोजनका लागि यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

प्रथम संस्करण : वि. सं. २०७९
परिमार्जित संस्करण : वि. सं. २०८२

मुद्रण : जनक शिक्षा सामग्री केन्द्र लि.
सानोठिमी, भक्तपुर

मूल्य रु. :

*पाठ्यपुस्तकसम्बन्धी पाठकका कुनै पनि प्रकारका सुझाव भएमा पाठ्यक्रम विकास केन्द्र, समन्वय तथा प्रकाशन शाखामा पठाइदिनहुन अनुरोध छ । पाठकबाट आउने सुझावलाई केन्द्र हार्दिक स्वागत गर्छ ।*

# हाम्रो भनाइ

शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउन विभिन्न समयमा पाठ्यक्रम र पाठ्यपुस्तक विकास तथा परिमार्जन कार्यलाई निरन्तरता दिइँदै आएको छ । विद्यार्थीमा ज्ञानको खोजी गरी सिकाइ र वास्तविक जीवनबिच सम्बन्ध स्थापित गर्ने, सिद्धान्त र व्यवहारको समन्वय गर्ने, स्वपरावर्तित हुँदै ज्ञान, सिप र क्षमतालाई अद्यावधिक गर्ने सक्षमताको विकास हुन आवश्यक छ । विद्यार्थीमा अधिकार, स्वतन्त्रता र समानताको प्रवर्धन गर्ने, स्वस्थ जीवनको अभ्यास गर्ने, तार्किक विश्लेषण गरी निर्णय गर्ने, वैज्ञानिक विश्लेषणका आधारमा व्यक्ति, समाज र राष्ट्रको दिगो विकासमा सरिक हुने सक्षमताको विकास पनि शिक्षाले गर्नुपर्छ । विद्यार्थीमा नैतिक आचरण प्रदर्शन गर्ने, सामाजिक सद्भावप्रति संवेदनशील हुने, पर्यावरणीय सन्तुलनप्रति संवेदनशील हुने, द्वन्द्व व्यवस्थापन गर्दै दिगो शान्तिका लागि प्रतिबद्ध रहने सक्षमताको विकास पनि माध्यमिक तहको शिक्षाबाट अपेक्षित छन् । यस तहको शिक्षाबाट आधुनिक ज्ञान, सिप, सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, स्वावलम्बी र व्यवसायमुखी सिपको अभ्यास गर्ने, राष्ट्र, राष्ट्रियता र राष्ट्रिय आदर्शको सम्मान गर्ने, समाज स्वीकार्य आचरण र कार्य संस्कृतिको अवलम्बन गर्ने, सहिष्णुभाव राख्ने सक्षमता भएको नागरिक तयार गर्ने अपेक्षा रहेको छ । त्यस्तै सिर्जनशील, कल्पनाशील, उद्यमशील एवम् उच्च सोच र आदर्शमा आधारित व्यवहार गर्ने, समसामयिक चुनौतीहरूको सफल व्यवस्थापन गर्नेलगायतका विशेषताले युक्त स्वावलम्बी, देशभक्त, परिवर्तनमुखी, चिन्तनशील एवम् समावेशी समाज निर्माणमा योगदान गर्न सक्ने सक्षमतासहितको नागरिक तयार गर्नु माध्यमिक शिक्षाको लक्ष्य रहेको छ । यही लक्ष्य पूर्तिका लागि विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मार्गदर्शन सिद्धान्तअनुरूप विकास भएको विद्यालय शिक्षा (कक्षा ९-१०) को पाठ्यक्रमअनुसार तयार पारिएको पाठ्यपुस्तकलाई देशका विभिन्न सरोकारवालाबाट प्राप्त पृष्ठपोषणसमेत समायोजन गरी यो पाठ्यपुस्तक तयार पारिएको हो ।

यस पाठ्यपुस्तकको लेखन तथा परिमार्जन कार्य श्री दिनानाथ पण्डित, श्री दीपिका शर्मा, श्री गोविन्द भण्डारी, श्री दुर्गबहादुर आले, श्री हेमराज खतिवडा, श्री सरस्वती भट्टराई लुइटेल, डा. राजकुमार ढुङ्गानाबाट भएको हो । पाठ्यपुस्तकलाई यस रूपमा ल्याउने कार्यमा केन्द्रका महानिर्देशक श्री युवराज पौडेल र श्री अणप्रसाद न्यौपाने, विषय समितिका पदाधिकारी प्रा.डा. प्रेमसागर चापागाईं, श्री दिनानाथ गौतम, श्री रेणुका पाण्डे भुसालको योगदान रहेको छ । यसको भाषा सम्पादन श्री पुरुषोत्तम घिमिरे, श्री कुमार घिमिरे, डा. गणेशप्रसाद भट्टराई र श्री चिनाकुमारी निरौलाबाट भएको हो । यसको कला सम्पादन श्री श्रीहरि श्रेष्ठबाट भएको हो भने परिमार्जित संस्करणको लेआउट डिजाइन श्री भक्तबहादुर कार्कीबाट भएको हो । परिमार्जित यस पुस्तकको विकास कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्छ ।

पाठ्यपुस्तकलाई शिक्षण सिकाइको महत्त्वपूर्ण साधनका रूपमा लिइन्छ । यसबाट विद्यार्थीले पाठ्यक्रमद्वारा लक्षित सक्षमता हासिल गर्न मदत पुग्ने अपेक्षा गरिएको छ । यस पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी, अनुभवकेन्द्रित, उद्देश्यमूलक र रुचिकर बनाउने प्रयत्न गरिएको छ । सिकाइ र विद्यार्थीको जीवन्त अनुभवबिच तादात्म्य कायम गर्दै यसको सहज प्रयोग गर्न शिक्षकको भूमिका सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा अपेक्षा गरिएको छ । पाठ्यपुस्तकलाई अझै परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकको समेत महत्त्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्छ ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

वि. सं. २०८२

# विषयसूची


| एकाइ | विषयवस्तु | पृष्ठसङ्ख्या |
|---|---|---|
| **एकाइ–एक** | **हामी र हाम्रो समाज** | **१–१६** |
| पाठ १ | समाज विकास | २ |
| पाठ २ | समाज विकासका चरण | ५ |
| पाठ ३ | समाज वर्गीकरणका आधार | ८ |
| पाठ ४ | जीवन पद्धतिका आधारमा समाजको वर्गीकरण | १० |
| पाठ ५ | समाजका आधारभूत तत्त्व | १४ |
| **एकाइ–दुई** | **विकासका पूर्वाधार** | **१७–३४** |
| पाठ १ | विकासको अवधारणा र पूर्वसर्त | १८ |
| पाठ २ | विकासको पूर्वाधार : शिक्षा, स्वास्थ्य र सञ्चार | २१ |
| पाठ ३ | विकासको पूर्वाधार : विद्युत्, खानेपानी, यातायात र जनशक्ति | २५ |
| पाठ ४ | परम्परागत ज्ञान, सिप र प्रविधि | २८ |
| पाठ ५ | स्थानीय स्तरमा विकास प्रस्ताव तर्जुमा | ३२ |
| **एकाइ–तीन** | **हाम्रा सामाजिक मूल्यमान्यता** | **३५–७२** |
| पाठ १ | नेपालमा प्रचलित धर्म | ३६ |
| पाठ २ | मानवमूल्य र यसको महत्त्व | ४० |
| पाठ ३ | नेपाली चित्रकला | ४४ |
| पाठ ४ | नेपाली मूर्तिकला | ४८ |
| पाठ ५ | नेपाली वास्तुकला | ५१ |
| पाठ ६ | धार्मिक सहिष्णुता र धर्म निरपेक्षता | ५५ |
| पाठ ७ | समानुभूति र सहयोग | ५८ |
| पाठ ८ | शान्ति संस्कृति | ६० |

| | | |
|---|---|---|
| पाठ ९ | हाम्रा राष्ट्रिय विभूति | ६३ |
| पाठ १० | राष्ट्रिय व्यक्तित्व | ७० |
| **एकाइ–चार** | **सामाजिक समस्या र समाधान** | **७४–८६** |
| पाठ १ | सामाजिक समस्याको पहिचान | ७५ |
| पाठ २ | सामाजिक सुधारमा स्थानीय सङ्घसंस्था | ७८ |
| पाठ ३ | सामाजिक सुधारमा राष्ट्रिय सङ्घसंस्थाको भूमिका | ८१ |
| पाठ ४ | सामाजिक समस्या समाधानका मौलिक अभ्यास | ८५ |
| **एकाइ–पाँच** | **नागरिक चेतना** | **८७–११५** |
| पाठ १ | संविधानको परिचय | ८८ |
| पाठ २ | संवैधानिक विकासक्रम | ९० |
| पाठ ३ | संविधान सभा र वर्तमान संविधान | ९३ |
| पाठ ४ | मौलिक हक | ९५ |
| पाठ ५ | नागरिक पहिचान | १०० |
| पाठ ६ | नागरिक कर्तव्य | १०४ |
| पाठ ७ | सुशासन | १०७ |
| पाठ ८ | लोकतान्त्रिक आचरण | ११० |
| पाठ ९ | नागरिक समाज | ११२ |
| पाठ १० | राष्ट्र र राष्ट्रियता | ११४ |
| **एकाइ–छ** | **हाम्रो पृथ्वी** | **११७–१६७** |
| पाठ १ | अक्षांश र देशान्तर | ११८ |
| पाठ २ | नेपालको धरातलीय स्वरूप | १२३ |
| पाठ ३ | नेपालको हावापानी | १२७ |
| पाठ ४ | प्राकृतिक वनस्पति | १३० |
| पाठ ५ | नेपालमा खनिज र जलस्रोत | १३३ |

| | | |
|---|---|---|
| पाठ ६ | नक्सा कार्य | १३७ |
| पाठ ७ | एसिया : भौगोलिक र प्राकृतिक वातावरण | १४२ |
| पाठ ८ | एसिया : आर्थिक क्रियाकलाप र सामाजिक जीवन | १४७ |
| पाठ ९ | युरोप : भौगोलिक तथा प्राकृतिक वातावरण | १५१ |
| पाठ १० | युरोप : आर्थिक र सामाजिक जनजीवन | १५५ |
| पाठ ११ | अस्ट्रेलिया : भौगोलिक र प्राकृतिक वातावरण | १५८ |
| पाठ १२ | अस्ट्रेलिया : आर्थिक क्रियाकलाप र सामाजिक जीवन | १६१ |
| पाठ १३ | विपत् | १६४ |
| **एकाइ–सात** | **हाम्रो विगत** | **१६८–१९५** |
| पाठ १ | ऐतिहासिक स्रोत | १६९ |
| पाठ २ | शाक्यवंशीय इतिहास | १७३ |
| पाठ ३ | नेपालको एकीकरण : कारण र प्रभाव | १७६ |
| पाठ ४ | नेपाल अङ्ग्रेज युद्ध : कारण र प्रभाव | १८२ |
| पाठ ५ | नेपाल अङ्ग्रेज युद्धमा वीरवीराङ्गानाहरूको योगदान | १८५ |
| पाठ ६ | राणा शासनको उदय र अन्त्यका कारण | १८९ |
| पाठ ७ | राणाशासनको आर्थिक सामाजिक प्रभाव | १९४ |
| **एकाइ–आठ** | **हाम्रा आर्थिक क्रियाकलाप** | **१९६–२१७** |
| पाठ १ | कृषि | १९७ |
| पाठ २ | परम्परागत र आधुनिक कृषि प्रणाली | २०० |
| पाठ ३ | उद्योग | २०३ |
| पाठ ४ | व्यापार | २०८ |
| पाठ ५ | नेपालमा व्यापार विविधीकरण र बजारीकरण | २१२ |
| पाठ ६ | श्रम, रोजगार र उद्यमशीलता | २१५ |

| | | |
|---|---|---|
| **एकाइ–नौ** | **अन्तर्राष्ट्रिय सम्बन्ध, शान्ति र सहयोग** | **२१८–२३५** |
| पाठ १ | नेपालका मित्रराष्ट्र र संस्था | २१९ |
| पाठ २ | संयुक्त राष्ट्रसङ्घ र नेपाल | २२३ |
| पाठ ३ | क्षेत्रीय सङ्गठन र नेपाल | २२५ |
| पाठ ४ | सूचना तथा सञ्चार प्रविधि | २२८ |
| पाठ ५ | समसामयिक घटना र यसको प्रभाव | २३३ |
| **एकाइ–दश** | **जनसङ्ख्या र यसको व्यवस्थापन** | **२३६–२५१** |
| पाठ १ | जनसाङ्ख्यिक तत्त्व | २३७ |
| पाठ २ | नेपालमा जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने तत्त्व | २३९ |
| पाठ ३ | नेपालमा बसाइँसराइका कारण र असर | २४२ |
| पाठ ४ | जनसङ्ख्या वृद्धिका कारण र असर | २४४ |
| पाठ ५ | जनसङ्ख्या व्यवस्थापन | २४७ |
| पाठ ६ | पारिवारिक स्वास्थ्य र हेरचाह | २४९ |

एकाइ
एक

# हामी र हाम्रो समाज

## सिकाइ उपलब्धि

- समाज विकासको अवधारणा र चरणहरू उल्लेख गर्न
- समाजका प्रकार बताउन र असल समाज निर्माणमा आफ्नो भूमिका निर्वाह गर्न

पाठ १

# समाज विकास

## १. समाजको अवधारणा

समाज साझा उद्देश्य उन्मुख, परिवर्तनमुखी र विकासमुखी मानव संस्था हो । यो साझा उद्देश्य प्राप्तिमा क्रियाशील रहन्छ । मानव एक्लैले आफ्ना हरेक आवश्यकताको पूर्ति गर्न सक्दैन । व्यक्ति समाजको एक सदस्यका रूपमा रहन्छ । यसरी समाजमा रहँदा उसले समाजका अन्य सदस्यसँग आवश्यकताअनुसार सम्बन्ध स्थापित गर्छ । आफ्ना आवश्यकता परिपूर्ति गर्छ । आफ्ना आवश्यकता परिपूर्ति गर्ने क्रममा विभिन्न सम्बन्ध पनि स्थापित हुँदै जान्छन् । त्यस्ता सम्बन्धले सामाजिक चेतना, सामूहिक भावना र विवेकशीलता जस्ता गुण विकास हुँदै जान्छन् । यही मानवीय सम्बन्धको जालोलाई समाज भनिन्छ ।

### समाजका विशेषता

(क) साझा उद्देश्य र आवश्यकतामा जोड दिन्छ ।

(ख) समाजका सदस्यबिच पारस्परिक सम्बन्ध रहेको हुन्छ ।

(ग) समाज गतिशील हुन्छ ।

(घ) समाजका प्रत्येक सदस्यले आफ्नो अधिकारको संरक्षण गर्ने हैसियत राख्छन् ।

(ङ) समाजका सदस्यबिच एकता र अन्तरक्रिया हुन्छ ।

(च) समाज परिवर्तनशील हुन्छ ।

(छ) समाजले सदस्यको व्यवहारलाई नियन्त्रण गर्छ ।

(ज) समाजले व्यापक क्षेत्र समेटेको हुन्छ ।

## २. समुदायको अवधारणा

निश्चित भौगोलिक क्षेत्रमा पारस्परिक भावनाका साथ बसोबास गर्ने व्यक्तिहरूको समूहलाई समुदाय भनिन्छ । सामान्यतः भाषा, धर्म, जाति आदिका आधारमा बसोबास गर्ने मानव समूह समुदाय हो । समुदायमा निश्चित भौगोलिक क्षेत्रमा बसेर समान किसिमको जीवनपद्धति अपनाइएको हुन्छ । एकआपसमा आत्मनिर्भर रहेर बसोबास गर्नु समुदायको विशेषता हो । समाजको तुलनामा समुदाय सानो हुन्छ । यसमा सामाजिक जीवनका सम्पूर्ण पक्षहरू सम्मिलित भएका हुन्छन् ।

### समुदायका विशेषता

(क) निश्चित क्षेत्रमा स्थायी रूपमा बसोबास गर्ने समूह हो ।

(ख) समुदायमा सामूहिकताको भावना प्रबल हुन्छ ।

(ग) सांस्कृतिक रहनसहन, भाषा, जातजाति, परम्परा, विश्वास, धर्म, खानपान आदिमा बढी समानता हुन्छ ।

(घ) सदस्यमा जिम्मेवारीको भावना प्रबल हुन्छ ।

(ङ) समुदायलाई अनुभूति गर्न सकिन्छ ।

(च) सीमित क्षेत्र समेटेको हुन्छ ।

(छ) हामी भन्ने भावना बढी हुन्छ ।

(ज) आपसी अन्तरनिर्भरता बढी हुन्छ ।

## ३. व्यक्ति र समाज

मानव चेतनशील र विवेकशील प्राणी हो । मानवीय चेतनाका कारणले समाज र सभ्यता विकसित हुँदै आएका हुन् । समाज मानवीय सम्बन्धको जालो हो भने व्यक्ति समाजको एक एकाइ हो । समाजको रूपान्तरणमा व्यक्तिको स्वभाव, क्षमता, रुचि, इच्छाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । व्यक्ति व्यक्ति मिलेर समाज बनेको हुन्छ र समाजबाट नै व्यक्तिले आफ्ना आवश्यकता परिपूर्ति गर्छ । मानिसले आफ्नो जीवनलाई सहज र सरल बनाउने तथा सम्बन्ध स्थापित गर्दै जाने क्रममा समाजको विकास भएको हो । व्यक्तिको अस्तित्व समाजमा रहेको हुन्छ । व्यक्तिविनाको समाज परिकल्पना पनि गर्न सकिँदैन भने समाजविनाको व्यक्तिले पनि सहज जीवनयापन गर्न सक्दैन । तसर्थ व्यक्ति र समाज एकअर्काका अभिन्न अङ्ग हुन् ।

व्यवस्थित समाज र समुदायका माध्यमबाट व्यक्तिले आफ्ना आवश्यकता पूरा गर्न सक्छन् । यस क्रममा आदिमकालीन मानवका आफ्ना भोगाइसँगसँगै समाजको विकास भएको हो । मानव समाज सामाजिक विकासको निरन्तरताबाट वर्तमान अवस्थामा आइपुगेको हो । पारस्परिक सचेतना, अन्तरनिर्भरता, विविधतामा एकता, समन्वय, समभ्रूदारी, गतिशीलता आदि वर्तमान समाजका मुख्य विशेषता हुन् । असल र सभ्य समाजको निर्माणका निम्ति हामी सबैले सामाजिक आचरणअनुरूपको व्यवहार देखाउनुपर्छ ।

## *क्रियाकलाप*

**१. तलको अवस्था अध्ययन गरी दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

### ग्रामीण क्षेत्रमा देखा परेका सकारात्मक परिवर्तन

विनोदको गाउँमा विगत पाँच वर्षको अवधिमा प्रशस्त सकारात्मक परिवर्तन भएका छन् । उक्त गाउँका मानिसले एकआपसमा भाइचारा र बन्धुत्वको भावनासहित सामूहिकताको उदाहरण प्रस्तुत गरेका छन् । आफ्नो गाउँको विकासमा आफैँ अग्रसर हुनुपर्छ भन्ने भावना विकास भएको छ । गाउँमा सामूहिक रूपमा बाटोघाटो निर्माण गर्ने, गुठीमा विभिन्न कार्यमा सहभागिता जनाउने काम हुँदै आएका छन् । त्यस्तै कुलपूजा र जन्ममृत्यु संस्कारमा सरसहयोग गर्ने प्रचलन गाउँमा छ ।

गाउँमा मोटर बाटो ल्याउन सबै गाउँलेले श्रमदान गरेको, मोटर बाटाका लागि सम्बन्धित ठाउँमा कुरा गर्न गएको सन्दर्भले गाउँमा असल सहकार्य र सामाजिक व्यवहारको प्रदर्शन भएको छ । किसानहरूको समूहले गरेको लगानी र सामूहिक कृषि प्रणालीले जीवनस्तरमा सुधार आएको छ । यहाँका मानिसमा उद्यमशीलताको भावना क्रमिक रूपमा बढ्दो छ । यसका साथै सामुदायिक कार्यमा सहभागिताले अपेक्षित नतिजा प्राप्त गर्न सकिन्छ भन्ने विश्वास बढेको छ । समय समयमा केही विवादहरू नभएका होइनन् तर ती फरक किसिमका विचार तथा कारणले समाजको गतिशीलतामा उत्तिकै योगदान पुऱ्याएको छ । आर्थिक अवस्थामा आएको परिवर्तनले व्यक्तिको सोचाइ, सामाजिक मूल्य, मान्यता, परम्परा, संस्कार, संस्कृतिमा पनि सकारात्मक परिवर्तन आएको छ । उनीहरूमा आपसी सहयोग, सहकार्य र मेलमिलापको भावनामा वृद्धि भएको छ । सामाजिक एकता र सद्भावमा पनि बढोत्तरी भएको छ ।

**प्रश्नहरू**

(क) विनोदको गाउँको विशेषता उल्लेख गर्नुहोस् ।

(ख) विनोदको गाउँका कुन कुन सकारात्मक पक्षलाई तपाईंको समुदायमा पनि आत्मसात् गर्न सकिन्छ होला, समुदायका अगुवासँग छलफल गरी प्राप्त निष्कर्ष कक्षामा प्रस्तुत गर्नुहोस् ।

(ग) समाजमा साझा उद्देश्य प्राप्तिका लागि तपाईंले निर्वाह गर्न सक्ने कुनै चारओटा भूमिका बुँदागत रूपमा लेख्नुहोस् ।

(घ) तपाईंको समाजका विशेषता प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

**(क) समाज भनेको के हो ?**

**(ख) समाजका विशेषता उल्लेख गर्नुहोस् ।**

**(ग) व्यक्ति र समाजबिचको अन्तरसम्बन्ध उल्लेख गर्नुहोस् ।**

**(घ) समाज र समुदायबिचका कुनै चार भिन्नता लेख्नुहोस् ।**

**(ङ) व्यक्तिले समाजबाट कसरी आफ्ना आवश्यकता पूरा गर्छ, चर्चा गर्नुहोस् ।**

### *सामुदायिक कार्य*

आफ्नो समुदायको समाजसेवीलाई भेटेर समुदायमा विगत १० वर्षमा सामाजिक तथा विकासका क्षेत्रमा भएका परिवर्तनको सूची तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ २

# समाज विकासका चरण

प्यारी छोरी अवन्तिका,                                                                                  मिति : २०७८/११/३०
शुभाशीर्वाद ।

हामी यहाँ आराम छौँ । तिमीलाई पनि आरामै होला भन्ने कामना गर्छौं । तिमीसँग बसेर कुरा गर्न नपाएको पनि लामो समय भएछ । तिमीले विशेष चासो राख्ने विषय मानवीय सभ्यता र समाजको व्यवस्थित विकासका सम्बन्धमा केही कुरा लेख्दै छु । विश्वास छ, तिमीलाई मनमा लागेका कुरा जवाफमा पठाउने नै छौ ।

मानव सभ्यताको सुरुआती अवस्थामा मानिस एक्लै बस्ने गरेको पाइन्छ । पछि सुरक्षा र आवश्यकता परिपूर्ति गर्न परिवारमा बस्न थाले । त्यसवेला उनीहरू सिकारीका रूपमा घुमन्ते जीवनपद्धति अवलम्बन गर्थे । आवश्यकता परिपूर्ति गर्ने क्रममा एउटै पुर्खाका सन्तानहरू एकै ठाउँमा बस्न थाले । यही अवस्था नै समाज उत्पत्तिको प्रारम्भिक चरण थियो ।

मानव समाजको उत्पत्ति सम्बन्धमा विभिन्न मत रहेका छन् । आध्यात्मिक र भौतिकवादी दृष्टिकोणमा मानव समाजको उत्पत्ति र विकाससम्बन्धी विभिन्न अवस्था उल्लेख भएको पाइन्छ । आध्यात्मिक दृष्टिकोणमा धार्मिक विश्वासका आधारमा समाजको वर्गीकरण भएको मानिन्छ । समाज विकासको चरण अध्ययन गर्दा विश्वमा सामान्यतः पूर्वीय र पाश्चात्य दर्शन एवम् परम्पराबाट समाज विकसित भएको देखिन्छ । पूर्वीय दर्शनअनुसार वैदिक कालमै वर्ण व्यवस्थामा आधारित समाज थियो । यसमा तत्कालीन अवस्थामा जातको व्यवस्था थिएन । कर्मका आधारमा चार वर्णमा विभाजन हुन्थ्यो । यसमा व्यक्तिको रुचि, चाहना र क्षमताका आधारमा कर्म गर्ने र कर्मका आधारमा वर्णको वर्गमा रहने व्यवस्था थियो । त्यस्तै पाश्चात्य दर्शन र परम्पराका केही विद्वान्ले समाज विकास र वर्गीकरणमा स्रोत र पुँजीलाई आधार मानेका छन् । त्यसमा कोम्ट, कालमार्क्स, हेनरी, टेलर जस्ता विद्वान्को मत बढी सान्दर्भिक ठानिन्छ । भौतिकवादी दृष्टिकोणमा मानिसले अवलम्बन गरेको पेसाका आधारमा समाजको वर्गीकरण गरेको पाइन्छ । समाज विकास र यसका चरण सम्बन्धमा विभिन्न समाजशास्त्रीले अध्ययन गरेका छन् । सर्वप्रथम वैज्ञानिक रूपले समाजका बारेमा अध्ययन गर्ने काम अगस्ट कोम्ट (Auguste Comte) ले गरेका हुन् । उनलाई वैज्ञानिक समाजशास्त्रका पिता भनिन्छ । उनी प्राकृतिक, आध्यात्मिक र वैज्ञानिक रूपमा मानव समाजको विकास भएको धारणा राख्छन् ।

समाज विकासका चरण सम्बन्धमा विभिन्न समाजशास्त्रीले विभिन्न प्रकारले धारणा राखेको पाइन्छ । कार्ल मार्क्सले समाजलाई उत्पादन सम्बन्धनका आधारमा आदिम साम्यवादी समाज, दास समाज, सामन्ती समाज, पुँजीवादी समाज, समाजवादी समाज र साम्यवादी समाज गरी छ चरणमा वर्गीकरण गरेका छन् । उनका अनुसार व्यक्तिगत सम्पत्तिको अवधारणा विकास भइनसकेको, पूर्णरूपमा समानता अथवा साम्यवादको अवस्थामा रहेको समाज आदिम साम्यवादी समाज थियो । मानिसले आफ्ना आवश्यकता

जङ्गलबाट प्राप्त हुने फलफूल, कन्दमूल आदिबाट पूर्ति गर्थे । समयसँगै व्यक्तिगत सम्पत्तिको अवधारणा विकास भयो । कृषि र पशुपालनको विकाससँगै निजी सम्पत्तिको अवधारणाको विकास भयो । धनी वर्गले गरिबलाई दासका रूपमा प्रयोग गर्ने तथा शोषण गर्ने गर्थे । परिणामस्वरूप दास समाजको स्थापना भयो । समाज दास वा कृषि मजदुरको एउटा वर्ग र जमिनदार तथा भूमिपतिको अर्को वर्ग गरी दुई वर्गमा रूपान्तरण भयो । यस समाजलाई सामन्ती समाज भनिन्थ्यो । त्यसपश्चात् उत्पादनका साधनमा पुँजीपति वर्गको पूर्ण रूपमा स्वामित्व रह्यो । अर्थतन्त्र नाफा र घाटामा आधारित भयो । मार्क्सका अनुसार यस प्रकृतिको समाजलाई पुँजीवादी समाज भनिन्छ । उत्पादनका साधन भूमि, पुँजी र श्रममा सामूहिक स्वामित्वको विकास हुने र उत्पादित वस्तुको उपभोगमा पनि सामूहिकता अवलम्बन गरिने समाजलाई समाजवादी समाज भनिन्छ । उत्पादनका साधनमा सरकार वा राज्यको पूर्ण रूपमा स्वामित्व हुने, पूर्ण रूपमा विकसित र जनताका सम्पूर्ण आवश्यकता सरकारले नै पूर्ति गरिदिने समाज साम्यवादी समाज हो । यो मार्क्सले परिकल्पना गरेको समाज विकासको अन्तिम चरण हो ।

प्यारी छोरी, त्यसैगरी समाज र संस्कृति निश्चित चरण पार गरेर मात्र विकसित अवस्थासम्म पुग्छ भन्ने मान्यता राख्ने समाजशास्त्री इ. बी. टेलर हुन् । हरेक समाज क्रमिक रूपमा एक चरणबाट अर्को चरणमा परिवर्तन हुँदै जान्छ भन्ने मान्यता राख्ने समाजशास्त्री लेविस हेनरी मोर्गन हुन् । यी दुईको समाज विकासका चरण सम्बन्धमा मिल्दोजुल्दो विचार देखिन्छ । उनीहरूका अनुसार मानव समाज सुरुमा प्रारम्भिक अवस्थाका रूपमा थियो । यो समाज विकासको प्रारम्भिक चरण थियो । त्यसपछि मध्यकालीन समाज र आधुनिक समाजको विकास भएको हो । टेलर र मोर्गानले मध्यकालीन समाजलाई बर्बर समाज र आधुनिक समाजलाई सभ्य समाजका रूपमा वर्गीकरण गरेका छन् ।

सभ्यताको प्रारम्भिक अवस्था अत्यन्त कठिन र सङ्घर्षमय थियो । ढुङ्गाले बनेका भद्दा किसिमका हतियारको प्रयोग गरी सामूहिक रूपमा सिकार गर्ने गरिन्थ्यो । यस्तो समाजलाई उनीहरूले जङ्गली समाजका रूपमा परिभाषित गरेका छन् । जब मानवले धातुको आविष्कार र प्रयोगको सुरुआत गरे, तब कृषिकार्यको थालनी हुन थाल्यो । त्यसपछि उनीहरूले क्रमिक रूपमा साना साना समूह बनाई स्थायी रूपमा बसोबास गर्न थाले । उनीहरू आफ्नो समूहको शक्ति र क्षमताअनुरूप अर्को समूहलाई हेप्ने दबाउने गर्थे । यस समाजलाई मध्यकालीन समाजका रूपमा चित्रित गरिन्छ । समयको परिवर्तनसँगै मानव जगत्मा चेतनाको विकास भयो जसले मानवलाई आधुनिकतातर्फ बढ्न मदत गऱ्यो । मानव समाज विकासको अन्तिम चरण आधुनिक वा सभ्य चरण हो । समाजमा घटेका घटनालाई तार्किक र वैज्ञानिक आधारमा गरिएको विचार र विमर्शले महत्त्व पाउनु आधुनिक समाजको विशेषता हो ।

आशा छ, तिमीले समाज विकासका चरण सम्बन्धमा पक्कै पनि केही कुरा बुझ्यौ । बाँकी अर्को पत्रमा सविस्तार लेखौँला ।

उही तिम्रो बुबा
राजेश

## *क्रियाकलाप*

१. **कार्लमार्क्सका अनुसार समाज विकासका विभिन्न चरण लेखिएको चार्ट तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **मध्यकालीन समाजका विशेषताको सम्बन्धमा साथीसँग गर्ने संवादको नमुना तयार पार्नुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

१. **समाजको विकास कसरी भएको थियो ?**

२. **समाजको प्रकारअनुसार विशेषताहरू लेख्नुहोस् :**

| **समाजको प्रकार** | **विशेषता** |
|---|---|
| प्रारम्भिक समाज | |
| मध्यकालीन समाज | |
| आधुनिक समाज | |

३. **उल्लिखित समाजमध्ये तपाईँलाई कुन समाज बढी सुधारवादी वा प्रगतिशील लाग्छ, कारणसहित लेख्नुहोस् ।**

## *सामुदायिक कार्य*

तपाईं बसेको समाज विगतदेखि अहिलेको अवस्थासम्म कसरी आइपुग्यो, सोधखोज गरी प्राप्त विवरण कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ
३

# समाज वर्गीकरणका आधार

(आज सामाजिक अध्ययन विषयको कक्षामा समाज वर्गीकरणका आधारका बारेमा छलफल हुँदै छ । सो विषयमा अन्तरक्रियाका निम्ति एक समाजशास्त्रीलाई विद्यालयमा आमन्त्रण गरिएको छ । शिक्षक, विद्यार्थी र समाजशास्त्रीबिचको अन्तरक्रियाको अंश यहाँ प्रस्तुत गरिएको छ ।)

शिक्षक : हाम्रो निमन्त्रणालाई स्वीकार गरी आज कक्षामा समाजशास्त्री आउनुभएको छ । तपाईंहरूले पालैपालो आफ्ना जिज्ञासा राख्न सक्नुहुन्छ ।

स्मृतिः नमस्कार ! सुरुमा मेरा जिज्ञासा राख्छु ल । समाजको वर्गीकरण कसरी गरिएको हुन्छ ?

समाजशास्त्री : नमस्कार, सान्दर्भिक प्रश्न राख्नुभयो । गतिशीलता मानवीय समाजको स्वाभाविक गुण हो । त्यसकारण आदिमकालीन जीवनपद्धतिबाट सुरुआत भएको मानव समाज क्रमिक रूपमा विभिन्न स्वरूपमा देखा पर्दै आयो । समाजलाई विभिन्न आधारमा वर्गीकरण गरिएको हुन्छ । भाषा, धर्म, बसोबास, समय, अर्थव्यवस्था, जीवनपद्धति समाज वर्गीकरणका प्रमुख आधार हुन् ।

निस्ता : समाज वर्गीकरणका आधार धेरै हुँदा रहेछन् । समाजलाई आर्थिक आधारमा पुँजीवादी समाज, समाजवादी र मिश्रित समाज गरी वर्गीकरण गरिएको पाइन्छ । पुँजीवादी समाजमा पुँजीको प्रधानता हुन्छ । बजारको नियन्त्रण पुँजीपतिको हातमा हुन्छ । देशको अर्थतन्त्रलाई बजारले सुचारु गर्छ । निजी क्षेत्रको राज्य व्यवस्थामा प्रभाव रहन्छ । समाजवादी समाजमा राज्य नियन्त्रित अर्थ व्यवस्था स्थापित भएको हुन्छ । बजार उद्योग र व्यापारलाई सरकारले नियन्त्रण गर्छ । मिश्रित समाजमा पुँजीवादी र समाजवादी समाजका असल पक्षलाई अवलम्बन गरिएको हुन्छ भनेर दिदीले मलाई भन्नुभएको थियो । भाषा र धर्मका आधारमा गरिएको वर्गीकरण सम्बन्धमा केही बताइदिनुहुन्छ कि ?

समाजशास्त्री : भाषा विचार आदानप्रदान गर्ने प्रमुख माध्यम हो । समाजलाई एकभाषी, द्विभाषी र बहुभाषी समाज गरी वर्गीकरण गरिएको हुन्छ । एक जातिको मात्र बसोबास भएको ठाउँमा एउटा मात्र भाषाका माध्यमबाट विचार आदानप्रदान हुन सक्छ । तीव्र रूपमा बसाइँसराइको वर्तमान अवस्था र आधुनिकतातर्फ उन्मुख समाजमा एउटा मात्र भाषा प्रयोग हुँदैन । यस्ता समाज द्विभाषी र बहुभाषी समाज हुन सक्छन् । त्यस्तै धर्मका आधारमा पनि समाजलाई वर्गीकरण गर्न सकिन्छ ।

रामसेवक : धर्मका आधारमा पनि समाजलाई वर्गीकरण गर्न सकिन्छ र ? यस बारेमा पनि यहाँले केही बताइदिनुहुन्छ कि ?

समाजशास्त्री : हाम्रो समाजमा विभिन्न धर्ममा आस्था र विश्वास राख्ने मानिस हुन्छन् । हामी जुनसुकै धर्ममा विश्वास गरे पनि हाम्रो मुख्य उद्देश्य असल समाजको स्थापना अथवा सभ्य समाजको निर्माण गर्नु नै हो । हाम्रा आस्था र विश्वासअनुसार हामी भिन्न भिन्न धर्ममा विश्वास राख्छौँ । आस्था र विश्वासको कारणले गर्दा धार्मिक समाज विकसित भएका छन् । हिन्दु समाज, बौद्ध समाज, मुस्लिम समाज वा अन्य कुनै निश्चित धर्ममा आधारित समाज यसका उदाहरण हुन् ।

शिक्षक : यहाँको उपस्थितिले आजको कक्षा निकै प्रभावकारी रह्यो । यहाँले आफ्नो अमूल्य समय हामीलाई दिनुभएकामा धेरै धेरै धन्यवाद ।

समाजशास्त्री : मेरा विचार राख्ने अवसर दिनुभएकामा यहाँलाई पनि धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

### *क्रियाकलाप*

**१. कक्षालाई विभिन्न समूहमा वर्गीकरण गर्नुहोस् र समाज वर्गीकरणका विभिन्न आधार सम्बन्धमा छलफल गरी सामूहिक निष्कर्ष कक्षामा टाँस्नुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

**(क) समाज वर्गीकरणका कुनै दुई आधार उल्लेख गर्नुहोस् ।**

**(ख) तपाईँको विचारमा वर्तमान समाज वर्गीकरणका प्रमुख आधार के के हुन सक्छन्, लेख्नुहोस् ।**

**(ग) तपाईँ बसेको समाज कस्तो प्रकारको समाज हो, कारण दिनुहोस् ।**

**(घ) पुँजीवादी समाज र समाजवादी समाजबिचका फरक लेख्नुहोस् ।**

पाठ ४

# जीवनपद्धतिका आधारमा समाजको वर्गीकरण

नौ कक्षामा अध्यनरत विद्यार्थीका निम्ति सामाजिक अध्ययन विषयअन्तर्गत जीवनपद्धतिका आधारमा समाजको वर्गीकरण शीर्षकमा परियोजना कार्य दिइएको थियो । यस कार्यका लागि उनीहरूलाई सन्दर्भसामग्री अध्ययन तथा जानकार व्यक्तिसँग सोधपुछ गर्न भनिएको थियो । कक्षामा अध्ययनरत विद्यार्थीको एउटा समूहले तयार पारेको परियोजना कार्यको नमुना प्रतिवेदन यहाँ प्रस्तुत गरिएको छ ।

**शीर्षक : जीवनपद्धतिका आधारमा समाजको वर्गीकरण**

## १. परिचय

मानवले जीविकोपार्जनका क्रममा अवलम्बन गरेका समग्र गतिविधिलाई जीवनपद्धति भनिन्छ । मानवले आफ्ना आवश्यकता परिपूर्तिका निम्ति सामूहिक जीवनपद्धति अवलम्बन गऱ्यो । यो अवस्था नै समाज विकासको सुरुआती चरण थियो । मानव विकासको सुरुआती चरणदेखि नै पारस्परिक सम्बन्धका आधारमा मानवीय समाजको विकास भएको थियो । मानिसले अवलम्बन गरेका पेसा, संस्कृति र जीवनपद्धतिका आधारमा समाज विकासको प्रारम्भिक अवस्थादेखि वर्तमानसम्मको समाजलाई निम्नानुसार देखाउन सकिन्छ :

(क) सिकारी तथा कन्दमूल सङ्कलन गर्ने समाज

(ख) कृषि तथा फलफूल खेती गर्ने समाज

(ग) पशुपालक समाज

(घ) औद्योगिक समाज

(ङ) आधुनिक समाज

## २. उद्देश्य

निम्नलिखित उद्देश्यमा आधारित रहेर यो अध्ययन प्रतिवेदन तयार गरिएको थियो :

(क) जीवनपद्धतिका आधारमा विभिन्न समाजको पहिचान गर्नु

(ख) जीवनपद्धतिका आधारमा वर्गीकरण गरिएका समाजका विशेषता खोजी गर्नु

## ३. अध्ययन विधि

(क) अन्तर्वार्ता


(ख) सन्दर्भ सामग्री अध्ययन

प्राप्त तथ्याङ्क र सूचनालाई व्याख्या एवम् विश्लेषण गरेर यहाँ प्रस्तुत गरिएको छ :

## ४. पत्ता लागेका कुरा

यस अध्ययनपश्चात् जीवनपद्धतिका आधारमा विगतदेखि वर्तमानसम्मको समाज, समाजको अवस्था र विशेषतालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**(क) सिकारी तथा कन्दमूल सङ्कलन गर्ने समाज**



(अ) यस समाजमा प्रारम्भिक अवस्थाको समाजका विशेषता रहेका हुन्छन् ।

(आ) यसप्रकारको समाजमा मानवको बसोबास अस्थायी प्रकृतिको हुन्छ ।

(इ) जीविकोपार्जनको मुख्य आधार जङ्गली जनावरको सिकार र कन्दमूल सङ्कलन हो ।

(ई) विभिन्न खालका परम्परागत हतियार र औजारको प्रयोग गरी सिकार गरिन्छ ।

(उ) अफ्रिका र अमेजन बैँसीमा यस्ता समाज अझै अस्तित्वमा रहेका छन् ।

**(ख) कृषि तथा फलफूल खेती गर्ने समाज**

(अ) सामान्यतः ग्रामीण क्षेत्रमा यस्तो समाज रहेको हुन्छ ।

(आ) कृषि तथा फलफूल खेती जीविकोपार्जनको प्रमुख माध्यमका रूपमा रहेको हुन्छ ।

(इ) समाजमा आफ्नो जमिन भएका कृषक र कृषि मजदुर गरी दुई वर्ग हुन्छन् ।

(ई) सहायक पेसाका रूपमा पशुपालन पनि गर्छन् ।

**(ग) पशुपालक समाज**

(अ) यस समाजमा जीविकोपार्जनको प्रमुख माध्यम पशुपालनलाई मानिएको हुन्छ ।

(आ) यस्तो समाजमा गाई, भैंसी, भेडा र बाख्रा पाल्नेहरूको बाहुल्यता रहेको हुन्छ ।

(इ) सहायक पेसाका रूपमा कृषि पेसा पनि अपनाइन्छ ।

**(घ) औद्योगिक समाज**

(अ) यस किसिमको समाजमा जीविकोपार्जनका प्रमुख माध्यमहरू उद्योग र व्यापार हुन् ।

(आ) यस समाजमा पुँजीपति वर्ग र उद्योगमा काम गरी जीविकोपार्जन गर्ने श्रमिक वर्ग रहेका हुन्छन् ।



(इ) नेपालको सहरी क्षेत्रमा यस किसिमको समाज बढी रहेको हुन्छ ।

(ई) यस समाजको प्रमुख विशेषता भनेको सामाजिक र सांस्कृतिक विविधता हुनु हो ।

**(ङ) आधुनिक समाज**

(अ) यो समाज विकासको आधुनिक अवस्था हो ।

(आ) यस समाजमा विज्ञान र प्रविधिको प्रयोग अधिक मात्रामा हुन्छ ।

(इ) पारस्परिक रूपमा अन्तरनिर्भर अर्थव्यवस्थामा आधारित हुन्छ ।

(ई) यो समाज बहुसांस्कृतिक हुन्छ ।

(उ) यो गतिशील समाज हो

(ऊ) यो विकसित समाज पनि हो ।

## ५. निष्कर्ष

व्यक्तिको आवश्यकता परिवर्तन भइरहने हुनाले समाज पनि परिवर्तनशील हुन्छ । चेतनाको विकास नै मानव जीवनपद्धतिमा व्यापक परिवर्तन ल्याउने आधार हो । विगतको साधारण र प्राकृतिक किसिमको जीवनपद्धतिबाट क्रमिक रूपमा उत्पादनका गतिविधिमा परिवर्तन भइरहन्छन् । हाल मानव समाजको स्वरूपमा व्यापक रूपमा परिवर्तन भएको छ । घुमन्ते जीवनपद्धति अवलम्बन गर्ने र कन्दमूल सङ्कलन गरेर गुजारा गर्ने मानव पशुपालक, किसान, उद्योगी हुँदै वर्तमानको आधुनिक मानव समाजमा रूपान्तरण भएको छ । हाल कृषि पशुपालन क्षेत्रमा पनि आधुनिक प्रविधिको प्रयोग हुँदै आएको छ ।

## *क्रियाकलाप*

१. पाठमा उल्लिखित समाजमध्ये तपाईँ बस्ने समाज कस्तो किसिमको समाज हो र किन, कक्षामा छलफल गरी कारण प्रस्तुत गर्नुहोस् ।

२. जीवनपद्धतिका आधारमा समाजका प्रकारका सम्बन्धमा चित्रसहितको पोस्टर तयार गरी कक्षाकोठामा टाँस्नुहोस् ।

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) फलफूल खेती गर्ने समाज र पशुपालन गर्ने समाजबिचका समानता तथा भिन्नताको सूची बनाउनुहोस् ।

(ख) कृषि समाजबाट औद्योगिक समाजमा रूपान्तरण हुन के के कुरा आवश्यक पर्छ, आवश्यक पर्ने सिप उल्लेख गर्नुहोस् ।

(ग) समाज क्रमिक रूपमा परिवर्तन हुनुका मुख्य कारण के के हुन सक्छन्, छोटकरीमा लेख्नुहोस् ।

(घ) आधुनिक समाजका विशेषता उल्लेख गर्नुहोस् ।

पाठ
५

# समाजका आधारभूत तत्त्व

प्रत्येक व्यक्ति समाजको सदस्य हो । व्यवस्थित समाज विकासका निम्ति समाजमा बसोबास गर्ने व्यक्तिले निश्चित मूल्यमान्यताको अनुसरण गर्नुपर्छ । हामी बस्ने समाज जस्तै विद्यालय पनि एउटा समाजको नमुना हो । विद्यालयमा विभिन्न भौगोलिक, सांस्कृतिक, आर्थिक तथा जातीय पृष्ठभूमिका विद्यार्थी रहेका हुन्छन् । विद्यालयमा निश्चित नीति नियम हुन्छन् । विद्यार्थी, शिक्षक तथा विद्यालय प्रशासनबाट ती नीतिनियमको प्रभावकारी ढङ्गले अनुसरण गरेमा मात्र व्यवस्थित विद्यालयको परिकल्पना गर्न सकिन्छ । विद्यालयमा जस्तै समाजमा पनि विविध तत्त्व एवम् मान्यता रहेका हुन्छन् ।

## १. समाजका आधारभूत तत्त्व

मानवीय सम्बन्धका आधारमा समाजको निर्माण हुन्छ । त्यसरी निर्मित समाजलाई व्यवस्थित र गतिशील बनाउन विभिन्न तत्त्वहरूको आवश्यकता पर्छ । यसलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

### (क) आफ्नोपना र पहिचान

समाज मेरा लागि र म समाजका लागि भन्ने भावनाले मात्र समाजमा आफ्नोपनाको भावना बढाउँछ । यसले समाजमा व्यक्तिको स्वतः स्फूर्त रूपमा सक्रियता बढाउँछ । समाजबाट नै हाम्रा आवश्यकता परिपूर्ति हुने हुँदा समाज निर्माणका निम्ति हाम्रो सोचाइ सकारात्मक हुनुपर्छ भन्ने भावना वृद्धि गर्छ । समाजका हरेक व्यक्तिले समाजलाई अपनत्वको भावनाले हेरे मात्र समाजले गतिशीलता प्राप्त गर्छ ।

### (ख) शान्ति सुरक्षा

शान्ति सुरक्षा समाजको एक आधारभूत तत्त्व हो । यसको अभावमा कुनै पनि व्यक्ति तथा समाजको समग्र विकास सम्भव हुँदैन । समाजलाई भयरहित बनाउन शान्ति सुरक्षाको आवश्यकता पर्छ । व्यक्तिलाई पनि सुरक्षाको सुनिश्चितता हुनुपर्छ । हरेक व्यक्तिले त्यसको महसुस गर्ने वातावरण हुनुपर्छ ।

### (ग) पारस्परिक सम्बन्ध र अन्तरनिर्भरता

मानवले आफ्ना सम्पूर्ण आवश्यकता व्यक्तिगत प्रयासबाट मात्र परिपूर्ति गर्न सम्भव हुँदैन । त्यसका लागि एकअर्काबिच पारस्परिक सम्बन्ध र सहयोगको आवश्यकता पर्छ । समाज निर्माणको उद्देश्य नै व्यक्तिको जीवनलाई सरल र सहज बनाउनु हो जुन पारस्परिक सम्बन्धविना सम्भव हुँदैन । समाजमा आपसी लेनदेन, पारस्परिकता, सहकार्य, सहयोग र साझेदारीपना हुनुपर्छ ।

### (घ) सद्भाव र एकता

सद्भाव र एकताले समाज निर्माणमा मदत पुऱ्याउँछ । व्यक्ति व्यक्तिबिच एकता, सहकार्य, मेलमिलापको भावना र नियमको पालना हुँदा मात्र असल समाजको परिकल्पना गर्न सकिन्छ । फरक विचार, भाषा, धर्म, लिङ्ग र संस्कृति भएका व्यक्तिहरूको सम्मान गर्ने, समान व्यवहार गर्ने जस्ता कार्यले सामाजिक सद्भाव वृद्धि गर्न सकिन्छ । द्वन्द्व, असमझदारी, बेमेल जस्ता तत्त्वले समाजमा विखण्डन ल्याउन सक्छ ।

### (ङ) जिम्मेवारी वहन

समाज निर्माणका निम्ति समाजका प्रत्येक सदस्यले आआफ्नो जिम्मेवारी वहन गर्नुपर्छ । समूहमा आफ्नो योग्यता, क्षमता र अनुभवका आधारमा जिम्मेवारीको पालना भएमा सामूहिक लक्ष्य प्राप्तिमा मदत पुग्छ । यसका साथै जिम्मेवारी वहनले व्यक्तिमा परिस्थितिअनुकूलको व्यवहारको विकास गर्न र प्रभावकारी ढङ्गले कार्य सम्पादन गर्न सक्ने सिपको पनि विकास हुन्छ ।

### (च) समानुभूति

मानव जीवनमा सधैँ सहज र सरल अवस्था मात्र नभएर चुनौतीको पनि सामना गर्नुपर्छ । अरूको मर्म र भावना बुझी सोहीअनुरूप अनुकूल हुने गरी गरिने व्यवहार समानुभूति हो । अरूप्रति गरिने विवेकपूर्ण व्यवहारका माध्यमबाट समाजको निर्माणमा सकारात्मक टेवा पुग्छ ।

## २. असल समाज निर्माणमा व्यक्तिको भूमिका

समाजविना मानवजीवन अर्थहीन हुन्छ । समाजमा अन्तरक्रिया, सहयोग, सहकार्य गर्दै जाँदा सामाजिक सिपको विकास हुन्छ । मानव जीवनमा सफलता हासिल गर्न पारस्परिक सहयोग आवश्यक पर्छ । समाजको योग्य नागरिक हुनका लागि उसले सामाजिक मूल्य र आदर्श सिक्नुपर्छ । त्यसका निम्ति समाजमा कुनै पनि व्यक्तिले निम्नलिखित भूमिका निर्वाह गर्नुपर्छ :

(क) समाजमा एकता, सहकार्य, मेलमिलापको भावना र नियमको पालना गर्नुपर्छ ।

(ख) एकताबाटै सामूहिक कार्य गर्ने र सामर्थ्य प्राप्त गर्न सकिन्छ भन्ने मान्यतालाई आत्मसात् गर्दै समाजका अन्य सदस्यसँग पनि सोहीअनुरूप व्यवहार गर्नुपर्छ ।

(ग) सहकार्य साझा लक्ष्य प्राप्त गर्ने प्रमुख माध्यम हो । यसबाट नै मित्रता, सहयोग, सम्बन्ध र नेतृत्व क्षमता बढाउन सकिन्छ ।

(घ) समाजमा सामूहिक भावना हुनुपर्छ । समाजका सदस्यले एकअर्काका सुखदुःखमा साथ दिनुपर्छ भन्ने मान्यताअनुसार व्यवहार गर्नुपर्छ ।

(ङ) हरेक व्यक्तिले आआफ्नो ठाउँबाट सामाजिक आचरणयुक्त व्यवहार प्रदर्शन गर्नुपर्छ ।

(च) सामूहिक हितका निम्ति हरेक व्यक्तिले आआफ्नो ठाउँबाट अर्थपूर्ण उपस्थिति जनाउनुपर्छ ।

(छ) समाजमा प्रचलित व्यक्ति र असल आचरणलाई अवलम्बन गर्नुपर्छ ।

## *क्रियाकलाप*

१. विद्यालय एउटा समाज हो । किन, यस सन्दर्भमा साथी साथीमा छलफल गर्नुहोस् र पत्ता लागेका निष्कर्ष कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. समाजका तत्त्वमध्ये कुनै तीनओटा छान्नुपर्दा तपाईँ कुन कुन छान्नुहुन्छ र किन, आफूलाई लागेका महत्त्वपूर्ण तत्त्व टिप्नुहोस् र आफ्ना बुँदा कक्षाका अन्य साथीसँग छलफल गरी तुलना गर्नुहोस् ।

३. असल समाज निर्माणमा विद्यार्थीको भूमिका के के हुन सक्छन्, सूची बनाउनुहोस् र तत्काल विद्यार्थीले गर्न सक्ने कुरा के के हुन सक्छन्, छलफल गर्नुहोस् ।

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) समाज निर्माणका आधारभूत तत्त्व के के हुन्, कुनै दुईओटा तत्त्वको छोटकरीमा व्याख्या गर्नुहोस् ।

(ख) सामाजिक नियम किन पालना गर्नुपर्छ, कारण उल्लेख गर्नुहोस् ।

(ग) तपाईं बसोबास गर्ने समाजमा असल समाजका कुन कुन तत्त्व रहेका छन्, खोजी गरी लेख्नुहोस् ।

(घ) जिम्मेवारी वहनलाई समाजको एक पूर्ण तत्त्वका रूपमा किन लिइन्छ, आफ्ना विचार प्रस्तुत गर्नुहोस् ।

एकाइ
दुई

# विकासका पूर्वाधार

## सिकाइ उपलब्धि

- विकासको अवधारणाको परिचय दिन र स्रोतसाधन तथा पूर्वसर्तको खाका प्रस्तुत गर्न
- विकासको पूर्वाधारका परिचय दिई सम्भावना र चुनौतीको खोजी गर्न
- परम्परागत ज्ञान, सिप र प्रविधिको महत्त्व बताउन तथा तिनको सिर्जनशील प्रयोग गर्न
- स्थानीय स्तरमा विकास प्रस्ताव तर्जुमा गर्न र कार्यान्वयन प्रक्रिया उल्लेख गर्न

पाठ १

# विकासको अवधारणा र पूर्वसर्त

शनिबारको दिन हाम्रो गाउँमा प्रदेश योजना आयोगका सदस्य आएर विकासको अवधारणा र विकासका निम्ति आवश्यक पूर्वसर्तका बारेमा आफ्ना विचार यसरी राख्नुभयो : सक्रिय स्रोताका रूपमा म राजु घलान पनि त्यस कार्यक्रममा सहभागी थिएँ ।

विद्यमान अवस्थामा योजनाबद्ध वा सचेत रूपमा गरिने सकारात्मक परिवर्तन विकास हो । विकास कुनै एक पक्षको मात्र नभई समग्र पक्षमा देखा पर्ने अपेक्षित परिवर्तन हो । यसले समाजको आर्थिक, सामाजिक, राजनीतिक र वैज्ञानिक क्रियाकलापलाई समेटेको हुन्छ । विकासको अवधारणामा दुई पक्ष समावेश हुन्छन् । एउटा गुणात्मक परिवर्तन हो भने अर्को परिमाणात्मक वृद्धि हो । विकासलाई विभिन्न तरिकाले परिभाषित गर्न सकिन्छ । आधुनिकीकरणको प्रक्रिया विकास हो । सामाजिक तथा भौतिक पक्षमा देखा परेको सकारात्मक परिवर्तन र सामाजिक संरचनाको परिवर्तन विकास हो । समाजको सकारात्मक रूपान्तरण, सामाजिक गतिशीलता आदि विकासका अवधारणागत पक्षअन्तर्गत पर्छन् । आयोगका सदस्यले यति भन्दै गर्दा मलाई मनमा लागिसकेको थियो कि विकास भनेको समग्र अवस्थामा आएको प्रगतिशील तथा सकारात्मक अवस्था हो । यसले मानव जीवनमा सुखीपना र सहजताको महसुस गराउँछ ।

विकासका पूर्वसर्त सम्बन्धमा उहाँले भन्नुभयो : वर्तमान समय विकास र प्रविधिको समय हो । हामीले अपेक्षा गरेको परिवर्तनका निम्ति निश्चित आधारहरूको आवश्यकता पर्छ जसलाई हामी विकासका पूर्वसर्तका रूपमा लिन सक्छौँ । दूरदृष्टि, साक्षरता, स्रोतसाधन, जनसहभागिता, उद्यमशीलता, सुशासन, शान्ति, प्रविधि आदि विकासका पूर्वसर्त हुन् । हामीले नयाँ पुस्ताका आवश्यकतालाई समेत समेटिने गरी विकासका योजना तर्जुमा गर्नुपर्छ । विकासका गतिविधि दिगो हुनुपर्छ । दूरदृष्टि राखेर गरिएको कार्य दिगो, टिकाउ, सही दिशा र गन्तव्यउन्मुख हुन्छ । दूरदृष्टि पूरा गर्न व्यावहारिक लक्ष्य, रणनीति र योजना चाहिन्छ । दूरदृष्टि भनेको विकासका लागि देखिने सपना हो । यो भविष्यमा के गर्ने भनेर गरिएको दिर्घकालीन सोच हो । यो विकासका लागि अनिवार्य सर्त पनि हो । त्यस्तै विकासको अर्को पूर्वसर्त साक्षरता हो । साक्षरताले योग्य र सक्षम जनशक्ति विकासको आधार तयार पार्छ । स्रोतसाधनको अभावमा विकासका गतिविधि सञ्चालन गर्न सम्भव हुँदैन । स्रोतसाधनको उपलब्धता र त्यसको प्रभावकारी परिचालन गरेर विश्वका धेरै देश अहिले विकासको शिखरमा पुगेका छन् ।

विकासका निम्ति जनसमुदायको अर्थपूर्ण सहभागिता महत्त्वपूर्ण रहन्छ । प्रभावकारी रूपले जनसहभागिता रह्यो भने विकासका कार्यक्रम समयमै सम्पन्न हुन्छन् । जनसहभागिता वृद्धि हुँदा लागत कम हुने र स्थानीय समुदाय स्वतःस्फूर्त रूपमा विकासका लागि अभिप्रेरित हुन्छन् । स्थानीय जनतामा लगानी गर्ने र चुनौतीको सामना गर्ने क्षमता बढ्छ । समयको व्यवस्थापन गर्ने, अवसरको सदुपयोग गर्ने जस्ता उद्यमशील गुणको विकास भई सकारात्मक परिवर्तनका निम्ति मदत पुग्छ । उद्यमशीलता पनि विकासको

अर्को महत्त्वपूर्ण पूर्वसर्त हो । उद्यमशीलता व्यक्तिले जोखिम उठाएर उत्पादनका प्रक्रियामा संलग्न रहने गतिविधि हो । देश र समाजको विकासका लागि नागरिकमा उद्यमशीलताको भावना वृद्धि गर्नु आवश्यक छ । यसले राष्ट्रिय अर्थतन्त्रको विकास र विस्तारमा समेत महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ ।

आजको युगमा प्रविधिको प्रयोग र आवश्यकता सम्बन्धमा यहाँहरूलाई अवगत नै छ । प्रविधिले नै अहिलेको विकासलाई मार्गनिर्देश गरिरहेको छ । हरेक क्षेत्रको विकासमा प्रविधिको सहयोग अपरिहार्य बन्दै गएको छ । यी सबै विकासका पूर्वसर्तलाई पूरा गर्नका निम्ति शान्ति अथवा द्वन्द्वरहित अवस्था महत्त्वपूर्ण सर्त हो । शान्तिपूर्ण अवस्थामा मात्र राज्यले यी सबै पूर्वसर्त पूरा गर्ने अवस्था रहन्छ । द्वन्द्वरहित अवस्था हुँदामात्र विकासले गति लिने, समयमा काम सकिने, लागत कम लाग्ने हुन्छ । त्यसैले विकासका लागि शान्तिको आवश्यकतालाई हामी सबैले स्वीकार गरौँ र सोअनुरूप व्यवहार प्रस्तुत गरौँ । धन्यवाद ।

विषयवस्तुको तर्कसङ्गत प्रस्तुतीकरणले गर्दा मैले निकै ध्यान दिएर सुनिरहेको थिएँ तर मलाई अझ विकाससम्बन्धी केही थप पक्षको सन्दर्भमा बुझ्ने उत्सुकता बढिरहेको थियो ।

उहाँका अनुसार विश्वका जति पनि विकसित मुलुक छन् ती सबै यत्तिकै विकसित भएका होइनन् । यसका पछाडि उनीहरूले पुँजी, सामग्री, मेसिन, जनशक्ति र बजारको (Money, Materials, Machine, Manpower and Market) परिस्थितिअनुरूप विकास र प्रभावकारी व्यवस्थापन गरे । यी साधनहरूलाई आवश्यकताअनुसार प्रयोगमा ल्याए । हामीसँग उल्लिखित सबै पक्षको आवश्यकताअनुसार विकास र व्यवस्थापन गर्न चुनौती छ भन्ने कुरामा उहाँको जोड रहेको थियो । विकासशील देशमा विकासका गतिविधि सञ्चालन गर्न पर्याप्त पुँजी हुँदैन । भएका स्रोतसाधन प्रयोगमा ल्याउनका निम्ति दक्ष जनशक्तिको अभाव उत्तिकै हुन्छ । दक्ष जनशक्ति पलायनको समस्या पनि तीव्र रहन्छ । यी समस्या समाधान गर्न योजनाबद्ध प्रयास गर्नु आवश्यक छ भन्ने उहाँको भनाइको निष्कर्षले मलाई विकासका पूर्वसर्तमा थप स्पस्ट हुन मदत गऱ्यो । आजको कार्यक्रम मेरा लागि प्रभावकारी रह्यो ।

**विकासका पूर्वसर्त**

- दूरदृष्टि
- साक्षरता
- स्रोतसाधन
- जनसहभागिता
- उद्यमशीलता
- सुशासन र शान्ति
- प्रविधि

## *क्रियाकलाप*

१. **तरकारी खेती, व्यापार, बाख्रापालन, दुग्धजन्य पदार्थको उत्पादन तथा बिक्रीवितरण जस्ता स्थानीय उद्यमशीलताले आयआर्जन र स्वरोजगार बढाउँछ । यस सम्बन्धमा समूहमा छलफल गरी कक्षामा निष्कर्ष प्रस्तुत गर्नुहोस् ।**

२. **वर्तमान समयमा विकासका विभिन्न पूर्वसर्तमध्ये सबैभन्दा महत्त्वपूर्ण पूर्वसर्त कुन होला र किन, कक्षामा जोडीमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।**

३. **के तपाईँको स्थानीय तहमा सोचेको जस्तो विकास भएको छ ? यदि भएको छैन भने के के पूर्वसर्तको अभाव छ, खोजी गरी लेख्नुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) विकासको अवधारणाको छोटो व्याख्या गर्नुहोस् ।

(ख) विकासका पूर्वसर्त के के हुन् ?

(ग) उद्यमशीलताले व्यक्ति र समाजमा पार्ने सकारात्मक प्रभाव उल्लेख गर्नुहोस् ।

(घ) विकास र स्रोतसाधनका बिचमा कस्तो सम्बन्ध हुन्छ ?

(ङ) विकासमा जनसहभागिताको महत्त्व उल्लेख गर्नुहोस् ।

(च) साक्षरताले कसरी विकासमा सहयोग गर्छ ?

(छ) 'प्रविधिको उपयोग नै देश विकासको मुख्य आधार हो ।' यस भनाइलाई पुष्टि गर्नुहोस् ।

पाठ २

# विकासको पूर्वाधार : शिक्षा, स्वास्थ्य र सञ्चार



विकासका निम्ति आवश्यक आधारभूत सेवा तथा सुविधा विकासका पूर्वाधार हुन् । कुनै पनि देशको विकासको अवस्था त्यहाँ उपलब्ध पूर्वाधारमा भर पर्छ । देशको समग्र विकासका निम्ति विभिन्न किसिमका पूर्वाधारको आवश्यकता पर्छ । ती पूर्वाधार शिक्षा, स्वास्थ्य र सञ्चार आदि हुन् ।

## १. शिक्षा

शिक्षा मर्यादित एवम् सभ्य समाज विकासको एक महत्त्वपूर्ण आधार हो । शिक्षाका माध्यमबाट समाज रूपान्तरण गर्न सकिन्छ । शिक्षाका माध्यमबाट नै व्यक्तिमा सकारात्मक चिन्तनको विकास गर्न सकिन्छ । निर्दिष्ट गरिएका योजनाको प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्भव हुन्छ । तसर्थ शिक्षालाई विकासको महत्त्वपूर्ण पूर्वाधारका रूपमा लिइन्छ ।

शिक्षा देश विकासको मुख्य आधार हो । विकासका निम्ति चाहिने मानवीय स्रोतको आपूर्ति शिक्षित जनशक्तिबाट हुन्छ । विभिन्न क्षेत्रमा चाहिने दक्ष जनशक्ति विकास शिक्षाबाट मात्र सम्भव हुन्छ । शिक्षाले व्यक्तिको क्षमता पहिचान गरी त्यसको सिर्जनशील प्रयोगमा जोड दिन्छ । वर्तमान समाजमा साक्षरताको अवधारणामा परिवर्तन भएको पाइन्छ । पहिले पढ्ने, लेख्ने र अङ्कगणितका सामान्य समस्या समाधान गर्न सक्ने व्यक्तिलाई साक्षर भनिन्थ्यो । वर्तमान सन्दर्भमा पढाइ, लेखाइ, अङ्कगणित, अधिकार, उत्तरदायित्व, आपसी सम्बन्ध, सामान्य डिजिटल साक्षरता जस्ता गुण भएको व्यक्तिलाई साक्षर व्यक्ति भनिन्छ । साक्षरतालाई सशक्तीकरणका माध्यमका रूपमा पनि लिन सकिन्छ ।

साक्षरता भनेको पढाइ, लेखाइका सिप मात्र नभएर नागरिकको दैनिक जीवन र व्यवहार पद्धति पनि भएकाले यसमा सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक पक्षहरूसमेत जोडिएर रहेका हुन्छन् । समयको परिवर्तन सँगसँगै शिक्षाका विभिन्न माध्यमको विकास भएका छन् । प्रविधिमैत्री शिक्षा अहिलेको महत्त्वपूर्ण शैक्षिक आधार बनेको छ ।

शिक्षित व्यक्तिले मात्र राष्ट्रले अवलम्बन गरेको विकासका योजनाहरू सफल कार्यान्वयन गर्न सक्छ । सम्बन्धित निकायमा रचनात्मक सुझाव दिन सक्छ । यसका साथै चेतना जागरण, सामाजिक मूल्यप्रतिको सचेतना, विकासमा जनसहभागिता, सामाजिक सद्भाव र सहयोग बढाउँछ । विकासका कार्य पनि शिक्षित व्यक्तिबाट धेरै सजिलो हुन्छ ।

## २. स्वास्थ्य



स्वास्थ्य विकासको अर्को महत्त्वपूर्ण पूर्वाधार हो । WHO ले स्वास्थ्यलाई शारीरिक तन्दुरुस्ती मात्र नभएर मानसिक रूपमा तनावमुक्त तथा सामाजिक रूपमा समायोजन हुन सक्ने अवस्था हो भनेर परिभाषित गरेको छ । स्वस्थ जनशक्तिले मात्र देश विकासका निम्ति आवश्यकताअनुसार भूमिका निर्वाह गर्न सक्छ । स्वस्थ जनशक्तिले श्रम र मिहिनेत पर्याप्त गर्न सक्छन् । विकासका अन्य गतिविधि सञ्चालन गर्नका निम्ति स्वस्थ जनशक्ति आवश्यक पर्छ । त्यसकारण स्वस्थ जनशक्तिलाई विकासको पूर्वाधारका रूपमा लिइन्छ । स्वास्थ्यसँग सम्बन्धित पूर्वाधार अस्पताल, स्वास्थ्यचौकी, आयुर्वेदिक औषधालय, जनस्वास्थ्य कार्यालय आदि हुन् ।

नेपालमा स्वास्थ्य क्षेत्रमा क्रमिक रूपमा सुधार भएको छ । स्वास्थ्य चेतना क्रमिक रूपमा बढ्दो छ । स्वास्थ्य क्षेत्रमा आधुनिक चिकित्सा, आयुर्वेदिक चिकित्सा, अकुपङ्चर, प्राकृतिक उपचार, होमोप्याथिक उपचार, योग आदि प्रयोगमा आएको पाइन्छ ।

सोह्रौँ पञ्चवर्षीय योजनाले स्वास्थ्य, शिक्षा, रोजगारी, आवास सुरक्षा तथा सार्वजनिक सेवा प्रवाहमा सामाजिक न्याय स्थापित गर्ने उद्देश्य राखेको छ । त्यस्तै प्रतिकारात्मक, प्रवर्धनात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रशामकलगायतका आधारभूतदेखि विशिष्टीकृत र गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने रणनीति लिएको छ ।

नेपालमा स्वास्थ्य क्षेत्रका समस्या पनि उत्तिकै छन् । धेरै भूभाग ग्रामीण तथा पिछडिएको अवस्थामा रहेको छ । ती ठाउँमा व्याप्त गरिबी, अशिक्षा र जनचेतनाको अभावको कारणले गर्दा नागरिकको स्वास्थ्यमा अपेक्षाकृत सुधार हुन सकेको छैन । नेपालमा उपलब्ध स्वास्थ्यकर्मी वर्तमान जनसङ्ख्याको अनुपातमा न्यून रहेका छन् । स्वास्थ्य उपकरण र औषधीको अभाव हाम्रा स्वास्थ्य क्षेत्रका प्रमुख समस्या हुन् । अशिक्षाको कारणले गर्दा आधुनिक स्वास्थ्य सेवामा भन्दा अन्धविश्वासमा आधारित धामीझाँक्रीमा बढी विश्वास गर्ने चलन छ । अन्य पूर्वाधारको अभावको कारणले गर्दा ग्रामीण भेगमा दक्ष स्वाथ्यकर्मी जान चाहँदैनन् । उपलब्ध स्वास्थ्य सेवा पनि सहरमा मात्र केन्द्रित छन् । यस्ता पक्षहरू नेपालको स्वास्थ्य क्षेत्रका प्रमुख समस्या हुन् ।

स्वास्थ्य क्षेत्र विकासको महत्त्वपूर्ण आधार भएकाले नागरिकको समतामूलक पहुँच हुनुपर्छ । आधारभूत स्वास्थ्यसेवालाई सर्वसुलभ बनाउनु, स्वास्थ्यसम्बन्धी परम्परागत सोचाइ निराकरण गर्नका निम्ति जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु वर्तमानका आवश्यकता हुन् ।

## ३. सूचना प्रविधि

अर्थपूर्ण ढङ्गले विचारको आदानप्रदान गर्ने प्रक्रिया सञ्चार हो । वर्तमान विश्वमा सूचना प्रविधिको विकासमा देखा परेको तीव्र परिवर्तन सँगसँगै सञ्चार क्षेत्रले व्यापकता पाएको छ । जुन राष्ट्रले सञ्चारको

क्षेत्रमा प्रगति गरेका छन्, उनीहरू नै विकासको दृष्टिकोणले अगाडि रहेको पाइन्छ । सञ्चार विकासका निम्ति एक महत्त्वपूर्ण पूर्वाधारका रूपमा रहेको छ ।



सञ्चार आर्थिक विकासको संवाहक एवम् उत्प्रेरक हो । सञ्चार लिखित, मौखिक, साङ्केतिक गरी भिन्न भिन्न किसिमबाट गर्न सकिन्छ । यसको उद्देश्य आफ्नो विचार व्यक्त गर्न र अरूको विचार ग्रहण गर्न मदत पुऱ्याउनु हो । सञ्चारका निम्ति प्रयोग भएको सबैभन्दा पुरानो माध्यम हुलाक सेवा हो । वर्तमान समयमा प्रविधिको विकाससँगसँगै अन्य माध्यम विकास भएका छन् । नेपालमा प्रचलित सञ्चारका प्रमुख माध्यम रेडियो, टेलिभिजन, टेलिफोन, मोबाइल, पत्रपत्रिका, इमेल, इन्टरनेट, हुलाक सेवा आदि हुन् ।

सञ्चारमा सबै नागरिकको पहुँच पुग्न नसक्नु, इन्टरनेट र साइबर सुरक्षाका लागि संरचनागत व्यवस्था नहुनु, हुलाक सेवालाई व्यवस्थित गर्न नसक्नु, सूचना प्रविधिको क्षेत्रमा अपेक्षित विकास हुन नसक्नु आदि नेपालका सञ्चार क्षेत्रका प्रमुख समस्या हुन् । यस किसिमका समस्यालाई समाधान गर्ने उद्देश्यले नेपालको सोह्रौँ योजनाले सञ्चार तथा सूचना प्रविधिको अधिकतम उपयोग गर्ने रणनीति लिएको छ । यसका लागि नागरिकमा सञ्चार र सूचना प्रविधिको सहज पहुँच तथा उपयोग विस्तार गर्ने, सञ्चार र सूचना प्रविधिलाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय बनाउने, आमसञ्चार क्षेत्रलाई निष्पक्ष, तटस्थ, जिम्मेवार तथा व्यावसायिक बनाउन कानुनी र संरचनागत सुधार गर्ने कार्यक्रम रहेका छन् ।

## *क्रियाकलाप*

१. **आफ्नो समुदायमा भएका विकासका पूर्वाधार सम्बन्धमा छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **महामारीको समयमा स्वास्थ्य सेवाको महत्त्व बढी हुन्छ । आफ्नो अनुभव र स्थानीय अभ्यासलाई जोडेर आफ्ना विचार प्रस्तुत गर्नुहोस् ।**

३. **स्थानीय पत्रपत्रिका र एफ एमले सूचना प्रविधिको क्षेत्रमा पुऱ्याएको योगदान समेटी एक सम्पादकीयको नमुना तयार गर्नुहोस् ।**

४. **आफ्नो समुदायमा भएका शिक्षाका पूर्वाधारको अवस्था र समस्या खोजी गरी लेख्नुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

**(क) विकासका पूर्वाधार भनेको के हो ?**

**(ख) शिक्षाले विकासमा कसरी सहयोग गर्छ ?**

**(ग) नेपालको शैक्षिक क्षेत्रमा देखा परेका प्रमुख समस्याको सूची तयार पार्नुहोस् ।**

**(घ) सुरुको अवस्थामा धामीझाँक्रीबाट उपचार गराउने र अन्तिम समयमा अस्पताल जाँदा बिरामीको मृत्यु भएमा डाक्टरलाई दोष दिने व्यक्तिलाई तपाईं कसरी सम्झाउनुहुन्छ, चार बुँदामा लेख्नुहोस् ।**

**(ङ) नेपालमा सञ्चार क्षेत्रको विकासका निम्ति के के गर्नुपर्ला, तपाईंको विचार लेख्नुहोस् ।**

### *सामुदायिक कार्य*

**तपाईंको समुदायको भ्रमण गरी त्यहाँ भएका विकासका पूर्वाधारको अध्ययन गरी निम्नलिखित ढाँचामा प्रतिवेदन तयार पार्नुहोस् :**

(क) शीर्षक

(ख) उद्देश्य

(ग) अध्ययन विधि

(घ) पत्ता लागेका कुरा

(ङ) निष्कर्ष

पाठ
३

# विकासका पूर्वाधार : विद्युत्, खानेपानी, यातायात र जनशक्ति

## १. विद्युत्

विद्युत् ऊर्जाको एक प्रमुख स्रोत हो । यो पूर्वाधारको पनि पूर्वाधार हो । आधुनिक समयमा विद्युतीय ऊर्जाको प्रयोगबाट नै विकासका अधिकतम गतिविधि सञ्चालित छन् । त्यसकारण विद्युतीय ऊर्जालाई विकासको महत्त्वपूर्ण पूर्वाधारका रूपमा लिइन्छ । मेसिनरी औजारको सञ्चालनदेखि हाम्रा दैनिक घरायसी प्रयोजनका निम्ति पनि विद्युतीय ऊर्जाको भूमिका महत्त्वपूर्ण हुन्छ । विद्युत्कै माध्यमद्वारा विभिन्न कलकारखाना सञ्चालन गरी रोजगारीका अवसर सिर्जना गर्न सकिन्छ । आधुनिक सञ्चारका माध्यम पनि विद्युतीय ऊर्जामा निर्भर रहेका छन् ।

पानी, हावा, कोइला, जैविक ग्यास, सूर्यको प्रकाश आदि विद्युतीय ऊर्जाका प्रमुख स्रोत हुन् । नेपालमा विद्युत् उत्पादनमा विशेष गरी पानीको प्रयोग बढी गरिन्छ । हिमाली क्षेत्रमा हावाद्वारा पङ्खा घुमाएर विद्युत् उत्पादन गर्न सकिन्छ । यसरी उत्पादन गरिएको विद्युत् अस्पताल, कारखाना तथा घरायसी प्रयोजनका लागि प्रयोग गरिन्छ । यसका साथै वर्तमान समयमा विद्युत्ले नै हाम्रो जीवनयापन सहज बनाएको छ । त्यसैले विद्युत्लाई विकासको महत्त्वपूर्ण पूर्वाधारका रूपमा लिइएको हो ।

नेपालमा भौगोलिक रूपले भिरालो भूभागसहितका भूस्वरूप छन् । उच्च हिमालबाट हिउँ पग्लेर उत्पत्ति भएका नदी स्थायी प्रकृतिका छन् । भूस्वरूप पनि भिरालो र विद्युत् उत्पादन गर्न सहज हुने प्रकृतिको छ । स्थायी प्रकृतिका नदीबाट जलविद्युत् उत्पादनको पर्याप्त सम्भावना रहेको पाइन्छ । नेपालमा जलविद्युत् उत्पादनको प्रचुर सम्भावना रहेको छ । चन्द्रशमशेरको पालामा निर्मित फर्पिङमा अवस्थित ५०० किलोवाट क्षमताको फर्पिङ जलविद्युत् आयोजना नेपालको पहिलो जलविद्युत् आयोजना हो । हाल देशका विभिन्न भागमा जलविद्युत् आयोजना स्थापना हुने क्रममा रहेका छन् । निकट भविष्यमा विद्युत् उत्पादन र निर्यात गरी देशको आर्थिक अवस्था सबल हुने सम्भावना छ ।

## २. खानेपानी

जीवित प्राणीको अस्तित्व स्वच्छ, सफा र पिउनयोग्य पानीमा निर्भर रहन्छ । शुद्ध पिउने पानी मानवीय जीवनको अति महत्त्वपूर्ण आवश्यकता हो । स्वस्थ पिउने पानीको अभावमा मानव जीवनमा प्रतिकूल असर पर्छ । प्रतिकूल अवस्थामा विकासका गतिविधि प्रभावकारी ढङ्गले सञ्चालन गर्न सकिँदैन । व्यक्ति अस्वस्थ भएमा विकासले गति लिने अवस्था रहँदैन । त्यसकारण खानेपानीलाई पनि एक महत्त्वपूर्ण विकासको पूर्वाधारका रूपमा लिइएको छ ।

प्राकृतिक तथा मानवजन्य गतिविधिले पानीका स्रोतमा ह्रास आएको छ । यसबाट पानीको उपलब्धतामा दिन प्रतिदिन समस्या सिर्जना भएको छ । अपेक्षाअनुरूप खानेपानी सेवालाई सुरक्षित, भरपर्दो र दिगो बनाउन सकिएको छैन । मानव बस्तीको विस्तार र विकाससँगै मानव गतिविधिबाट उत्पादन भएका

फोहोरको उचित व्यवस्थापनको अभाव देखिन्छ । बस्ती, नदीनाला, जलाशय तथा वातावरण प्रदूषित हुँदै गएका छन् । यी खानेपानी क्षेत्रसँग सम्बन्धित प्रमुख समस्या हुन् ।

नेपालको हिमाली तथा पहाडी भेगमा पानीका पर्याप्त स्रोत रहेका छन् भने तराई तथा उपत्यकामा जमिनमुनिको पानी पनि पिउनका लागि तथा अन्य घरायसी प्रयोजनका निम्ति प्रयोग गर्न योग्य रहेको छ । नेपालमा उपलब्ध पानीका स्रोतको प्रभावकारी संरक्षणको अभावले गर्दा पिउने पानीको समस्या दिन प्रतिदिन बढ्दो अवस्थामा रहेको पाइन्छ ।

## ३. यातायात



कुनै एक ठाउँको व्यक्ति, वस्तुलाई विभिन्न साधनका माध्यमबाट अर्को ठाउँमा ओसारपसार गर्ने कार्य यातायात हो । यसका माध्यमबाट जीविकोपार्जनका लागि चाहिने अत्यावश्यक सामग्रीका साथसाथै उद्योग कलकारखानाका निम्ति आवश्यक पर्ने कच्चा पदार्थ पनि ओसारपसार गरिन्छ । यातायातलाई विकासका निम्ति एक महत्त्वपूर्ण पूर्वाधारका रूपमा लिइन्छ ।

औद्योगिक क्षेत्र, व्यापार, पर्यटन क्षेत्र आदिको समग्र विकासका निम्ति यातायातले उल्लेखनीय भूमिका निर्वाह गरेको हुन्छ । यातायातको व्यवस्थित सञ्जाल र प्रणालीको विकासबाट मात्र सामाजिक तथा आर्थिक उन्नति र प्रादेशिक सन्तुलन कायम राख्न सम्भव हुन्छ ।

सडक यातायात, रेलमार्ग, हवाईमार्ग, जलमार्ग, विद्युतीय मार्ग आदि यातायातका माध्यम हुन् । नेपालमा भौगोलिक अवस्था, आर्थिक अवस्था, भूपरिवेष्टित अवस्थिति आदि कारणले सडक यातायात बढी प्रचलित यातायातको माध्यम हो । सडक यातायातबाहेक नेपालमा अन्य माध्यम पनि क्रमिक रूपमा विकास भइरहेका छन् । पछिल्लो समयमा विद्युतीय यातायात (केबलकार) को विकास पनि भएको पाइन्छ । नेपालको हिमाली क्षेत्र, पहाड र तराईका मुख्य सहर हवाई यातायातबाट जोडिएका छन् । तराई क्षेत्रमा रेल यातायातको सम्भाव्यता रहेको र यसको पहुँचको दायरा बढ्दै गएको छ ।

मापदण्डविना आयोजना पहिचान तथा छनोट हुनु, आवश्यक पूर्वतयारीविना आयोजना कार्यान्वयनमा लैजानु नेपालको यातायात क्षेत्रका समस्या हुन् । दक्ष जनशक्तिको उपलब्धताको कमी, सडकप्रति सर्वसाधारणको कमजोर अपनत्व पनि सडक क्षेत्रका समस्या हुन् । यस्ता समस्याको समाधानका निम्ति लोकमार्ग, कृषि सडक, भूमिगत मार्ग विकास तथा सडक डिजाइन, निर्माण, मर्मतसम्भार तथा सडक सुरक्षाका लागि आधुनिक प्रविधिको उपयोग तथा यान्त्रीकरणमा जोड दिने रणनीति अवलम्बन गर्नुपर्छ ।

## ४. जनशक्ति

आवश्यकताअनुरूपका विकासका गतिविधि सञ्चालन गर्न दक्ष जनशक्ति चाहिन्छ । जनशक्ति विकासको एक महत्त्वपूर्ण पूर्वाधार हो ।

राष्ट्रको सबैभन्दा प्रमुख सम्पत्ति त्यहाँ उपलब्ध जनशक्ति हो । दक्ष, अर्धदक्ष र अदक्ष गरी जनशक्तिलाई तीन वर्गमा वर्गीकरण गर्न सकिन्छ । उपलब्ध जनशक्तिलाई क्षमताअनुरूपको विकासका गतिविधिमा परिचालन गर्न सक्नुपर्छ । यसका निम्ति अन्य विकासका कार्यक्रमहरू पनि सञ्चालन गरिनुपर्छ । नेपालमा बौद्धिक जनशक्ति पलायन हुने समस्या दिनप्रतिदिन बढ्दो क्रममा रहेको छ । हरेक मानिसले आफ्नो क्षमताअनुसारको अवसर खोजिरहेको हुन्छ । गरिब देश ती अवसर प्रदान गर्न असमर्थ रहन्छन् । त्यसकारण बौद्धिक जनशक्ति पलायन हुन्छ । गरिब देशका जनशक्ति उमेर, क्षमता रहुन्जेल वैदेशिक भूभागमा श्रम र पसिना खर्च गरिरहेका हुन्छन् भने शारीरिक तथा मानसिक रूपमा कमजोर भइसकेपछि मात्र आफ्नो देशमा फर्किने प्रचलन पाइन्छ । त्यसकारण विश्वका गरिब देश विकासका गतिविधिमा पनि पिछडिएको अवस्थामा रहेका हुन्छन् । हामीले सबै काम सरकारले मात्र गर्ने हो भन्ने मात्र सोचाइ राख्नुहुँदैन । स्वरोजगार हुनु आजको आवश्यकता हो । देशको आवश्यकताअनुसारका विकासका गतिविधि व्यवस्थित ढङ्गले सञ्चालन गरी उपलब्ध जनशक्तिलाई देशमै परिचालन गर्न सके देश विकासले गति लिन्छ ।

### *क्रियाकलाप*

१. **समूहमा विभाजन भई प्रत्येक समूहले विकासका एक एक पूर्वाधार रोजी तिनका सम्बन्धमा नेपालको सम्भावना, चुनौती र अवसर खोजी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **आफ्नो समुदायमा यातायातको महत्त्व सम्बन्धमा दुई साथीबिचको संवाद तयार पार्नुहोस् ।**

३. **जनशक्ति पलायन रोक्न के के उपाय अवलम्बन गर्न सकिन्छ, समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **वर्तमान समयमा विद्युत् र विकासबिचको अन्तरसम्बन्ध उल्लेख गर्नुहोस् ।**

(ख) **नेपाल जलस्रोतको दृष्टिकोणले विश्वको एक धनी देश भए तापनि किन अधिकांश ठाउँमा शुद्ध पिउने पानीको अभाव भएको होला, चर्चा गर्नुहोस् ।**

(ग) **शुद्ध खानेपानी र विकासबिचको सम्बन्ध प्रस्तुत गर्नुहोस् ।**

(घ) **यातायातलाई किन विकासको महत्त्वपूर्ण पूर्वाधारका रूपमा लिइन्छ, उदाहरणसहित प्रस्ट पार्नुहोस् ।**

(ङ) **दक्ष जनशक्तिविना देश विकास सम्भव छैन । तपाईँ यस भनाइमा सहमत हुनुहुन्छ, किन ?**

पाठ
४

# परम्परागत ज्ञान, सिप र प्रविधि

(श्री जनजागृति माध्यमिक विद्यालयका नौ कक्षामा अध्यनरत विद्यार्थीलाई आफ्नो समुदायमा भएका, देखेका वा अनुभव गरेका आधारमा परम्परागत ज्ञान, सिप र प्रविधिका बारेमा अध्ययन गरी कक्षामा पालैपालो प्रस्तुतीकरणका लागि गृहकार्य दिइएको थियो । उनीहरूले व्यक्त गरेका विचारको अध्ययन गरौँ ।)



**हिरानाथ :** नमस्कार ! म परम्परागत प्रविधि ढिकीको सम्बन्धमा अनुभवमा आधारित भई आफ्ना विचार व्यक्त गर्छु । हाम्रो गाउँमा प्राय: सबैको घरमा ढिकी हुन्छ । ढिकी काठबाट बनेको परम्परागत सिपमा आधारित प्रविधि हो । दुईओटा काठको खाँबाका बिचमा तेर्सो काठलाई अड्काई ढिकीका रूपमा प्रयोग गरिन्छ । ढिकीको एक भागमा अन्न कुट्नका निम्ति मुसल जोडिएको हुन्छ । सोही मुसलले ढुङ्गा वा काठले बनाइएको ओखलमा राखिएको अन्नलाई कुटिन्छ । अन्न कुट्नका निम्ति ढिकीको अर्को भागमा खुट्टाले दबाएर बल प्रयोग गरिन्छ । यसरी बल प्रयोग गरी दबाएपछि ढिकी तल माथि हुन्छ र अन्न कुट्न सजिलो हुन्छ । यस्ता प्रविधि अहिले गाउँघरबाट लोप हुने अवस्थामा पुगेका छन् । यिनको संरक्षण र प्रवर्धन हुन सके यसको उपयोगलाई अझ व्यापक र प्रभावकारी बनाउन सकिन्छ ।



**तारानाथ :** नमस्कार ! म पनि हाम्रो गाउँघरतिर निकै प्रचलित रहेको परम्परागत सिपमा आधारित जाँताका बारेमा आफ्नो अनुभव व्यक्त गर्ने अनुमति चाहन्छु । जाँतो अन्न पिँध्नका निम्ति दुईओटा गोला ढुङ्गाबाट बनाइएको एक परम्परागत प्रविधि हो । यसमा तलको भाग नचल्ने गरी जोडिएको हुन्छ र बिचमा मानी जोडिएको हुन्छ । माथिल्लो भागका बिचमा प्वाल रहेको हुन्छ । यस प्वाललाई पिँध्ने क्रममा अन्न हाल्न प्रयोग गरिन्छ । जाँताको माथिल्लो भागलाई हाताको मदतले घुमाई अन्न पिँध्न सकिन्छ ।



**मालती :** मेरो घर तल्लो बेँसीमा पर्छ । अन्न पिँध्नका निम्ति हामी पानी घट्ट प्रयोग गर्छौँ । पानी घट्टमा प्रयोग गरिएको काठको मदानीको माथिल्लो भाग र घट्टको माथिल्लो भाग जोडिएको हुन्छ भने मदानीको तल्लो भागलाई काठको डुँडबाट आएको पानीले घुमाइन्छ । काठको मदानीलाई पानीको मदतबाट घुमाउँदा घट्टको माथिल्लो भाग घुम्छ भने तल्लो भाग स्थिर

रहन्छ र अन्न पिँध्न मदत पुग्छ । घट्टको माथिल्लो भागमा सोली बनाइएको हुन्छ जसबाट अन्न पिस्ने क्रममा आवश्यकताअनुसार घट्टमा अन्न खसालिन्छ ।



**जयकिसन** : नमस्कार ! अहिलेसम्म साथीहरूले खाद्यान्न कुटने, पिँध्ने परम्परागत सिपमा आधारित प्रविधिका बारेमा बताउनुभयो । म कृषि कार्यमा प्रयोग गरिने परम्परागत औजार हलोका बारेमा आफ्नो अनुभव बाँड्न चाहन्छु । हलोमा ठेडी र फेसोको सहायतामा हरिस जोडिएको हुन्छ । हलोको टुप्पामा फलामको फाली जोडिएको हुन्छ जसले गर्दा खेतबारी जोत्न सजिलो हुन्छ । त्यस्तै हलो जोत्ने क्रममा समाउनका निम्ति अनौ जोडिएको हुन्छ ।

हलोलाई हल्लुडो (नारा) को मदतले जुवासँग जोडिन्छ । जुवामा सोइला र जोताराका माध्यमले गोरुलाई बाँधिन्छ र खेतबारी जोतिन्छ । तराई भेगमा जोत्नका निम्ति राँगाको प्रयोग गरिन्छ भने हिमाली भेगतिर याकको पनि प्रयोग गरिन्छ ।



**दशनाथ** : नमस्कार ! साथीहरूले भनेबाहेक अर्को महत्त्वपूर्ण परम्परागत सिपमा आधारित प्रविधि आरन हो । आरनमा आगाको प्रयोग गरी फलामलाई गालेर कृषि कार्यका निम्ति आवश्यक पर्ने बन्चरो कोदालो हँसिया आदि औजार बनाउन सकिन्छ । आरनमा स्थानीय स्तरमा नै तयार पारिएको छालाबाट बनेको खलाती र काठ प्रयोग गरी हावा निकालिन्छ र कोइला तथा दाउरालाई ऊर्जाका रूपमा प्रयोग गरी ताप शक्ति उत्पादन गरिन्छ । हिजोआज गोलो पाङ्ग्रालाई घुमाएर हावा निकाली दाउरा जलाएर ऊर्जा निकालेको पनि पाइन्छ ।

**शूरवीर** : नमस्कार ! परम्परागत सिप र प्रविधिअन्तर्गत माटाका भाँडा बनाउने काम पनि एक महत्त्वपूर्ण सिप हो । यस सिपअन्तर्गत काँचो माटोलाई विभिन्न किसिमका आकृतिमा मोडेर भट्टामा पोलिन्छ र भाँडा तयार गरिन्छ । एउटा ठुलो काठको पाङ्ग्राका बिचमा तयारी माटो राखिन्छ र फलामको डन्डीले पाङ्ग्रालाई घुमाइन्छ । यसरी घुमेको माटाबाट दुई हात प्रयोग गरी आवश्यकताअनुसारको आकृति बनाइन्छ । आफूले चाहे जस्तो बुट्टा बनाउनका निम्ति काठ तथा फलामका टुक्रा प्रयोग गरिन्छ । आकृति बनिसकेपछि पाङ्ग्राबाट छुट्याउन एक विशेष किसिमको धागो प्रयोग गरिन्छ ।



**शिक्षक** : धन्यवाद ! तपाईँहरूले स्थानीय प्रविधिसँग सम्बन्धित आफ्ना सिकाइ र अनुभव आदानप्रदान गर्नुभयो । ती सबै महत्त्वपूर्ण प्रविधि हुन् । त्यस्तै स्थानीय सिप र ज्ञान पनि छन् । स्थानीय जडीबुटीबाट औषधी बनाउने हाम्रा आफ्नै स्थानीय सिप र ज्ञान छन् । यसअन्तर्गत राडीपाखी बुन्ने, गुन्द्री बनाउने जस्ता कार्य पर्छन् । वर्तमान समयमा आधुनिकीकरण र विश्वव्यापीकरणको प्रभावस्वरूप यस्ता परम्परागत र रैथाने प्रविधि दिन प्रतिदिन लोप हुँदै गइरहेका छन् । त्यसकारण यस्ता ज्ञान, सिप र प्रविधिको संरक्षण गरी हाम्रा मौलिक परम्परालाई जोगाउनु हामी सबैको दायित्व हो । परम्परागत ज्ञान, सिप र प्रविधिका माध्यमबाट आफ्नो परम्परागत पहिचान कायम गर्न सकिन्छ । यस्ता प्रविधि स्थानीय साधन, स्रोत र सिपमा आधारित हुने, वातावरणमैत्री हुने हुँदा यस्ता सिप र प्रविधि हाम्रा निम्ति अति महत्त्वपूर्ण छन् ।

यस्ता ज्ञान सिप र प्रविधिको संरक्षण तथा संवर्धन गर्नका निम्ति हामी सबैले आआफ्नो ठाउँबाट सकारात्मक भूमिका निर्वाह गर्नुपर्छ । यी मौलिक विशेषतायुक्त प्रविधिको पहिचानले हामी सबै नेपालीको पहिचान दिन्छ भन्ने भावनाको विकास गर्नुपर्छ । विद्यालय स्तरमा पठनपाठनका साथसाथै समयअनुसार परिमार्जन गरी यसको प्रयोगमा जोड दिनुपर्छ ।

## *क्रियाकलाप*

१. **आफ्ना घर र छिमेकमा भएका परम्परागत ज्ञान, सिप र प्रविधि सम्बन्धमा सोधखोज गरी टिपोट तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **स्थानीय र परम्परागत ज्ञान, सिप र प्रविधिको संरक्षण गर्ने उपाय सम्बन्धमा समूहमा छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

३. **स्थानीय र परम्परागत ज्ञान, सिप र प्रविधिको महत्त्व झल्कने पोस्टर तयार गरी कक्षामा प्रदर्शन गर्नुहोस् ।**

४. **तपाईँको समुदायमा प्रयोग हुने स्थानीय र परम्परागत प्रविधिमा सुधार गर्दै कसरी आयआर्जन वृद्धि गर्न सकिन्छ लेख्नुहोस् ।**

५. **स्थानीय सिप र ज्ञानको महत्त्व सम्बन्धमा साथीहरूबिच संवाद गर्नुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

**(क) परस्परागत ज्ञान, सिप र प्रविधि भनेको के हो, उदाहरण प्रस्तुत गर्नुहोस् ।**

**(ख) हामीले आफ्ना स्थानीय ज्ञान र सिपलाई किन संरक्षण गर्नुपर्छ ?**

**(ग) स्थानीय ज्ञान, सिप र प्रविधिलाई संरक्षण गर्ने उपाय लेख्नुहोस् ।**

**(घ) स्थानीय ज्ञान, सिप र प्रविधि हाम्रा अमूल्य सम्पत्ति हुन् । यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।**

### *परियोजना कार्य*

खुवा, छुर्पी बनाउने, मही पार्ने, घिउ, चुक बनाउने, घरायसी उपकरण बनाउने स्थानीय प्रविधि अवलोकन गरेर तीमध्ये कुनै एक वस्तु तयार पार्ने विस्तृत प्रक्रिया समेटी एक प्रतिवेदन तयार पार्नुहोस् ।

पाठ ५

# स्थानीय स्तरमा विकास प्रस्ताव तर्जुमा

निश्चित उद्देश्य प्राप्तिका निम्ति समग्र प्रक्रियालाई समेटी व्यवस्थित रूपमा तयार पारिएको खाका नै योजना हो । कुनै पनि कार्य तोकिएको समयमा प्रभावकारी ढङ्गले सम्पन्न गर्नका निम्ति योजनाको महत्त्वपूर्ण भूमिका रहन्छ । योजनाले नै लक्ष्य हासिल गर्नका निम्ति मार्गनिर्देश गर्छ । योजनाको तर्जुमा गर्दा वर्तमान तथा दूरगामी रूपमा पर्न सक्ने प्रभावको आकलन गर्नुपर्छ ।

योजनाको तर्जुमा गर्दा प्रस्ताव तयारी तथा छनोट, लगानीको स्रोतको लेखाजोखा जस्ता कार्यका निम्ति आवश्यक पर्ने आधार सम्बन्धमा स्पष्ट मार्गनिर्देश गरिएको हुनुपर्छ । विकास तर्जुमा भनेको के गर्ने, किन गर्ने, कसले गर्ने, कसरी गर्ने, कहाँ गर्ने भन्ने विषयको अग्रिम निर्णय हो । राम्रो विकास योजना प्रस्ताव तर्जुमा हुनु भनेको आयोजनाको आधा कार्य सम्पन्न हुनुसरह हो भन्ने मान्यता राखिन्छ ।

विकासका योजना तर्जुमा गर्दा स्थानीय समुदायको सक्रिय सहभागिता सबैभन्दा महत्त्वपूर्ण हुन्छ । जबसम्म स्थानीय जनताले आवश्यकताको महसुस गरेका हुँदैनन् तबसम्म त्यस्ता योजनामा उनीहरूको सक्रिय सहभागिता सम्भव हुँदैन । निर्धारित उद्देश्य परिपूर्ति गर्न सकिँदैन । तोकिएकै समयमा लक्ष्य हासिल गर्न तथा लागतमा न्यूनीकरण गर्न स्थानीय जनताको सहभागिता अपरिहार्य रहन्छ । स्थानीय व्यक्ति आफ्नो वास्तविक समस्या र समाधानका उपायसँग परिचित हुने हुँदा योजना बढी प्रभावकारी बनाउन सकिन्छ । सामूहिक रूपमा विकासका गतिविधि सञ्चालन गर्ने परिपाटीको विकास गर्न र उपलब्ध स्रोतको उचित व्यवस्थापनका निम्ति पनि स्थानीय समुदायको सहभागिता अत्यावश्यक रहन्छ ।

उपलब्ध स्रोतसाधनको उचित परिचालन गरी निश्चित समय सीमाभित्र निर्धारित उद्देश्य हासिल गर्नका लागि गरिने तयारीको प्रक्रिया योजना तर्जुमा हो । सरोकारवालाको सक्रिय सहभागिता र स्रोतसाधनको उपलब्धतालाई दृष्टिगत गर्दै विकास योजना तर्जुमा गरिन्छ । हालको सङ्घीय संरचनाअनुसार गाउँपालिका र नगरपालिका जस्ता स्थानीय तह विकास प्रस्ताव तर्जुमा गर्ने आधिकारिक निकाय हुन् ।

## १. स्थानीय स्तरमा विकास प्रस्ताव तर्जुमा

स्थानीय स्तरमा विकास प्रस्ताव तर्जुमा गर्दा वास्तविक समस्याको पहिचान, आन्तरिक समझदारीको स्थापना, विकास योजना प्रस्ताव तयारी तथा आयोजना छनोट जस्ता पक्षलाई ध्यान दिनुपर्छ । त्यस्तै आवश्यक लगानीको स्रोतको लेखाजोखा, योजना कार्यान्वयन, सञ्चालन तथा सम्भार, अनुगमन तथा मूल्याङ्कन आदि पक्षलाई पनि विकास प्रस्ताव तर्जुमा गर्दा ध्यान दिनुपर्छ ।

स्थानीय स्तरमा उपलब्ध श्रम, सिप र साधन तथा अवसरलाई अधिकतम परिचालन गर्ने गरी योजना तर्जुमा गर्नुपर्छ । गाउँ नगरको सामाजिक तथा आर्थिक व्यवस्थालाई एकअर्काको परिपूरकका रूपमा विकसित गर्नुपर्छ । यसले गरिबी न्यूनीकरण प्रयासमा ठोस योगदान पुऱ्याउँछ । स्थानीय स्तरमा

विकास योजना प्रस्तावना तर्जुमाले सहभागितामूलक योजना तर्जुमा र आफ्नो ठाउँको समग्र विकासको वातावरण तयार गर्न मदत गर्छ ।

**(क) विकास योजना प्रस्तावनाका आधारभूत तत्त्व**

(अ) परियोजनाको परिचय

(आ) परियोजनाको महत्त्व

(इ) परियोजनाको उद्देश्य

(ई) लक्षित क्षेत्र तथा जनसङ्ख्या

(उ) अनुमानित लागत तथा स्रोत

(ऊ) समय सीमा

(ए) कार्यान्वयन प्रक्रिया र जिम्मेवारी

(ऐ) अपेक्षित उपलब्धि र वितरण

(ओ) अनुगमन र मूल्याङ्कन

**(ख) स्थानीय स्तरमा विकास प्रस्ताव तर्जुमाका चरण**

टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७३ अनुसार हरेक स्थानीय स्तरको समग्र विकासका निम्ति टोल विकास संस्था स्थापना गरी विकासको प्रस्ताव सम्बन्धित स्थानीय तहमा पेस गर्नुपर्छ । सो प्रस्तावमाथि छलफल गरी विकास प्रस्ताव तर्जुमा गरिन्छ । यस क्रममा निम्नलिखित चरण अवलम्बन गरिन्छ :

(अ) वर्तमान अवस्थाको विश्लेषण तथा आवश्यकताको पहिचान

(आ) सबैभन्दा बढी महत्त्वको विषय छनोट

(इ) प्रस्तावनाको तयारी तथा सम्बन्धित स्थानीय तहमा पेस

(ई) अनुमानित बजेट तथा स्रोतको निर्क्योल

(उ) उपभोक्ता समिति र स्थानीय तहका प्रतिनिधिबिच सम्झौता

(ऊ) परियोजनाको कार्यान्वयन ढाँचा

(ए) अनुगमन तथा मूल्याङ्कन

**(ग) स्थानीय स्तरमा विकास योजना कार्यान्वयन प्रक्रिया**

(अ) सम्बन्ध स्थापना

योजना निर्माणसँग सम्बन्धित व्यक्ति, स्थानीय उपभोक्ता समूह वा सरोकारवाला समूहबिच छलफल अन्तरक्रिया गरिन्छ ।

(आ) अवस्था अध्ययन

योजनाबाट प्रभावित हुने क्षेत्र वा समूहको जीविकोपार्जन, प्राकृतिक स्रोत व्यवस्थापन, वातावरणीय अवस्था आदिको अध्ययन गरिन्छ ।

(इ) समस्याको प्राथमिकीकरण

उपर्युक्त लागत, प्रतिफल, स्रोतसाधन, सरोकारवालाको चासो र अभिमत तथा समाधानको उपाय आदिलाई ध्यान दिई समस्याको प्राथमिकता निर्धारण गरिन्छ ।

(ई) सम्झौता र करार

योजनाको समुदायसँगको स्वामित्व, योगदान, साझेदारी, उत्तरदायित्व, कार्ययोजनालगायतका पक्ष उल्लेख गरी सम्झौता र करार गरिन्छ ।

(उ) अभिलेखीकरण

योजना तर्जुमा प्रक्रिया, उपलब्धिको अनुमान, अनुगमन संयन्त्रको विकास आदि उल्लेख गरी कार्यक्रमको अन्तिम स्वीकृतिसमेतलाई समावेश गरी योजनाको अभिलेखीकरण गरिन्छ ।

## *क्रियाकलाप*

१. **कक्षामा विद्यालयसँग सम्बन्धित विकास परियोजना छनोट गरी शिक्षकको सहयोगमा उपभोक्ता समितिको बैठकको अभिनय प्रस्तुत गर्नुहोस् ।**

२. **समूहमा योजना तर्जुमा र कार्यान्वयन प्रक्रियासम्बन्धी चार्ट निर्माण गरी कक्षामा प्रदर्शन गर्नुहोस् ।**

३. **तपाईँको विद्यालयमा फूलबारी निर्माणका निम्ति एक समूहगत प्रस्ताव तयार पारी प्रधानाध्यापकसमक्ष पेस गर्नुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **योजना तर्जुमा भनेको के हो ?**

(ख) **स्थानीय तहमा विकास योजना किन आवश्यक हुन्छन् ?**

(ग) **स्थानीय स्तरमा विकास योजना प्रस्ताव तर्जुमाका चरण उल्लेख गर्नुहोस् ।**

(घ) **स्थानीय स्तरमा विकास योजना प्रस्ताव कार्यान्यवनका चरण उल्लेख गर्नुहोस् ।**

एकाइ
तीन

# हाम्रा सामाजिक मूल्यमान्यता

## सिकाइ उपलब्धि

- हाम्रा परम्परा एवम् सामाजिक मूल्यमान्यताको खोजी गर्दै त्यसले समाजमा पारेको सकारात्मक प्रभावको खोजी गर्न
- हाम्रो परम्परागत कलाको परिचय र महत्त्व बताउन
- धार्मिक सहिष्णुता र धर्म निरपेक्षताको महत्त्व बताउन तथा व्यावहारिक अभ्यास गर्न
- समानुभूति, सहयोग र शान्ति संस्कृतिको महत्त्व बोध एवम् अभ्यास गर्न
- राष्ट्रिय व्यक्तित्व तथा विभूतिको योगदान उल्लेख गर्न र प्रेरणा लिन

पाठ १

# नेपालमा प्रचलित धर्म

सामाजिक अध्ययनका शिक्षकले विद्यार्थीलाई नेपालमा प्रचलित धर्म सम्बन्धमा परियोजना कार्य गर्न लगाउनुभयो । सोका लागि विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरियो । विद्यार्थीले आआफ्नो समूहको जिम्मामा परेको धर्मको सम्बन्धमा सोधखोज र विभिन्न सन्दर्भसामग्री अध्ययन गरी तयार पारेको विवरण टोली नेताले यसरी प्रस्तुत गरे ।

## समूह क

सबैलाई नमस्कार !

हिन्दु धर्म सनातनदेखि चलिआएको धर्म हो । वेद, पुराण, महाभारत, गीता, रामायण आदि हिन्दु धर्मका धर्मग्रन्थ हुन् । हिन्दुहरू भगवान्‌का विभिन्न रूप र अवतार हुन्छन् भन्ने कुरामा विश्वास गर्छन् । हिन्दुहरू मुख्य गरी ब्रह्मा, विष्णु र महेश्वरलाई मान्छन् । त्यस्तै राम र कृष्णलाई मान्ने सम्प्रदाय पनि छन् । शिव मान्नेलाई शैव, विष्णु मान्नेलाई वैष्णव र कृष्ण मान्नेलाई कृष्ण प्रणामी भनिन्छ । हिन्दुहरू पूजापाठ गर्नका लागि विभिन्न मन्दिर वा शक्तिपीठमा जान्छन् । पशुपतिनाथ, मनकामना, हलेसी, जानकी मन्दिर, स्वर्गद्वारी, चन्दननाथ, शैलेश्वरी, मुक्तिनाथ, पाथीभरा आदिलाई हिन्दुहरू पवित्र तीर्थस्थलका रूपमा लिन्छन् । हिन्दु धर्मका मुख्य पर्व दसैँ, तिहार, तिज, जनैपूर्णिमा, होली, छठ, गौरा आदि हुन् । हिन्दु धर्मका मुख्य उपदेश चोरी नगर्नु, सत्यको पक्ष लिनु, असल र अनुशासित हुनु, धैर्यशील हुनु, अरूलाई दुःख नदिनु आदि हुन् । त्यस्तै अरूलाई सहयोग गर्नु, सहिष्णु हुनु, प्रकृति र प्राणीको संरक्षण गर्नु, अतिथिको सेवासत्कार गर्नु, साँचो बोल्नु, मानव कल्याण गर्नु, हत्याहिंसा नगर्नु पनि हिन्दु धर्मका सन्देश हुन् । धर्मले सिकाएको सही बाटामा हिँडौँ, असल र अनुशासित भएर बाँचौँ । धन्यवाद ।

## समूह ख

सबैलाई नमस्कार !

बौद्ध धर्म बुद्धको ज्ञान र उपदेशमा आधारित छ । बुद्धको जन्म ५६३ इ.पू. मा नेपालको लुम्बिनीमा भएको थियो । बुद्धको जन्मस्थल भएकाले यहाँ विश्वभरका बौद्धमार्गीहरू आउँछन् । हाल यो ठाउँ विश्व सम्पदा सूचीमा सूचीकृत छ ।

बौद्ध धर्मका धर्मग्रन्थ जातक र त्रिपिटक हुन् । बौद्ध धर्मावलम्बीहरू प्रार्थना गर्नका लागि गुम्बा वा विहारमा जान्छन् । बौद्ध धर्मका मुख्य चाडपर्व वैशाख पूर्णिमा, ल्होसार आदि हुन् । नेपालमा बुद्ध धर्मका हिनयान, महायान र वज्रयान गरेर तीन सम्प्रदायका अनुयायी छन् । हिनयान बुद्धको शिक्षामा केन्द्रित छ भने महायान देवताहरूको पूजा गर्ने र ज्ञान प्राप्त गर्ने कुरामा केन्द्रित छ । वज्रयान तन्त्र

विद्यासँग सम्बन्धित छ । हिंसा नगर्नु, चोरी नगर्नु, खराब आचरण नगर्नु, मादक पदार्थ सेवन नगर्नु, रिस नियन्त्रण गर्नु, सन्तोष लिनु, शान्त रहनु, झुटो नबोल्नु आदि बुद्धले दिएका उपदेश हुन् । बुद्धले दिएका उपदेशको पालना गरौँ र असल व्यक्ति बनौँ । धन्यवाद ।

### समूह ग

सबैलाई नमस्कार !

इस्लाम धर्मका अन्तिम सन्देशवाहक हजरत मोहम्मद हुन् । यस धर्मको धर्मग्रन्थ कुरान हो । उनीहरूको धार्मिक स्थललाई मस्जिद भनिन्छ । उनीहरू अल्लाहलाई मान्छन् । उनीहरू नमाज पढ्छन् । मक्का, मदिना र जेरुसेलम इस्लाम धर्मका प्रमुख धार्मिक स्थलहरू हुन् । इस्लाम धर्मका प्रमुख चाडपर्व इद, बकरइद, रमजान आदि हुन् । इस्लाम धर्मले विश्वका मानिसलाई दुःखबाट मुक्त गर्न दिएका मुख्य सन्देशअन्तर्गत दान गर्नु, असल आचरण गर्नु, समान व्यवहार गर्नु आदि पर्छन् । त्यस्तै सत्यको पक्षमा लाग्नु, दुःखीको सेवा गर्नु, नम्र बोलीवचन बोल्नु र परोपकारी हुनु पनि यो धर्मको मुख्य सार हो । अन्त्यमा दीनदुःखीहरूको सेवा गरौँ र परोपकारी बनौँ भन्दै मेरो समूहको प्रस्तुति यहीँ टुङ्ग्याउँछु । धन्यवाद ।

### समूह घ

सबैलाई नमस्कार ।

म हाम्रो समूहले तयार पारेको किरात धर्मसम्बन्धी प्रस्तुतिलाई अगाडि बढाउँछु । किरात धर्मका धर्मगुरु फाल्गुनन्द लिङ्देन हुन् । यस धर्मको धर्मग्रन्थ मुन्धुम हो । यस धर्ममा सुम्निमा र पारुहाङलाई मुख्य देवीदेवताका रूपमा पूजा गरिन्छ । यस धर्ममा प्रकृति पूजालाई विशेष महत्त्व दिइन्छ । किरातीलाई हिन्दु धर्ममा भगवान् शिवको भक्तका रूपमा व्याख्या गरेको पाइन्छ । यस धर्ममा आगो, रुख, पहाड, जङ्गल, नदी आदिको पूजा गरिन्छ । । उँधौली र उँभौली यस धर्मका मुख्य चाडपर्व हुन् । यस धर्मका उपदेश सत्य बोल्नु, हिंसा नगर्नु, अरूको कुभलो नचिताउनु, प्रकृतिको पूजा गर्नु, कर्ममा विश्वास गर्नु आदि हुन् । अन्त्यमा सबैप्रति समान व्यवहार गरौँ, प्रकृतिको संरक्षण र संवर्धन गरौँ । धन्यवाद ।

### समूह ङ

सबैलाई नमस्कार !


इसाई धर्मका संस्थापक जिसस क्राइस्ट हुन् । इसाई धर्मावलम्बीहरू एक ईश्वरमा विश्वास गर्छन् । यस धर्मको धर्मग्रन्थ बाइबल हो । इसाई धर्मको प्रार्थना गर्ने ठाउँलाई चर्च भनिन्छ । इसाई धर्ममा क्याथोलिक, अर्थोडक्स र प्रोटेस्टेन्ट गरी मुख्य तीन सम्प्रदाय छन् । नेपालमा प्रोटेस्टेन्ट इसाई बढी छन् । इसाई धर्मका मुख्य चाडपर्व क्रिस्मस, इस्टर आदि हुन् । यस धर्मका मुख्य सार प्रेम गर्नु, सबैको कल्याण गर्नु, असल आचरण गर्नु, लोभ नगर्नु, नम्र भई बोल्नु, दान गर्नु, क्षमा दिनु आदि हुन् । अन्त्यमा दुःखीहरूको सेवा गरौँ, असल काम गरौँ । धन्यवाद ।

## समूह च

सबैलाई नमस्कार !

सिख धर्मका मुख्य प्रचारक गुरु नानक हुन् । यस धर्मको धर्मग्रन्थ गुरु ग्रन्थसाहिब हो । यस धर्मको भजन र प्रार्थना गर्ने स्थानलाई गुरुद्वारा भनिन्छ । सिख धर्मका मुख्य उपदेश गुरुवाणीको पालना गर्नु, प्रेम गर्नु, सबैको कल्याण गर्नु, हिंसा नगर्नु, असल व्यवहार प्रदर्शन गर्नु, जीवनलाई पवित्र बनाउनु आदि हुन् । सबैको कल्याण गरौँ, सबैसँग मिलिजुली बसौँ । धन्यवाद ।

अन्त्यमा शिक्षकले सबै समूहलाई राम्रो प्रस्तुतिका लागि धन्यवाद दिनुभयो । हामीले जुनसुकै धर्म माने तापनि सबै धर्मको सम्मान गर्नुपर्छ । सबै धर्मको मुख्य उपदेश वा सार मानव कल्याण र सबैको हित हो भन्दै शिक्षकले धर्मका साझा सार लेखिएको वृक्षचार्ट कक्षामा प्रदर्शन गर्नुभयो ।



## *क्रियाकलाप*

१. **दिइएको विवरण अध्ययन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

नेपालमा जैन, बहाई, प्रकृति, बोन आदि धर्म मान्ने मानिस पनि छन् । जैन धर्मका प्रवर्तक महावीर जैन हुन् । यस धर्मको धार्मिक स्थल अग्नि मन्दिर हो । यस धर्मको धार्मिक ग्रन्थ वचनामृत हो । काठमाडौँको कमल पोखरीमा यस धर्मको धार्मिक स्थल अग्नि मन्दिर रहेको छ । पवित्रता, सच्चरित्रता र अहिंसालाई यस धर्मले विशेष जोड दिएको पाइन्छ ।

लुडाक्पा टासी ग्याल्छेनलाई बोन धर्मका प्रवर्तक मानिन्छ । यो धर्म नेपालको डोल्पा जिल्लाबाट प्रारम्भ भएको मानिन्छ । यस धर्मका अनुयायीलाई बोम्पो भनिन्छ । यस धर्मको धार्मिक स्थल गुम्बा हो । सबैभन्दा ठुलो धार्मिक स्थल मुस्ताङको लुब्राक गुम्बा हो । यस धर्मको धार्मिक ग्रन्थलाई बोन काङ्गुर तेङ्गुर भनिन्छ ।

**प्रश्नहरू**

(क) नेपालमा प्रचलित बोन धर्मको सम्बन्धमा छोटकरीमा लेख्नुहोस् ।

(ख) जैन धर्मका प्रवर्तक को हुन् ।

२. **तपाईँको समुदायमा मानिने कुनै एक धर्मसँग सम्बन्धित धार्मिक क्रियाकलाप सोधखोज गरी लेख्नुहोस् ।**

३. **समूह समूहमा विभाजित भई नेपालको नक्सामा मुख्य मुख्य धार्मिक स्थल देखाउनुहोस् ।**

४. **नेपालमा प्रचलित धर्मको सम्बन्धमा तलको तालिका पूरा गर्नुहोस् :**

| धर्मको नाम | संस्थापक | धर्मग्रन्थ | मुख्य धार्मिक स्थल | धर्मका मुख्य सन्देश |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **नेपालमा मानिने कुनै एक धर्मको परिचय दिनुहोस् ।**

(ख) **आफूले मान्ने धर्मका मुख्य मुख्य विशेषता उल्लेख गर्नुहोस ।**

(ग) **धर्म र जनजीवनबिचको सम्बन्ध उल्लेख गर्नुहोस् ।**

(घ) **सबै धर्मका साझा सार उल्लेख गर्नुहोस् ।**

पाठ
२

# मानवमूल्य र यसको महत्त्व

**(डोल्मा र दिनेश एउटै कक्षामा पढ्ने साथी हुन् । विद्यालयको वार्षिकोत्सवको उपलक्ष्यमा निबन्ध प्रतियोगिता हुन लागेको छ । निबन्धको शीर्षक मानवमूल्य र यसको महत्त्व रहेको छ । दुबै जना निबन्ध प्रतियोगितामा भाग लिनका लागि तयारी गरिरहेका छन् । मानवमूल्य र यसका बारेमा डोल्मा र दिनेश विद्यालयको चउरमा गुरुआमासँग छलफल गरिरहेका छन् ।)**

**दिनेश :** नमस्कार गुरुआमा, हामी वार्षिकोत्सवमा निबन्ध प्रतियोगितामा भाग लिनका लागि तयारी गर्दै छौँ । हजुरलाई यहाँ बसेको देखेर मानवमूल्यको विषयमा छलफल गर्न आएका हौँ ।

**गुरुआमा :** भइहाल्छ नि ! मानव भनेको मानिस र मूल्य भनेको उसमा भएका गुण वा विशेषता हुन् । यसरी मानिसलाई असल व्यक्ति बन्नका लागि आवश्यक पर्ने गुण नै मानवमूल्य हुन् ।

**डोल्मा :** गुरुआमा, मानवमूल्यको पहिचान गराउने कुरा के के हुन् नि ?

**गुरुआमा :** एकदम राम्रो प्रश्न गर्नुभयो । ल सुन्नुहोस् है त । मानवमा भएको इमानदारी, प्रेम, दया, सद्भाव, विश्वास, सुन्दरता, निष्पक्षता, बौद्धिकता, सहयोगीपन, सत्य आदिले मानवमूल्यको पहिचान दिन्छन् । यी गुणले मानवलाई सही मार्गमा डोऱ्याउन मदत गर्छन् ।

**दिनेश :** गुरुआमा, हामीले यी सबै गुणलाई आफ्नो व्यवहारमा लागु गर्न सक्यौँ भने मात्र हामी असल व्यक्ति बन्न सक्छौँ जस्तो लाग्छ मलाई त ।

**गुरुआमा :** हो दिनेश, तपाईंले ठिक भन्नुभयो । व्यवहार तथा आचरण राम्रो बनाउन सक्यौँ भने मात्र हामी असल नागरिक बन्न सक्छौँ । हामीमा सकारात्मक सोच हुनुपर्छ । अरूप्रति दया, माया, करुणा र परोपकारको भावना हुनुपर्छ । अरूको कुभलो चिताउने, रिस र डाहा गर्ने गर्नुहुँदैन । हामीले बोली बचन र व्यवहारले अरूको चित्त दुखाउनुहुँदैन । सबैप्रति समान व्यवहार गर्नुपर्छ । सधैँ सत्यको पक्षमा आवाज उठाउनुपर्छ । यस्ता असल व्यवहारद्वारा नै हामीमा भएको मानवमूल्यको प्रतिविम्बन गर्न सक्छौँ ।

**डोल्मा :** मानव जीवनमा मानवमूल्यको के कस्तो महत्त्व हुन्छ, त्यसका बारेमा बताइदिनुहोस् न गुरुआमा ।

**गुरुआमा :** मानव जीवनमा मानवमूल्य ज्यादै महत्त्वपूर्ण हुन्छ । मानवमूल्यले हामीलाई के ठिक के बेठिक अथवा कुन काम गर्न हुने कुन काम गर्न नहुने भन्ने कुरा बोध गराउँछ ।

हाम्रो निर्णयलाई सही मार्गनिर्देश गर्छ जसबाट हामी लक्ष्यमा पुग्न सफल हुन्छौँ । साँच्चै भन्ने हो भने मानवमूल्यको अवलम्बनलाई मानवको सफलताको आधार मानिन्छ ।

**दिनेश :** गुरुआमा, मानवमूल्यको निर्धारणमा घरपरिवारको वातावरणको प्रभाव पर्छ कि पर्दैन ?

**गुरुआमा :** व्यक्तिले अपनाउने मूल्यमान्यताको विकासमा घरपरिवारको अहम् भूमिका रहन्छ । परिवार कुनै पनि व्यक्तिले नैतिक मूल्यमान्यता सिक्ने पहिलो पाठशाला हो । परिवारको सदस्यले गर्ने व्यवहार, हाउभाउ, उनीहरूको जीवनशैली र संस्कारबाट नै व्यक्तिको आचरणको विकास हुन्छ । त्यसैले व्यक्तिको मानवीय मूल्यमान्यताको विकास गर्न परिवारको महत्त्वपूर्ण भूमिका हुन्छ । अतः परिवारमा बालबालिकालाई असल व्यवहार र चरित्र निर्माण गर्ने खालको वातावरणको निर्माण गरिनुपर्छ । समाजका आधारभूत मान्यता र विशेषताबारे जानकारी गराउनुपर्छ । समाजमा रहेका कमजोर वर्गलाई सहयोग गर्ने र समाजमा विद्यमान असमानताको व्यवहारलाई गलत हो भन्ने धारणाको विकास गराउनुपर्छ । सबैलाई समान व्यवहारको प्रदर्शन गर्ने संस्कार सिकाउने कार्यमा परिवारको महत्त्वपूर्ण भूमिका हुन्छ ।

**डोल्मा :** गुरुआमा समाजको वातावरणले मानवमूल्यको विकासमा कस्तो प्रभाव पार्छ ?

**गुरुआमा :** जसरी मानवमूल्यको विकासमा परिवारको भूमिका महत्त्वपूर्ण हुन्छ त्यसरी नै समाजको भूमिका पनि महत्त्वपूर्ण हुन्छ । समाजमा बस्ने मानिसको आनीबानी, रहनसहन, आहारविहार, शिक्षाको अवस्था, विगतका चालचलन आदिद्वारा नै त्यस समाजमा बस्ने मानिसको जीवनशैली प्रभावित भएको हुन्छ । मानिसमा सामाजिक संस्कारको विकास त्यस समाजमा बस्ने मानिसको नैतिक एवम् सामाजिक मूल्यमान्यताअनुसार नै हुन्छ ।

**दिनेश :** गुरुआमा, शिक्षाले मानवमूल्य विकासमा कस्तो प्रभाव पार्छ नि ?

**गुरुआमा :** मानवमूल्य विकासमा शिक्षाले गहन भूमिका निर्वाह गरेको हुन्छ । औपचारिक र अनौपचारिक दुबै किसिमको शिक्षाबाट मानवमूल्य शिक्षा प्रदान गर्न सकिन्छ । विद्यालयमा सिकाइने शिक्षाबाट नै व्यक्तिको व्यक्ति तथा कार्यशैली निर्धारण हुन्छ । शिक्षाले व्यक्तिलाई व्यावहारिक, सिपमूलक तथा संस्कारयुक्त बनाउँछ । शिक्षाले मानवमूल्यमान्यतालाई प्रवर्धन गर्छ । शिक्षाले हाम्रो परम्परा, व्यक्ति, रीतिरिवाज र संस्कृतिको संरक्षण र संवर्धनमा सहयोग पुऱ्याउँछ ।

**डोल्मा/दिनेश :** गुरुआमा मानवमूल्य शिक्षाका बारेमा धेरै राम्रोसँग बुझ्ने अवसर प्रदान गर्नुभएकामा हजुरलाई धेरै धेरै धन्यवाद ।

**गुरुआमा :** तपाईँहरूलाई पनि धन्यवाद !

## क्रियाकलाप

१. **दिइएको कविता अध्ययन गरी दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

### मानवमूल्य

जिम्मेवार बनी मान्छे सम्मान कामको गर
मर्यादा बिर्सनुहुन्न कर्तव्य पालना गर
अग्रजप्रतिको मान मान्यजन शिरोपर
संस्कार अनमोल कर्म पालना यिनको गर

सुकर्म रीति हो धर्म आनीवानी सुवासित
पौरखी बनी धर्तीमा, सेवा कर्ममा दीक्षित
बने नागरिक सच्चा बन्ने छ देश उन्नत
सुमार्ग पछि लागेर इमानदार जो बन्नु छ ।

(क) माथि दिइएको कवितामा मानवमूल्यका कुन कुन पक्षहरू समेटिएका छन्, सूची बनाउनुहोस् ।

(ख) पौरखी किन बन्नुपर्छ, आफ्ना विचार प्रस्तुत गर्नुहोस् ।

२. **मानवमूल्यको महत्त्व सम्बन्धमा गीत वा कथा वा कविता वा सम्पादकीय तयार गर्नुहोस् ।**

३. **तपाईँ विद्यालयबाट घर फर्कँदै गर्दा बाटामा एक जना मानसिक सन्तुलन गुमाएको जस्तो देखिने व्यक्तिलाई बालबालिकाले जिस्काइरहेको देख्नुभयो । त्यस्तो अवस्थामा तपाईँ के गर्नुहुन्छ, आफ्नो विचार उल्लेख गर्नुहोस् ।**

४. **तल तालिकामा दिइएका मानवमूल्यका गुणबाट आफ्नो मूल्याङ्कन आफैँ गर्नुहोस् :**

| मानव मूल्यका गुण | छ | छैन |
|---|---|---|
| (क) अरूको विचार र भावनाको सम्मान गर्ने गरेको | | |
| (ख) सत्यको पक्षमा आवाज उठाउने गरेको | | |
| (ग) जेष्ठ नागरिक, अपाङ्गता भएको व्यक्ति अशक्त र असहायलाई सेवा र सहयोग गर्ने गरेको | | |
| (घ) घरमा आएका पाहुनालाई आदर र सत्कार गर्ने गरेको | | |
| (ङ) आफूभन्दा ठुलालाई सम्मान र सानालाई माया गर्ने गरेको | | |
| (च) सामाजिक कार्यमा सक्रिय सहभागिता जनाउने गरेको | | |
| (छ) गुरु र अग्रजको आज्ञा पालना गर्ने गरेको | | |

## अभ्यास

### दिइएका प्रश्नका उत्तर लेख्नुहोस् :

(क) मानवमूल्य भनेको के हो ?

(ख) मानवमूल्यसँग सम्बन्धित गुण के के हुन्, उल्लेख गर्नुहोस् ।

(ग) मानवमूल्यको महत्त्व उल्लेख गर्नुहोस् ।

(घ) मानवमूल्यको विकासमा घर परिवार, समाज र विद्यालयको भूमिकाको सम्बन्धमा छुट्टाछुट्टै सूची बनाउनुहोस् :

| घरपरिवार | समाज | विद्यालय |
|---|---|---|
| १. | १. | १. |
| २. | २. | २. |
| ३. | ३. | ३. |

पाठ ३

# नेपाली चित्रकला

मानवको सिर्जनशीलता, भावना तथा मस्तिष्कको कल्पनाशीलतालाई अभिव्यक्त गर्ने माध्यममध्ये कला पनि एक हो । नेपाली कलामा हाम्रा परम्परा, रीतिरिवाज, जीवनपद्धति र संस्कार प्रतिविम्बित भएका छन् । धार्मिक, सांस्कृतिक तथा सामाजिक दृष्टिले नेपाली परम्परागत कलाको विशिष्ट स्थान रहेको छ । नेपाली परम्परागत कलाले विगतको सामाजिक, आर्थिक, राजनीतिक तथा धार्मिक परिवेशलाई बुझ्न सहज बनाएको छ । कलाले समाजको विकासको अवस्थालाई प्रतिविम्बित गर्छ । यसले मौलिक पहिचान र संस्कृतिलाई जीवन्त बनाउने काम गरेको छ । यसले समाज परिवर्तन र विकासमा महत्त्वपूर्ण योगदान दिएको छ । नेपाली कलाको मौलिकता र शैली विदेशीका लागि समेत आकर्षण बनेको छ । पछिल्लो समयमा नेपाली परम्परागत कलाले रोजगारीको अवसरसमेत सिर्जना गरेको छ । राष्ट्रको धार्मिक, सांस्कृतिक र सामाजिक पहिचान कायम राख्न मदत पुगेको छ । नेपाली परम्परागत कलाअन्तर्गत चित्रकला, वास्तुकला र मूर्तिकला आदि पर्छन् । यहाँ नेपाली चित्रकलाका बारेमा सङ्क्षेपमा वर्णन गरिएको छ ।

चित्रका माध्यमबाट कुनै पनि कुरा अभिव्यक्त गर्ने कलालाई चित्रकला भनिन्छ । चित्रकला संसारको सबैभन्दा प्राचीन कला हो । चित्र बनाउने काममा साधारणतः काठ, कपडा, ताडपत्र, कागज र घर वा मन्दिरका भित्ता आदिको प्रयोग गरिन्छ । ढुङ्गा, माटो र धातुबाट बनेको मूर्तिको तुलनामा चित्रकलाको आयु कम हुन्छ । त्यति वेला वैज्ञानिक ढङ्गले चित्रकलाको संरक्षण गर्ने प्रविधिको विकास भएको थिएन । त्यसैले प्राचीन चित्रकलाका नमुना नष्ट भएका हुन सक्छन् । नेपाली चित्रकलाको इतिहास देवीदेवताको चित्र र धार्मिक आस्थासँग जोडिएको देखिन्छ । हाम्रो परम्परा रीतिरिवाज र संस्कृतिको झलक चित्रकलामा पाउन सकिन्छ । चित्रकलाको उद्देश्य कलाकारको स्वतन्त्र अभिव्यक्तिका लागि नभईकन धार्मिक उद्देश्य प्राप्तिका लागि थियो भन्ने बुझ्न सकिन्छ । नेपालमा लिच्छवि शासनकालबाट चित्रकलाको विकास भएको प्रमाण पाइन्छ । लिच्छविकालीन दरबारहरू चित्रकलाले सजिएका हुन्थे । नेपाली चित्रकला ग्रन्थ चित्र, पौभा चित्र र भित्ते चित्र गरी तीन प्रकारका छन् । नौ सय वर्ष पुराना प्राचीन बौद्ध ग्रन्थमा चित्रित बौद्ध चित्रकलाहरू नै नेपालको चित्रकलाका प्राचीन नमुना हुन् ।

## १. ग्रन्थ चित्र


धार्मिक कथा वा विषयवस्तुमा आधारित चित्रलाई ग्रन्थ चित्र भनिन्छ । ग्रन्थ चित्रमा कलाकारले विषयवस्तुका आधारमा रङ तथा कपडा, गरगहना र मुखको हाउभाउ मिलाएर चित्र कोर्छन् । कागजको आविष्कार हुनुभन्दा पहिले ताडपत्र र भोजपत्रमा ग्रन्थ चित्र कोरिन्थे । ताड नामको रुखका पात तथा भोजपत्रका बोक्रालाई सुकाएर त्यसैमा उपयुक्त चित्र कोरिन्थे । त्यस्तो ग्रन्थमा लेख्न बाँसको कलम प्रयोग गरिन्थ्यो । चित्रमा रङ लगाउन चराको प्वाँख तथा कलाकार आफैँले बनाएको रौँको ब्रस प्रयोग गरिन्थ्यो । ग्रन्थ लेख्न र रेखाचित्र कोर्न कटुस, आँप र अमलाको पातलाई पकाएर बनाएको मसी प्रयोग गरिन्थ्यो ।



नेपालमा पाइएको सबैभन्दा पुरानो ग्रन्थ चित्र प्रज्ञापारमिता हो । प्राचीनकालमा नेपालका बौद्ध विहारमा धर्मग्रन्थ लेख्ने र प्रतिलिपि उतार गर्ने काम गरिन्थ्यो । सबैभन्दा बढी सारिएका ग्रन्थहरूमा अष्टसहस्रिका, प्रज्ञापारमिता र पञ्चरक्षा हुन् । पञ्चरक्षा ग्रन्थ चित्र भक्तपुरको चित्र सङ्ग्रहालयमा रहेको छ । यो चित्र ताडपत्रमा लेखिएको छ । नेपालमा एघारौँ शताब्दीभन्दा अगाडिका ग्रन्थ चित्र पाइएका छैनन् । त्यस वेला ससाना ताडपत्रमाथि ग्रन्थ चित्र लेखिन्थ्यो । प्रत्येक ताडपत्रको दुबैपट्टि अक्षर लेखिन्थ्यो भने मध्यभागमा विभिन्न चित्र तथा बुट्टा लेखिन्थ्यो । ग्रन्थको विषयवस्तुसित मिल्ने कथालाई नै चित्रका माध्यमबाट प्रस्तुत गर्नु ग्रन्थचित्रको मुख्य विशेषता हो । चित्रको पृष्ठभूमि गाढा रातो रङको बनाइएको हुन्छ । फूल र पात बनाएर कतै पनि ठाउँ छाडिएको हुँदैन ।

## २. पौभा चित्र

कपडामा बनाइने चित्रलाई पौभा चित्र भनिन्छ । यस्तो चित्रलाई थाङ्का पनि भनिन्छ । पौभा चित्र पट र मण्डला गरी दुई किसिमका हुन्छन् । पट चित्रमा मुख्य देवीदेवताका चित्रलाई बिचमा राखी अन्य सहायक देवीदेवतालाई वरिपरि राखिन्छ । मण्डला चित्रमा बिचमा मण्डला र चारैतिरबाट देवीदेवताका चित्रले घेरिएका हुन्छन् । कपडामा देवीदेवताका चित्र अथवा कुनै धार्मिक कथासँग सम्बन्धित गरेर पौभा चित्र बनाउने गरिन्छ । धार्मिक पुस्तकमा उल्लेख भएका उपदेश र कथाका आधारमा विभिन्न मुद्रा, आसन तथा प्रतिमा मिलाई उतारिन्छ ।



सोह्रौँ शताब्दीदेखि नेपाली पौभा चित्रमा तान्त्रिक शैलीको प्रयोग भएको मानिन्छ । त्यसपछि देवीदेवताका चित्र समावेश गर्ने प्रचलन बसेको देखिन्छ । धार्मिक सहिष्णुतामा आधारित हुनु, हिन्दु र बौद्ध दुबै धर्ममा प्रचलित हुनु पौभा चित्रका विशेषता हुन् । त्यस्तै बिच भागमा मुख्य देवीदेवताको चित्र र वरिपरि सहायक देवीदेवताको साथै खोलानाला, पहाड, वृक्ष, फूल लहरा आदिका चित्र हुनु यसका थप विशेषता हुन् ।

बौद्ध धर्मको धार्मिक कार्य गर्दा पौभा चित्र लेख्न लगाउने चलन छ । नेवार समुदायमा भीमरथारोहण संस्कारमा पौभा चित्र लेख्न लगाउने गरिन्छ । बौद्धमार्गी समाजमा व्यक्तिको मृत्यु संस्कारमा पनि पौभा चित्र

उतार्ने गरिन्छ । काठमाडौँ उपत्यकाभित्र विभिन्न वहालहरूमा वर्षको एकपटक भाद्र कृष्णप्रतिपदादेखि अष्टमीसम्म पौभा चित्र प्रदर्शन गर्ने चलन रहिआएको छ । नेपाली पौभा चित्रका नमुना विभिन्न सङ्ग्रहालयमा पनि राखिएका छन् ।

## ३. भित्ते चित्र

घर, मठ, मन्दिर, दरबार, गुम्बा, विहार आदिको भित्तामा बनाइएका चित्रलाई भित्ते चित्र भनिन्छ । भित्ते चित्रहरू प्रायः पुराना दरबार, मन्दिर, विश्राम गृह, मठहरू र अन्य सार्वजनिक ठाउँमा पाइन्छन् । विभिन्न देवीदेवता र जनावरका चित्र चित्रण गर्ने प्रचलन नेपालका विभिन्न समुदायमा छ । नराम्रा सङ्केतबाट जोगिन भित्ते चित्रहरू राख्ने प्रचलन रहेको देखिन्छ । नेपालमा भित्ते चित्रको सुरुआत लिच्छविकालबाट भएको मानिए तापनि मल्लकालभन्दा अगाडिका भित्ते चित्रका नमुना प्राप्त भएका छैनन् । नेपालमा पाइएका सबैभन्दा प्राचीन भित्ते चित्रका रूपमा पन्ध्रौँ शताब्दितिर बनेको भक्तपुरको पचपन्न झ्याले दरबारमा भएका चित्र मानिन्छन् । तलेजु भवानीको मन्दिरभित्र रहेको राधा र कृष्णको चित्र अति महत्त्वपूर्ण चित्र मानिन्छन् । त्यस्तै गरी अठारौँ शताब्दीतिरको जयप्रकाश मल्लद्वारा निर्मित कुमारी घरमा रहेको रातो र सेतो मच्छिन्द्रनाथको चित्र, काभ्रेको चण्डेश्वरी, डोटीको शैलेश्वरी मन्दिर जानकी मन्दिरको भित्तेचित्र कृष्ण मन्दिरका भित्ताका चित्र पनि उल्लेखनीय छन् । धार्मिक सहिष्णुताका गुण र तान्त्रिक शैलीको प्रभाव रहनु, मुगल शैलीको प्रयोग तथा अनुसरण र विभिन्न किसिमका रङ्रोगनको प्रयोग गर्नु भित्ते चित्रका मुख्य विशेषता हुन् । हिन्दु संस्कृतिअनुसार हरेक वर्ष नाग पञ्चमीको दिनमा ढोकामा नागको चित्र टाँस्ने र ठुलो एकादशीमा तुलसीको मोठमा विभिन्न देवीदेवताका चित्र बनाउने र सिँगार्ने प्रचलन रहेको छ । थारु जातिमा पनि घरका भित्तामा चित्र लेख्ने परम्परा रहेको छ । त्यस्तै गरी तराई क्षेत्रमा मैथिली नारीले स्थानीय वस्तुको प्रयोग गरी घरको भित्ता, चोक, बरन्डा आदिमा चित्र कोर्ने गर्छन् । यसमा धार्मिक गाथा, जनावर, फूल आदिका सुन्दर चित्र कोर्ने गरिन्छ । हाल आधुनिक चित्रकलाका रूपमा घरका भित्ता, विद्यालयका पर्खाललगायत होटल रेस्टुरेन्ट आदिका भित्तामा चित्र (Wall Art) को प्रयोग भएको देख्न सकिन्छ ।

नेपाली चित्रकलाको माग नेपाली र अन्तर्राष्ट्रिय बजारमा समेत दिन प्रतिदिन बढ्दै गएको छ । यसले गर्दा नेपालमा चित्रकला व्यावसायीकरण हुँदै गएको छ । चित्रकलाको विकासका लागि हाल नेपालमा ललितकला क्याम्पसमा विद्यावारिधि तहसम्म पढाइ हुने व्यवस्था छ । त्यस्तै गरी निजी क्षेत्रका थुप्रै क्याम्पसमा पनि यसको अध्यापन हुने गरेको छ । सिपमूलक तालिम, प्रचारप्रसार र चित्रलेखन प्रतियोगिता आयोजना गरिएमा चित्रकलाको विकासमा सहयोग पुग्छ । त्यस्तै कलाकारलाई पुरस्कार र सम्मान गर्न सकेमा नेपाली कलाको श्रीवृद्धिमा मदत पुग्छ । व्यावसायीकरणले यसको विकासमा थप टेवा दिन्छ ।

## *क्रियाकलाप*

१. **कक्षाकोठामा चित्रकला प्रतियोगिता आयोजना गर्नुहोस् । चित्रकला प्रदर्शनी गरी विद्यालयका सबै शिक्षक र विद्यार्थीलाई पनि अवलोकन गराई उत्कृष्ट तीनओटा चित्रलाई पुरस्कार दिने व्यवस्था मिलाउनुहोस् ।**

# अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **नेपाली परम्परागत कलालाई कति भागमा विभाजन गरिएको छ ? ती के के हुन्, लेख्नुहोस् ।**

(ख) **चित्रकलाको छोटो परिचय दिनुहोस् ।**

(ग) **नेपाली चित्रकलालाई कति भागमा विभाजन गरिएको छ, प्रत्येकको छोटकरीमा व्याख्या गर्नुहोस् ।**

(घ) **नेपाली चित्रकलाको विकासक्रम छोटकरीमा उल्लेख गर्नुहोस् ।**

(ङ) **नेपाली चित्रकलाको संरक्षण र विकासका लागि के के गर्न सकिन्छ, उल्लेख गर्नुहोस् ।**

(च) **तपाईँले ग्रन्थ चित्र, पौभा चित्र र भित्ते चित्रमध्ये कुन चित्र देख्नुभएको छ ? ती चित्रका के के विशेषता पाउनुभयो, लेख्नुहोस् ।**

## *परियोजना कार्य*

तपाईंको गाउँ, टोल, समुदाय नजिकै रहेको कुनै दुईओटा चित्रकलाको अवलोकन गर्नुहोस् । त्यहाँ कुन कुन प्रकारको र के केका चित्र रहेछन् ? ती चित्र कहिले निर्माण भएका रहेछन् ? ती चित्रकलाको संरक्षणका लागि के के उपाय अपनाइएका रहेछन्, खोजी गरी विवरण तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ४

# नेपाली मूर्तिकला



मूर्तिकला भन्नाले विभिन्न प्रकारका प्रस्तर, धातु, ढुङ्गा, काठ, माटो आदिबाट विभिन्न प्रतिविम्ब बनाउने कलालाई बुझिन्छ । नेपालको मूर्तिकला धार्मिक र सांस्कृतिक परम्परासँग गाँसिएको छ । नेपालमा प्राचीनकालदेखि नै विभिन्न देवीदेवताका मूर्ति बनाउने परम्परा रहेको थियो । नेपाली मूर्तिकलाको प्रामाणिक समय इस्वी संवत्को पहिलो शताब्दीलाई मानिएको छ । काठमाडौँ उपत्यकाभित्र किरातकालीन मूर्ति भेटिन्छन् । पशुपति आर्यघाटस्थित विरूपाक्षको मूर्ति, हाँडीगाउँमा रहेको सत्यनारायणको मूर्ति किरातकालीन मूर्ति हुन् । विरूपाक्षको मूर्तिलाई नेपालको सबैभन्दा पुरानो मूर्ति मानिन्छ । लिच्छविकालभन्दा अगिका काठमाडौँ उपत्यकामा प्राप्त मूर्ति बलिया, पुष्ट शरीर र मङ्गोलियन मुखाकृतिका थिए । लिच्छविकालका मूर्तिहरू आकर्षक र मौलिकता झल्कने किसिमका थिए । यसकालमा हिन्दु देवदेवीका मूर्ति र बौद्ध मूर्तिहरू बनेका थिए । लिच्छविकालमा बनाइएका मूर्तिमा चाँगुनारायणको मन्दिरभित्र र यसका परिसरमा पाइएका मूर्ति एवम् पलाञ्चोक भगवतीको मूर्ति र बुढानीलकण्ठको मूर्ति रहेका छन् । त्यस्तै गरी राष्ट्रिय सङ्ग्रहालयको उमामहेश्वर मूर्ति र चण्डोलको धूमवराह मूर्ति पनि प्रसिद्ध छन् । तान्त्रिक ढाँचामा निर्माण भएका फर्पिङ दक्षिणकाली, वनकाली देउपाटनमा रहेका देवीका मूर्ति पनि लिच्छविकालीन उत्कृष्ट मूर्ति हुन् । ढुङ्गाबाट निर्माण हुनु, आकर्षक मुखाकृतिको हुनु लिच्छविकालीन मूर्तिकलाका विशेषता हुन् । त्यति वेलाका नारी मूर्तिमा लचकताको गुण हुनुका साथै ज्यादै आकर्षक देखिन्थे । आङ्गिक अनुपातको मेल हुनु, मूर्तिमा धेरै हात र आयुधहरू समाउनु पनि लिच्छविकालीन मूर्तिकलाका थप विशेषता हुन् । ढुङ्गे मूर्तिकलाको इतिहासमा लिच्छविकाललाई स्वर्णयुग मानिन्छ ।

मल्लकालमा पनि मूर्तिकलाको राम्रो विकास भएको थियो । मल्लकालमा धातु, ढुङ्गा र काठको मूर्ति बनाउने प्रचलन थियो । मल्लकालमा काठमाडौँ उपत्यका र त्यसको वरपर मूर्तिकलाको विकास भएको पाइन्छ । फर्पिङको महिषासुर मर्दिनी, बनेपाको सूर्यनाथ, भक्तपुरको उग्रचण्डी भैरव र मल्लकालीन मूर्तिकलाका अनुपम नमुना हुन् । मल्लकालीन मूर्तिकलामा काठमाडौँको हाँडीगाउँको सरस्वती, हनुमान ढोकाको नर्सिङ र पाटन कुम्भेश्वरको विष्णुव्यूह मूर्ति पनि रहेका छन् । राष्ट्रिय सङ्ग्रहालयको विष्णुमूर्ति, चाँगुनारायणको श्रीधर विष्णु मूर्ति, देउपाटनको चतुर्मुख लिङ्ग आदि पनि मल्लकालीन मूर्तिकलाका उत्कृष्ट नमुना हुन् । मल्लकालमा धातुका विभिन्न मूर्ति छिमेकी देशको बजारमा व्यापारका लागि पैठारी गरिन्थ्यो । यसकालमा ढुङ्गाको मूर्तिबाहेक धातुको मूर्तिको विकास पनि राम्रो थियो । मल्लकालमा मूर्तिकालाका क्षेत्रमा नयाँ नयाँ शैली र प्रविधिको पनि विकास भएको थियो । मल्लकालमा देवीदेवताका मूर्तिबाहेक राजाका शालिक पनि बनाइएको पाइन्छ । अत्यधिक गरगहनाको प्रयोग गर्नु, विशेष प्रकारको मुकुट लगाइनु मल्लकालीन मूर्तिकलाका विशेषता हुन् । चुच्चो नाक, पातलो ओठ, लामा आँखा, लामा चिउँडा र मूर्तिमा तान्त्रिक प्रभाव रहनु पनि यस कालका मूर्तिकलाका विशेषता हुन् । पृथ्वीनारायण शाहले उपत्यकामा विजय गरेपछि नेपाली मूर्तिकलाले नयाँ मोड लियो । रणबहादुर शाहको पालामा काठमाडौँ टुँडिखेलस्थित जगन्नाथ मन्दिरमा कृष्ण, बलराम र सुभद्राका तीनओटा मूर्ति स्थापना गरिएका थिए । राणाहरूको पालामा नेपाली परम्परागत कलाभन्दा पनि पश्चिमी शैलीलाई बढी प्राथमिकता दिएको देखिन्छ । नेपालमा पनि विभिन्न कारणले कलाप्रतिको अभिरुचि दिनप्रतिदिन बढ्न थालेको छ । नेपालको तराई क्षेत्रमा माटो र परालको प्रयोग गरी दुर्गा, गणेश, सरस्वती आदिको मूर्ति बनाउने प्रचलन रहेको छ । हाल हाम्रो देशमा मूर्तिकलालाई व्यवसायका रूपमा लिने कलाकारको सङ्ख्या पनि बढ्न थालेको छ । नेपालमा बनेका धातु, ढुङ्गा र काठका मूर्ति विदेशसमेत निकासी हुने गरेका छन् । मूर्तिकलामा रुचि राख्ने विद्यार्थीका लागि त्रिभुवन विश्वविद्यालयअन्तर्गतको नेपाल ललितकला क्याम्पसमा मूर्तिकला विषयमा पढाइ हुँदै आएको छ । काठमाडौँ विश्वविद्यालयलगायत अन्य निजी क्याम्पसमा पनि मूर्तिकला विषयमा अध्ययन गर्न पाउने व्यवस्था रहेको छ ।

## संरक्षण र संवर्धनका उपाय

कला संरक्षण र संवर्धनमा पुरातत्त्व विभाग, राष्ट्रिय सङ्ग्रहालय जस्ता निकायको भूमिका महत्त्वपूर्ण छ । नेपाली कलाकारले पनि सम्मान र प्रोत्साहन पाउने गरेकाले यसप्रति अभिरुचि बढ्दै गएको छ । नेपाली मूर्तिकलाको प्रचारप्रसारमा जोड दिई विदेशी पर्यटकलाई आकर्षण गर्नुपर्छ । उत्कृष्ट कलाकारलाई पुरस्कार र सम्मानको व्यवस्था हुनुपर्छ । मूर्तिकलाको व्यापार प्रवर्धन गर्नुपर्छ ।

## क्रियाकलाप

१. लिच्छविकालीन र मल्लकालीन मूर्तिका नाम खोजी गरी तल दिइएको तालिकामा भर्नुहोस् :

| लिच्छविकालीन | मल्लकालीन |
|---|---|
| | |

२. नेपाली मूर्तिकला धार्मिक र सांस्कृतिक परम्परासँग जोडिएका छन् । कसरी, समूहमा छलफल गरी लेख्नुहोस् ।

३. हाल नेपाली मूर्तिकलाको माग विदेशी बजारमा समेत दिनप्रतिदिन बढ्न थालेको पाइन्छ, नेपाली मूर्तिकलाको व्यवसायीकरणका लागि के के उपाय अवलम्बन गर्न सकिन्छ, जानकार व्यक्तिसँग सोधखोज गरी लेख्नुहोस् ।

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) मूर्तिकलाको छोटो परिचय दिनुहोस् ।

(ख) लिच्छविकालीन नेपाली मूर्तिकलाको विशेषता उल्लेख गर्नुहोस् ।

(ग) मल्लकालमा नेपाली मूर्तिकलाको विकास चरमोत्कर्षमा पुगेको थियो । यस भनाइलाई उदाहरणसहित व्याख्या गर्नुहोस् ।

(घ) मूर्तिकलाको विकास तथा संरक्षणका लागि के के गर्न सकिन्छ, प्रस्तुत गर्नुहोस् ।

## सामुदायिक कार्य

**तपाईँको समुदायमा भएको वा देख्नुभएको कुनै मूर्तिको सम्बन्धमा तल दिइएका बुँदाका आधारमा विवरण तयार पार्नुहोस् र कक्षाकोठामा प्रस्तुत गर्नुहोस् :**

(क) मूर्तिको नाम :

(ख) मूर्ति निर्माण भएको मिति :

(ग) मूर्ति रहेको स्थान :

(घ) महत्त्व :

(ङ) वर्तमान अवस्था :

(च) संरक्षण गर्न अवलम्बन गरिएका उपाय :


(छ) सुझाव :

पाठ ५

# नेपाली वास्तुकला

घर, दरबार, मठ मन्दिर, पाटी पौवा, देवालय, स्तूप चैत्य तथा स्मारकसँग सम्बन्धित कला वास्तुकला हुन् । वासस्थानसम्बन्धी कलालाई वास्तुकला भनिन्छ । नेपाली परम्परागत वास्तुकला सांस्कृतिक र वैज्ञानिक दृष्टिकोणबाट पनि उत्कृष्ट मानिएको छ । मनमोहक, अद्भुत शिल्प कौशल र कलाकारको मिहिनेतको प्रतिविम्बन वास्तुकलामा देख्न सकिन्छ । प्राचीन नेपाली वास्तुकला हिन्दु र बौद्ध धर्मबाट प्रभावित भएको देखिन्छ । प्राचीन दरबार, गढी, मन्दिर, चैत्य वा स्तूप आदिको नमुना पनि भेट्न सकिन्छ । ढुङ्गाबाट बनेका वास्तुकला हजारौँ वर्षसम्म सुरक्षित रहन सक्छन् । माटो, इँटा, काठजस्ता सामग्रीबाट बनेका वास्तुकलाका नमुना लामो समयसम्म सुरक्षित रहन सक्दैनन् । शैली एवम् कलाको दृष्टिकोणबाट नेपाली वास्तुकलालाई तीन भागमा विभाजन गरिएको छ :

## १. प्यागोडा शैली




एक वा एकभन्दा बढी तलामा छाना रहेका र यस्ता छाना क्रमशः तल ठुलो र माथि सानो हुँदै गएको र टुप्पामा गजुर रहेको वास्तुकलाको शैलीलाई प्यागोडा शैली भनिन्छ । यसका बिचमा भित्रपट्टिको भाग खोक्रो हुने गरी बनाइएको हुन्छ ।

प्यागोडा शैलीका मन्दिर देवीदेवताका मूर्ति राख्न र पूजापाठ गर्ने उद्देश्यका साथ बनाइएका हुन्छन् । प्राचीनकालमा बनेका मानगृह, चाँगुनारायण, कैलाशकुट भवन, नरेन्द्रदेवको भद्राधिवास भवन नेपाली प्यागोडा शैलीमा निर्मित वास्तुकलाका उत्कृष्ट नमुना हुन् । मल्लकालमा प्यागोडा शैलीका धेरै मन्दिर, दरबार र भवन निर्माण गरिएका थिए । भक्तपुरको न्यातपोल, काठमाडौँको काष्ठमण्डप आदि यसका उदाहरण हुन् । पृथ्वीनारायण शाहको समयमा बनाइएका वसन्तपुरको नौतले दरबार, नुवाकोटको साततले दरबार पनि प्यागोडा शैलीका उत्कृष्ट नमुना हुन् । पशुपतिनाथको मन्दिर, तलेजु भवानीको मन्दिर, पाटनको कुम्भेश्वरको मन्दिर, जगन्नाथ मन्दिर आदि पनि प्यागोडा शैलीका मन्दिर हुन् । त्यस्तैगरी पोखराको तालवाराही, मुस्ताङको मुक्तिनाथ, नेपालगञ्जको वागेश्वरी मन्दिरलगायत थुप्रै मन्दिरहरू प्यागोडा शैलीका नमुना हुन् । मन्दिर प्राङ्गणमा कलात्मक वस्तु सजाउनु र तह तह परेको छाना हुनु प्यागोडा शैलीका विशेषता हुन् । यस शैलीबाट बनेका भवनमा विशेष

प्रकारको गर्भगृह, टुँडाल र तोरणको व्यवस्था गरिएको हुन्छ । मन्दिरको बिचको भाग खोक्रो हुनु र इँटा र काठको संयोजनमा निर्माण हुनु पनि प्यागोडा शैलीका विशेषता हुन् ।

## २. स्तूप वा चैत्य शैली



बौद्ध परम्पराअनुसार तल फुकेको र माथि साँघुरो हुँदै गएको शैलीलाई स्तूप वा चैत्य शैली भनिन्छ । यो शैली नेपालमा प्राचीनकालदेखि नै प्रचलित छ । स्तूप हेर्दा कचौरा घोप्टाएजस्तो आकृतिको देखिन्छ । स्तूपलाई चैत्य पनि भनिन्छ । चित्तलाई सधैँ धर्ममा जागरुक राख्ने चैतन्यको प्रतीक मानिने भएकाले यसलाई चैत्य भनिएको हो ।

नेपालमा सम्राट् अशोकले स्तूप शैली भित्र्याएको मानिन्छ । पाटनको अशोक स्तूप नेपालको सबैभन्दा पुरानो स्तूप हो । लुम्बिनीको मायादेवी मन्दिर, स्वयम्भूनाथ, बौद्धनाथ स्तूप, चावहिलको चारुमती चैत्य आदि चैत्य शैलीका उत्कृष्ट नमुना हुन् । चारुमती सम्राट् अशोककी छोरी थिइन् । चारुमतीले बनाउन लगाएकाले यस विहारको नाम चारुमती विहार रहन गएको हो । बौद्ध धर्मका अनुयायीले आफ्नो सम्प्रदायसँग सम्बन्धित कुनै महत्त्वपूर्ण वस्तुलाई जमिनमुनि गाडी त्यसमाथि स्मारक बनाउँछन् । त्यसरी बनाएको अर्धगोलाकार तथा गर्भ भएको स्मारकलाई स्तूप नामले चिनिन्छ ।

## ३. शिखर शैली



सुलुत्त परेर माथि चुलिँदै गएको झलक्क हेर्दा शिखर जस्तो देखिने तलबाट क्रमशः माथि साँघुरो हुँदै टुप्पामा चुच्चो भएको वास्तुकलाको शैलीलाई शिखर शैली भनिन्छ । शिखर शैली पिरामिड आकारको र अग्लो हुन्छ । शिखर शैलीमा प्रत्येक भागमा गजुर राखिएको हुन्छ । यसको छाना भने हुँदैन । यो शैली भारतको गुप्त राजवंशको पालामा चौँधौँ शताब्दीमा विकास भएको मानिन्छ । नेपालमा मल्लकालीन समयमा सत्रौँ अठारौँ शताब्दीमा यो शैलीका मन्दिर बनेको पाइन्छ । पाटनको कृष्ण मन्दिर, पाटनमा भएको महाबौद्ध मन्दिर, भक्तपुरको वत्सलादेवीको मन्दिर शिखर शैलीका नमुना हुन् । त्यस्तैगरी काठमाडौँको इन्द्रचोकमा रहेको शिव

मन्दिर, स्वयम्भूको प्रतापपुर र अनन्तपुर मन्दिर पनि शिखर शैलीबाट बनेको थियो । पशुपतिनाथ प्राङ्गणको ब्रह्मा मन्दिर, पाटन शङ्खमूलको जगतनारायण मन्दिर आदि हाम्रो देशमा भएका शिखर शैलीका उत्कृष्ट नमुना हुन् । काठमाडौँको रानीपोखरीमा रहेको बालगोपालेश्वर मन्दिर आधुनिक शिखर शैलीको नमुना हो । मन्दिरअगाडि एउटा मात्र मण्डप निर्माण हुनु, गर्भगृहमा मन्दिरका मूल देवताको प्रतिमा स्थापना हुनु आदि शिखर स्वरूपमा छाना हुनु यस शैलीका मुख्य विशेषता हुन् ।

जनकपुरमा रहेको जानकी मन्दिर शिखर शैली र गुम्बज शैलीको मिश्रित रूप भएकाले यसलाई मिश्रित शैली भनिन्छ । त्यस्तै गरी राणाकालीन समयमा जङ्गबहादुर राणा युरोप भ्रमण गरेर आएपछि युरोपेली वास्तुशैली नेपालमा भित्रिएको थियो । सिंहदरबार, श्रीमहल, बबरमहल, रानीमहल, थापाथली दरबार, केशरमहल आदि युरोपेली वास्तुशैलीमा बनेका उत्कृष्ट नमुना हुन् ।

लामो इतिहास बोकेका हाम्रा यी परम्परागत कला पुर्खाका धरोहर हुन् । त्यस्ता धरोहर भावी पुस्ताका लागि सुरक्षित राख्नु हाम्रो दायित्व हो । कतिपय भूकम्पबाट क्षति भएका सम्पदा पहिलेकै आकार, प्रकार र शैलीमा झल्किने गरी मर्मतसम्भार गरिएका छन् ।

सम्पदा हाम्रा पहिचान हुन् । हाम्रा पुर्खाका श्रम र मिहिनेतका अमूल्य निधि हुन् । यस्ता सम्पदाको प्रचारप्रसारमा विशेष जोड दिइनुपर्छ । यसको प्रचारप्रसारले पर्यटन आवागमनका लागि मदत पुग्छ । यी सम्पदा हाम्रा संस्कृति र सभ्यताका अमूल्य रत्न हुन् । हाम्रा सांस्कृतिक विशेषता यिनमा प्रतिविम्बन भएका हुन्छन् । यिनको संरक्षण र संवर्धन आजको आवश्यकता हो । ऐतिहासिक सम्पदा रहेको वरिपरिको खाली जमिनमा वृक्षरोपण गरिनुपर्छ । यी सम्पदाको पुनः निर्माण र संरक्षण कार्यमा हामीले सक्ने सहयोग गर्नुपर्छ । यिनको संरक्षण र संवर्धनमा स्थानीय समुदाय, सङ्घसंस्था र स्थानीय तहले बढी जिम्मेवार भएर काम गर्नुपर्छ ।

## क्रियाकलाप

१. **प्यागोडा शैली, स्तूप शैली र शिखर शैलीको एक एकओटा नमुना चित्र सङ्कलन गर्नुहोस् वा कोर्नुहोस् र कक्षामा प्रदर्शन गर्नुहोस् ।**

२. **हाम्रा परम्परागत वास्तुकला हाम्रा धरोहर हुन् । यस्ता सम्पदा संरक्षण गर्न जरुरी हुन्छ । यस्ता सम्पदाको संरक्षण गर्नका लागि स्थानीय तह, समुदाय र नागरिक/विद्यार्थीका तर्फबाट के के गर्न सकिन्छ, तीन समूहमा विभक्त भई छुट्टाछुट्टै निष्कर्ष प्रस्तुत गर्नुहोस् :**

| स्थानीय तह | समुदाय | नागरिक/विद्यार्थी |
|---|---|---|
| १. | १. | १. |
| २. | २. | २. |

३. **नेपाली समाजमा हाल विभिन्न वास्तुशैलीको प्रयोग भएका घर छन्, जस्तै : दुईपाखे घर, बाट्ुले घर, माटाको छाना भएका घर, ढुङ्गाका छाना भएका घर, काठबाट मात्र बनेका घर आदि । तपाईँको समुदायमा पनि यस्ता वास्तुकला र शैलीका घर होलान्, तिनको अवलोकन गरी मुख्य विशेषता टिपोट गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **वास्तुकला भनेको के हो ? यसको के महत्त्व छ ?**

(ख) **नेपाली वास्तुकलाका शैलीलाई कति भागमा विभाजन गरिएको छ, तिनीहरूको छोटकरीमा विवरण प्रस्तुत गर्नुहोस् ।**

(ग) **प्यागोडा शैली र स्तूप शैलीको भिन्नता छुट्याउनुहोस् ।**

(घ) **नेपाली परम्परागत वास्तुकलाका विशेषता लेख्नुहोस् ।**

(ङ) **आधुनिक र परम्परागत वास्तुकलाका समानता र भिन्नता उल्लेख गर्नुहोस् ।**

(च) **नेपाली परम्परागत वास्तुकलाको संरक्षण तथा संवर्धनका लागि के के उपाय अवलम्बन गर्न सकिन्छ, लेख्नुहोस् ।**

### *सामुदायिक क्रियाकलाप*

तपाईँको समुदायमा भएका घर, मठ, मन्दिर, दरबार, स्तूप, चैत्य, गुम्बा, विहार, मस्जिद, पाटीपौवा आदिमध्ये उपलब्ध कुनै दुईको प्रत्यक्ष अवलोकन गर्नुहोस् । त्यसको निर्माण कुन शैलीमा भएको रहेछ र त्यसमा कुन कुन सामग्री प्रयोग भएका रहेछन्, खोजी गरी लेख्नुहोस् :

| वास्तुकलाको नाम | शैली | प्रयोग गरिएको निर्माण सामग्री |
|---|---|---|
| | | |

पाठ ६

# धार्मिक सहिष्णुता र धर्म निरपेक्षता

मेरो नाम दिलिप हो । पेमा, हसिना र रेस्मा मेरा मिल्ने साथी हुन् । इद, बकर इद, ल्होसार, दसैँ, तिहार, क्रिसमस हाम्रो समुदायमा मनाइने मुख्य चाडपर्व हुन् । म हाम्रो दसैँ, तिहार जस्ता चाडपर्वको वेलामा मेरा साथीलाई पनि घरमा बोलाउँछु । मिठा मिठा खानेकुरा खुवाउँछु । त्यस्तै गरी पेमाले पनि ल्होसार पर्वको वेलामा हामीलाई घरमा बोलाउँछिन् । हामी त्यस वेला पेमाकै परिवारसँग परम्परागत पोसाक लगाउने, मिलेर नाचगान गर्ने र भोजमा सरिक हुने गर्छौं । हामी हसिनाको घरमा पनि इदको वेलामा गएका थियौँ । हामी सबै मिलेर नाचगान गर्‍यौँ, भोज खायौँ र रमाइलो गर्‍यौँ । गत वर्ष तिहारमा हामी सबै साथीभाइ मिलेर देउसी भैलो खेलेर रमाइलो गरेका थियौँ । त्यसबाट उठेको पैसाले हामीले पुस्तकालयमा पुस्तक किनेर दियौँ । रेस्माको परिवार इसाई धर्म मान्नुहुन्छ । हामी क्रिसमसका वेलामा रेस्मासँगै चर्चमा जान्छौँ । एकआपसमा उपहार आदानप्रदान गर्ने, क्यारोल गाउने, नाच्ने, रमाइलो गर्ने र मिठा मिठा खानेकुरा खाने गर्छौं ।

हाम्रो देशमा विभिन्न धर्म र संस्कृतिलाई मान्ने सम्प्रदाय बसोबास गर्छन् । यसरी विभिन्न धर्म मान्ने व्यक्ति एउटै समाजमा मिलेर बस्ने तथा एक धर्म र अर्को धर्म मान्नेका बिचमा सरसहयोग, सम्मान र सद्भाव हुनु नै धार्मिक सहिष्णुता हो । विभिन्न जातजातिको सुन्दर फूलबारीका रूपमा परिचित हाम्रो देश नेपाल धर्म र संस्कृतिमा विश्वकै उदाहरणीय मानिन्छ । आफ्नो धर्म र संस्कृतिलाई स्वतन्त्र रूपले मान्ने र अरूको चाडपर्व र सांस्कृतिक गतिविधिमा सहभागिता जनाउने नेपालीको पहिचान बनिसकेको छ । हाम्रो राष्ट्रिय गानमा समेटिएको 'सयौँ थुँगा फूलका हामी एउटै माला नेपाली' भन्ने पङ्क्तिले हाम्रो धार्मिक सहिष्णुता र सामाजिक सद्भावलाई उजागर गरेको छ । नेपाली समाजमा वर्षभरिमा विविध प्रकारका चाडपर्व, धार्मिक उत्सव तथा मेला पर्छन् । ती सबै पर्व तथा उत्सवमा एकअर्काको सम्मान गर्ने, शुभकामना आदानप्रदान गर्ने र सहभागिता समेत जनाउने नेपालीको संस्कार रहेको छ । तराईमा मनाउने छठ पर्वलाई तराईबासीले मात्र नमनाएर पहाड र उपत्यकामा पनि धुमधामले मनाइन्छ । उँधौली उँभौली पर्वमा सबै सम्प्रदायका मानिसले खुसी साटासाट गरेर मनाउने परम्परा रहेको देखिन्छ । तिज पर्वमा हिन्दुलगायत अन्य धर्म मान्ने महिला पनि हर्षोल्लासका साथ सहभागी भएको देखिन्छ । विशेषगरी सुदूरपश्चिममा मनाइने गौरा पर्वको अवसरमा नाचिने देउडा नाचमा सबै क्षेत्र र प्रदेशका मानिस देशको अन्य भागमा समेत सहभागी भएको देख्न सकिन्छ । धार्मिक सहिष्णुताले गर्दा विभिन्न जाति, सम्प्रदाय र धर्मको नाममा हुने हिंसा रोक्न मदत पुग्छ ।

## १. नेपालमा धार्मिक सहिष्णुताको अभ्यास

नेपालमा परापूर्वकालदेखि नै एक अर्को धर्मप्रति सम्मान र आस्था रहेको पाइन्छ । गोपालवंश र किरातवंशका राजा शैव धर्म मान्थे । किराती शैव धर्मावलम्बी भए तापनि बौद्ध धर्मलाई पनि उत्तिकै

महत्त्व दिएका थिए । लिच्छविवंशका राजा मानदेव पनि वैष्णव धर्म मान्थे तर सबै धर्मप्रति आस्था राखेको कुरा उनको नाममा स्थापना भएको विष्णुपादुकाको शिवलिङ्गबाट प्रस्ट हुन्छ । मानदेवकी छोरी विजयावतीले शैव धर्ममा आस्था राख्थिन् भने मानदेवका बुबा धर्मदेवले बौद्ध धर्मप्रति आस्था राखेको पाइन्छ । मानदेव स्वयम्ले बौद्ध विहार बनाउन लगाएको सन्दर्भ पनि इतिहासमा उल्लेख छ । मल्लकालीन राजा प्रताप मल्लले इसाई पादरीहरूलाई काठमाडौँमा बस्न दिने व्यवस्था मिलाएका थिए । पृथ्वीनारायण शाहले नेपाल एकीकरणको समयमा हातहतियार बनाउन र सेनालाई तालिम दिनका लागि मुसलमान कालिगढलाई दरबारमा राखेको ऐतिहासिक प्रमाण रहेको छ । नेपालको सबैभन्दा ठुलो मस्जिद र मदरसा विद्यालय काठमाडौँको बिचभाग बागबजारमा रहेको छ । जनकपुरको जानकी मन्दिर र मस्जिद सँगसँगै रहेको छ । स्वयम्भूनाथ परिसरमा रहेको मन्दिरमा हिन्दुले सरस्वतीका रूपमा र बौद्धमार्गीहरूले मन्जुश्रीका रूपमा पूजा गर्ने गर्छन् । पशुपतिनाथ नजिकै चारुमती विहार रहेको छ । पशुपतिनाथ, बुढानीलकण्ठ, स्वयम्भू र मुक्तिनाथमा हिन्दु र बौद्ध दुबै धर्मावलम्बीले पूजाआजा गर्छन् । गौतम बुद्धलाई हिन्दुले विष्णु भगवान्को अवतारका रूपमा पूजा गर्छन् । बौद्ध परिवारमा जन्मेकी कन्यालाई हिन्दुले जीवित देवी कुमारी मानेर पूजा गर्छन् । हरेक वर्ष कात्तिक शुक्ल अष्टमीको दिनमा पशुपतिनाथलाई भगवान् बुद्धको मुकुट लगाउने चलन रहिआएको छ । यस प्रचलनले धार्मिक सहिष्णुताको भावनालाई अझ मजबुत बनाउन मदत गरेको पाइन्छ ।

## २. धर्म निरपेक्षता

राज्यले आफ्नो मुलुकका नागरिकहरूले मान्ने धर्मलाई विभेद नगरीकन सबै धर्मलाई समान मान्यताका साथ स्थान दिनु धर्म निरपेक्षता हो । यसले राज्यको कुनै धर्म हुँदैन र धर्मको मामलामा राज्य तटस्थ रहनुपर्छ भन्ने मान्यता राख्छ । दोस्रो जनआन्दोलनबाट पुनः स्थापित प्रतिनिधि सभाले वि.सं. २०६३ जेठ ४ गते पहिलो पटक नेपाललाई धर्म निरपेक्ष राष्ट्रका रूपमा घोषणा गऱ्यो । नेपालको वर्तमान संविधानले पनि यसलाई प्रत्याभूत गरेको छ । नेपालको संविधानमा धर्म निरपेक्ष भन्नाले सनातनदेखि चलिआएको धर्म संस्कृतिको संरक्षणलगायत धार्मिक, सांस्कृतिक स्वतन्त्रता सम्झनुपर्छ भनी उल्लेख गरिएको छ । मौलिक हकका रूपमा धार्मिक स्वतन्त्रताको हकको व्यवस्था गरिएको छ । यसमा प्रत्येक धार्मिक सम्प्रदायलाई धार्मिक स्थल तथा धार्मिक गुठी सञ्चालन र संरक्षण गर्न पाउने हक र कसैको धर्म परिवर्तन गराउन वा अर्काको धर्ममा खलल पर्ने काम वा व्यवहार गर्न नहुने कुरा उल्लेख गरिएको छ । यसबाट नेपाली समुदायमा प्राचीनकालदेखि रहिआएको धार्मिक सहिष्णुताको भावनालाई अझ प्रगाढ बनाउन मदत पुगेको देखिन्छ । सबै धार्मिक सम्प्रदायको संस्कृति, परम्परा र सम्पदाको संरक्षण भएको छ ।

### *क्रियाकलाप*

१. नेपालमा धार्मिक सहिष्णुताको अवस्था शीर्षकमा सम्पादकीय तयार गर्नुहोस् ।

२. नेपालको संविधानमा धर्म निरपेक्षता सम्बन्धमा गरिएका व्यवस्था के के छन्, खोजी गरी प्रस्तुत गर्नुहोस् ।

३. धार्मिक सहिष्णुताको भावना अभिवृद्धि गर्न तपाईँ के गर्नुहुन्छ, समूहमा छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) धार्मिक सहिष्णुता भनेको के हो ?

(ख) धार्मिक सहिष्णुताले समाजमा पार्ने सकारात्मक प्रभाव लेख्नुहोस् ।

(ग) नेपालमा धार्मिक सहिष्णुताको परम्परा रहिआएको छ । यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

(घ) धर्म निरपेक्षताको परिभाषा लेख्नुहोस् ।

(ङ) धर्म निरपेक्षताको महत्त्व उल्लेख गर्नुहोस् ।

पाठ ७

# समानुभूति र सहयोग

दिइएका घटनाहरूको अध्ययन गरौँ :

## घटना नं. १

हरि, पुरन र गीता एउटै कक्षामा पढ्ने साथी हुन् । उनीहरूको घरबाट विद्यालय पुग्न १५ मिनेटको बाटो हिँड्नुपर्थ्यो । एकदिन उनीहरू विद्यालय जाँदै थिए । पानी परिरहेकाले बाटो चिप्लो थियो । पुरन बाटामा चिप्लिएर लडे । उनको लुगामा हिलो लाग्यो । उनी लडेको देखेर हरि जिस्काउँदै हाँस्न थाले । गीताले हरिलाई गाली गर्दै भनिन्, "तिमी कति स्वार्थी साथी हो, उ, लडेर उठ्न सकेको छैन, सहयोग गर्नुपर्ने ठाउँमा उल्टै हाँस्छौ । आऊ पुरनलाई उठाऔँ ।" दुबै जना मिलेर पुरनलाई उठाउन खोज्दा पुरनले टेक्न सकेनन् । उनको गोडा सुन्निएको थियो । यतिखेर गीतालाई आफैँ लडेको जस्तो महसुस भयो । पुरनको गोडा सुन्निदा पनि आफ्नै गोडा सुन्निए झैँ भयो । पुरनको पीडा उनलाई आफ्नै पीडा जस्तो लाग्यो । गीता र हरिले पुरनलाई बल्लतल्ल बोकेर स्वास्थ्यचौकी पुऱ्याए । हरिलाई पुरन लड्दा आफू हाँसेकामा पश्चात्ताप भयो । उनीहरूले पुरनका बुबाआमालाई पनि जानकारी गराए । पुरनका बुबाआमा पनि स्वास्थ्यचौकी आउनुभयो । पुरनको गोडा एक्सरे गर्दा गोडाको हाड चर्किएको देखियो । पुरनको गोडामा प्लास्टर गरेर घरसम्म पुऱ्याएर दुबै जना आआफ्नो घर फर्किए ।

## घटना नं. २

रामुको छिमेकमा हरिकृष्ण नाम गरेका अपाङ्गता भएका बालक थिए । रामु अत्यन्त मिलनसार र असल स्वभावका व्यक्ति थिए । उनी कहिलेकाहीँ हरिकृष्णको घरमा जाने र उनलाई सहयोग गर्ने गर्थे । हरिकृष्णलाई रामु विद्यालय गएको देख्दा आफूलाई पनि विद्यालय जान पाए हुन्थ्यो भन्ने लाग्थ्यो । उनी आफ्नो शारीरिक अवस्था सम्झेर भित्रभित्रै दुखी हुन्थे । आफ्नो कुरा कसैसँग व्यक्त गर्न सक्दैनथे । एक दिन रामु हरिकृष्णको घरमा गएका वेला आफूलाई पनि विद्यालय गएर पढ्न मन लागेको कुरा बताए । हरिकृष्णकी आमाले तँ यस्तो अवस्थाको व्यक्ति कसरी पढ्न जान्छस् ? तँलाई कसले विद्यालय लैजाने ल्याउने गर्छ ? भन्नुभयो । त्यस कुराले हरिकृष्ण केही बोल्न सकेनन् भने रामु पनि अत्यन्त दुःखी भएर आफ्नो घरमा फर्के । उनलाई हरिका बारेमा अत्यन्त चिन्ता लाग्यो । ऊ पनि त आखिर म जस्तै व्यक्ति हो । उसका पनि इच्छा हुन्छन् । उसलाई कसरी पढ्ने व्यवस्था मिलाउने होला भनेर सोचिरहे । उनले विद्यालयमा शिक्षकले अपाङ्गता भएका, दृष्टिविहीन र बहिरा बालबालिकाका लागि पनि पढ्ने विद्यालय रहेको र हाम्रो संविधानले सबैका लागि शिक्षासम्बन्धी हकको व्यवस्था गरेको छ भनेको सम्झे । भोलिपल्ट विद्यालय गएपछि हरिकृष्णका बारेमा सबै कुरा शिक्षकलाई सुनाए । रामुको करा सुनेर शिक्षक पनि रामुसँगै हरिकृष्णको घरमा जानुभयो । शिक्षकले हरिकृष्णकी आमालाई सम्झाउँदै भन्नुभयो, "उनका लागि पनि पढ्ने विद्यालय छ । म उनलाई त्यस विद्यालयमा लगेर भर्ना गरिदिन्छु ।

त्यही छात्रवासको पनि व्यवस्था छ । उनी जस्तै अरू बालबालिका पनि त्यहाँ छन् । शिक्षकको कुरा सुनेर रामु, हरिकृष्ण र हरिकृष्णकी आमा सबै जना खुसी हुनुभयो । शिक्षकले हरिकृष्णलाई छात्रावासमा बसेर पढ्ने व्यवस्था मिलाइदिनुभयो ।

यी माथिका घटना समानुभूति र सहयोगसँग सम्बन्धित घटना हुन् । अरूको पिर, मर्का, भावना, पीडा वा समस्यालाई नजिकबाट बुझ्ने र सोहीअनुरूप व्यवहार गर्ने मानवीय गुणलाई समानुभूति भनिन्छ । यसमा समानको अर्थ बराबरी र अनुभूतिको अर्थ अनुभव गर्ने भन्ने हुन्छ । अर्को व्यक्तिको परिस्थिति, भावना, सुख, दुःख र आशयसँग परिचित हुनु वा बुझ्नु समानुभूति हो । समानुभूति देखाउनका लागि सर्वप्रथम अर्को व्यक्तिको परिस्थिति बुझ्नुपर्छ । ती परिस्थितिले गर्दा अर्काको मनमा उब्जिएका भावनालाई आफैँले महसुस गर्न सक्नुपर्छ । यसरी अरूले भोगेको पीडा आफ्नो हृदयमा महसुस गरेर सहयोगको हात अगि बढाई उक्त पीडा कम गर्ने प्रयास गर्नुपर्छ । त्यसैले समानुभूति र सहयोग एकअर्कामा अन्तरसम्बन्धित हुन्छन् । समानुभूति र सहयोगले एकआपसमा सद्भाव, मेलमिलाप र विश्वास बढाउँछ । सामाजिक एकता कायम गर्न मदत गर्छ ।

## *क्रियाकलाप*

१. **आफ्नो विद्यालय वा समाजमा आफैँले अनुभव गर्नुभएको समानुभूति र सहयोगसम्बन्धी घटना कक्षामा सुनाउनुहोस् ।**

२. **समानुभूति र सहयोग सम्बन्धमा कुनै एक पत्रिकाका लागि सम्पादकीयको नमुना बनाउनुहोस् ।**

३. **रामुको ठाउँमा तपाईँ भएको भए के गर्नुहुन्थ्यो ?**

४. **कुनै समानभूति झल्कने विषयवस्तुमा आधारित भई भूमिका अभिनय गर्नुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **समानुभूति भनेको के हो ?**

(ख) **समानुभूति र सहयोगको अन्तरसम्बन्ध उदाहरणसहित पुष्टि गर्नुहोस् ।**

(ग) **समानुभूति र सहयोग कायम गर्न हामीले के के गर्नुपर्छ, सूची बनाउनुहोस् ।**

(घ) **समानुभूति र सहयोगले शान्ति सद्भाव र मेलमिलाप प्रवर्धन गर्न कसरी मदत गर्छ ?**

पाठ ८

# शान्ति संस्कृति

## परिचय

व्यक्ति, समुदाय, समाज र राष्ट्रको समग्र विकासका लागि शान्ति आवश्यक हुन्छ । दिगो रूपमा शान्ति कायम राख्ने उपायको निरन्तर अवलम्बन र अभ्यास गर्नु शान्ति संस्कृति हो । शान्ति संस्कृति भएको समाजमा हिंसात्मक द्वन्द्व र त्यसका मूल कारणको पहिचान गरिन्छ । ती कारक तत्त्वलाई शान्तिपूर्ण तरिका जस्तै : छलफल र संवादका माध्यमबाट निराकरण गरिन्छ । यस्तो समाजमा हिंसालाई पूर्ण रूपमा अस्वीकार गरिन्छ । हिंसाका सम्भावित कारण जस्तै : आर्थिक असमानता, भेदभाव, अन्याय, थिचोमिचो, भ्रष्टाचार, लैङ्गिक तथा जातीय विभेद आदि हुन् । यसको पहिचान गरिसकेपछि हिंसाका कारणको समाधान गर्न सबै एकजुट भएर लागी पर्छन् । शान्ति संस्कृति भएको समाज यस्तो समाज हो जहाँ हिंसात्मक क्रियाकलाप हुँदैन । आपसी द्वन्द्व र मनमुटाव अहिंसात्मक तरिकाले समाधान गरिन्छ । हिंसात्मक क्रियाकलाप हुनसक्ने कारण, जस्तै : भेदभाव र अन्याय आदिको पहिचान गरी समाधान गरिन्छ र दिगो शान्तिका लागि आवश्यक तत्त्व जस्तै : आपसी सद्भाव, भाइचारा, सहयोग, सम्मान र समानताका साथै सबैको अधिकारको सम्मान र न्यायको सुनिश्चितता गरिन्छ ।

**शान्ति संस्कृति भनेको मानिसले एक अर्काको स्वतन्त्रता, न्याय, लोकतान्त्रिक अधिकार, आपसी सम्मान, मानव अधिकार, आपसी सद्भाव र एकता प्रतिको उच्च सम्मान, विश्वास र सो अनुकूल गरिने व्यवहार हो ।**

## शान्ति संस्कृति प्रवर्धनका लागि गर्नुपर्ने क्रियाकलापहरू

संयुक्त राष्ट्रसङ्घले सन १९९९ मा शान्ति संस्कृति प्रवर्धनका लागि निम्नलिखित क्रियाकलाप गर्नुपर्नेमा जोड दिएको थियो :

१. सबैलाई गुणस्तरीय शिक्षाका माध्यमबाट शान्तिको प्रवर्धन गर्ने

२. मानिसका आधारभूत आवश्यकता, जस्तै : गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र सुरक्षाको सुनिश्चित गर्ने

३. मानवअधिकारको प्रवर्धन र सम्मान जसमा सबैको अधिकारको सुनिश्चितता भएको हुनुपर्ने

४. समाजमा रहेका विविध जाति, धर्म, सम्प्रदाय, भाषाभाषी, क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा समुदायबिच आपसी सहिष्णुता, समानता, विश्वास र एकताको भाव र सोहीअनुसार व्यवहार गर्ने

५. लोकतान्त्रिक सहभागिताको प्रवर्धन गर्ने

६. आम नागरिकका आवाजको सम्मान गर्ने


७. सहभागितामूलक सञ्चार र सूचनाको हकको सुनिश्चितता गर्ने

८. अन्तर्राष्ट्रिय शान्ति र सुरक्षाको प्रवर्धन एवम् अन्तर्राष्ट्रिय विवादको समाधान गर्ने

उल्लिखित क्रियाकलापका साथसाथै शान्ति संस्कृति निर्माणका लागि गर्न सकिने अन्य क्रियाकलाप, जस्तै : निरस्त्रीकरण, सामाजिक न्यायको प्रवर्धन, सदाचारको प्रवर्धन, अन्यायको विरोध र न्यायको पक्षमा आवाज उठाउने अवस्था आदि पर्छन् ।

## शान्ति संस्कृतिको विकासमा हाम्रो भूमिका

शान्ति संस्कृतिको विकास गर्नका लागि हामीले प्रत्यक्ष योगदान दिन सक्छौँ । यसका लागि हामीले समाजमा भएका हिंसालाई बढावा दिने खालका व्यक्तिगत व्यवहार, जस्तै : कुटपिट, तर्साउने, गाली गर्ने आदि क्रियाकलाप पहिचान गर्नुपर्छ । त्यसैगरी भेदभाव र कानुनबमोजिम कारबाही हुने गतिविधि पहिचान गरी निरुत्साहित गर्नुपर्छ । यस्तै हिंसा हुन सक्ने अर्थात् शान्ति संस्कृति खलबल्याउने विषय, जस्तै : हतियारको होडबाजी, अपराधीलाई जोगाउने वा कारबाही नगर्ने चलन आदिलाई पहिचान गर्ने र



यस्ता समस्यालाई समाधान गर्न योगदान गर्नुपर्छ । साथै छोरा र छोरीमा भेदभाव, जातीय छुवाछुत र भेदभाव आदि गर्नुहुँदैन । समाजमा शान्ति संस्कृति विकासलाई सहयोग पुऱ्याउने क्रियाकलाप र तत्त्वहरू पनि धेरै हुन्छन् । यसले समाजलाई आपसमा जोडेर राखेको हुन्छ, जस्तै : मानिसको स्वतन्त्रताको सम्मान, न्याय, लोकतान्त्रिक अधिकारको सम्मान, मानव अधिकारको रक्षा, सामाजिक, धार्मिक र जातीय विविधताबिचमा एकता र सहकार्य आदि समाजमा शान्ति संस्कृति कायम गर्न सघाउने क्रियाकलाप हुन् । यसले शान्ति संस्कृतिको विकासमा सहयोग पुग्छ ।

## *क्रियाकलाप*

१. **तपाईँको वरपर महिला हिंसा, जातीय विभेद, अपाङ्गता भएका व्यक्तिलाई शिक्षामा समान अवसर नहुनु आदि जस्ता गलत क्रियाकलाप के के छन्, पहिचान गरी सोको रोकथामका लागि गर्नुपर्ने क्रियाकलापको सूची तयार पार्नुहोस् ।**

२. **शान्ति संस्कृति विकास गर्ने उपाय कक्षामा छलफल गर्नुहोस् । ती उपायमध्ये आफूले गर्न सक्ने उपायका सम्बन्धमा कक्षामा अभ्यास गर्नुहोस् ।**

३. **तपाईँको समाजमा शान्ति संस्कृतिलाई मदत हुने कुन कुन क्रियाकलाप हुने गरेका छन्, परिवारका सदस्यहरूसँग छलफल गरी विवरण तयार पार्नुहोस् ।**

## अभ्यास

(क) **शान्ति संस्कृति भनेको के हो ?**

(ख) **शान्ति संस्कृति विकासका लागि कस्ता व्यवहार गरिनुपर्छ, सूची तयार पार्नुहोस् ।**

(ग) **शान्ति प्रवर्धनका लागि के के क्रियाकलाप गर्न संयुक्त राष्ट्रसङ्घले जोड दिएको छ ?**


(घ) **शान्ति संस्कृति विकासका लागि तपाईँको समाजमा हुने गरेका क्रियाकलापको सूची तयार पार्नुहोस् ।**

पाठ
९

# हाम्रा राष्ट्रिय विभूति

राष्ट्रको गौरव बढाउनका लागि आआफ्नो क्षेत्रबाट विशिष्ट योगदान पुऱ्याउने व्यक्ति राष्ट्रिय विभूति हुन् । राज्यले त्यस्ता व्यक्तिलाई राष्ट्रिय विभूतिको सम्मान प्रदान गरेको हुन्छ । उनीहरूले देश र जनताका लागि उल्लेखनीय तथा प्रशंसनीय काम गरेर विशेष योगदान पुऱ्याएका हुन्छन् । देशको सामाजिक, आर्थिक, राजनीतिक र न्यायिकलगायत अन्य क्षेत्रमा सुधार गरी जनता र राष्ट्रको बृहत्तर हितका लागि हाम्रा राष्ट्रिय विभूतिको महत्त्वपूर्ण योगदान रहेको छ । त्यस्तै गरी अरूले भन्दा पृथक् काम गरेर सामाजिक सद्भाव र एकता कायम गरी देशलाई चिनाउने काम गरेका छन् ।

## जनक



राजा जनक प्राचीन मिथिलाका राजा थिए । उनलाई शिरध्वज पनि भनिन्छ । उनी ब्रह्मज्ञानी राजा थिए । उनी देह (शरीर) लाई भन्दा आत्मालाई महत्त्व दिन्थे । उनी वेद, उपनिषद् र पुराणका विशिष्ट ज्ञाता थिए । उनका दरबारमा विद्वान् र विदुषीका बिचमा सभा हुने गर्थ्यो । ऋषिहरूसँग शास्त्रका बारेमा चर्चा हुन्थ्यो । उनले नेपाललाई वैदिक अभ्यास केन्द्रका रूपमा विकास गरी नेपालको नाम चम्काउन सफल भएका थिए । राजा जनकले सबै मिलेर बस्न, सबै मिलेर बाँडीचुँडी खान, सबै मिलेर एक भई काम गर्न, सबै मिलेर संसारमा शान्ति कायम गर्न तथा कुनै लडाइँ र झगडा नगर्नका लागि उपदेश दिएका थिए ।

## सीता



आदर्श नारीको नामले परिचित सीता राजा जनककी छोरी हुन् । सीताको मर्यादापुरुष रामचन्द्रसँग विवाह भएको थियो । सीताको आदर्श, सच्चरित्र र समर्पणकै कारणले नेपालको गौरव बढेको छ । सीताले नारी जातिको स्वाभिमानलाई उच्च पार्ने काम गरेकी छन् । यही कारणले हामी उनलाई राष्ट्रिय विभूतिका रूपमा सम्मान गर्छौं ।

## गौतम बुद्ध

गौतम बुद्ध (सिद्धार्थ गौतम) को जन्म वैशाख शुक्ल पूर्णिमाको दिन नेपालको लुम्बिनीमा भएको थियो । उनी बुद्ध धर्मका संस्थापक हुन् । उनले चोरी नगर, झुटो नबोल, हिंसा नगर, नसालु पदार्थबाट

टाढा बस, व्यभिचार नगर भन्ने जस्ता पञ्चशीलका उपदेश दिएका छन् । उनले विश्वलाई सत्य न्याय र शान्तिको मार्गमा हिँड्न अभिप्रेरित गरेका छन् । उनले दुःखका कारण र त्यसबाट छुटकारा पाउने उपाय सम्बन्धमा उपदेश दिएका छन् । त्यसैले उनलाई शान्तिका अग्रदूत, Light of Asia जस्ता उपनामले पनि चिनिन्छ । उनको यही योगदानले गर्दा नेपालको नाम विश्वमा नै चर्चित भएको छ । हामी उनलाई राष्ट्रिय विभूतिका रूपमा सम्मान गर्छौं ।



## अंशुवर्मा



अंशुवर्मा लिच्छविकालीन शासक थिए । तिब्बत र भारतसँग सन्तुलित सम्बन्ध कायम, जनतालाई सरल र सुलभ रूपमा न्याय प्रदान गर्ने जस्ता महत्त्वपूर्ण कामबाट यिनलाई कुशल शासक मानिन्छ । उनी साहित्य, कला र वास्तुकलाका प्रेमी थिए । उनले छिमेकीहरूसँग सन्तुलित परराष्ट्र सम्बन्ध स्थापना गरेका थिए । उनले शब्द विद्या नामक पुस्तक लेखेका थिए । बालकको सालनाल काट्ने चलन पनि उनकै पालामा चलेको हो । उनले बनाएको कैलाशकुट भवन उत्कृष्ट कालिगढीको नमुना थियो भन्ने किंवदन्ती रहेको छ । यिनको कुशल शासन व्यवस्था र यिनले गरेका सामाजिक सुधारका कामको कारणले उनको शासनकाललाई लिच्छविकालीन स्वर्ण युग भनिन्छ ।

## अरनिको



अरनिको पाटनमा जन्मिएका प्रसिद्ध कलाकार थिए । उनलाई बलबाहु पनि भनिन्छ । उनी १७ वर्षको उमेरमै मूर्तिकला, चित्रकला र वास्तुकलाका विशेषज्ञ भइसकेका थिए । उनी असी जना कलाकारको टोलीको नेतृत्व गर्दै राजा अभय मल्लको शासनकालमा चिनियाँ सम्राट् कुब्ला खाँको निमन्त्रणामा तिब्बत गएका थिए । उनले नेपाली कलालाई विश्वसामु परिचित गराए । उनमा तामा, पित्तल, जस्ता आदि धातुबाट मिश्रित धातु बनाउने र मूर्ति ढलान गर्ने उच्चकोटीको ज्ञान थियो । चीनको राजधानी बेइजिङमा रहेको श्वेत प्यागोडा (पाइतास्ते) यिनैले बनाएका हुन् । यिनलाई चीन सरकारले मिङ्होई (तीव्र प्रतिभा) को उपाधि प्रदान गरेको थियो । विदेशमा समेत नेपाली कलाको प्रचारप्रसार गरी नेपालको गौरव बढाएकाले यिनलाई राष्ट्रिय विभूति भनिन्छ ।

## राम शाह



राम शाह मध्यकालीन गोरखाका राजा थिए । उनले सामाजिक, आर्थिक, न्यायिक, प्रशासनिक र धार्मिक सुधार गरेका थिए । उनले गरेको सुधारले गर्दा नै त्यति वेला न्याय नपाए गोरखा जानु भन्ने चलन चलेको थियो । उनले आफ्नो राज्यमा ढक, तराजु, माना, पाथी र पैसाको चलन चलाए । जिन्सीमा २५ प्रतिशत र नगदमा १० प्रतिशतभन्दा बढी ब्याज लिन नपाउने व्यवस्था गरे । कुलो, सिँचाइ तथा अपराधीलाई सजायसम्बन्धी धेरै नियम बनाई लागु गरेका थिए । उनले गरेका यी सुधारका काम आजसम्म पनि सम्झन योग्य छन् ।

## पृथ्वीनारायण शाह



पृथ्वीनारायण शाह आधुनिक नेपालका परिकल्पनाकार तथा राष्ट्रनिर्माता हुन् । उनको राज्यारोहणको समयमा नेपाल बाइसी, चौबिसी, सेन र मल्ल राज्यमा विभाजित थियो । उनले वर्तमान नेपालको लगभग आधा भाग एकीकरण गरे । पछि त्यो अभियान बढ्दै गएर नेपालको सिमाना पूर्वमा टिस्टा नदी र पश्चिममा सतलज नदीसम्म विस्तार भएको थियो । उनले राष्ट्रियताको सुरक्षा, वैदेशिक नीति, आर्थिक, सामाजिक सुधारका लागि दिव्योपदेश दिएका थिए । सफल योजनाकार, महान् राजनीतिज्ञ, न्यायप्रेमी र दूरदर्शी राजाका रूपमा उनको योगदानलाई अहिले पनि कदर गरिन्छ । त्यसैले उनी जन्मेको दिनलाई राष्ट्रिय एकता दिवसका रूपमा मनाइन्छ ।

## भीमसेन थापा



भीमसेन थापा नेपालका प्रथम प्रधानमन्त्री (मुख्तियार) हुन् । उनले आफ्नो समयमा थुप्रै सामाजिक, आर्थिक, प्रशासनिक र सैनिक सुधारका काम गरेका थिए । उनले नेपाल एकीकरणको बाँकी कामलाई पूरा गरी नेपालको सिमाना बढाउने कामसमेत गरेका थिए । उनले आफ्ना सैनिकलाई तालिमको व्यवस्था मिलाउन फ्रान्सबाट सैनिक विशेषज्ञ झिकाएका थिए । उनले राहदानी वितरणको व्यवस्था, कमाराकमारी राख्न नपाउने, हुलाकको व्यवस्था, विवाह प्रथामा सुधारलगायत थुप्रै काम गरेका थिए ।

## अमरसिंह थापा

अमरसिंह थापा राष्ट्रभक्त, पराक्रमी, युद्ध चतुर र इमानदार व्यक्ति थिए । उनको साहसीपनको कदर गर्दै उनलाई नेपाल अङ्ग्रेज युद्धमा पश्चिम नेपालको सुरक्षाको जिम्मा दिइएको थियो । उनले नेपालको

सिमाना कुमाउँ गढवाल हुँदै पश्चिममा काँगडासम्म पुऱ्याएका थिए। देश जितेर मात्र हुँदैन तिनको राम्रो बन्दोबस्त गरिनुपर्छ भन्ने कुरामा उनी सचेत थिए। अङ्ग्रेजहरूले अनेकौँ प्रलोभन देखाउँदा पनि "म बाघको डमरु हुँ, सिनो खाने कुकुर नसम्झ" भनी जवाफ फर्काएका थिए। नेपालको स्वाभिमान रक्षाका निम्ति उनी अन्तिम क्षणसम्म पनि क्रियाशील रहे। त्यसैले हामी उनलाई राष्ट्रिय विभूतिका रूपमा सधैँ सम्झिरहन्छौँ।



## बलभद्र कुँवर



वीर बलभद्र कुँवरले नालापानीको लडाइँमा नेतृत्व गर्दै वीरतापूर्वक अङ्ग्रेजविरुद्ध लडेर नेपालको शान उच्च पारेका थिए। लडाइँमा अङ्ग्रेजले लोभ, लालच, डर, त्रास सबै कुरा देखाउँदा पनि उनले हार नमानीकन अङ्ग्रेजका फौजसँग लडेका थिए। नालापानीको लडाइँमा अङ्ग्रेज सेनापति जनरल जिलेस्पी तथा अन्य धेरै सिपाही नेपालीको हातबाट मारिए। अङ्ग्रेजले उनको विरताको कदर गर्दै "हाम्रा वीर शत्रु बलभद्र र उनका वीर गोरखालीको स्मृतिमा सम्मानोपहार" लेखेर शिलालेख स्थापना गरेका थिए।

## भानुभक्त आचार्य



भानुभक्त आचार्यको जन्म वि.सं. १८७१ मा तनहुँको चुँदी रम्घामा भएको थियो। आदिकवि भानुभक्त आचार्यले संस्कृतको वाल्मीकि रामायणलाई नेपाली भाषामा अनुवाद गरे। नेपाली भाषाका माध्यमबाट सबै नेपालीलाई एकताको सूत्रमा बाँध्ने काम गरेका छन्। उनले वधूशिक्षा, प्रश्नोत्तर, भक्तमालालगायत थुप्रै कृति लेखेका छन्। यसरी नेपाली भाषा र साहित्यको क्षेत्रमा अतुलनीय योगदानको कदरस्वरूप राष्ट्रले उनलाई आदिकविको उपाधि प्रदान गरेको हो।

## मोतीराम भट्ट



मोतीराम भट्टको जन्म वि.सं. १९२३ मा काठमाडौँको भोसिको टोलमा भएको थियो। मोतीराम भट्टले भानुभक्तले लेखेका रामायण, कविता छपाएर र प्रचारप्रसार गरेर भानुभक्तलाई नेपालीमाझ चिनाउने काम गरेका थिए। उनलाई युवाकविको उपनामले पनि चिनिन्छ। उनी नेपाली साहित्य जगत्मा पहिलो जीवनी लेखक, समालोचक, अन्वेषक, पत्रकार तथा पुस्तकालय संस्थापक थिए। उनले शकुन्तला, चाणक्य नीति, भानुभक्तको जीवन चरित्र, उषाचरित्रलगायत

२५ ओटा कृति लेखन र सम्पादन गरेका छन् । यसरी थुप्रै कृतिको रचना गरी नेपाली भाषा साहित्यमा नयाँ आयाम थप्ने काम गरेका छन् । त्यसैले उनलाई राष्ट्रिय विभूतिका रूपमा सम्मान गरिन्छ ।

## त्रिभुवन



तत्कालीन राजा त्रिभुवनको १०४ बर्से जहानियाँ राणाशासनबाट नेपाली जनतालाई मुक्ति दिलाउनमा ठुलो हात रहेको छ । उनले राणाविरोधी आन्दोलनमा नेपाली जनतालाई साथ दिनका लागि आफ्नो राजगद्दीको समेत पर्वाह नगरी भारतमा गएर बसे । राणा, नेपाली काँग्रेस र राजाका बिचमा भएको दिल्ली सम्झौता सम्पन्न गराउनमा पनि राजा त्रिभुवनको विशेष भूमिका रहेको छ । उनले वि.सं. २००७ को प्रजातान्त्रिक आन्दोलनलाई सफल पार्नका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए । यसरी नेपालमा प्रजातन्त्र स्थापनाका लागि उनको योगदान अविष्मरणीय रहिरहने छ । उनी नेपालका राष्ट्रिय विभूति हुन् ।

## शङ्खधर साख्वा



शङ्खधर साख्वा एक समाजसेवी एवम् परोपकारी व्यापारी थिए । उनले कान्तिपुर र भादगाउँका गरिब जनतालाई आफ्नो सम्पत्तिबाट ऋणमुक्त गरिदिएका थिए । उनले नेपाल संवत्को सुरुआत गरेका हुन् । उनलाई नेपाल सरकारले वि.सं. २०५६ मङ्सिर २ गते राष्ट्रिय विभूतिका रूपमा घोषणा गरेको हो ।

## पासाङ ल्हामु शेर्पा



पासाङ ल्हामु शेर्पा सगरमाथा आरोहण गर्ने पहिलो नेपाली महिला हुन् । सगरमाथा आरोहणबाट फर्कने क्रममा हिउँ पहिरोमा परी वि.सं. २०५० वैशाख १० गते उनको मृत्यु भएको थियो । उनलाई नेपाली साहसी महिलाको प्रतीकका रूपमा पनि लिइन्छ । वि.सं. २०५९ वैशाख १० गते उनलाई पन्ध्रौँ राष्ट्रिय विभूति घोषणा गरिएको हो । उनलाई नेपाल सरकारले सुप्रदीप्त मान्यवर नेपाल तारा अलङ्कारले विभूषित गरेको छ ।

## फाल्गुनन्द लिङ्देन

फाल्गुनन्द लिङ्देन किरात धर्मका धार्मिक गुरु तथा समाज सुधारक थिए । उनले समाज सुधारका लागि वि.सं. १९८८ मा १० बुँदे सत्य धर्म मुचुल्काको स्थापना गरेका छन् । यस नीतिलाई अहिले विश्व

समुदायले अनुसरण गर्न थालेका छन् । उनी अहिंसा र धार्मिक भावनामा विश्वास गर्थे । उनले किराती धर्म संस्कृतिको रक्षाका लागि महत्त्वपूर्ण योगदान दिएका छन् । रिस, राग, द्वेष र अहङ्कारबाट टाढा रहनु, रक्सी, चुरोट, मासु, जुवातासबाट टाढा रहनु, झुटो नबोल्नु, हत्याहिंसा नगर्नु, मातापिता र गुरुको भक्ति र सेवामा लाग्नु, नारीको सम्मान गर्नु र विवाहमा आफ्नो गच्छेअनुसार मात्र खर्च गर्नु आदि उनले दिएका उपदेश हुन् । उनलाई वि.सं. २०६६ मङ्सिर १६ गते १६ औँ राष्ट्रिय विभूति घोषणा गरिएको थियो ।



## भक्ति थापा



भक्ति थापाले नेपाल अङ्ग्रेज युद्धमा देउथल किल्लाको नेतृत्व गरेका थिए । ७० वर्षको उमेरमा पनि उनले वीरताका साथ लडेर आफ्नो बहादुरी देखाएका थिए । उनको वीरताको कदर स्वरूप नेपाल सरकारले उनलाई २०७८ असार १४ गते १७ औँ राष्ट्रिय विभूति घोषणा गरेको छ ।

## जय पृथ्वीबहादुर सिंह



वि.सं. १९३४ भदौ ७ गते बझाङको चैनपुरमा जय पृथ्वीबहादुर सिंहको जन्म भएको हो । जङ्गबहादुरको नाति भएकै कारण उनले वि.सं. १९४२ मा ८ वर्षको उमेरमा काठमाडौँ आएर दरबार स्कुलमा पढ्न पाएका थिए । त्यति वेला राणाशासन थियो । यो शासन यिनलाई मन परेको थिएन । त्यसका विरुद्ध आवाज बुलन्द पार्ने इच्छा थियो । उनले गोरखापत्रको स्थापना गरी जनतामा चेतनाको दियो बाले । सिंहले वि.सं. १९५८ मा 'अक्षराङ्क शिक्षा' नामक पुस्तक लेखेका थिए । उनले नेपालको शिक्षा, न्याय प्रशासन, नेपाली भाषा र पत्रकारिताका क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएका छन् । नेपालको शैक्षिक, प्रशासनिक, न्यायिक, भाषिक, परराष्ट्र तथा राष्ट्र निर्माणमा पुऱ्याएको योगदानको कदर गर्दै जय पृथवीबहादुर सिंहलाई नेपाल सरकारले वि.सं. २०७९ असार ६ गते राष्ट्रिय विभूति घोषणा गरेको हो ।

## *क्रियाकलाप*

१. समूहमा हाम्रा राष्ट्रिय विभूतिको चित्र तथा फोटो सङ्कलन गर्नुहोस् । ती चित्रलाई चार्ट पेपरमा टाँसी उनीहरूका महत्त्वपूर्ण योगदानसमेत लेख्नुहोस् र कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।

२. हाम्रा राष्ट्रिय विभूतिको नाममा बनेका सडक मार्ग, भवन र संस्था खोजी गरी तिनको सूची तयार पार्नुहोस् ।

३. पाठमा दिइएको राष्ट्रिय विभूतिमध्ये तपाईँलाई बढी प्रभाव पारेको व्यक्तित्व को हुन् र किन ?

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) कस्ता व्यक्तिलाई राष्ट्रिय विभूति भनिन्छ ?

(ख) राष्ट्रिय विभूतिको सम्मानका लागि के के गर्नुपर्ला, आफ्ना विचार टिपोट गर्नुहोस् ।

(ग) तपाईँ राष्ट्रिय विभूतिमा कसको नाम थप्दा उपयुक्त हुने देख्नुहुन्छ, उपयुक्त कारणसहित लेख्नुहोस् ।

(घ) राष्ट्रिय विभूतिको योगदानबाट तपाईँले के के प्रेरणा प्राप्त गर्नुभयो, सूची तयार पार्नुहोस् ।

पाठ १०

# राष्ट्रिय व्यक्तित्व

श्री जनता मा.वि.मा नौ कक्षामा अध्ययनरत विद्यार्थीलाई शिक्षकले पुष्पलाल पार्क कीर्तिपुर र बी.पी कोइराला म्युजियम सुन्दरीजलमा अध्ययन भ्रमणका लागि लैजानुभएको थियो । विद्यार्थीलाई अध्ययन भ्रमणबाट फर्किसकेपछि दुई समूहमा विभाजन गरी एक समूहलाई पुष्पलाल श्रेष्ठका बारेमा र अर्को समूहलाई बी.पी कोइरालाका बारेमा टिपोट गर्न लगाउनुभयो । उनीहरूले टिपोट गरेका कुराहरू कक्षामा प्रस्तुतसमेत गरेका थिए । विद्यार्थीको समूहगत प्रस्तुति निम्नअनुसार रहेको छ :

## समूह क

हाम्रो समूहले पुष्पलाल पार्क घुमेर फर्किसकेपछि पार्क व्यवस्थापन समितिका सदस्यहरूसँग सोधखोज गऱ्यो । त्यस्तै शिक्षकसँग प्राप्त जानकारी र विभिन्न स्रोतसामग्रीको अध्ययनबाट पनि धेरै तथ्य पत्ता लगाएका थियौँ । हामीले पत्ता लगाएका तथ्य यसप्रकार छन् :



पुष्पलालको जन्म वि.सं. १९८१ असार १५ गते रामेछाप जिल्लाको भँगेरी गाउँमा भएको थियो । उनका पिताको नाम भक्तलाल र माताको नाम तुलसी कुमारी हो । उनी अमर सहिद गङ्गालालका माइला भाइ थिए । उनका बुबा सरकारी कर्मचारी भएकाले जागिरका क्रममा देशका विभिन्न भागमा सरुवा हुँदा पुष्पलालले पनि देशको कुनाकाप्चासम्म घुम्ने अवसर पाएका थिए । 'हुने बिरुवाको चिल्लो पात' भने झैँ उनी सानैदेखि चलाख र प्रतिभाशाली विद्यार्थी थिए । उनले पाटन मा.वि.बाट प्रथम श्रेणीमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेका थिए । नेपाल कम्युनिस्ट पार्टीका संस्थापकका रूपमा चिनिने पुष्पलाल राजनीतिका क्षेत्रमा बाल्यकालदेखि नै उभिएका थिए । उनको कलिलो मस्तिष्कमा जनक्रान्तिका बारेमा जानकारी गराउने काम उनकै दाजु गङ्गालालबाट भएको थियो । गङ्गालालले फाँसीको सजाय पाउनुभन्दा अगि पुष्पलालसँग भनेका थिए, "माइला मैले प्रजातन्त्रका निमित्त बालेको दियोलाई तैँले प्रज्वलित पार्ने छस् र देशको कुनाकाप्चासम्म पुऱ्याउने छस् ।" दाइको यो अन्तिम वाक्यले पनि उनलाई क्रान्तिप्रति प्रेरणा प्रदान गरेको प्रस्ट रूपमा देखिन्छ ।

देशको कुनाकाप्चासम्म घुम्ने क्रममा जनताको दयनीय अवस्थाले उनको मन छोएको थियो । उनको मनमा नेपाल एउटा जेल र त्यहाँ बस्ने नेपालीहरू कैदी रहेछन् भन्ने आभास भएको थियो । नेपालको यस्तो अवस्थाको कारक तत्त्व जहानियाँ राणाशासन रहेछ भन्ने कुरा उनी ठुलो हुँदै जाँदा बुझ्दै गएका

थिए । आफ्ना दाजुको फाँसीपछि पुष्पलालले राणा शासनको शोषणदमनको अन्त्य नहुँदासम्म आफ्नो जीवन देश र जनताका निम्ति समर्पित गर्ने दृढ सङ्कल्प लिएका थिए ।

वि.सं. १९९८ मा पुष्पलाल श्रेष्ठले प्रेमबहादुर कंसाकार, शम्भुराम श्रेष्ठ, सूर्यबहादुर भारद्वाज र राजारामसँग मिलेर नेपाली प्रजातान्त्रिक सङ्घको गठन गरे । उक्त सङ्घले राणा शासनको विरोध गर्ने र विद्यालय खोली विभिन्न खालका सिपमूलक तालिम दिने काम गरेको थियो । उनले भारतमा बसेर पनि नेपाल प्रजा परिषद्का सदस्यसँग गोप्य रूपमा सम्पर्क गरी राणा विरोधी क्रियाकलाप अगि बढाएका थिए । वि.सं. २००६ मा पुष्पलालले नेपाल कम्युनिस्ट पार्टीको स्थापना गरे । उनले नेपालमा साम्यवादी विचारधाराको व्यापक प्रचारप्रसार गर्नका लागि कम्युनिस्ट पार्टीको घोषणापत्र नेपालीमा अनुवाद गर्ने काम पनि गरेका थिए । उनी वि.सं. २०१५ को आम चुनावमा पार्टी विस्तारका लागि देशका विभिन्न ठाउँमा पुगेका थिए । वि.सं. २०१७ पुस १ गते राजाबाट चालिएको कदमपछि भूमिगत र निर्वासित जीवन बिताउन बाध्य भए । त्यसपछि पनि कम्युनिस्टलाई भेला गराई तेस्रो अधिवेशन गर्न सफल भएका थिए । नेपाली काङ्ग्रेस र कम्युनिस्टहरूको संयुक्त सङ्घर्षबाट निरङ्कुश पञ्चायती शासन समाप्त हुन सक्छ भन्ने उनको विचार थियो । जुन कुरा पछि सत्य सावित भयो । यसरी राणा शासन र पञ्चायती शासनको अन्त्यका लागि निरन्तर आन्दोलन र क्रान्ति गर्दा गर्दै वि.सं. २०३५ साउन ७ गते भारतको नयाँ दिल्लीमा उपचारको क्रममा उनको निधन भयो ।

## समूह ख

हाम्रो समूहले बी.पी. कोइराला म्युजियम घुमेर फर्किसकेपछि म्युजियम सञ्चालक समितिका सदस्यहरू, शिक्षकसँगको सोधखोज र विभिन्न स्रोतसामग्रीको अध्ययनबाट पत्ता लागेका तथ्यहरूलाई निम्नअनुसार टिपोट गरेको छ :



विश्वेश्वरप्रसाद कोइरालाको जन्म वि.सं. १९७१ भदौ २४ गते बनारसमा भएको थियो । उनका बाबुको नाम कृष्णप्रसाद कोइराला र आमा दिव्या कोइराला हो । बी.पी. कोइराला बाल्यकालदेखि नै अनुशासित, इमानदार, निःस्वार्थ र सरल स्वभावका थिए । उनले बनारस हिन्दु विश्वविद्यालयबाट राजनीतिशास्त्र तथा अर्थशास्त्र विषयमा र कलकत्ता विश्वविद्यालयबाट कानुनमा स्नातकोत्तरसम्मको शिक्षा पूरा गरेका थिए । उनलाई राजनीतिज्ञ, दर्शनशास्त्री र साहित्यकारका रूपमा चिनिन्छ । बी.पी. कोइरालाको राजनीतिक जीवन भारतीय स्वतन्त्रता सङ्ग्रामबाट सुरु भएको थियो । दोस्रो विश्व युद्धका वेलामा उनलाई बेलायती सरकारले जबरजस्ती सैनिकमा भर्ती गऱ्यो । यस क्रममा तीन महिना कारागारमा समेत बस्नुपरेको थियो । ई.सं. १९४७ मा नेपाली राष्ट्रिय काङ्ग्रेसको स्थापना गर्ने काम बी.पी. बाट भएको थियो जुन पछि गएर नेपाली काङ्ग्रेस बन्यो । उनले राणा शासनको अन्त्यका लागि सशस्त्र सङ्घर्ष सुरु गरेका थिए । राणा

शासनको विरोधका लागि बनारसमा बी.पी. कोइराला संयोजक बनेर एक तदर्थ समिति गठन गरेका थिए । नेपालमा पनि उनले विराटनगर मजदुर आन्दोलनको नेतृत्व गरेको अभियोगमा एक वर्ष जेलमा बस्नुपर्‍यो । उनी वि.सं. २००७ फागुन ७ गते नेपालमा प्रजातन्त्र प्राप्तिपछि बनेको अन्तरिम सरकारमा गृहमन्त्री भएका थिए । वि.सं. २०१५ को आमनिर्वाचनपछिको बहुमतको सरकारमा वि.सं. २०१६ जेठ १३ गते नेपालको पहिलो जननिर्वाचित प्रधानमन्त्री भएका थिए तर छोटो समयमै वि.सं. २०१७ पुष १ गते तत्कालीन राजा महेन्द्रबाट राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाई बी.पी. कोइरालालगायत मन्त्रीहरूलाई हिरासतमा राखियो । यसरी दलबिहीन पञ्चायती व्यवस्था लागु भएपछि पनि पञ्चायत सरकारले उनलाई आठ वर्ष कारागारमा राख्यो । यो सुन्दरीजलमा रहेको वी.पी. कोइराला म्युजियम त्यति वेला राजबन्दी गृहका रूपमा प्रयोग हुन्थ्यो । बी.पी. कोइरालालगायतका नेताहरूलाई यहाँ कैद गरेको र राजबन्दी राखेको ऐतिहासिक स्थल भएकाले यस ठाउँलाई बी.पी. कोइराला म्युजियम नामकरण गरियो । आठ वर्ष कैदपछि उनी पुनः भारत गएर बसेका थिए । वी.पी. वि.सं. २०३३ मा राजा र प्रजाका बिचमा मेलमिलाप गराउने उद्देश्यका साथ भारतबाट नेपाल फर्केका थिए तर तत्कालीन सरकारले उनलाई देशद्रोहीको अभियोगमा कैद गर्‍यो । वि.सं. २०३५ मा उनीमाथि लगाइएका सम्पूर्ण अभियोग फिर्ता लिन सरकार बाध्य भयो । वि.सं. २०३६ को विद्यार्थी आन्दोलनका वेला उनलाई आफ्नै निवासमा नजरबन्द गरेर राखियो । प्रजातान्त्रिक योगदान अनि साहित्य सिर्जनाको कारण उनी चर्चित छन् । २००७ सालको प्रजातान्त्रिक आन्दोलनमा उनले महत्त्वपूर्ण भूमिका खेलेका थिए । उनी प्रजातान्त्रिक समाजवादको पक्षपाती थिए । उनी पंचायती शासनकालमा पनि राजाको निरङ्कुशता र स्वच्छाचारी शासनको विरुद्धमा निरन्तर लडिरहे ।

बी.पी. कोइरालालाई साहित्यको क्षेत्रमा कवि, निबन्धकार, कथाकार, उपन्यासकार, मनोविश्लेषक र दार्शनिकका रूपमा चिनिन्छ । उनी यौन मनोविज्ञानको क्षेत्रमा साहित्य सिर्जना गरी नेपाली साहित्यमा विशिष्ट पहिचान स्थापना गर्न सफल व्यक्तित्व हुन् । उनका सुम्निमा, दोषी चस्मा, तीन घुम्ती, नरेन्द्र दाइ, बाबु, आमा र छोरा, मोदिआइन, श्वेत भैरवीलगायत थुप्रै कृति छन् । समाजमा क्रान्तिकारी कदम, प्रजातन्त्र स्थापना, रजौटा प्रथाको उन्मूलन, विर्ता प्रथाको उन्मूलन र कृषिमा आधुनिकीकरण गर्नमा उनको ठुलो योगदान रहेको छ । उनको समाजवादी आदर्शलाई वर्तमान राजनीतिमा मूल सूत्रका रूपमा लिएको पाइन्छ । एकतन्त्रीय राणा शासन र निरङ्कुश पञ्चायती शासनको अन्त्यका लागि पटक पटक जेलनेलसमेत खानुपर्‍यो । उनले आन्दोलनमै आफ्नो जीवन उत्सर्ग गरेका थिए । आफ्नो ज्यानको समेत पर्वाह नगरी आफ्ना सम्पूर्ण जीवन जनताका लागि समर्पित गरेका थिए । क्यान्सर रोगबाट पीडित भएका कारणले वि.सं. २०३९ साउन ६ गते काठमाडौँमा उनको मृत्यु भयो ।

## *क्रियाकलाप*

१. तपाईँको समुदायमा लोकतन्त्रका लागि योगदान पुऱ्याउने व्यक्तित्वको खोजी गर्नुहोस् र उनीहरूका बारेमा टिपोट गरी कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।

२. पुष्पलाल श्रेष्ठ र बी.पी. कोइराला वा अन्य कुनै राष्ट्रिय व्यक्तित्वका बारेमा थप स्रोतसामग्रीको अध्ययन गरेर अथवा जानकार व्यक्तिसँग सोधखोज गरी थप जानकारी सङ्कलन गर्नुहोस् र बुलेटिन बोर्डमा टाँस्नुहोस् ।

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) कस्ता व्यक्तिलाई राष्ट्रिय व्यक्तित्व भनिन्छ ?

(ख) पुष्पलाल श्रेष्ठले प्रजातन्त्र प्राप्तिका लागि पुऱ्याएका योगदान उल्लेख गर्नुहोस् ।

(ग) पुष्पलालले किन देश र जनताका निम्ति समर्पित हुने दृढ सङ्कल्प लिएका थिए, लेख्नुहोस् ।

(घ) बी.पी. कोइरालाको राजनीतिक जीवनको सुरुआत कसरी भएको थियो ?

(ङ) बी.पी. कोइरालाका मुख्य मुख्य योगदान उल्लेख गर्नुहोस् ।

(च) पुष्पलाल श्रेष्ठ र बी.पी. कोइरालाको योगदानबाट तपाईँले के प्रेरणा पाउनुभयो, उल्लेख गर्नुहोस् ।

एकाइ
चार

# सामाजिक समस्या र समाधान

## सिकाइ उपलब्धि

- सामाजिक समस्या एवम् विकृतिको पहिचान गरी त्यसका असर र समाधानका उपाय उल्लेख गर्न
- सामाजिक सुधारमा स्थानीय र राष्ट्रिय सङ्घसंस्थाको योगदानको खोजी गर्न
- सामाजिक समस्या समाधानमा स्थानीय अभ्यासको खोजी र प्रवर्धन गर्न

पाठ १

# सामाजिक समस्याको पहिचान

नेपाली समाज धार्मिक, सामाजिक र सांस्कृतिक विविधतायुक्त समाज हो । यहाँ विभिन्न रीतिरिजाज, चालचलन र परम्परागत अभ्यासको अनुसरण हुँदै आएको छ । यी चालचलन र संस्कृतिले हाम्रा असल सामाजिक सांस्कृतिक पक्षलाई उजागर गर्दै आएका छन् । कतिपय हाम्रा चालचलन र संस्कृतिमा विकृति र समस्या पनि देखिएका छन् । सानै उमेरमा छोरीको विवाह गरीदिए पुण्य प्राप्त हुन्छ भन्ने सोच, बोक्सी प्रथा, विभिन्न प्रकारका हेपाइ, झुमा एवम् देउकी प्रथा, चाडपर्व र उत्सवमा गरिने फजुल खर्च, साइबर अपराध आदि सामाजिक विकृति र समस्याका उदाहरण हुन् । चेतनाको अभाव, अन्धविश्वास, लैङ्गिक विभेद, गरिबी आदि विकृति र समस्याका कारक तत्त्व हुन् । सचेतना अभिवृद्धि, विभेदको अन्त्य, सशक्तीकरण, रोजगारीको अवसरमा वृद्धिमार्फत विकृति र समस्या निराकरण गर्न सकिन्छ ।

माथिको सन्दर्भ प्रस्तुत गर्दै सामाजिक शिक्षकले आजको कार्यक्रम यसरी सुरु गर्नुभयो :

आजको कक्षामा हामीले सामाजिक अगुवा हिरण्यलाल र सरिनालाई हेपाइ एवम् साइबर अपराध सम्बन्धमा जानकारीमूलक प्रस्तुतिका लागि आमन्त्रण गरेका छौँ । सुरुमा हिरण्यलाललाई प्रस्तुतिका लागि अनुरोध गर्छु ।

## हिरण्यलाल

व्यक्तिलाई शारीरिक तथा मानसिक दुःख, हैरानी, पीडा आदि दिने गरी हानिनोक्सानी र चोट पुऱ्याउने कार्य हेपाइ हो । हेपाइ बल प्रयोग गरेर, शोषण गरेर, सताएर र तर्साएर दुःख दिने मनसायले गरिने क्रियाकलाप हो । यसले शारीरिक र मानसिक रूपमा हानिनोक्सानी तथा चोट पुऱ्याउँछ । हेपाइ घर, विद्यालय, कक्षाकोठा, शौचालय, खेल मैदान, चमेनागृह, विद्यालयको सवारी साधन, बसको प्रतीक्षालय, बाटोघाटोलगायतका स्थानमा हुने गर्छ ।

हेपाइबाट बालबालिका, महिला, अपाङ्गता भएका व्यक्ति प्रत्यक्ष वा परोक्ष रूपमा बढी पीडित भएका हुन्छन् । शारीरिक पीडा दिने, मुक्का प्रहार गर्ने, लात हान्ने, थप्पड दिने, धकेल्ने, घोच्ने आदि हेपाइका उदाहरण हुन् । त्यस्तै गिज्याउने, धम्की दिने, चिमोट्ने, पिट्ने, उपनाम काढ्ने, व्यङ्ग्य गर्ने कार्य पनि हेपाइका उदाहरण हुन् । त्यस्तै गलत सूचना प्रवाह गर्ने, कसैका बारेमा नभएका कुरा फैलाइदिने र जानाजान परिचित व्यक्तिलाई समेत बेवास्ता गर्ने क्रियाकलाप पनि हेपाइअन्तर्गत नै पर्छन् । व्यक्तिका अगाडि उसैका बारेमा अपमान गर्ने, काममा जानी जानी बाधा सिर्जना गर्ने, काम बिगारिदिने र शारीरिक बनोटका बारेमा विभिन्न शब्दमार्फत जिस्क्याउने कार्य पनि हेपाइ हुन् । विद्यालय, सार्वजनिक स्थल, समुदाय र परिवारमा के कसरी हेपाइ हुन्छ भन्ने जानकारी नहुँदा बालबालिका र किशोरकिशोरीहरू यसबाट बढी पीडित हुन पुग्छन् । यस्तो कार्यबाट पीडित बालबालिका तथा किशोरकिशोरीले हीनताबोध

गर्छन् । उनीहरूको मनोबल कमजोर हुन्छ । उनीहरूमा शारीरिक तथा मानसिक असर पर्न सक्छ । यसबाट उनीहरूमा विद्यालय जान नमान्ने, घरमा भनेको नमान्ने, एकोहोरो हुने, पढ्न मन नगर्ने, अरू व्यक्ति देख्दा डराउने जस्ता असर देखा पर्छन् ।

हेपाइ विरुद्ध विद्यालयले आफ्नो ठोस योजना र कार्यक्रमका साथ अगाडि बढ्नुपर्छ । यसबाट जोगिनका लागि विद्यालयमा कक्षागत नियम बनाउने, उजुरी तथा सुझावपेटिका राख्ने, नियमित परामर्स सेवा प्रदान गर्ने गर्नुपर्छ । विद्यालय र कक्षामा अरूलाई सम्मान गर्ने, समानुभुति प्रकट गर्ने खालका क्रियाकलापमा संलग्न गराएर हेपाइ हुने कार्य नियन्त्रण गर्न सकिन्छ । त्यस्तै अरूको विचारलाई कदर गर्ने, फरक शारीरिक अवस्था र क्षमता, धर्म, सम्पति, विचार, जातका आधारमा होच्याउने र हेप्ने गर्नुहुँदैन । उनीहरूलाई सम्मान र अवसर प्रदान गर्ने खालका क्रियाकलाप सञ्चालन गरी हेपाइलाई निरुत्साहित गर्न सकिन्छ ।

**सरिना :** म तपाईँहरूलाई साइबर अपराध (Cyber Crime) के हो ? यसले समाज अनि बालबालिकालाई कस्तो असर पार्छ ? यसबाट बच्न चाल्नुपर्ने कदम के के हुन् ? भन्ने सम्बन्धमा बताउँछु । व्यक्तिको इच्छा र अनुमतिविना विभिन्न किसिमका सामग्री विद्युतीय माध्यम र सामाजिक सञ्जालमार्फत दुरुपयोग गर्ने कार्य साइबर अपराध हो । यस्ता कार्यमा नक्कली आइडी (ID) निर्माण र प्रयोग गरी अरूलाई दुख दिने, पासवर्डको चोरी गर्ने, अरूको बेइज्जत गर्ने क्रियाकलाप पर्छन् । साथै विनाअनुमति अरूको सिर्जनालाई प्रयोग र वितरण गर्ने, चित्र, फोटोलाई दुरुपयोग गर्ने आदि कार्य पनि साइबर अपराधका उदाहरण हुन् ।

इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, अश्लील भिडियो पोस्ट, व्यक्तिको मानहानि गर्ने आदि कार्य पनि साइबर अपराध हो । त्यस्तै आवेशपूर्ण अभिव्यक्ति पोस्ट गर्ने, चलचित्र प्रतिलिपि अधिकार हनन गर्ने, नक्कली फेसबुक आइडीमार्फत पैसा माग्ने कार्य पनि साइबर अपराधका उदाहरण हुन् । यसैगरी बैङ्किङ, अनलाइन, एटिएम र बेवसाइट ह्याक गर्ने जस्ता क्रियाकलाप साइबर अपराधका उदाहरण हुन् । अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कलगायतमा क्षति पुऱ्याउने कार्यलाई समेत साइबर अपराध मानिन्छ ।

नेपालमा साइबर अपराधको नियमनका लागि विद्युतीय कारोबार ऐन, २०६३ बनेको छ । सो ऐनअनुसार कम्प्युटर, इन्टरनेटलगायतका विद्युतीय सञ्चार माध्यमहरूमा नैतिकता, शिष्टाचार विरुद्धका सामग्री, कसैप्रति घृणा, द्वेष फैलाउने सामग्री प्रकाशन वा प्रदर्शन गरे दोषीलाई कैद, जरिवाना वा दुबै सजाय हुन सक्ने व्यवस्था छ ।

साइबर अपराधले व्यक्ति र समाजमा मात्र असर नगरी सम्पूर्ण देश र विश्वमा समेत असर पार्छ । यसको असरले व्यक्तिमा नैराश्यता आउने, बेचैनी हुने, तनाव उत्पन्न हुने, आत्मबल कमजोर हुने, आत्महत्याका घटना घट्ने आदि हुन सक्छन् । त्यस्तै समाजमा अपराधका घटना बढ्ने, आतङ्क सिर्जना हुने आदि गतिविधि यसका नकारात्मक असर हुन् । देशको गोप्य सूचना चुहावट हुने, दुई देशबिचको सम्बन्ध बिग्रने आदि असर पनि यसले पार्न सक्छ । यी असर अपराधका घटनाअनुसार फरक फरक हुन सक्छन् ।

साइबर अपराध नियन्त्रण गर्न हामी सबै सचेत रहनुपर्छ । सामाजिक सञ्जाल र इन्टरनेटको प्रयोग गर्दा सावधानी अपनाउने, त्यसको दुरुपयोग हुन नदिने आदि क्रियाकलाप गर्नुपर्छ । साइबर अपराध गरेबापत हुने दण्डसजायको जानकारी प्रदान गर्नुपर्छ । कसैले गलत नियतले राखेका सामग्रीलाई लाइक, सेयर र कमेन्ट गर्नुहुँदैन । समाजमा हिंसा, विद्वेष, अपराध फैलाउने सामग्री सामाजिक सञ्जालमा प्रकाशन, प्रसारण र पोस्ट गर्नुहुँदैन । साथी र अभिभावकलाई समेत यस्ता कुरा जानकारी दिने, सम्झाउने, सचेत गराउने आदि कार्य गर्नुपर्छ ।

कक्षामा दुबैको प्रस्तुतिलाई लिएर सामाजिक शिक्षकले धन्यवाद दिनुभयो ।

### *क्रियाकलाप*

१. सामाजिक समस्याका रूपमा रहेको हेपाइ विरुद्ध चेतना जागृत गराउने एक सार्वजनिक अपिलको नमुना तयार पारी विद्यालयको सूचना पाटीमा टाँस्नुहोस् ।

२. साइबर अपराध सम्बन्धमा पत्रपत्रिकामा छापिएका समाचार, लेख, सम्पादकीय आदि सङ्कलन गरी कक्षामा बुलेटिन बोर्ड तयार पार्नुहोस् ।

३. हिजोआज सामाजिक सञ्जालमा बढी समय बिताउने, मोबाइलमा लामो समयसम्म खेल खेल्ने, टिकटकमा बढी समय बिताउने र टी.भी. मा बढी समय व्यतित गर्ने साथीलाई त्यसको असर र त्यसबाट बच्न के सल्लाह दिनुहुन्छ, समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गनुहोस् ।

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

**(क) हेपाइ भनेको के हो, के के आधारमा हेपाइ हुने गर्छ ?**

**(ख) हेपाइले व्यक्तिमा पार्ने असर उल्लेख गर्नुहोस् ।**

**(ग) साइबर अपराध भनेको के हो, लेख्नुहोस् ।**

**(घ) साइबर अपराधअन्तर्गत पर्ने क्रियाकलाप के के हुन्, उदाहरणसहित लेख्नुहोस् ।**

**(ङ) साइबर अपराधले व्यक्तिमा कस्तो असर पार्छ ?**

**(च) साइबर अपराध नियन्त्रण गर्ने उपाय लेख्नुहोस् ।**

### *सामुदायिक कार्य*

तपाईंको कक्षाका साथीको साइबर अपराधसम्बन्धी के कस्ता धारणा रहेका छन्, कक्षाका साथीहरूसँग छलफल गरी उनीहरूको धारणालाई समेट्दै एक प्रतिवेदन तयार गर्नुहोस् ।

पाठ
२

# सामाजिक सुधारमा स्थानीय सङ्घसंस्था

स्थानीय समुदायमा क्रियाशील सङ्घसंस्थाहरूलाई स्थानीय सङ्घसंस्था भनिन्छ । सामाजिक सुधारका लागि स्थानीय सङ्घसंस्थाहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । यिनले सामाजिक सुधारको क्षेत्रमा पुऱ्याएको योगदान सराहनीय छ । तीमध्ये केहीले कुनै स्थान विशेषलाई मात्र केन्द्र बनाई कार्य गरेका छन् । यी संस्थाले समाजको रूपान्तरण, चेतना अभिवृद्धि र सशक्तीकरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । वातावरण संरक्षण, सचेतना अभियान, शान्ति, मेलमिलापमा पनि यिनीहरूको भूमिका महत्त्वपूर्ण छ । यी विचार राख्दै शिक्षकले कक्षामा छलफल अगाडि बढाउनुभयो र विद्यार्थीलाई छलफलमा आफ्ना जिज्ञासा पालैपालो राख्न भन्नुभयो ।

यसै सन्दर्भमा कल्पना चित्रकारले हाम्रो गाउँको एकता आमा समूह कस्तो सामाजिक संस्था हो भनेर सोधिन् । शिक्षक हरिकलाले यसरी प्रस्ट्याउनुभयो :

हाम्रो टोल छिमेकमा रहेका महिलाहरू मिलेर एकता आमा समूह नामक संस्था गठन गरेका छन् । यस संस्थाले समाजमा रहेका सामाजिक विकृति र विसङ्गतिलाई नियन्त्रण गर्नका लागि सहयोग गर्छ । महिला हिंसा विरुद्धमा आवाज उठाउँछ । कुनै महिलालाई असजिलो परेमा शोषण भएमा, घरबाट निकालिदिएमा यस आमा समूहले उनीहरूका हक र अधिकारका बारेमा आवाज उठाउने काम गर्छ । यस संस्थाले विभिन्न हिंसाविरुद्ध कार्य गर्ने र कानुनी उपचारको समेत व्यवस्था गर्छ । सम्बन्धित निकायमा उजुरी दर्ता गराई पीडित महिलालाई न्याय दिलाउन सहयोग गर्छ ।

विकासले सोधे "हाम्रो पालिकामा गठन गरिएका युवा क्लबहरू कस्ता खालका संस्था हुन् र यिनले कस्ता सामाजिक कार्यहरू गर्छन् गुरुआमा ?"

शिक्षक हरिकलाले भन्नुभयो :

क्लब भनेको आआफ्नो टोल छिमेकमा गठन गरिने संस्था हो । हाम्रो गाउँको युवा क्लब समाजको उत्थान गर्न र समाजलाई जागरुक बनाउन, सामाजिक सद्भाव बढाउन, अन्याय अत्याचार र विसङ्गतिलाई न्यूनीकरण गर्नका लागि निर्माण गरिएको हो । यसको विधिवत् दर्ता सम्बन्धित कार्यालयमा आवश्यक कागजात पेस गरेपछि भएको हो । यो क्लबले गाउँमा विकास निर्माणका कार्यमा सरिक भई सामाजिक सद्भाव बढाउने कार्य गर्दै आएको छ । यसले आफ्नो टोल समुदायमा रहेका बालबालिकालाई आवश्यक ज्ञान, सिप र क्षमताको विकास गराउन सम्बन्धित क्षेत्रका विज्ञ झिकाएर आवश्यक तालिम दिने कार्य गर्छ । यसले टोलमा फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षणमा पनि काम गर्दै आएको छ । स्थानीय, स्तरमा वातावरणीय महत्त्व बुझाउन र समस्याबारे जनचेतना फैलाउने कार्य गर्छ । समाजमा विपत् परेको वेला विपत् व्यवस्थापन कसरी गराउने भनी आवश्यक कदम चाल्छ । वेलावेलामा टोलबासीबिच मैत्रीपूर्ण खेलको आयोजना गर्छ । रक्तदान, स्वास्थ्य सेवा दिनुका साथै निसहायका लागि आवश्यक सहयोग प्रदान गर्छ ।

भागीरथीले सोधिन्, "गुरुआमा हाम्रो गाउँमा सञ्चालित स्वर्णगणेश नामक संस्था कस्तो संस्था हो ? यसले के कार्य गर्छ बुझाइदिनोस् न ?"

शिक्षक हरिकलाले भन्नुभयो :

स्वर्णगणेश नामक संस्था हाम्रो गाउँको विकास गर्नका लागि गठन भएको संस्था हो । यसले सामाजिक विकृतिलाई न्यूनीकरण गर्ने, सामाजिक विकास गर्ने, गाउँ गाउँमा गई व्यक्तिलाई सचेतना जगाउने कार्य गर्छ । यसका अतिरिक्त गाउँमा खानेपानीको उचित प्रबन्ध गर्ने, विद्यालय जानबाट वञ्चित भएका बालबालिकालाई विद्यालय पठाउनका लागि प्रोत्साहन गर्ने, समुदायमा समय समयमा मैत्रीपूर्ण खेलको आयोजना गर्ने, स्वास्थ्यसम्बन्धी समस्या उत्पन्न भएमा स्वास्थ्य केन्द्रसम्म बिरामीलाई पुऱ्याउने काम गर्छ । यस संस्थाले गरेका गतिविधिले हाम्रो गाउँका बासिन्दा सन्तुष्ट भएका छन् । तपाइँहरूले पनि यस्तै सामाजिक कार्य गरेर समाजको उन्नति र प्रगतिमा ध्यान दिन जरुरी छ ।

बिनिषाले आफ्नो जिज्ञासा यसरी राखिन्, 'हाम्रो गाउँमा भएको प्रहरीचौकी र स्वास्थ्यचौकीले के काम गर्छन् नि गुरुआमा ?'

शिक्षक हरिकला : राम्रो जिज्ञासा राख्नुभयो । प्रहरीचौकी र स्वास्थ्यचौकी हाम्रो गाउँमा रहेका सरकारी निकायहरू हुन् । यी निकायले विभिन्न सेवा प्रवाह र सामाजिक सुधारका काम गरिरहेका छन् । प्रहरीचौकीले समाजमा शान्ति सुव्यवस्था कायम गर्न मदत गर्छ । समाजमा चोरी डकैतीका घटना नियन्त्रण गर्छ । अपराध गर्नेलाई पक्रने र दण्ड सजाय दिने काम गर्छ । नागरिकको जिउधनको सुरक्षा गर्छ ।

स्वास्थ्यचौकीले गाउँमा स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको छ । गाउँका मानिसलाई बिरामी हुँदा उपचार गर्ने र औषधी प्रदान गर्ने कार्य गर्छ । सरसफाइ, खोप जस्ता कार्यमा पनि स्वास्थ्यचौकीले सचेतना कार्यक्रम र आवश्यक सेवा प्रदान गर्दै आएको छ । अन्त्यमा शिक्षकले यसरी निष्कर्ष प्रस्तुत गर्नुभयो :

देशको राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनको संवाहकका रूपमा सामाजिक सङ्घसंस्थालाई पनि लिन सकिन्छ । यसमा स्थानीय स्तरका सक्रिय, ऊर्जावान् र गतिशील समूह र व्यक्ति सहभागी हुन्छन् । टोल छिमेकको विकासका लागि मानव स्रोत र साधनलाई परिचालन गर्ने संस्था भएकाले यस्ता संस्थाको भूमिका महत्त्वपूर्ण छ ।

## *क्रियाकलाप*

१. **तपाईँको समुदायमा क्रियाशील सामाजिक सङ्घसंस्थाको सूची बनाई कुनै एउटा संस्थाले पुऱ्याएको योगदानका सम्बन्धमा सोधखोज गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **सामाजिक सुधारमा विद्यार्थी र विद्यालयले के कस्ता भूमिका निर्वाह गर्न सक्छन्, समूहमा छलफल गरी लेख्नुहोस् ।**

३. **तपाईँको समुदायमा रहेका सामाजिक समस्या समाधान गर्ने उपायहरू समेटी स्थानीय निकायको प्रतिनिधिलाई सोध्ने प्रश्नावलीको नमुना तयार पार्नुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **सामाजिक सङ्घसंस्था भन्नाले के बुझिन्छ ?**

(ख) **आमा समूह कस्तो सामाजिक संस्था हो, लेख्नुहोस् ।**

(ग) **सामाजिक सुधारका निम्ति युवा वर्गले कस्तो भूमिका निर्वाह गर्न सक्छन्, लेख्नुहोस् ।**

## *सामुदायिक कार्य*

आफू रहेको स्थानीय तहमा कार्यरत सङ्घसंस्थाको कार्यालयमा गई संस्था स्थापनाको पृष्ठभूमि, उद्देश्य र कार्य तथा आर्थिक स्रोत सम्बन्धमा सोधखोज गरी एक प्रतिवेदन तयार गर्नुहोस् ।

पाठ ३

# सामाजिक सुधारमा राष्ट्रिय सङ्घसंस्थाको भूमिका

सामाजिक सुधारमा विभिन्न सङ्घसंस्थाले खेल्दै आएको भूमिकालाई महत्त्वपूर्ण मानिन्छ । यिनै संस्थाहरूले समाजको उन्नति, प्रगति र सुधारका लागि ठुलो योगदान दिन्छन् । यसका लागि हरेक समाजमा विभिन्न संस्था कार्यरत छन् । नेपाल रेडक्रस सोसाइटी, नेपाल स्काउट, माइती नेपाल, नेपाल बाल सङ्गठन, एमनेस्टी इन्टरनेसनल नेपाल, सिविन नेपाल आदि सङ्घसंस्थाले सामाजिक सुधारमा भूमिका खेल्दै आएका छन् । अतः सामाजिक सुधारमा केही राष्ट्रिय सङ्घसंस्थाको भूमिकालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

## १. नेपाल रेडक्रस सोसाइटी

नेपाल रेडक्रस सोसाइटी मानव सेवा गर्ने उद्देश्यले स्थापना भएको संस्था हो । जाँ हेनरी ड्युनाले ई.सं. १८६३ अक्टोबर २० मा मानव कल्याणका लागि केही गर्नुपर्छ भन्ने सोचका साथ रेडक्रस संस्थाको स्थापना गरेका हुन् । अन्तर्राष्ट्रिय रेडक्रस विश्वभरका राष्ट्रमा फैलिएको छ । नेपालमा यसको स्थापना वि.सं. २०२० भाद्र १९ गते भएको हो । रेडक्रस अन्य गैरसरकारी संस्थाभन्दा भिन्न प्रकृतिबाट सञ्चालन भइरहेको संस्था हो । नेपालको परिप्रेक्ष्यमा अन्य सङ्घसंस्थाको कार्यक्षेत्र तिनीहरूको विधान र संस्था दर्ता ऐनअन्तर्गत हुन्छ । नेपाल रेडक्रस सोसाइटीको काम कारबाही संस्थाको विधानअनुरूप जेनेभा महासन्धिअनुसार हुन्छ । यसको कार्यक्षेत्र शान्ति कालमा सामुदायिक विकास र युद्ध वा द्वन्द्वको समयमा तटस्थ रही निष्पक्ष भएर मानवीय सेवा गर्नु हो । युद्धमा घाइते भएका व्यक्तिलाई विनाभेदभाव सहयोग पुऱ्याउने कार्य गर्छ । युद्धबन्दीप्रति हुने अमानवीय व्यवहारबाट जोगाउन पहल गर्छ । शरणार्थीका लागि तत्काल उद्धार राहतको व्यवस्था गर्छ । यसरी यस संस्था मानवीय विपत्तिलाई कम गर्न प्रयत्नशील छ ।

रेडक्रसका सात सिद्धान्तमा मानवता, स्वतन्त्रता, निष्पक्षता, तटस्थता, ऐच्छिक सेवा, एकता र विश्व व्यापकता हुन् । रेडक्रसले राष्ट्रियता, जाति, धर्म, वर्ग र राजनीतिक विचारधाराका आधारमा भेदभाव गर्दैन । यसले सम्बन्धित राष्ट्रको ऐनकानुन पालना गरी मानवीय सेवा कार्यमा सदैव सहयोग गर्छ ।

नेपाल रेडक्रस सोसाइटीले विपत् तथा सङ्कट व्यवस्थापनमा योगदान दिँदै आएको छ । त्यसमा पनि विशेष गरेर बाढी र पहिरो, आगलागी नियन्त्रणमा क्रियाशील रहँदै आएको छ । त्यस्तै सडक दुर्घटना, चट्याङ, हावाहुरीसँग सम्बन्धित विपत् पूर्वतयारीसम्बन्धी जनचेतनामूलक कार्यक्रम पनि सञ्चालन गर्दै आइरहेको छ । विपत् व्यवस्थापनका लागि पूर्वतयारीस्वरूप विभिन्न तालिम दिनुका साथै समुदाय स्तरमा स्वयम्सेवकमार्फत सेवा प्रदान गर्दै आइरहेको छ । हरेक जिल्लामा विपत् राहतकोष स्थापना गरी राहत सामग्रीको व्यवस्थापन गरेको छ । केही वर्ष अगाडिदेखि नेपाल रेडक्रस सोसाइटीले सेवा र सामुदायिक

विकासका कार्य गर्दै आइरहेको छ । एम्बुलेन्स, रक्तसञ्चार, विपत् व्यवस्थापन, प्राथमिक उपचार जस्ता मानवीय सेवामा यसको महत्त्वपूर्ण भूमिका रहेको छ । त्यस्तै खानेपानी, आधारभूत स्वास्थ्य हेरचाहमा पनि यो संस्था सक्रिय रहन्छ । महिला सशक्तीकरण, समुदायको क्षमता अभिवृद्धि, एचआइभी र एड्स रोकथाम, मानवीय मूल्यको प्रदर्शन, सरसफाइ, दुर्व्यसनलगायत विभिन्न गतिविधिमार्फत समाजमा सेवा पुऱ्याउँदै आइरहेको छ । विद्यालय तहमा जुरियर रेडक्रस सर्कलको समेत गठन गरी विद्यार्थीमा सेवा भाव विकास गर्दै आएको छ ।

## २. नेपाल स्काउट

नेपाल स्काउट वि.सं. २००९ मा स्थापना भएको संस्था हो । यो अन्तर्राष्ट्रिय स्तरको संस्था हो । यसका आफ्नै उद्देश्य, मूल्य र मान्यता छन् । स्काउटले अन्तर्राष्ट्रिय क्षेत्रमा पुरुष विभाग र महिला विभाग गरी दुई शाखा गठन गरेको छ । विश्व ब्वाइज स्काउट संस्थाको मुख्यालय हाल मलेसियामा रहेको छ भने विश्व गर्ल स्काउट संस्थाको मुख्यालय बेलायतमा छ । नेपाल स्काउटले यी दुबै विश्व संस्थाको सदस्यता प्राप्त गरिसकेको छ । हाल विश्वका १७० देशमा ब्वाइज र १५० देशमा गर्ल स्काउट राष्ट्रिय संस्था छन् । विश्वभर यी संस्थाका पाँच करोड ब्वाइज स्काउट र एक करोड गर्ल स्काउट सदस्य छन् । ब्वाइज स्काउटलाई स्काउट र गर्ल स्काउटलाई गाइड भनिन्छ । नेपाल स्काउट नेपालको स्काउटिङ र गाइडिङ संस्था हो । बालबालिका तथा युवा वर्गलाई स्काउटमा बढी मात्रामा सहभागी गराई शारीरिक, मानसिक र बौद्धिक विकास गराउनु यसको मुख्य उद्देश्य हो । त्यस्तै तिनीहरूलाई अनुशासित र स्वावलम्बी बनाई देश विकास कार्यमा सहभागी गराउनु यसको लक्ष्य हो । प्रत्येक राष्ट्रमा स्काउट नामक संस्थालाई सरकारबाट मान्यता प्राप्त भएको हुन्छ । विधान, नियम र यससम्बन्धी अन्य व्यवस्था सरकारले निर्धारण गरेको मापदण्डमा केन्द्रित रही सुरुदेखि यस संस्थाले काम गर्दै आएको छ । यो स्वयम्सेवी संस्था हो । स्काउटको विश्यव्यापी प्रतीज्ञा एउटै हुन्छ । स्काउटमा सहभागी सदस्यले म आफ्नो नाम आत्मा साक्षी राखी आफ्नो मर्यादामा रही देश, ईश्वर र धर्मप्रति आफ्नो कर्तव्य पालन गरी स्काउटका नियम पालना गर्छु भनी वचनबद्ध हुनुपर्छ । उनीहरूले विश्वासयोग्य हुनु, भक्त हुनु, उपयोगी र सहयोगी हुनु, सबैको मित्र हुनु जस्ता नियम पालन गर्नुपर्छ । त्यस्तै परस्परमा भ्रातृत्व तथा भगिनीत्व कायम राख्नु, विनम्र तथा दयालु हुनु, अनुशासित र आज्ञाकारी हुनु, साहसी र सधैँ प्रसन्न हुनु, मितव्ययी हुनु, मन, वचन र कर्ममा पवित्र हुनु यसका नियम हुन् । यही परिधिभित्र रहेर सबैले कार्य गर्नुपर्छ ।

नेपालका कतिपय विद्यालयमा स्काउटको गठन गरिएको छ । तिनीहरूले सामुदायिक काममा स्वयम्सेवकको काम गर्छन् । त्यस्तै विपत्मा पर्नेलाई आवश्यक सहयोग गर्ने गर्छन् । स्काउटमा आवद्ध हुनाले बालबालिकामा आपसी सहयोग र सद्भावको विकास भएको छ । राष्ट्र र राष्ट्रियताको भाव जगाउन पनि स्काउटको भूमिका रहन्छ । चरित्र निर्माणका लागि यसले विशेष भूमिका निर्वाह गर्छ ।

## क्रियाकलाप

१. **नेपाल रेडक्रस सोसाइटीका उद्देश्य खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **नेपाल रेडक्रस सोसाइटी र नेपाल स्काउटले सामाजिक समस्यामा परेका व्यक्तिलाई कसरी सहयोग पुऱ्याउँदै आएको छ, तपाईँको अनुभवका आधारमा दिइएको तालिकामा भर्नुहोस् :**

| नेपाल रेडक्रस सोसाइटीले गरेका कार्य | नेपाल स्काउटले गरेका कार्य |
|---|---|
| | |

३. **पाठमा समेटिएका बाहेक विभिन्न राष्ट्रिय स्तरका सङ्घसंस्थाको खोजी गरी सामाजिक समस्या समाधानमा तिनीहरूको योगदानको सूची तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

४. **सामाजिक सुधारमा संलग्न तल दिइएका केन्द्रीय निकायको अध्ययन गरी सोधिएका प्रश्नको उतर दिनुहोस् :**

**समाजकल्याण परिषद् :** सामाजिक सङ्घसंस्थाहरूको समन्वय, सहयोग परिचालन र प्रवर्धन गरी सुव्यवस्थित तरिकाले समाज कल्याण कार्य सञ्चालन गर्न समाज कल्याण परिषद्को स्थापना गरिएको हो । यस परिषद्ले 'आत्मा साक्षी राखी मन, वचन र कर्मले सेवा गरौँ' भन्ने मूल नाराका साथ नेपाल सरकार र सामाजिक सङ्घसंस्थामार्फत सामाजिक सुधारका काय गर्दै आएको छ । यस संस्थाले बालक, वृद्ध, असहाय र अपाङ्गता भएका व्यक्तिको हित र कल्याणका लागि विशेष कार्यक्रम सञ्चालन गर्दै आएको छ । बाल अपराध, लागुपदार्थ दुर्व्यसन तथा अन्य कुलत तथा सामाजिक विकृतिबाट पीडित व्यक्तिलाई मर्यादित तथा सम्मानित जीवनयापन गराउन विशेष कार्यक्रम गर्दै आइरहेको छ ।

**राष्ट्रिय बाल अधिकार परिषद् :** यस परिषद्ले तीनै तहका सरकारलाई बालबालिकाको हकहितको सम्बन्धमा नीतिगत परामर्श, क्षमता विकासका कार्यक्रम र बाल संरक्षणसम्बन्धी कार्य गर्छ । यसले बाल हिंसा दुर्व्यवहार एवम् जोखिम अवस्थामा परेका बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन गर्ने कार्य गर्छ । बाल अधिकारको संरक्षण र संवर्धनका लागि प्रदेश तथा स्थानीय सरकारसँग समन्वय, सहकार्य गर्नुका साथै सङ्घीय तहमा अन्तरमन्त्रालय समन्वयका कार्यहरू गर्ने जिम्मेवारी यसै परिषद्को रहेको छ ।

(क) समाज कल्याण परिषद् कस्तो संस्था हो ?

(ख) समाज कल्याण परिषद्ले सामाजिक सुधारका के के कार्य गर्छ ?

(गं) राष्ट्रिय बाल अधिकार परिषद्का कार्य उल्लेख गर्नुहोस् ।

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **नेपाल रेडक्रस सोसाइटीको परिचय दिनुहोस् ।**

(ख) **नेपालमा स्काउटको भूमिका उल्लेख गर्नुहोस् ।**

(ग) **नेपालमा सामाजिक समस्या समाधानमा राष्ट्रिय सङ्घसंस्थाको योगदानको समीक्षा गर्नुहोस् ।**

### *सामुदायिक कार्य*

राष्ट्रिय स्तरमा कार्यरत सङ्घसंस्थाको कार्यालयमा गएर वा सन्दर्भ सामग्री अध्ययन गरी उक्त संस्थाले सामाजिक समस्या समाधान तथा विकृति नियन्त्रण गर्न पुऱ्याएका योगदान सम्बन्धमा सोधखोज गरी एक प्रतिवेदन तयार गर्नुहोस् ।

पाठ ४

# सामाजिक समस्या समाधानका मौलिक अभ्यास



सामाजिक समस्यालाई निराकरण गर्नका लागि आफू बसोबास गरेको क्षेत्रमा कुन कुन कदम चालिएका छन्, सो सबन्धमा सामाजिक विषयका शिक्षक धनीराम महतोले नौ कक्षामा अध्ययनरत विद्यार्थीसँग सामाजिक समस्या समाधानमा मौलिक अभ्यास सम्बन्धमा सोधखोज गरेर टिपोट गर्न भन्नुभएको थियो । विद्यार्थीले पनि आफ्ना गाउँटोल वा छिमेकमा भएका मौलिक अभ्यास सम्बन्धमा टिपोट गरेका कुराहरूलाई यसरी प्रस्तुत गरे :

**रजनी** : म हाम्रो नेवार समुदायमा प्रचलित सामाजिक परम्परागत गुठीको सम्बन्धमा बताउँदै छु । यो परम्परा लिच्छविकालदेखि नै प्रचलनमा आएको हो । लिच्छविकालमा विभिन्न प्रयोजनका लागि गुठी चलेको देखिन्छ । इतिहासकारका अनुसार नेपालमा गुठी परम्परालाई विभिन्न कालखण्डमा राजाहरूले संरक्षण, प्रवर्धन र प्रोत्साहन समेत गरेको पाइन्छ । गुठी शब्द गोष्ठी शब्दबाट आएको हो । संस्कृतिको संरक्षण, धार्मिक सम्पत्तिको व्यवस्थापन र रेखदेख, जात्रा, जन्म, मृत्यु संस्कार आदिमा गुठीको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । गुठीको प्रमुखलाई थकाली भनिन्छ । गुठियारबिचमा कामको बाँडफाँट र जिम्मेवारी तोकिएको हुन्छ । देवाली गुठी, सि गुठी, सना गुठी आदि नेवार समुदायमा प्रचलित गुठी हुन् ।

**विक्रम** : हाम्रो समुदायमा पर्म परम्परा विद्यमान छ । यो नेपाली समाजमा विद्यमान एउटा असल सामाजिक अभ्यासको परम्परा हो । अन्य व्यक्तिको खेतबारीमा हुने काम वा श्रममा विनाज्याला काम गर्ने र आफ्नामा पनि ती परिवारका सदस्य आएर काम परेको वेला सहयोग गर्ने परम्परा नै पर्म हो । यस्तो परम्पराले समाजमा सहयोग र सहकार्यको भावना वृद्धि गर्छ । काम गर्ने मानिसको अभाव र ज्याला दिनुपर्ने अवस्था नहुने व्यक्ति यस्ता प्रथाबाट धेरै लाभान्वित भएको देखिन्छ ।

**हंसराज** : म हाम्रो समुदायमा प्रचलित ऐँचोपैँचो परम्पराका बारेमा बताउँदै छु । नेपाली समाजमा विद्यमान परम्परामध्ये ऐँचोपैँचो परम्परा पनि एक हो । यस परम्परामा परिवारमा नभएका वस्तु वा सामान अर्को परिवारबाट ल्याउने र पछि त्यति नै परिमाणमा साधन फिर्ता गर्ने प्रचलन छ । यस कार्यबाट तत्काल अभाव भएका वस्तु वा सामानको अभाव पूर्ति हुन्छ । समाजमा आपसी सहयोग र सहकार्यको भावना वृद्धि हुन्छ ।

**शिवानी** : म हाम्रो थारु समुदायमा प्रचलित बडघर प्रथाका बारेमा बताउँदै छु । यस प्रथाले समुदायमा सामान्य झैझगडा र विवादहरू मिलाउने, सामाजिक नियम बनाउने र पालन गर्न लगाउने काम गर्छ । बडघर प्रथाले समाजमा आपसी मेलमिलाप र सहयोग र सहकार्यमा जोड दिन्छ । यो हाम्रो मौलिक सामाजिक अभ्यास हो । बडघर हरेक वर्ष माघी पर्वको अवसरमा छनोट गर्ने गरिन्छ ।

**रामनरेश** : हाम्रो समाजमा सहभोजको प्रचलन छ । यस प्रथामा समाजका विभिन्न जातजातिका मानिस मिलेर कुनै सामाजिक समारोहको अवसर पारेर सँगै खानपिन र रमाइलो गर्ने गरिन्छ । यसमा जातीय उचनिचको भावना रहँदैन । जुनसुकै जात र धर्मका मानिस उक्त सहभोजमा उपस्थित भई आफ्नो सामाजिक सद्भाव प्रदर्शन गर्छन् । सामाजिक एकता कायम राख्न सहभोजले मदत पुऱ्याएको छ ।

### *क्रियाकलाप*

१. **तपाईँको कक्षामा केही समस्या हुन सक्छन् । ती समस्यामध्ये कुनै एक समस्या समाधानका लागि सामूहिक रूपमा नियम प्रस्ताव गरी सो सम्बन्धमा छलफल गरी कार्यान्वयनमा लैजानुहोस् ।**

२. **समाजमा भएका सामाजिक विकृति र तिनलाई समाधान गर्ने मौलिक उपाय सम्बन्धमा कथा, लोकगीत, कविता वा चित्र रचनामध्ये कुनै एकको निर्माण गरी सूचना पाटीमा टाँस्नुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **सामाजिक समस्या समाधानको मौलिक अभ्यास भनेको के हो ?**

(ख) **सामाजिक समस्या समाधानका लागि भएका मौलिक अभ्यासको महत्त्व उल्लेख गर्नुहोस् ।**

(ग) **समुन्नत समाज बनाउन कस्तो खालको सामाजिक सुधार आवश्यक हुन्छ, तर्क दिनुहोस् ।**

(घ) **सहभोजले सामाजिक एकता कायम गर्न कसरी मदत गर्छ, लेख्नुहोस् ।**

### *सामुदायिक कार्य*

सामाजिक समस्या समाधानमा मौलिक अभ्यास सम्बन्धमा तपाईँको समुदायको जानकार व्यक्तिसँग सोधपुछ गरी प्राप्त जानकारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

एकाइ
पाँच

# नागरिक चेतना

## सिकाइ उपलब्धि

- नेपालको संवैधानिक विकासक्रम उल्लेख गर्न र नेपालको वर्तमान संविधानको विशेषता बताउन
- वर्तमान संविधानले प्रदान गरेका मौलिक हकसँग परिचित हुन र नागरिक कर्तव्य पालना गर्न
- नागरिक पहिचानका आधारको वर्णन गर्न
- सुशासनको परिचय र महत्त्व उल्लेख गर्न एवम् लोकतान्त्रिक आचरणको अवलम्बन गर्न
- नागरिक समाजको परिचय र भूमिका खोजी गर्न
- राष्ट्र र राष्ट्रियताको सम्मान गर्न र राष्ट्रिय सरोकारका विषयप्रति सचेत रहन

पाठ १

# संविधानको परिचय

संविधान देशको मूल कानुन हो । यो राज्य सञ्चालनका लागि नागरिकका चाहना र आकाङ्क्षा व्यक्त भएको राजनीतिक एवम् कानुनी दस्तावेज हो । संविधान शब्द ल्याटिन भाषाको constituere बाट आएको हो । यसको अर्थ सरकार स्थापना भन्ने हुन्छ । यसले सरकारको स्वरूप, अधिकार एवम् काम कर्तव्यलाई निर्धारण गर्छ । यसमा जनताको हक अधिकारको रक्षा, राज्य शक्तिको बाँडफाँट, त्यसको प्रयोग, नियन्त्रण तथा सन्तुलनसम्बन्धी व्यवस्था हुन्छ ।

संविधानले राज्यका अङ्गहरूको स्वरूप निर्धारण गर्ने, राज्यका विभिन्न अङ्गबिच अधिकारको बाँडफाँट गर्ने कार्य पनि गर्छ । राज्यका अङ्गबिच सन्तुलन कायम गर्ने, नागरिक अधिकार सुरक्षित गर्ने काम पनि संविधानले गर्छ । त्यति मात्र होइन शासकीय स्वरूपको निर्धारण जस्ता कार्य पनि संविधानले गर्छ ।

संविधानअनुसार अन्य ऐन, नियम बन्छन् । कानुनको व्याख्या पनि संविधानको मर्मअनुसार हुन्छ । कानुनको निर्माण, कार्यान्वयन तथा व्याख्या गर्ने व्यवस्था संविधानमा नै उल्लेख गरिएका हुन्छन् । यसकारण संविधानलाई देशको मूल कानुन मानिन्छ ।

संविधानलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ । केही आधार यसप्रकार छन् :

- दस्तावेजको स्वरूपका आधारमा
  - लिखित → लिखित दस्तावेज हुने (अमेरिका, भारत, नेपालको संविधान)
  - अलिखित → लिखित स्वरूप नहुने, अधिकांश व्यवस्था रीतिरिवाज र परम्परामा आधारित हुने (बेलायतको संविधान)
- स्रोतका आधारमा
  - निर्मित संविधान (सबै लिखित संविधान)
  - विकसित संविधान (विभिन्न समयमा भएका घोषणा, अधिकारपत्र, रीतिरिवाज, परम्परा र न्यायालयको निर्णयको आधारमा विकसित हुने)
- संशोधन प्रक्रियाका आधारमा
  - लचिलो संविधान (सजिलै संशोधन गर्न सकिने, बेलायतको संविधान यसको उदाहरण हो) सामान्य बहुमतले संविधान संशोधन गर्न सकिने ।
  - कठोर संविधान
    - संशोधन गर्न दुईतिहाई चाहिने
    - अमेरिकाको संविधान कठोर संविधान मानिन्छ ।

संविधानमा लोकतान्त्रिक मूल्यमान्यता, कानुनी शासनको प्रत्याभूति, नागरिक अधिकार, समानुपातिक समावेशिता भएमा त्यो असल संविधान हुन्छ । संविधानमा जनता र सरकारबिच सकारात्मक सम्बन्ध भएको र राज्यका अङ्गबिच शक्ति पृथकीकरण र सन्तुलनको व्यवस्था पनि रहन्छ । संविधानले जनताको मौलिक हकको ग्यारेन्टी पनि गरेको हुनुपर्छ । संविधानमा मानव अधिकारको सुनिश्चितता भएको छ भने त्यो संविधान असल हुन्छ । त्यस्तै संविधान निर्माणका क्रममा जनसहभागिता सुनिश्चित भएको संविधान असल संविधान हो ।

संविधानका विभिन्न स्रोत हुन्छन् । विभिन्न समयमा बनाइएको वा विकास गरिएको कानुनलाई संविधान निर्माणको मुख्य आधार मानिन्छ । संविधान निर्माणमा परम्परागत प्रथा, धार्मिक विश्वास, सामाजिक रीतिस्थिति आदिलाई पनि आधार मान्ने गरिन्छ । नेपाल, भारत, बेलायत, रुस, चीन आदि देशमा निर्मित संविधानमा सामाजिक पक्षले उल्लेख्य प्रभाव पारेको देखिन्छ । त्यसैले प्रथा परम्परा पनि संविधान निर्माणका आधार हुन् । विद्वान्, लेखक, इतिहासकार, संविधानविद्का व्याख्या, मान्यता नजिर आदिले संविधान निर्माणमा भूमिका खेलेको पाइन्छ ।

### *क्रियाकलाप*

१. **संविधान कसरी बनाइन्छ, शिक्षक वा अन्य व्यक्तिसँग सोधेर टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **जनसहभागिताबाट निर्मित संविधान असल संविधान मानिन्छ, किन, छलफल गर्नुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **संविधानको परिचय दिनुहोस् ।**

(ख) **स्रोतका आधारमा संविधानको वर्गीकरण कसरी गरिन्छ, उल्लेख गर्नुहोस् ।**

(ग) **संविधानका विशेषता लेख्नुहोस् ।**

(घ) **संविधान निर्माणको सबैभन्दा उपयुक्त तरिका कुन हो, कारण दिनुहोस् ।**

पाठ २

# संवैधानिक विकासक्रम

प्राचीन नेपालका गोपाल, महिषपाल तथा किरातकालमा वैदिक परम्पराअनुसार शासन सञ्चालन गरिन्थ्यो । लिच्छविकालमा राजकीय बडापत्रका आधारमा शासन सञ्चालन गर्ने परिपाटी बस्यो । प्राचीनकालमा हिन्दु धर्म ग्रन्थमा आधारित भएर शासन सञ्चालन गरिन्थ्यो । मल्लकालमा राजाका आदेश, पञ्जापत्र (राजाले सिन्दुर रङको छाप लगाएर दिएको ऐन), सनद (कुनै काम गर्न राजाले लिएको आज्ञापत्र), सवाल (अड्डा अदालतको काम सजिलै गर्न बनाएको नियम) तथा अभिलेखका आधारमा सञ्चालन हुन्थ्यो । राणकालभन्दा अगिको शासन सवालबाट सञ्चालित थियो । राणा प्रधानमन्त्री जङ्गबहादुरले बेलायत यात्रापछि मुलुकी ऐन जारी गरे र त्यही आधारमा शासन गर्न थाले । संविधानको संस्थागत विकासको सुरुआत भने राणा प्रधानमन्त्री पद्म शमशेरले गरेका थिए । त्यसपछि विभिन्न समयमा झन्डै सातओटा संविधानको अभ्यास नेपालले गर्‍यो । यीमध्ये धेरैजसो संविधान आयोग र समितिमार्फत निर्माण भए भने वर्तमान संविधान संविधान सभाबाट जारी भएको हो ।

## नेपालको संविधान र तिनका विशेषता

### नेपाल सरकार वैधानिक कानुन, २००४

यो नेपालको पहिलो लिखित संविधान हो । यो संविधान श्री ३ पद्मशमशेरले वि.सं. २००४ माघ १३ गते घोषणा गरेका थिए । उक्त घोषणाअनुसार वि.सं. २००५ वैशाख १ गतेबाट कार्यान्वयन हुने भनिए पनि यो संविधान लागु हुन सकेन । यस संविधानमा ६ भाग, ६८ धारा र १ फेहरिस्त थिए । यो सविधानमा कार्यकारी अधिकार श्री ३ मा निहित थियो । राष्ट्रिय सभा र भारदारी सभासहितको व्यवस्थापिका थियो । यस संविधानमा गाउँ, नगर तथा जिल्ला पञ्चायतको व्यवस्था थियो ।

### नेपालको अन्तरिम शासन विधान, २००७

प्रजातन्त्रको स्थापनासँगै वि.सं. २००७ चैत्र १७ गते अन्तरिम शासन विधानको घोषणा भयो । उक्त संविधान वि.सं. २००७ चैत्र २९ गतदेखि लागु भएको थियो । यो शासन विधान स्थायी संविधान नबनुन्जेलका लागि जारी गरिएको थियो । यस विधानमा ७ भाग, ७२ धारा र ३ अनुसूची थिए । यस सविधानमा कार्यपालिका राजाप्रति जवाफदेही थियो । निर्वाचन नभएसम्मका लागि सल्लाहकार सभाको व्यवस्था गरिएको थियो । दरखास्त परिषद् तथा प्रधान न्यायालयको पनि व्यवस्था गरिएको थियो ।

### नेपाल अधिराज्यको संविधान, २०१५

यो संविधान मसौदा आयोगले तयार पारी जारी गरिएको थियो । भगवतीप्रसाद सिंहको नेतृत्वमा संविधान मसौदा आयोगको गठन गरिएको थियो । राजा महेन्द्रद्वारा वि.सं. २०१५ फागुन १ गते जारी गरिएको

थियो । त्यो संविधान बेलायतका संविधानविद् सर आइभर जेनिङ्सको सल्लाहमा तयार पारिएको थियो । यस संविधानमा भाग १० र धारा ७७ ओटा थिए तर अनुसूची समावेश गरिएको थिएन । यसमा राजाको विशेष स्थान थियो । देशको शासन व्यवस्था संसदीय शासन प्रणालीमा आधारित थियो । यसमा द्विसदनात्मक व्यवस्थापिका अवलम्बन गरिएको थियो । यस संविधानमा स्वतन्त्र न्यायपालिका तथा मौलिक हकको व्यवस्था गरिएको थियो ।

### नेपालको संविधान, २०१९

तत्कालीन राजा महेन्द्रले वि.सं. २०१९ पुस १ गते 'नेपालको संविधान, २०१९' जारी गरे । यो संविधान राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाई निर्दलीय पञ्चायती व्यवस्था लागु गर्नेतर्फ उन्मुख थियो । उक्त संविधानमा २० भाग ९७ धारा ६ अनुसूची थिए । सार्वभौमसत्ता राजामा निहित थियो । निर्दलीय पञ्चायती व्यवस्थालाई जोड दिइएको थियो । अख्तियार दुरुपयोग निवारण आयोगलगायत विभिन्न आयोगको व्यवस्था गरिएको थियो । व्यवस्थापिका एक सदनात्मक (राष्ट्रिय पञ्चायत) थियो ।

### नेपालको अधिराज्यको संविधान, २०४७

वि.सं. २०४७ कात्तिक २३ गतेदेखि लागु भएको उक्त संविधानमा २३ भाग, १३३ धारा र ३ अनुसूची थिए । यो संविधान विज्ञ सम्मिलित आयोगले तयार पारेको संविधान हो । सार्वभौमसत्ता नेपाली जनतामा निहित थियो । द्विसदनात्मक व्यवस्थापिका (राष्ट्रिय सभा र प्रतिनिधि सभा) को प्रावधान थियो । कार्यकारिणी अधिकार श्री ५ र मन्त्रीपरिषद्मा निहित थियो । स्वतन्त्र न्यायपालिका र संवैधानिक परिषद्को व्यवस्था थियो । मौलिक हकको व्यवस्था थियो । संवैधानिक राजतन्त्र र बहुदलीय व्यवस्थामा आधारित शासन प्रणालीमा जोड दिइएको थियो । मृत्युदण्डको सजाय हुने गरी कानुन बनाउन नपाइने व्यवस्था गरिएको थियो ।

### नेपालको अन्तरिम संविधान, २०६३

यो संविधान कार्यान्वयनको दृष्टिले पाँचौँ संविधान हो । यो संविधान वि.सं. २०६२/६३ को जनआन्दोलनको परिणामस्वरूप तयार पारिएको हो । यो संविधान वि.सं. २०६३ माघ १ गते प्रतिनिधि सभाबाट पारित भई जारी गरिएको थियो । उक्त संविधानमा २५ भाग, १६७ धारा र ४ अनुसूची थिए । सार्वभौमसत्ता नेपाली जनतामा निहित, कार्यकारिणी अधिकार मन्त्रीपरिषद्मा निहित, नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य घोषणा, नेपालमा बोलिने सबै मातृभाषालाई राष्ट्रभाषाको मान्यता, नेपाललाई धर्म निरपेक्ष राज्य घोषणा आदि यस संविधानका मुख्य विशेषता थिए ।

### नेपालको संविधान

नेपालको इतिहासमा जनताका प्रतिनिधिले पारित गरी घोषणा भएको पहिलो संविधान हो । संविधानसभाबाट दुईतिहाईभन्दा बढी मतले पारित गरेको हो । यो संविधान राष्ट्रपति रामवरण यादवले २०७२ असोज ३ गते जारी भएको घोषणा गरी लागु भएको हो । यस संविधानमा ३५ भाग ३०८

ओटा धारा र ९ ओटा अनुसूचीहरू रहेका छन् । यस संविधानले नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घोषणा गर्नुका साथै पहिलो पटक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था भएको मुलुकको रूपमा स्थापित गरेको छ ।

## *क्रियाकलाप*

१. **नेपालमा छिटो छिटो संविधान परिवर्तन हुनुका कारण कक्षामा छलफल गरी प्राप्त निष्कर्ष साथीहरूलाई सुनाउनुहोस् ।**

२. **नेपाल अधिराज्यको संविधान, २०१५ र नेपाल अधिराज्यको संविधान, २०४७ का विशेषता तुलना गरी निष्कर्ष बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।**

३. **नेपालमा हालसम्म जारी भएका संविधानको विकासक्रमलाई समयरेखामा देखाउनुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **नेपाल अधिराज्यको संविधान २०१५ कहिले जारी गरियो ?**

(ख) **नेपालमा कति पटक संविधान जारी गरियो, ती कुन कुन हुन् ?**

(ग) **नेपालको अन्तरिम संविधान २०६३ को छोटो परिचय दिनुहोस् ।**

(घ) **नेपाल अधिराज्यको संविधान २०४७ मा रहेका मुख्य मुख्य प्रावधान उल्लेख गर्नुहोस् ।**

पाठ ३

# संविधान सभा र वर्तमान संविधान

संविधान निर्माणका लागि गठन गरिएको सभा संविधान सभा हो । जनताको इच्छाअनुसार नयाँ संविधान निर्माणका लागि गठित जनताका प्रतिनिधिमूलक निकाय संविधान सभा हो । संविधान सभाले बनाउने संविधान अरू प्रक्रियाबाट बन्ने संविधानभन्दा बढी लोकतान्त्रिक हुन्छ । यसमा सबै तह र वर्गको उचित र समानुपातिक प्रतिनिधित्व हुन्छ । संविधान निर्माणमा जनप्रतिनिधिको सहभागिता हुनाले जनचाहनाअनुसारको संविधान निर्माण हुन्छ । संविधान सभाले बनाउने संविधानमा जनताले अपनत्व महसुस गर्छन् ।

विश्वका केही देशको संविधानको निर्माण संविधान सभामार्फत भएको पाइन्छ । संयुक्त राज्य अमेरिका, चीन, जर्मनी, पोल्यान्ड, फ्रान्स, भारत, दक्षिण अफ्रिका आदि देशको संविधान पनि संविधान सभाले निर्माण गरेका हुन् । नेपालमा वि.सं. २००७ देखि हुँदै आएका सङ्घर्ष, जनआन्दोलन र जनताको बलिदानको परिणामस्वरूप २०६३ को अन्तरिम संविधानमा संविधान सभाले संविधान बनाउने तथ्य उल्लेख गरिएको थियो ।

यही क्रममा वि.सं. २०६४ चैत्र २८ गते संविधान सभाको पहिलो निर्वाचन सम्पन्न भयो । यसबाट ६०१ जना सदस्य भएको संविधान सभाको गठन भयो । ६०१ सदस्यमध्ये २४० जना सदस्य प्रत्येक निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित प्रणालीबाट निर्वाचित भएका थिए । ३३५ जना समानुपातिक प्रणालीअनुसार निर्वाचित भएका थिए । २६ जना सदस्य विभिन्न आधारमा मन्त्रीपरिषद्‌बाट मनोनित हुने व्यवस्था थियो । त्यो संविधान सभाको मुख्य उद्देश्य जनचाहनाअनुसार संविधानको मसौदा तयार गर्नु, छलफल गर्नु तथा अनुमोदन गर्नु थियो । संविधान सभालाई व्यवस्थापिका संसद्‌को पनि काम गर्ने गरी अधिकार दिइएको थियो । संविधान निर्माण प्रक्रियालाई सहज बनाउन संवैधानिक समिति, विषयगत समिति र प्रक्रियागत समितिको व्यवस्था गरिएको थियो । संविधान सभाको पहिलो बैठक वि.सं. २०६५ जेठ १५ गते बस्यो र सोही बैठकबाट नेपाल गणतान्त्रिक राष्ट्र घोषणा भयो । दुई वर्षभित्र संविधान जारी गर्ने कार्य तालिका भए पनि चार वर्षमा पनि जिम्मेवारी पूरा हुन नसकेपछि वि.सं. २०६९ जेठ १४ गते पहिलो संविधान सभा विघटन भयो । राजनीतिक दलको सहमतिअनुरूप वि.सं. २०७० मङ्सिर ४ गते संविधान सभाको दोस्रो पटक निर्वाचन भयो । यो सविधान सभाले २०७२ असोज ३ गते नेपालको संविधान जारी गऱ्यो ।

## १. नेपालको संविधान र यसका विशेषता

संवैधानिक विकासक्रममा जारी भएको वर्तमान संविधान सातौँ संविधान हो । यो संविधान संविधान सभाको दुईतिहाइ सदस्यले पारित गरेका थिए । यो संविधान वि.सं. २०७२ असोज ३ गते संविधान सभाबाट पारित भई लागु भएको हो । यस संविधानमा ३५ भाग, ३०८ धारा र ९ अनुसूची छन् ।

**वर्तमान संविधानका मुख्य विशेषता**

(क) संविधान सभाबाट निर्मित र राष्ट्रपतिद्वारा जारी गरिएको संविधान

(ख) सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित हुने कुरा स्पष्ट उल्लेख भएको

(ग) वंशज, अङ्गीकृत, सम्मानार्थ र गैरआवासीय नागरिकताको व्यवस्था गरिएको

(घ) विभिन्न ३१ ओटा मौलिक हकको व्यवस्था भएको

(ङ) संविधानमा नागरिकका कर्तव्य पहिलो पटक समावेश गरिएको

(च) सङ्घ, प्रदेश र स्थानीय तहसहितको सङ्घीय संरचना रहेको

(छ) सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली

(ज) राष्ट्रपति राष्ट्रप्रमुख र प्रधानमन्त्री सरकार प्रमुख हुने व्यवस्था

(झ) राष्ट्रपति र उपराष्ट्रपति भिन्न लिङ्ग र समुदायको हुनुपर्ने, सभामुख र उपसभामुख तथा राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष भिन्न लिङ्ग र छुट्टै दलको हुनु पर्ने व्यवस्था

(ञ) सङ्घीय मन्त्रीमण्डल समावेशी हुने र २५ सदस्यीयभन्दा बढी हुन नहुने

(ट) कानुनी राज्य, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको प्रावधान रहेको

(ठ) वालिग मताधिकार, पूर्ण प्रेस स्वतन्त्रता तथा आवधिक निर्वाचन प्रणालीको व्यवस्था रहेको

## *क्रियाकलाप*

१. **संविधान सभाबाट निर्मित संविधान राम्रो संविधान मानिन्छ, किन, यस सम्बन्धमा जानकार व्यक्तिसँग छलफल गरी प्राप्त निचोड कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **नेपालको वर्तमान संविधान समावेशिताको सिद्धान्तमा आधारित छ । यससम्बन्धी विभिन्न आधार खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

**(क) संविधान सभा भनेको के हो ?**

**(ख) संविधान सभाको गठन प्रक्रिया उल्लेख गर्नुहोस् ।**

**(ग) संविधान सभाले जारी गरेको संविधान जनइच्छाअनुसारका हुन्छ भनी तर्कद्वारा पुष्टि गर्नुहोस् ।**

**(घ) वर्तमान संविधानका मुख्य विशेषता लेख्नुहोस् ।**

## *सामूहिक कार्य*

वि.सं. २०६३ को आन्तरिम संविधान र वर्तमान संविधानको मुख्य विषयवस्तुका आधारमा तुलना गर्नुहोस्, तुलनात्मक चार्ट तयार पारी कक्षामा टाँस्नुहोस् ।

पाठ ४

# मौलिक हक

राज्यको संविधान वा नियम कानुनले व्यवस्थित गरेका र मानव अधिकारसँग सम्बन्धित अधिकारलाई मौलिक हक भनिन्छ । यस्ता अधिकार नागरिक भएका नाताले प्राप्त हुन्छन् । राज्यको सदस्य भएको नाताले नागरिकलाई सामाजिक तथा राजनीतिक अधिकार प्राप्त भएको हुन्छ । यसरी राज्यले आफ्ना नागरिकको अधिकार, स्वतन्त्रता र सर्वाङ्गीण व्यक्तित्व विकासका लागि संविधानमा नै उल्लेख गरेर प्रदान गरिने विभिन्न प्रकारका अधिकार मौलिक हक वा अधिकार हुन् । यो सार्वजनिक हितका लागि राज्यद्वारा जारी गरिन्छ । मौलिक हक देशको परिस्थिति वा राजनीतिक व्यवस्थाबाट प्रभावित हुन्छन् ।

नेपाल सरकार वैधानिक कानुन, २००४ मा पहिलो पटक मौलिक हकलाई समावेश गरिएको थियो । त्यसपछिको प्रत्येक संविधानमा कुनै न कुनै रूपमा मौलिक हक समावेश भएको पाइन्छ । मौलिक हकसम्बन्धी स्पष्ट व्यवस्था चाहिँ नेपाल अधिराज्यको संविधान २०४७ र त्यसपछिका संविधानमा भएको पाइन्छ । वर्तमान संविधानको भाग ३ मा धारा १६ देखि ४६ सम्म मौलिक हकको व्यवस्था गरिएको छ । यी हक ३१ ओटा छन् ।

धारा १६ मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकको व्यवस्था गरिएको छ । यसमा कसैलाई पनि मृत्युदण्ड दिइने गरी कानुन बनाउन नहुने उल्लेख गरिएको छ ।

धारा १७ मा स्वतन्त्रताको हक समावेश गरिएको छ । यस हकअन्तर्गत व्यक्तिगत स्वतन्त्रता मात्र होइन विचार र अभिव्यक्तिको स्वतन्त्रतालाई पनि महत्त्व दिइएको छ । विनाहातहतियार भेला हुने, दल वा सङ्घसंस्था खोल्ने, नेपालभित्र निर्वाध आवतजावत तथा पेसा व्यवसाय गर्न पाउने व्यवस्था यस हकले गरेको छ ।

धारा १८ मा समानताको हक उल्लेख गरिएको छ । सबै नागरिक कानुनको दृष्टिले समान छन् । साथै जाति वर्ण, धर्म, लिङ्ग, शारीरिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था, आर्थिक अवस्था आदिका आधारमा विभेद नगरिने कुरालाई सुनिश्चित गरेको छ । सामाजिक विकासमा पछि परेका वर्गको जीवनस्तर मर्यादित बनाउन राज्यले विशेष व्यवस्था गर्न सक्ने उल्लेख छ ।

समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नगरिने कुरा उल्लेख गरिएको छ । त्यस्तै पैतृक सम्पत्तिमा लैङ्गिक भेदभावविना सबै सन्तानको समान हक हुने व्यवस्था पनि यस हकमा उल्लेख छ ।

धारा १९ मा सञ्चारसम्बन्धी हकको व्यवस्था छ । यसअन्तर्गत विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायत जुनसुकै माध्यमबाट कुनै पनि पाठ्य, श्रव्य, दृश्य वा श्रव्यदृश्य सामग्रीको प्रसारण, प्रकाशन वा सूचना प्रवाह गर्न वा छाप्नपूर्व प्रतिबन्ध नलगाइने सुनिश्चितता गरेको छ । सार्वभौमसत्ता,

भौगोलिक, अखण्डता, राष्ट्रियता तथा सामाजिक सम्बन्धमा खलल पार्ने खालका गतिविधि वा कार्य भएमा प्रतिबन्ध लगाउन सकिने कुरा संविधानमा उल्लेख गरिएको छ ।

धारा २० मा न्यायसम्बन्धी हक समावेश गरिएको छ । यस हकअन्तर्गत कारणसहितको सूचना नदिई व्यक्तिलाई थुनामा राख्न नपाइने, कानुन व्यवसायी राख्न पाउने, मुद्दा हेर्ने व्यक्ति समक्ष पक्राउ परेको व्यक्तिलाई बाटाको म्यादबाहेक २४ घण्टामा उपस्थित गराउनुपर्ने जस्ता हक समावेश गरिएको छ । तर यी हक निवारक नजरबन्दमा राखिएको व्यक्तिमा लागु हुँदैनन् ।

धारा २१ मा अपराध पीडितको हक समावेश गरिएको छ । यो हकअन्तर्गत अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान र कारबाहीको जानकारी पाउने हक हुने छ । अपराध पीडितलाई कानुनबमोजिम सामाजिक पुनः स्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने व्यवस्था यस हकमा छ ।

धारा २२ मा यातना विरुद्धको हक समावेश गरिएको छ । यस हकमा पक्राउ वा थुनामा परेका व्यक्तिसँग अमानवीय वा अपमानजनक व्यवहार नगरिने कुरा उल्लेख गरिएको छ ।

धारा २३ मा निवारक नजरबन्द विरुद्धको हक उल्लेख गरिएको छ । कसैलाई पनि सार्वभौमसत्ता, अखण्डता, सार्वजनिक शान्ति सुरक्षामा खलल पुऱ्याएको आधारविना निवारक नजरबन्दमा राखिने छैन । यदि नजरबन्दमा राख्ने अधिकारीले गैरकानुनी रूपमा नजरबन्दमा राखेको पाइएमा क्षतिपूर्ति पाउने हक उल्लेख गरिएको छ ।

धारा २४ मा छुवाछुत र भेदभाव विरुद्धको हकअन्तर्गत उत्पत्ति, जात, पेसा, जाति, समुदाय वा शारीरिक अवस्थाका आधारमा भेदभाव वा छुवाछुत गर्न नपाइने व्यवस्था छ । यस्तो गरेको पाइएमा कानुनबमोजिम दण्डनीय हुने र पीडित व्यक्तिले क्षतिपूर्ति पाउने हक उल्लेख गरिएको छ ।

धारा २५ मा सम्पत्तिको हकअन्तर्गत कानुनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने तथा सम्पत्तिको अन्य कारोबार गर्ने हक उल्लेख गरिएको छ ।

धारा २६ मा धार्मिक स्वतन्त्रताको हकअन्तर्गत आफ्नो आस्थाअनुसारको धर्म मान्न पाउने हक तथा कसैको धर्म परिवर्तन गराउने वा अर्काको धर्ममा खलल पार्ने काम गर्न नहुने र गरेमा कानुनअनुसार दण्डनीय हुने उल्लेख गरिएको छ ।

धारा २७ मा सूचनाको हक समावेश गरिएको छ । उक्त हकअनुसार प्रत्येक नागरिकले आफ्नो वा सार्वजनिक सरोकारका विषयमा सूचना माग्ने र पाउने हक हुने तर कानुनअनुसार गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पार्न नहुने कुरा उल्लेख गरिएको छ ।

धारा २८ मा गोपनीयताको हक समावेश गरिएको छ । उक्त हकअनुसार कुनै पनि व्यक्तिको जिउ, आवास, लिखत, तथ्याङ्क पत्राचार, चरित्रसम्बन्धी गोपनीयता हुने उल्लेख गरिएको छ ।

धारा २९ मा शोषण विरुद्धको हकमा धर्म, संस्कृति, प्रचलन आदिका आधारमा शोषण गर्न नपाउने, बेचविखन र दास बनाउन नपाइने जस्ता हक संविधानले सुनिश्चित गरेको छ ।

धारा ३० मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक उल्लेख गरिएको छ ।

धारा ३१ मा शिक्षासम्बन्धी हक छ । यसअन्र्तगत आधारभूत तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य हुने साथै माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने व्यवस्था छ । मातृभाषामा आधारभूत तहसम्मका शिक्षा पाउने तथा आर्थिक रूपले विपन्न र अपाङ्गता भएका नागरिकलाई निःशुल्क उच्च शिक्षा पाउने हक सुनिश्चित गरेको छ ।

धारा ३२ मा प्रत्येक नागरिकले आफ्नो भाषा, लिपि, संस्कृति, सभ्यता र सम्पदाको संरक्षण संवर्धन गर्ने हक छ । यो हक भाषा तथा संस्कृतिको हकअन्तर्गत पर्छ ।

धारा ३३ मा रोजगारीको हकअन्तर्गत प्रत्येक नागरिकलाई रोजगारीको प्राप्त गर्ने हक हुने छ । साथै प्रत्येक नागरिकलाई रोजगारीको छनोट गर्ने हक पनि यसमा उल्लेख भएको छ ।

धारा ३४ मा श्रमको हकअन्र्तगत प्रत्येक व्यक्तिलाई उचित श्रम अभ्यासको हक हुने तथा उचित पारिश्रमिक, सुविधा तथा ट्रेड युनियनमा आबद्ध हुने हक उल्लेख गरिएको छ ।

धारा ३५ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा समान पहुँच, स्वच्छ खानेपानी र सरसफाइसम्बन्धी हक हुने उल्लेख गरिएको छ ।

धारा ३६ मा खाद्यसम्बन्धी हकको व्यवस्था छ । उक्त हकअनुसार खाद्य वस्तुको अभावले जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने र खाद्य सम्प्रभुताको हक हुने उल्लेख गरिएको छ ।

धारा ३७ मा आवासको हकअन्तर्गत उपयुक्त आवास तथा कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट नहटाइने वा अतिक्रमण नगरिने हक उल्लेख गरिएको छ ।

धारा ३८ मा महिलासम्बन्धी हक उल्लेख गरिएको छ । महिलाको हकअन्र्तगत सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक, हिंसाजन्य कार्य वा शोषण नगरिने, राज्यका सबै निकायमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था, सकारात्मक विभेदका आधारमा विशेष अवसर तथा सम्पत्तिमा समान हकको सुनिश्चितता पर्छन् ।

धारा ३९ मा बालबालिकाको हक उल्लेख गरिएको छ । उक्त हकअनुसार नामकरण, पहिचान, शिक्षा स्वास्थ्यको हक हुने छ । त्यस्तै यस हकअन्र्तगत परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद मनोरञ्जन, बाल सहभागिता, जोखिमपूर्ण काममा लगाउन नपाइने, जस्ता कुरा उल्लेख गरिएको छ । साथै कुनै पनि प्रकारको शोषण गर्न नपाइने एवम् बालबालिकालाई यातना दिन नपाइने कुरा पनि उक्त हकमा उल्लेख गरिएको छ ।

धारा ४० मा दलितको हकको व्यवस्था छ । उक्त हकअनुसार दलित समुदायको समानुपातिक प्रतिनिधित्व, निशुल्क शिक्षा, सामाजिक सुरक्षा तथा परम्परागत ज्ञान, सिप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने कुरा उल्लेख गरिएको छ ।

धारा ४१ मा जेष्ठ नागरिकको हक समावेश गरिएको छ । उक्त हकअनुसार जेष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने उल्लेख गरिएको छ ।

धारा ४२ मा सामाजिक न्यायको हक उल्लेख गरिएको छ । यस धारामा सामाजिक रूपमा पछि परेका जनजाति, समुदाय, पिछडिएको क्षेत्रका नागरिक र आर्थिक रूपमा विपन्न समूहलाई राज्यका निकायमा सहभागिताको हक हुने छ । यसैगरी आर्थिक रूपले विपन्न लोपोन्मुख समुदायका लागि विशेष अवसर र लाभको हक हुने उल्लेख छ । अपाङ्गता भएका व्यक्ति, किसान, द्वन्द्वपीडित, सहिद परिवार, बेपत्ता पारिएका व्यक्तिले प्राथमिकताका साथ अवसर पाउने हक उल्लेख गरिएको छ ।

धारा ४३ मा सामाजिक सुरक्षाको हक समावेश गरिएको छ । उक्त हकअनुसार आर्थिक रूपले विपन्न, अशक्त, असहाय, एकल महिला, अपाङ्गता भएका व्यक्तिसहित लोपोन्मुख जातिका नागरिकलाई सामाजिक सुरक्षाको हक हुने उल्लेख गरिएको छ ।

धारा ४४ मा उपभोक्ताको हक समावेश गरिएको छ । यसअन्तर्गत प्रत्येक नागरिकलाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त हुने उल्लेख गरिएको छ । गुणस्तरहीन वस्तु तथा सेवाबाट क्षति पुगेमा कानुनबमोजिम क्षतिपूर्ति पाउने हकको समेत व्यवस्था गरिएको छ ।

धारा ४५ मा देश निकाला विरुद्धको हक छ । उक्त हकअनुसार कुनै पनि नागरिकलाई देश निकाला नगरिने कुरा उल्लेख गरिएको छ ।

धारा ४६ मा संवैधानिक उपचारको हक समावेश गरिएको छ । यस हकमा व्यक्तिको मौलिक हकको हनन भएमा कानुनी उपचार पाउने व्यवस्था उल्लेख गरिएको छ ।

धारा ४७ मौलिक हकको कार्यान्वयन तथा उल्लङ्घन विरुद्ध उपचारको व्यवस्थासँग सम्बन्धित छ । यसका लागि संविधान जारी भएको तीन वर्षभित्र कानुनी व्यवस्था गर्नुपर्ने स्पष्ट व्यवस्था छ ।

हाम्रो संविधानमा उल्लिखित मौलिक हकको ठुलो महत्त्व छ । यस्ता हकले कुनै पनि व्यक्तिको प्राकृतिक र नैसर्गिक अधिकारको रक्षा गर्न सहयोग पुऱ्याउँछ । राज्य संयन्त्रबाट हुन सक्ने वैयक्तिक स्वतन्त्रतामाथिको प्रतिबन्धलाई रोक्न तथा मानव अधिकारको संरक्षण र संवर्धन गर्न पनि मौलिक हक आवश्यक पर्छन् । लोकतान्त्रिक व्यक्तिलाई आत्मसात् गर्न देशमा आर्थिक रूपले पछि परेका वर्गको उत्थान गर्न तथा कानुनी शासनको मान्यतालाई व्यवहारमा लागु गर्न मौलिक हकले भूमिका निर्वाह गरेको हुन्छ । सङ्कटकालीन अवस्थामा मौलिक हक निलम्बन हुन सक्ने व्यवस्था हाम्रो संविधानले गरेको छ । तर केही महत्त्वपूर्ण धारा भने यस्तो अवस्थामा पनि निलम्बित हुँदैनन् ।

## *क्रियाकलाप*

१. मौलिक हक र मानव अधिकारबिचको समानता र भिन्नता सम्बन्धमा समूहगत रूपमा छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. मौलिक हकको उपयोग वा हनन सम्बन्धमा चार्ट वा गीत बनाई प्रस्तुत गर्नुहोस् ।

३. बालबालिकासम्बन्धी हक पूर्ण रूपमा प्राप्त गर्न कसले के गर्नुपर्ला, समूहमा छलफल गरी सुझावहरू प्रस्तुत गर्नुहोस् ।

४. संविधानमा उल्लेख गरिएका शिक्षासम्बन्धी हक तपाईँको समुदायका सबै बालबालिकाले उपयोग गर्न पाए नपाएको सोधखोज गरी प्राप्त जानकारीलाई समेटी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) मौलिक हक भनेको के हो ?

(ख) वर्तमान संविधानमा कतिओटा मौलिक हकको व्यवस्था गरिएको छ ?

(ग) वर्तमान संविधानले प्रत्याभूत गरेका मौलिक हकको सूची तयार पार्नुहोस् ।

(घ) बालबालिकाको हकअन्तर्गत कुन कुन हक पर्छन् ?

(ङ) तपाईँले कुन कुन मौलिक हक उपयोग गर्न पाउनुभएको छ, सूची तयार गर्नुहोस् ।

पाठ
५

# नागरिक पहिचान

कुनै पनि देशमा बसोबास गर्ने र राज्यले प्रदान गर्ने मौलिक हकको उपभोग गर्न पाउने व्यक्तिलाई नागरिक भनिन्छ । नागरिकको पहिचान दिने धेरै आधारमध्ये हाम्रो देशमा जन्मदर्ता प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र र राष्ट्रिय परिचयपत्र मुख्य मानिन्छन् ।

## १. जन्मदर्ता प्रमाणपत्र

व्यक्तिगत घटना दर्ता प्रमाणपत्रमध्ये जन्मदर्ता प्रमाणपत्र एक हो । त्यसैले जन्मदर्ता नागरिकको पहिलो पहिचान हो जुन जन्मिनासाथ प्राप्त गर्न सकिन्छ । यसले व्यक्तिको जन्मस्थान, आमाबाबुको नाम, थर र ठेगाना आदि सूचनाको अभिलेख राख्छ । विद्यालयमा भर्ना हुन जन्मदर्ता प्रमाणप्रत्र आवश्यक पर्छ । जन्मदर्ता नागरिकता प्रमाणपत्रको सिफारिसका लागि र शैक्षिक प्रयोजनका लागि प्रयोग गर्ने गरिन्छ । जन्मदर्ता प्रमाणपत्र प्राप्त गर्न तोकिएको ढाँचाको फाराम भरेर सम्बन्धित व्यक्तिका अभिभावकले पेस गर्नुपर्छ । यसरी निश्चित प्रमाण पेस गरेपछि वडाबाट जन्मदर्ता प्रमाणपत्र प्राप्त हुन्छ ।

देवकी महतो आफ्नो छोरीको जन्मदर्ता गराउन गौर नगरपालिकाको वडा न. ४ को कार्यालयमा जानुभयो । पञ्जिका अधिकारीले एउटा फाराम दिनुभयो । उहाँले फाराम भरिसकेपछि विवाह दर्ताको प्रमाणपत्र, उहाँ र श्रीमान्को नागरिकताको प्रमाणपत्र, रु १० को टिकट टाँसेर निवेदन दिनुभयो । निवेदन दिएको केही समयमा नै उहाँले छोरीको जन्मदर्ता प्रमाणपत्र प्राप्त गर्नुभयो । छोरी जन्मेको ३५ दिनभित्र निवेदन दिएकाले उहाँले कुनै शुल्क भने तिर्नुपरेन ।

## २. नागरिकताको प्रमाणपत्र

राज्यले आफ्ना नागरिकलाई नागरिक पहिचानका रूपमा दिने प्रमाणपत्रलाई नागरिकताको प्रमाणपत्र भनिन्छ । १६ वर्ष उमेर पुगेका नेपाली नागरिकलाई तोकिएको ढाँचामा फाराम भरेर पेस गरेपछि जिल्ला प्रशासन कार्यालयले नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्छ । हाम्रो संविधानअनुसार व्यक्तिले वंशज, अङ्गीकृत, सम्मानार्थ र गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्छन् । वंशजका नाताले नागरिकता लिने व्यक्तिका बाबुआमा नेपाली नागरिक हुनुपर्ने तथा नेपालको सिमानाभित्र भेटिएको बाबुआमाको पहिचान नभएको नाबालकले पनि तोकिएको उमेर पूरा भएपछि नेपाली नागरिकता पाउन सक्छन् । विदेशमा जन्मिएका नागरिकले पनि राज्यले तोकेका मापदण्ड पूरा गरेमा अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्छन् ।

यसैगरी अङ्गीकृत नागरिकबाट जन्मेका सन्तानलाई पनि वंशजका आधारमा नागरिकता प्राप्त गर्ने व्यवस्था हाम्रो संविधानमा छ । नागरिकता लिन कानुनबमोजिम प्रक्रिया पूरा गर्नुपर्छ । विदेशी विशिष्ट व्यक्तिलाई सम्मानार्थ नागरिकता प्रदान गर्न सक्ने व्यवस्था हाम्रो संविधानमा छ । विदेशी मुलुकको

नागरिकता प्राप्त गरेको व्यक्ति (सार्कबाहेक मुलुकको) को बुबाआमा नेपाली नागरिक रही निजले पछि अर्को मुलुकको नागरिकता लिएको भए गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्छ । यस्तो नागरिकता वाहकले राजनीतिक अधिकारबाहेक अन्य अधिकार मात्र उपभोग गर्न पाउँछन् ।

हामीलाई व्यापार, व्यवसाय गर्न, राजनीतिमा भाग लिन, उच्च शिक्षा अध्ययन गर्न, वैदेशिक रोजगारीमा जान, राहदानी बनाउनलगायत थुप्रै काम गर्न नागरिकता चाहिन्छ ।

**नागरिकता बनाउँदा आवश्यक पर्ने कागजातहरू**

रामप्रसाद ठगुन्नाको घर दार्चुला जिल्लाको व्यास गाउँपालिका वडा नं. ४ मा छ । उहाँको उमेर १६ वर्ष पुगेको हुनाले आफ्नो बुबासँग वडामा जानुभयो । उहाँले वडा कार्यालयमा एउटा फाराम भर्नुभयो र त्यहाँबाट सिफारिस लिनुभयो । उहाँले बुबाको नागरिकताको प्रमाणपत्रको छायाप्रति (फोटोकपी) पनि त्यसैमा राख्नुभयो । त्यसपछि जन्मदर्ता प्रमाणपत्र, शैक्षिक प्रमाणपत्र पनि समावेश गर्नुभयो । दुईप्रति अटो साइजको दुबै कान देखिने फोटो र रु १० को हुलाक टिकट टाँसेर स्टिच गर्नुभयो । यी सबै कागजहरू लिएर उहाँहरू भोलिपल्ट जिल्ला सदरमुकाम जानुभयो । यी सबै कागज जिल्ला प्रशासन कार्यालयमा पेस गरेपछि उहाँले नागरिकताको प्रमाणपत्र प्राप्त गर्नुभयो ।

## ३. राष्ट्रिय परिचयपत्र

राष्ट्रिय परिचयपत्रसम्बन्धी जिल्ला प्रशासन कार्यालय, ललितपुरमा यस्तो जानकारीमूलक सूचना टाँसेको पाइयो । त्यो सूचना हामी पनि अध्ययन गरौँ र छलफल गरौँ :

**राष्ट्रिय परिचयपत्र भनेको के हो ?**

राष्ट्रिय परिचयपत्र भनेको नागरिकहरूको व्यक्तिगत तथा जैविक विवरण समावेश भएको राष्ट्रिय पहिचानसहितको बायोमेट्रिक सुविधायुक्त बहुउपयोगी प्रमाणपत्र हो ।

**राष्ट्रिय परिचयपत्रमा के के कुरा समावेश हुन्छन् ?**

राष्ट्रिय परिचयपत्रमा व्यक्तिको विस्तृत विवरण, औँठा छाप, परिचय नम्बर, फोटो, राष्ट्रियता, हस्ताक्षर, चिप्स आदि समावेश भएका हुन्छन् ।

**परिचयपत्र प्रणालीको मुख्य उद्देश्य के हो ?**

व्यक्तिको विवरण भण्डारण गर्नु, नागरिकलाई स्मार्ट कार्ड उपलब्ध गराउनु, नेपाली नागरिकलाई प्रदान गर्ने सेवा सुविधालाई राष्ट्रिय परिचय प्रणालीमा आबद्ध गर्नु नै परिचयपत्र प्रणालीको मुख्य उद्देश्य हो ।

**राष्ट्रिय परिचयपत्र पाउनका लागि के के प्रावधान छन् ?**

१६ वर्ष उमेर पुगेको, नेपाली नागरिकताको प्रमाणपत्र लिएको हुनुपर्छ । तोकेको ढाँचामा डिजिटल तस्बिर, दश औँलाको रेखासहितको डिजिटल ल्याप्चे छाप र हस्ताक्षर आवश्यक पर्ने प्रावधान राखिएका छन् ।

**राष्ट्रिय परिचयपत्र लिँदा के फाइदा हुन्छ ?**

व्यक्तिको राष्ट्रिय पहिचान प्रमाणित हुन्छ । मतदाता परिचयपत्रका रूपमा उपयोग गर्न सकिन्छ । सबै प्रकारका सार्वजनिक सेवा प्राप्त गर्ने आधार मिल्छ । यसबाट सामाजिक सुरक्षा कार्ड र अन्य अभिलेख व्यवस्थित गर्न सकिन्छ ।

**राष्ट्रिय परिचयपत्र कहाँबाट वितरण हुन्छ ?**

राष्ट्रिय परिचय तथा पञ्जीकरण विभाग, जिल्ला प्रशासन कार्यालय वा तोकिएको ठाउँबाट वितरण हुन्छ ।

**जैविक र वैयक्तिक पहिचान भनेको के हो ?**

जैविक पहिचान भनेको व्यक्तिको फोटो र दश औँलाको छाप हो । वैयक्तिक पहिचान भनेको व्यक्तिको नाम, थर, ठेगाना, उमेर, लिङ्ग वा यस्तै व्यक्तिगत विवरण हुन् ।


**चिप्स भनेको के हो र यसको प्रयोग किन गरिन्छ ?**

चिप्स भनेको व्यक्तिको विवरण सुरक्षित राख्ने विद्युतीय साधन हो । राष्ट्रिय परिचयपत्रमा भएको चिप्समा विभिन्न विवरण र तथ्याङ्कहरूलाई सङ्ग्रह गरेर राख्न मिल्छ ।

माथिका सूचनाले हामीलाई राष्ट्रिय परिचयपत्रका बारेमा विस्तृत जानकारी प्रदान गऱ्यो । यसमार्फत हामीले सबै तथ्याङ्क एकत्रित गर्न मिल्ने छ । यो जारी भए पनि हाम्रो नागरिकताको परिचयपत्रको उपयोग यथावत् नै हुन्छ ।

## राष्ट्रिय परिचयपत्रको नमुना



## *क्रियाकलाप*

१. इन्टरनेटको सहायतामा आफ्नो जिल्लाको प्रशासन कार्यालय वा अन्य कुनै ठाउँको वेबसाइटमा राखिएको नागरिकताको अनुसूची फाराम डाउनलोड गर्नुहोस् र त्यहाँ उल्लेख गरिएका विवरण भरेर कक्षामा प्रस्तुत गर्नुहोस् । आवश्यक पर्दा शिक्षक वा अभिभावकको सहयोग लिन सक्नुहुने छ ।

२. आफ्नो वडा कार्यालयमा गएर त्यहाँबाट हुने जन्मदर्तासम्बन्धी प्रक्रिया सोधखोज गर्नुहोस् र प्राप्त विवरणका आधारमा एउटा प्रतिवेदन लेखी कक्षामा सुनाउनुहोस् ।

३. राष्ट्रिय परिचयपत्र जारी गर्दा कसलाई के के फाइदा हुन्छ, कक्षामा छलफल गरी प्राप्त निष्कर्ष सुनाउनुहोस् ।

४. नागरिकता र राष्ट्रिय परिचयपत्रको नमुना तयार पारी कक्षामा प्रदर्शन गर्नुहोस् ।

५. तपाईँको जन्मदर्ता प्रमाणपत्र कहिले र कुन प्रक्रियाबाट प्राप्त भएको रहेछ, अभिभावकसँग सोधखोज गरी लेख्नुहोस् ।

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) व्यक्तिगत घटना दर्ताअन्तर्गत कुन कुन घटना दर्ता गरिन्छन् ?

(ख) नागरिक कसलाई भनिन्छ ?

(ग) जन्मदर्ता प्रमाणपत्र प्राप्त गर्दा हुने फाइदा लेख्नुहोस् ।

(घ) राष्ट्रिय परिचयपत्र भनेको के हो ?

(ङ) राष्ट्रिय परिचयपत्र र नागरिकताको प्रमाणप्रत्रमा उल्लिखित विवरण तुलना गर्नुहोस् ।

पाठ ६

# नागरिक कर्तव्य

नागरिक अधिकारकर्मी सुस्मिता शर्मा र विद्यार्थीबिच नागरिक कर्तव्यसम्बन्धी भएको छलफल अध्ययन गरौँ :

सुस्मिता : नमस्कार, तपाईँहरू आराम हुनुहुन्छ नि ?

विद्यार्थी : (एकै स्वरमा) आरामै छौँ, तपाईँ नि ?

सुस्मिता : म पनि आराम छु । म आज नागरिक दायित्व र कर्तव्यका सम्बन्धमा छलफल गर्न यहाँ आएकी छु । अब छलफल गरौँ है त ?

मौनता : हस्, हामी पनि छलफलमा सक्रिय सहभागी रहन्छौँ ।

सुस्मिता : हामी नागरिक दायित्वबाट छलफल सुरु गर्छौं । नेपाली बृहत् शब्दकोशले कुल परम्परा, नीतिनियम तथा सामाजिक आवश्यकताअनुसार गर्नुपर्ने कार्य, राम्रो आचरण वा क्रियाकलापका रूपमा नागरिक दायित्वलाई स्पष्ट पारेको छ । त्यस्तै कर्तव्य भनेको कानुनद्वारा गर्नु भनेको कार्य गर्नु र नगर्नु भनेको काम नगर्नु हो । खास गरेर नागरिक कर्तव्य कानुनसँग जोडिएको हुन्छ । कतिपय पारिवारिक र सामाजिक कर्तव्य प्रचलन र कानुनसँग पनि जोडिएका हुन्छन् । अधिकारसँगै कर्तव्य पनि सिर्जना हुन्छ ।

हरिप्रिया : कर्तव्य र अधिकारको कुरा त मानव अधिकारको विश्वव्यापी घोषणापत्रले पनि सम्बोधन गरेको हुन्छ भनेर मैले हिजो टेलिभिजनमा सुनेकी थिएँ, हो त ?

सुस्मिता : हाम्रा अधिकारको सम्बन्धमा मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेख गरिएको छ । मानव अधिकारको घोषणापत्रको धारा २९ मा प्रत्येक नागरिकको आफ्नो अधिकार उपभोग गर्दा अरूको अधिकारको ख्याल गर्नुपर्छ भनिएको छ । आफ्नो अधिकारको उपभोग गर्दा अरूको अधिकारको हनन हुन नपाओस् भनेर हामी सचेत हुनुपर्छ । यसरी हेर्दा कर्तव्य भनेको आफूले गर्नुपर्ने कार्य गर्नु, नहुने कार्य नगर्नु र अरूको अधिकारमा नकारात्मक असर पर्ने गरी कुनै पनि क्रियाकलाप नगर्नु हो ।

सङ्केत : उसो भए कक्षामा शिक्षक अनुपस्थित भएका वेला हामीले हल्ला गर्दा अर्को कक्षालाई नकारात्मक असर पर्ने रहेछ । हामीले आफ्नो कर्तव्यको पालना नगरेको ठहरिने रहेछ । हैन त ?

सुस्मिता : हो, ठिक भन्नुभयो । तपाईंले हल्ला गर्दा अरूलाई बाधा पर्‍यो नि । तपाईं हामीलाई गीत सङ्गीत सुन्न मन पर्छ । तर राती १० बजे ठुलो आवाजमा गीत बजाउँदा

छरछिमेकका मानिसलाई बाधा पुग्छ । हामीले कर्तव्य पूरा नगरेको ठहरिन्छ । यहाँ गीत सुन्न पाउनु अधिकार हो तर आफ्नो अधिकार प्रयोग गर्दा अरूको अधिकारलाई हामीले बेवास्ता गऱ्यौँ । त्यसैले समाजको सदस्यको नाताले हामीले बहन गर्ने जिम्मेवारी नै कर्तव्यभित्र पर्छन् ।

धनप्रसाद : हामीले कुन कुन कर्तव्य पालना गर्नुपर्छ ?

सुस्मिता : हामीले नैतिक, कानुनी, व्यक्तिगत तथा सामाजिक दायित्व र कर्तव्य पालना गर्नुपर्छ । नैतिक कर्तव्यअन्तर्गत आफूभन्दा सानालाई माया गर्नु, ठुलालाई आदर गर्नु, अरू मानिसप्रति मैत्रीपूर्ण व्यवहार गर्नु, सबैलाई सम्मानजनक व्यवहार गर्नु, सबैसँग मिठो बचन बोल्नु आदि पर्छन् । त्यसैले नैतिक कर्तव्यमा आफूप्रतिको कर्तव्य, परिवारप्रतिको कर्तव्य र समाजप्रतिको कर्तव्य पर्छन् ।

शर्मिला : सामाजिक कर्तव्य चाहिँ कुन कुन हुन् त ?

सुस्मिता : अस्ति तपाईँहरू विद्यालयबाट नजिकको नदीकिनारा सफा गर्ने कार्यक्रममा सहभागी हुनुभएको कुरा मैले नि थाहा पाएको थिएँ । हो, त्यो तपाईँहरूको सामाजिक कर्तव्य थियो । सामाजिक मूल्यमान्यताका विषयमा सचेत हुनु, समुदायमा चाडपर्वहरूमा सहभागी हुनु, धार्मिक स्थलको सरसफाइ गर्नु सामाजिक कर्तव्य हुन् । सामाजिक कुप्रथा र विकृतिविरुद्ध आवाज उठाउनु, धार्मिक तथा सामाजिक सद्भाव कायम गर्नु जस्ता कर्तव्य पनि सामाजिक कर्तव्यअन्तर्गत पर्छन् ।

परिवारिक कर्तव्यअन्तर्गत छोराछोरीको उचित लालनपालन तथा स्याहारसुसार गर्ने दायित्व पर्छन् । त्यस्तै बालबालिकालाई उचित शिक्षादिक्षा र संस्कार दिनु, आफूभन्दा ठुलालाई आदर र सानालाई माया एवम् उचित हेरचाह गर्नु पनि पारिवारिक कर्तव्य हो ।

धर्मेन्द्र : हाम्रो संविधानमा पनि नागरिक कर्तव्यसम्बन्धी व्यवस्था होला नि होइन ?

सुस्मिता : हो, हाम्रो संविधानको भाग १ धारा १ को उपधारा २ मा यस संविधानको पालना गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुने छ भनी उल्लेख गरिएको छ । हाम्रो संविधानको भाग ३ धारा ४८ मा पनि नागरिक कर्तव्यको कुरा उल्लेख गरिएको छ । उक्त धारामा नागरिकका कर्तव्यअन्तर्गत प्रत्येक नागरिकले राष्ट्रप्रति निष्ठावान् भई नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्ने, संविधान र कानुनको पालना गर्ने आदि कर्तव्य समावेश छन् । यस्तै राज्यले चाहेका वेला अनिवार्य सेवा गर्ने, सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने जस्ता कार्यहरू पनि कर्तव्यका रूपमा उल्लेख गरिएका छन् ।

**(घन्टी बज्छ र कक्षा समय पनि सकिन्छ ।)**

## क्रियाकलाप

१. तपाईँले पालना गर्नुभएको कानुनी र पारिवारिक कर्तव्यका सम्बन्धमा तल दिइएको तालिका पूरा गर्नुहोस् :

| कानुनी कर्तव्य | पारिवारिक कर्तव्य |
|---|---|
| १. ........... | १. ............ |
| २. ........... | २. ........... |
| ३. ............ | ३. ........... |

२. 'नागरिक कर्तव्य, हाम्रो दायित्व' शीर्षकमा, गीत, कथा, कविता वा वक्तृतामध्ये कुनै एक तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. कर्तव्य पालना गर्दा के के फाइदा हुन्छन्, छलफल गरी प्राप्त निष्कर्ष कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) कर्तव्य भनेको के हो ?

(ख) नेपालको संविधानमा नागरिकका कुन कुन कर्तव्य उल्लेख गरिएका छन् ?

(ग) सामाजिक कर्तव्यअन्तर्गत कस्ता कस्ता कर्तव्य पर्छन्, लेख्नुहोस् ।

(घ) हाम्रो पारिवारिक दायित्वको सूची तयार पार्नुहोस् ।


(ङ) हामीले आफ्नो अधिकारको प्रयोग गर्दा अरूको अधिकारको हनन गर्नुहुँदैन भन्ने तथ्यलाई उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

पाठ
७

# सुशासन

सविता परियारको उमेर १४ वर्ष भयो । उनी काठमाडौँ कलङ्कीको जनपथ माध्यमिक विद्यालयमा नौ कक्षामा पढ्छिन् । एक दिन उनका बुबाले दिदीलाई उपचार गर्न स्वास्थ्यचौकी लैजानुभयो । स्वास्थ्यचौकीमा बिस रुपियाँको टिकट काट्नु पर्ने रहेछ । स्वास्थ्यचौकीको नागरिक बडापत्रमा के के गर्ने, कुन कोठामा जाने र कसलाई भेट्ने भनी स्पष्ट लेखिएको थियो । सम्बन्धित शाखाको कर्मचारीले एक घण्टाभित्र आउन भन्नुभयो । टिकट काटेको एक घण्टापछि उपचार गर्ने पालो आयो । डाक्टरले रोग जाँची औषधी दिनुभयो । औषधी निःशुल्क पाइने रहेछ । खुसी हुँदै बेलुका उहाँ घर फर्किनुभयो । धेरै समय र खर्च लाग्ला भनेर बुबालाई डर लागेको थियो । तर खर्च पनि धेरै लाग्दो रहेनछ । छिटो छरितो सहज काम भएको हुनाले उनका दिदी र बुबाले उपचार गर्ने डाक्टरलाई धन्यवाद दिनुभयो ।

माथि दिइएको घटनाले सुशासनको अवधारणालाई बुझाउँछ । सुशासनमा विनाझन्झट जनताले राज्यबाट सेवा र सुविधा प्राप्त गर्न सक्छन् । जनताले शासन प्रक्रियामा सहभागी भएर छिटोछरितो सार्वजनिक सेवा प्राप्त गर्न सक्ने अवस्था नै सुशासन हो । नेपालको सन्दर्भमा सुशासनले सेवाग्राहीको हित र चाहनाअनुसार तोकिएको नियमको परिधिभित्र रही सेवा दिने गतिविधि वा सार्वजनिक सेवा प्रवाहलाई बुझाउँछ । सेवा लिन आउने मानिसलाई सेवाग्राही भनिन्छ । सेवाग्राहीलाई सेवा दिँदा भेदभाव नगरी कानुनले तोकेको प्रक्रियाबमोजिम सेवा दिने काम गरेमा सुशासन कायम भएको मानिन्छ । माथिको घटनामा सेवाग्राहीले विनाझन्झट तोकिएको समयमा नै सेवा पाएको देखिन्छ जसले सुशासनलाई प्रत्याभूत गरेको छ । यसरी ढिलासुस्ती हटाई पारदर्शी ढङ्गले सार्वजनिक निकाय र सङ्घसंस्थाले प्रदान गर्ने सेवा कार्य नै वास्तवमा सुशासन हो । त्यसैले सुशासन असल, कुशल र जनमुखी शासन पनि हो ।



## १. सुशासनको महत्त्व

सुशासन कुनै पनि देशको शासन प्रणालीको अभिन्न अङ्ग मानिन्छ । कानुनी राज्यको पालना तथा जवाफदेही प्रवर्धन गर्नका लागि सुशासन आवश्यक छ । विभिन्न तहमा हुने भ्रष्टाचार नियन्त्रण र रोकथाम गर्न पनि सुशासन चाहिन्छ । सुशासनका माध्यमबाट मानवअधिकारको प्रत्याभूति हुन्छ । सार्वजनिक सेवामा नागरिक अधिकार सुनिश्चित गर्न तथा सक्षम प्रशासनका लागि पनि सुशासन चाहिन्छ । नागरिक समाजको विकास र गतिविधिलाई अगि बढाउन सुशासन अपरिहार्य हुन्छ ।

## २. सुशासनका विशेषता

सुशासन बृहत् धारणा हो । यो असल शासन र सेवाग्राहीको सुविधा मात्र नभई पारदर्शिता, निष्पक्षतासँग पनि जोडिएको हुन्छ । समग्रमा सुशासनका विशेषतालाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

(क) सहभागिता : निर्णय प्रक्रियामा नागरिकको बृहत् सहभागितामा जोड दिन्छ ।

(ख) सहमति : सहमतिमा आधारित भएर निर्णय प्रक्रियामा पुग्ने प्रयत्न हुन्छ ।

(ग) पारदर्शिता : कुनै कुरा स्पष्ट पारी निर्णय प्रक्रियाको जानकारी प्रस्ट पारिन्छ ।

(घ) जवाफदेही : नागरिकका आवश्यकता सुन्ने र सम्बोधन गर्ने प्रक्रियालाई जोड दिइन्छ ।

(ङ) प्रभावकारिता र कुशलता : सरल, सहज ढङ्गले सेवाग्राहीको हितमा वस्तु तथा सेवा प्रदान गरिन्छ ।

(च) समतामूलक एवम् समावेशी : सबैलाई अवसर दिएर कसैलाई पनि अवसरबाट वञ्चित नगरी अगि बढ्न उत्प्रेरित गरिन्छ ।

## ३. सुशासनका आयाम

सुशासनका आयामलाई चार भागमा विभाजन गरेर हेर्न सकिन्छ :

(क) राजनीतिक आयाम : यसअन्तर्गत शासन प्रणालीमा लोकतान्त्रीकरण, शासनमा सहभागिता तथा कानुनी शासन जस्ता गतिविधि पर्छन् ।

(ख) सामाजिक आयाम : सामाजिक समूहसँगको साझा हितका निकायहरू तथा नागरिक समाज र शासन सञ्चालनमा संलग्न निकायका गतिविधि यो आयामअन्तर्गत पर्छन् ।

(ग) नैतिक आयाम : यसअन्तर्गत नैतिकता, सदाचार, पेसागत निष्ठा, नागरिक शिक्षा र सचेतना जस्ता विषय पर्छन् ।

(घ) व्यवस्थापकीय आयाम : राज्यका विभिन्न स्रोतसाधनको उपयोग तथा वितरणसँग सम्बन्धित आयाम यसअन्तर्गत पर्छन् ।

## *क्रियाकलाप*

१. **आफू बसेको स्थानीय तहमा सुशासन कायम गर्न भएका प्रयासहरू खोजी गरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **विद्यालयमा सुशासन कायम गर्ने उपाय सम्बन्धमा विद्यालयका प्रधानाध्यापकसँग छलफल गरी प्राप्त निष्कर्ष कक्षामा प्रस्तुत गर्नुहोस् ।**

३. **तपाईं कुनै स्थानीय तहको प्रमुख हुनुभयो भने आफ्नो स्थानीय तहमा सुशासन कायम राख्न के के क्रियाकलाप सञ्चालन गर्नुहुन्छ, सूची तयार पार्नुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **सुशासन भनेको के हो ?**

(ख) **सुशासनका आयामको चर्चा गर्नुहोस् ।**

(ग) **सुशासनको महत्त्व बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।**

(घ) **सुशासन लोकतन्त्रको सुन्दर पक्ष हो । यस भनाइलाई उदाहरणसहित प्रस्ट पार्नुहोस् ।**

## *समुदायिक कार्य*

सुशासनको अभ्यास र प्रभावकारिताको अवस्था सम्बन्धमा तपाईंको समुदायमा रहेको कुनै एक सार्वजनिक संस्थाको अध्ययन भ्रमण गरी सोको प्रतिवेदनको नमुना तयार गर्नुहोस् ।

पाठ ८

# लोकतान्त्रिक आचरण

२०७८/१२/२८ गते
कास्की, पोखरा

प्यारी बहिनी,
धेरै माया र आशीर्वाद छ ।

तिमी काठमाडौँबाट दार्चुला गएको र म पोखरा आएको लगभग एक महिना हुन लागेछ । तिमीले काठमाडौँमा नै हुँदा सोधेका प्रश्नको उत्तर दिन भ्याएकी थिइनँ, आज दिँदै छु ।

बहिनी, अहिले हामी लोकतन्त्र र लोकतान्त्रिक आचरणको चर्चा परिचर्चा गर्छौं । यी दुबै शब्दलाई बुझ्न लोकतन्त्र बुझ्नुपर्छ । देश र समाजका सबै वर्ग, समुदाय एवम् तहमा भएका विभेद र असमानतालाई हटाई समानतामा आधारित समाज निर्माण गर्ने शासन व्यवस्थालाई लोकतन्त्र भनिन्छ । जवाफदेही, उत्तरदायित्व, जिम्मेवारी, निष्पक्षता र पारदर्शिता लोकतन्त्रका आधार हुन् ।

बहिनी, लोकतान्त्रिक व्यवस्थामा हुनुपर्ने आधारभूत सिद्धान्त गुण, विशेषतालाई लोकतान्त्रिक व्यक्ति वा आचरण भनिन्छ । लोकतान्त्रिक आचरणमा विविध विचार, संस्कार र संस्कृतिलाई आत्मसात् गरिन्छ । शासन प्रणालीमा जनताको सहभागिता हुनुपर्छ । शासनमा जनसहभागिता हुनका लागि स्वच्छ, निष्पक्ष आवधिक निर्वाचन हुनुपर्छ । लोकतान्त्रिक आचरणअन्तर्गत कानुनको शासन अपरिहार्य मानिन्छ । कानुन नै सर्वोपरी हुनाले कानुनको अधीनमा रहेर आफ्नो हक अधिकारको प्रयोग गर्नुपर्छ । यी तत्त्वहरू लोकतान्त्रिक आचरणअर्न्तगत पर्छन् ।

प्रजातन्त्र वा लोकतन्त्रमा बहुमत प्राप्त गर्ने दलले शासन सञ्चालन गर्छ । शासन व्यवस्थामा मात्र नभई तिम्रो हाम्रो दैनिक व्यवहारमा पनि लोकतान्त्रिक आचरण हुनुपर्छ । छलफल गर्दा बहुमतले निर्णय गरेका सही निर्णयलाई मान्नुपर्छ । छलफलमा भाग लिने सबैको विचारको सम्मान गर्नुपर्छ । सबैले सबैको विचारमा समर्थन र स्वस्थ आलोचना गर्न पाउने वातावरण र पद्धति विकास गर्नुपर्छ । अरूको आलोचनात्मक विचारलाई स्विकार्नु पनि लोकतान्त्रिक आचरण हो ।

नेपाल बहुभाषिक, बहुसांस्कृतिक मुलुक हो । यहाँ धेरै भाषा, धर्म, संस्कृति र परम्परा भएका मानिस छन् । विविध पक्षको पहिचान र प्रतिनिधित्व शासन व्यवस्थामा हुनु नै समावेशी शासन प्रणाली हो । लोकतान्त्रिक व्यवस्थामा जनताले आफू शासनमा संलग्न भएको अनुभूति गराउने प्रक्रिया नै लोकतान्त्रिक आचरण हो ।

व्यक्तिले जस्तै सामाजिक तथा राजनीतिक संस्थाले पनि लोकतान्त्रिक आचरण र संस्कार देखाउनु पर्छ । त्यसले सुशासन कायम गर्न मदत पुग्छ र लोकतान्त्रिक अभ्यासले सार्थकता पाउँछ । नागरिक एवम् नैतिक शिक्षा र चेतनामार्फत लोकतान्त्रिक आचरणको विकास गर्न सकिन्छ ।

बहिनी, तिमीले पनि आफूलाई लोकतान्त्रिक संस्कार र व्यक्तिको अभ्यासमा जोड दिनुपर्छ । आफ्ना विचार खुलस्त राख्ने, अरूको विचारलाई सम्मान गर्ने, छलफलमा सहमतिको वातावरण निर्माण गर्ने गर्नु ल । अब त तिमी पनि लोकतान्त्रिक आचरणको विषयमा प्रस्ट भयौ होला । तिमीबाट पनि यही आचरणबमोजिमको व्यवहारको अपेक्षासहित पत्रको अन्त्य गर्छु । केही भएमा पछि कुरा गरौँला ।

तिमीलाई माया गर्ने दिदी
भीमा भण्डारी
हाल चिप्लेढुङ्गा, पोखरा

## *क्रियाकलाप*

१. **तपाईँको समुदायमा अभ्यास गरिएका लोकतान्त्रिक आचरणका सम्बन्धमा तपाईँको मनमा खेलेका भावनाहरू समेटी एक मनोवाद तयार पार्नुहोस् ।**

२. **तल दिइएका लोकतान्त्रिक आचरणका विषयवस्तुका आधारमा स्वमूल्याङ्कन गर्नुहोस् :**

| क्रियाकलाप | गर्छु | गर्दिन |
|---|---|---|
| अरूका विचारको सम्मान | | |
| अल्पमतको कदर | | |
| समूहमा मिलेर काम | | |
| आपसी छलफलबाट समस्याको समाधान | | |
| लोकतान्त्रिक पद्धतिबाट नेतृत्व चयन | | |
| अरूको अधिकारको सम्मान | | |

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **लोकतान्त्रिक आचरण भनेको के हो ?**

(ख) **लोकतान्त्रिक आचरणमा कुन कुन आचरण पर्छन् ?**

(ग) **लोकतान्त्रिक आचरणको विकासमा नागरिकले निर्वाह गर्नुपर्ने भूमिका उल्लेख गर्नुहोस् ।**

(घ) **तपाईँको विद्यालयमा अभ्यास गरिएका लोकतान्त्रिक आचरणको सूची बनाउनुहोस् ।**

पाठ
९

# नागरिक समाज

सरकारभन्दा बाहिर रहेका र कुनै पनि राजनीतिक दलमा संलग्न नभएका तटस्थ रूपमा आवाज उठाउने नागरिकहरूको समूह नागरिक समाज हो । यो गैरनाफामूलक स्वस्फूर्त रूपमा क्रियाशील रहने समूह हो । यसले नागरिकको हकहितका लागि आवाज उठाउँछ । यस्तो समूहमा सामूहिक चाहना र भावना प्रबल हुन्छ । यसमा लोककल्याण, सामाजिक जागरण र सशक्तीकरणका क्षेत्रमा क्रियाशील व्यक्ति सहभागी हुन्छन् । साथै यो समाजले समाजको समानता, हित र भलाइसँग सम्बन्धित काम गर्छ । नागरिक समाजका सदस्यले सामाजिक न्यायका पक्षमा आवाज उठाउँछन् । यो समाज राज्यले प्रदान गर्ने सेवा सुविधा सर्वसुलभ ढङ्गले प्रवाह गर्नका लागि निगरानी तथा दबाब सिर्जना गर्न क्रियाशील हुन्छ । यसले राज्यको स्वेच्छाचारिता विरुद्ध आवाज उठाउँछ । यसलाई निगरानी समूह (watch dog) का रूपमा लिने गरिन्छ ।

नागरिक समाजमा आफ्नै प्रकारका विशेषताहरू छन् । समाजका सबै सदस्य नागरिक समाजमा सहभागी हुन पाउँछन् । नागरिक समाज प्रजातान्त्रिक व्यक्तिलाई आत्मसात् गर्ने संस्था हो । सबै विचार, भावना तथा दृष्टिकोण भएका मानिसको सहभागिता हुन्छ । यसले आपसी सहकार्यबाट विकासका गतिविधि सञ्चालन गर्न जोड दिन्छ । यसले सामाजिक जागरण र समुदायको परिचालनमा जोड दिन्छ । यहाँ विभिन्न विचार, दृष्टिकोण र धारणा भएका मानिस जोडिन सक्छन् । यो सरकारलाई सही बाटामा हिँड्न दबाबमूलक गतिविधि गर्ने तथा आवाजविहीन, पिछडिएको वर्ग वा समुदायको आवाज उठाउने सामाजिक संस्था हो । यसले लोकतान्त्रिक संस्कार वा आचरणको विकासमा जोड दिन्छ ।

नागरिक समाजले कार्यक्षेत्र, विशेषता आदिका आधारमा आआफ्नै पहिचान बनाएको हुन्छ । नागरिक अगुवाहरू आर्थिक, धार्मिक, सांस्कृतिक समूहमा क्रियाशील रही समाजलाई योगदान दिइरहेका हुन्छन् । यस्ता समूहअन्तर्गत पेसागत महासङ्घ, मङ्काखल नेपाल, हिन्दु महासङ्घ आदि पर्छन् । पेसागत हकहितका लागि कार्यरत संस्थाहरूमार्फत नागरिकका हकहितका पक्षमा बहस पैरवी गर्छ । सामाजिक समस्या तथा विकृतिका विरुद्धमा दबाब सिर्जना गर्न पनि सहयोग गर्छ । आर्थिक पारदर्शिता सुशासन कायम राख्न तथा देशको सीमा अतिक्रमण भएमा वा अन्य अवस्थामा यसले नागरिकलाई घच्घच्याउने काम पनि गर्छ । यसअन्तर्गत नेपाल शिक्षक महासङ्घ, प्राध्यापक सङ्घ आदि पर्छन् । नेपाल वातावरण पत्रकार समूह, शिक्षक अभिभावक सङ्घ आदिमार्फत पनि आम नागरिकलाई सचेत गराउने काम गर्छ ।

समाजका सबै सदस्य नागरिक समाजमा सहभागी हुन पाउँछन् । नागरिक समाज प्रजातान्त्रिक भावनाबाट प्रेरित हुन्छ । यसमा विभिन्न विचार, भावना तथा दृष्टिकोण भएका मानिसको सहभागिता हुन्छ । आपसी सहकार्यबाट विकासका गतिविधि सञ्चालन गर्न जोड दिन्छ । सामाजिक जागरण र

समुदायको परिचालनमा जोड दिन्छ । नागरिक समाजले सुशासनका लागि आवाज उठाउँछ । यसले लोकतान्त्रिक संस्कार वा आचरणको विकासमा महत्त्वपूर्ण भूमिका खेल्छ ।

नागरिक समाजले नागरिकका हकहितका पक्षमा आवाज उठाउँछन् । सामाजिक समस्या तथा विकृति विरुद्धमा दबाब सिर्जना गर्न पनि सहयोग गर्छन् । यसका साथै समाजको बृहत्तर हितका लागि सामूहिक भावनाको विकास, समाजमा घट्ने वा घटेका विविध घटनाका विषयमा आलोचनात्मक दृष्टिकोणमार्फत सचेत गराउने जस्ता उद्देश्य नागरिक समाजले राखेको हुन्छ । नागरिक समाजले राज्यका निकायलाई नागरिकप्रति जवाफदेही हुन दबाब सिर्जना गर्छ ।

## *क्रियाकलाप*

१. **नेपालमा नागरिक समाजको भूमिका सम्बन्धमा संवाद तयार गर्नुहोस् ।**

२. **तपाईँको समुदायमा कार्यरत नागरिक समाजले गरेका कामहरू टिपोट गरी कक्षामा छलफल गर्नुहोस् ।**

३. **नागरिक समाज स्वेच्छिक, स्वपरिचालित, तटस्थ र सामाजिक दबाब समूह हो, कक्षामा छलफल गरेर प्रस्ट पार्नुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) **नागरिक समाज भनेको के हो ?**

(ख) **नागरिक समाजको महत्त्व उल्लेख गर्नुहोस् ।**

(ग) **समाजको हितमा नागरिक समाजले गरेका कामहरू चर्चा गर्नुहोस् ।**

(घ) **नेपालको सन्दर्भमा नागरिक समाजको भूमिका कस्तो हुनुपर्छ, आफ्नो दृष्टिकोण प्रस्तुत गर्नुहोस् ।**

पाठ
१०

# राष्ट्र र राष्ट्रियता

राष्ट्र भन्नाले निश्चित भूगोलमा बसोबास गर्ने र पहिचानसहितको जनसमूह भन्ने बुझिन्छ । राष्ट्र बन्नका लागि साझा भावना भएको हुनुपर्छ । यही साझा भावनामा बाँधिएको र एकताबद्ध मानिसको समग्र रूप नै राष्ट्र हो । त्यसैले समान खालका हित र एकतामा आबद्ध भौगोलिक क्षेत्र नै राष्ट्र हो । वर्तमान संविधानको भाग १ को धारा ३ मा "बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त भौगोलिक विविधता रहेको, समान आकाङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही एकताको सूत्रमा आबद्ध नेपाली जनतालाई समष्टिमा राष्ट्र हो" भनी उल्लेख गरेको छ ।

आफ्नो देश, मातृभूमिप्रतिको सकारात्मक भावना राष्ट्रियता हो । राष्ट्रप्रतिको प्रेम, अपनत्व र भक्तिभाव नै राष्ट्रियता हो । त्यस्तै आफ्नो माटो, संस्कृति, भौगोलिक अखण्डताप्रतिको प्रगाढ आस्था र सम्मान पनि राष्ट्रियता हो । देशभक्तिले राष्ट्रियताको भावना जागृत गराउँछ । व्यक्ति नागरिकका रूपमा पाउने पहिचान पनि राष्ट्रियता हो । राष्ट्रियताको भावना भएको व्यक्ति आफ्नो, समाज र राष्ट्रको उन्नति र प्रगतिमा संलग्न हुन्छ । राष्ट्रियताले व्यक्तिको आफ्नो भाषा, धर्म, इतिहास र मूल्यमान्यतालाई प्रवर्धन गर्छ ।

राष्ट्र निर्माण प्रक्रियामा सबै मानिसको उत्तिकै योगदान हुन्छ । त्यसैले राष्ट्रियताले राष्ट्रको इतिहास, घटना र सार्वजनिक विषयमा नागरिकलाई सचेत तुल्याउँछ । देशभक्तिको भावना फैलाउन, देशलाई परेको वेला सेवा प्रदान गर्न, देशको विषयमा सकारात्मक चिन्तन गर्न राष्ट्रियताको भावना आवश्यक पर्छ । आफ्नो देश र संस्कृतिप्रति जागरुक बनाउन पनि राष्ट्रियताको भावना आवश्यकता पर्छ ।

राष्ट्रियताका आधारमा हामी नेपाली हौँ । अन्तर्राष्ट्रिय कानुनमा राष्ट्रियता भनेको एक व्यक्तिको कानुनी पहिचान हो । त्यसैले व्यक्तिको राष्ट्रियताको पहिचान नागरिकताका माध्यमबाट हुने गर्छ । राष्ट्र निर्माणमा देशका सबै नागरिकको समान योगदान हुन्छ । देशका प्रत्येक नागरिकले राष्ट्रसँग सम्बन्धित विषयमा आफ्नो चासो वा सरोकार देखाइरहेका हुन्छन् । यो भावना वा धारणा पनि राष्ट्रियता हो । राष्ट्रियता राष्ट्रप्रतिको चासो वा सरोकार पनि हो । राष्ट्रप्रतिको यही चिन्तनले हामीलाई देशभक्तिको भावना विकास गर्न सहयोग गर्छ ।

यहाँ हामी राष्ट्रिय सरोकारका विषय सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता, सीमा सुरक्षा, सन्धिसम्झौता र आत्मसम्मानका विषयमा छलफल गर्छौं :

(**क**) **सार्वभौमसत्ता** : आफ्नो सीमाक्षेत्रभित्र राज्यलाई प्राप्त सत्ताको अधिकार नै सार्वभौमसत्ता हो । यो एक प्रकारको विशेष शक्ति हो । वि.सं. २०६३ भन्दा अगि नेपालको सार्वभौमसत्ता राजामा निहित रहेको मानिन्थ्यो तर अन्तरिम संविधान २०६३ पछि नेपाली जनतामा निहित भएको

घोषणा गरियो । अहिले हामी नेपाली पूर्ण रूपमा सार्वभौमसत्ता सम्पन्न छौँ । उदाहरणका लागि दार्चुलाबासीको मेची नदीमा जति अधिकार हुन्छ सप्तरीबासीको सगरमाथामा त्यति नै अधिकार हुन्छ । यसरी कुनै पनि देशका जनता शक्ति सम्पन्न भएको अवस्थालाई सार्वभौमसत्ता भनिन्छ । निष्कर्षमा आफ्ना प्रतिनिधिमार्फत शासित हुने र राष्ट्रिय स्वार्थ अनुकूलका निर्णय गर्न स्वतन्त्र र स्वायत्त हुने अवस्था नै सार्वभौमसत्ता हो ।

(ख) **राष्ट्रिय अखण्डता** : राष्ट्रिय अखण्डता भनेको सिङ्गो अविभाजित राष्ट्र भन्ने बुझिन्छ । हाम्रो संविधानको प्रस्तावनामा नै नेपाललाई स्वतन्त्र, अविभाज्य र सार्वभौमसत्ता सम्पन्न मुलुक भनी परिभाषित गरिएको छ । कुनै पनि मुलुक विभाजित भयो भने त्यसको अस्तित्व समाप्त हुन्छ । राष्ट्रको निर्माणमा सबैको सहभागिता रहेको हुन्छ । समग्रमा सबै नेपाली एकजुट भई राष्ट्रिय अखण्डताको प्रवर्धन गर्नुपर्छ ।

(ग) **सीमा सुरक्षा** : कुनै पनि देशलाई अर्को देशसँग छुट्याउन निश्चित मापदण्डअनुसार गरिएको रेखाङ्कनलाई सीमा भनिन्छ । यस्तो सीमारेखा देशहरूबिच गरिएको सन्धिद्वारा निर्धारित हुन्छन् । सीमा रेखाक्षेत्रको व्यवस्थापन र सुरक्षालाई नै सीमा सुरक्षा भनिन्छ ।

सीमाको नक्साङ्कन स्पष्ट नहुँदा वा देशहरूबिच आपसी समझदारी नहुँदा सीमा विवाद हुन्छ । विश्वका धेरै देशहरूमा सीमा विवाद भएका उदाहरण छन् । एउटा देशको भूभाग अर्को देशले कब्जा गर्नु सीमा अतिक्रमण हो । सीमा अतिक्रमण वा सीमा मिचिने विविध कारण हुन सक्छन् । जमिनमा स्पष्ट रूपमा भौतिक सीमाङ्कन नहुँदा सीमा समस्या देखिन्छ । सीमा प्रस्ट हुने खालका तथ्य तथ्याङ्कको अभाव, नक्सा नहुनु, छिमेकी देशले अन्तर्राट्रिय सीमाको बेवास्ता गर्नाले पनि सीमा समस्या सिर्जना गर्छ । कहिलेकाहीँ नदीले सिमाना छुट्याएको ठाउँमा बहाव परिवर्तन गर्नाले पनि सीमा समस्या सिर्जना गर्छ । सीमा क्षेत्रमा सम्बन्धित देशले भौतिक संरचना निर्माण गर्दा वा मानव निर्मित स्तम्भ नष्ट गर्दा पनि सीमा मिचिन पुग्छ । सीमा अतिक्रमणले छिमेकी देशहरूको सम्बन्ध बिग्रन सक्छ । त्यसैले सीमा सुरक्षा संवेदनशील विषय मानिन्छ ।

सीमा सुरक्षा कायम गर्न हामी विविध उपाय अपनाउन सक्छौँ । दुबै देशका सरकारले कुटनीतिक तहमा वार्ता गरेर वा प्राविधिक समिति गठन गरेर पनि यो समस्या समाधान गर्न सकिन्छ । दुबै देशका नागरिकले नागरिक समिति गठन गरेर, अन्तर्राष्ट्रिय दबाब सिर्जना गरेर पनि सीमा समस्याको समाधान खोज्नुपर्छ । संयुक्त राष्ट्रसङ्घको सहायता लिएर पनि सीमा समस्या समाधान गर्न सकिन्छ । नेपाल र भारतको अधिकांश ठाउँको सीमा दशगजाले छुट्याएको छ । दुबै देशका बिचमा रहेको दशगजा (तीन फुट बराबर एक गज) चौडाइमा रहेको जमिनलाई दशगजा भनिन्छ । दशगजामा दुबै देशका मानिसले बसोबास, खेती र अन्य प्रयोजनका लागि उपयोग गर्न पाउँदैनन् । नेपाल र भारतका बिचको सिमाना सीमास्तम्भ दशगजा तथा नदीका माध्यमबाट छुट्याउने काम गरिएको छ । चीनतर्फ यीबाहेक हिमालको पानीढलोलाई पनि सीमा निर्धारकका रूपमा लिइएको छ । आफ्नो देशको सीमा रक्षा गर्नु नागरिकको कर्तव्य हो ।

(घ) **सन्धिसम्झौता** : दुई वा दुईभन्दा बढी देशबिच आपसी सम्बन्ध विस्तार गर्न तथा हित अभिवृद्धि गर्न सन्धिसम्झौता गरिन्छ । विभिन्न देशले यस्ता सन्धिसम्झौता देशको आवश्यकता र अनुकूलताअनुसार गरेका हुन्छन् । नेपालले पनि चीन, भारत र अन्य देशसँग यस्ता सन्धिसम्झौता गरेको छ । यस्ता सन्धिसम्झौताले राष्ट्रियता, राष्ट्रिय एकता र अखण्डतामाथि आँच आउन दिनुहुँदैन । सन्धिसम्झौता गर्दा राष्ट्रको बृहत्तर हितलाई ध्यान दिएर गर्नुपर्छ ।

(ङ) **आत्मसम्मान र स्वाभिमान** : आफ्नोपनाप्रति गर्व गरेर अरूका अगाडि स्वाभिमानसाथ प्रस्तुत हुने चरित्र नै आत्मसम्मान वा आत्मस्वाभिमान हो जुन नेपालीहरूको पहिचान पनि हो । हाम्रो इतिहासलाई हेर्‍यौँ भने थुप्रै वीर योद्धाले देशको शिर ठाडो पार्ने काम गरेका छन् । भीमसेन थापाको साम्राज्यवाद विरोधी नीति होस् वा नेपाल अङ्ग्रेज युद्धमा बलभद्र कुँवर, अमर सिंह थापा वा भक्ति थापाले देखाएको वीरता र योगदानले अहिले पनि हामी गौरवको अनुभूति गर्छौं । हामीले हाम्रो भाषा, संस्कृति र परम्पराप्रति सधैँ गर्व गर्नुपर्छ । अङ्ग्रेजले विभिन्न प्रलोभन देखाउँदा पनि अङ्ग्रेजविरुद्ध हाम्रा पुर्खाहरू वीरतापूर्वक लडेको इतिहास छ । ती पूर्खाप्रति हामीलाई गर्व लाग्छ । पूर्खाको वीरताले हामी स्वतन्त्र र सार्वभौम भएका छौँ । हामी कसैको उपनिवेशमा रहनु परेन । यही नै हाम्रो पहिचान हो र आदर्श पनि हो । विज्ञान, कला, साहित्य, खेलकुदमा उत्कृष्टता प्रदर्शन गरेर पनि हामी आफ्नो आत्मसम्मान बढाउन सक्छौँ ।

### *क्रियाकलाप*

१. **नेपालीको राष्ट्रियताको भावना अभिवृद्धि गर्न के के गर्न सकिन्छ, कक्षामा छलफल गरी प्राप्त निष्कर्ष प्रस्तुत गर्नुहोस् ।**

२. **'सीमा विवाद र नेपाली स्वाधीनता' सम्बन्धमा कक्षामा प्रवचन कार्यक्रम आयोजना गर्नुहोस् र मुख्य मुख्य बुँदा टिपोट पनि गर्नुहोस् ।**

३. **राष्ट्र, राष्ट्रियता र राष्ट्रिय सरोकारका विषयमा पत्रपत्रिकामा छापिएका समाचार, सम्पादकीय, अन्तर्वार्ता, चार्ट, नक्सा आदि सङ्कलन गरी कक्षाको बुलेटिन बोर्डमा टाँस्नुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **राष्ट्र भनेको के हो ?**

(ख) **राष्ट्रियता भनेको के हो ?**

(ग) **सीमा सुरक्षा किन आवश्यक छ ?**

(घ) **देशहरूबिच सीमा विवादका कारण उल्लेख गर्दै समाधानका उपाय लेख्नुहोस् ।**

एकाइ
छ

# हाम्रो पृथ्वी

## सिकाइ उपलब्धि


- अक्षांश र देशान्तरको परिचय र प्रभाव उल्लेख गर्न
- नेपालको धरातलीय स्वरूप, यसको निर्माण प्रक्रिया, विशेषता र प्रभाव बताउन
- नेपालमा पाइने हावापानीको पहिचान र जनजीवनमा परेको प्रभाव विश्लेषण गर्न
- नेपालका वनस्पतिको परिचय, प्रकार र महत्त्व बताउन
- नेपालको खनिज र जलस्रोतको परिचय दिन र उपयोग बताउन
- नेपालमा घट्ने प्रमुख विपत् र तिनको न्यूनीकरणका उपाय बताउन एवम् व्यवस्थापनमा सहभागी हुन
- एसिया, युरोप र अस्ट्रेलियाको धरातलीय स्वरूप, हावापानी र जनजीवनको वर्णन गर्न
- नक्सा अध्ययन र निर्माण गर्न

पाठ
१

# अक्षांश र देशान्तर

## १. अक्षांश

पृथ्वीको उत्तरी ध्रुव र दक्षिणी ध्रुवको भागमा पर्ने गरी खिचिएको काल्पनिक रेखालाई भूमध्यरेखा भनिन्छ । यही रेखालाई आधार मानेर उत्तर तथा दक्षिणमा समानान्तर रूपमा खिचिएका रेखालाई अक्षांश रेखा भनिन्छ । यस्ता रेखाहरू भूमध्यरेखाको उत्तरतर्फ ९० डिग्री र दक्षिणतर्फ ९० डिग्रीसम्म खिचिएका हुन्छन् । अक्षांश रेखाको उपयोगिता यसप्रकार प्रस्तुत गर्न सकिन्छ :



© Encyclopædia Britannica, Inc.


(क) अक्षांश रेखाको मदतबाट कुनै ठाउँ भूमध्यरेखादेखि उत्तर वा दक्षिणपट्टि कति दुरीमा पर्छ भन्ने कुरा थाहा पाउन सकिन्छ । एउटै देशान्तरमा रहेका आक्षांश रहेछ भने १ डिग्री बराबर सरदर १११ कि.मि. दूरी पर्न आउँछ ।

(ख) अक्षांश रेखाको मदतबाट कुनै ठाउँको हावापानीको जानकारी पाउन सकिन्छ ।

(ग) अक्षांश रेखाको मदतबाट कुनै बखत कुनै ठाउँको दिन र रातको लम्बाइ थाहा हुन्छ ।

## देशान्तर

उत्तरी ध्रुवदेखि दक्षिणी ध्रुवसम्म खिचिएका काल्पनिक अर्ध वृत्ताकार रेखालाई देशान्तर रेखा भनिन्छ । लन्डनको ग्रिनविच हुँदै उत्तर र दक्षिणी ध्रुव जोड्ने काल्पनिक रेखालाई प्रधान मध्याह्न रेखा (Prime Meridian) भनिन्छ । यो रेखा बेलायतको ग्रिनविच भन्ने ठाउँ भएर जाने हुनाले ग्रिनविच रेखा (Greenwich Meanline) पनि भनिन्छ । यसबाट १८० डिग्री पूर्वसम्मको देशान्तरलाई पूर्वी देशान्तर र १८० डिग्री पश्चिमसम्ममा देशान्तरलाई पश्चिमी देशान्तर भनिन्छ ।




पृथ्वी आफ्नो अक्षमा पश्चिमबाट पूर्वतर्फ घुमिरहेको हुन्छ । यसरी एक फन्को घुम्न पृथ्वीलाई २४ घण्टा लाग्छ । अर्थात् २४ घण्टामा ३६० डिग्री घुम्छ भने एक घण्टामा (३६०÷२४) = १५° घुम्छ । १५ डिग्री पार गर्न एक घण्टा

र एक डिग्री पार गर्न चार मिनेट समय लाग्छ । आफ्नो अक्षमा पृथ्वीले एक फन्को मार्ने गतिलाई परिभ्रमण भनिन्छ ।

देशान्तरको मदतले कुनै पनि ठाउँको समय पत्ता लगाउन सकिन्छ । यसका लागि दिएका दुबै ठाउँ प्रधानमध्याह्न रेखाभन्दा पूर्वतिर वा पश्चिमतिर भएमा देशान्तर घटाएर फरक निकाल्नुपर्छ । यदि दिएका दुबै ठाउँमध्ये एउटा प्रधानमध्याह्न रेखाभन्दा पूर्वी देशान्तरमा र अर्को पश्चिमी देशान्तरमा भए जोड्नुपर्छ । मानौँ १०० डिग्री पूर्वको कुनै ठाउँ र ४० डिग्री पूर्वको कुनै ठाउँ दिएको भए दुबै ठाउँ पूर्वी देशान्तरमा पर्ने हुनाले देशान्तर ठुलोबाट सानो घटाउनुपर्छ । यसैगरी कुनै ठाउँ १०० डिग्री पूर्वी देशान्तर र अर्को ठाउँ ४० डिग्री पश्चिमी देशान्तरमा छ भने ती देशान्तर जोड्नुपर्छ । १५ डिग्री बराबर एक घण्टा तथा एक डिग्री बराबर चार मिनेटको समय फरक पर्छ । यदि समय निकाल्नुपर्ने ठाउँ दिएको ठाउँभन्दा पूर्वमा पर्ने भए फरक निस्केको समय जोड्नुपर्छ र पश्चिममा पर्ने भए घटाउनुपर्छ । सूर्य पूर्वबाट उदाउने भएकाले पूर्वको समय छिटो र पश्चिमको समय ढिलो हुन्छ ।

**उदाहरण १**

१०० डिग्री पूर्वको सुमाई थाइल्यान्डमा अपराह्न ३ बज्दा ४० डिग्री पूर्वमा रहेको मस्कोमा कति बजेको होला ?

**उत्तर**

दुबै स्थान पूर्वी देशान्तरमा पर्ने हुनाले देशान्तरको फरक

१०० डिग्री - ४० डिग्री = ६० डिग्री

१५ डिग्री = १ घण्टा

१ डिग्री = १/१५ घण्टा = ४ मिनेट

६० डिग्री = ६०x४ = २४० मिनेट = ४ घण्टा

मस्को उक्त ठाउँदेखि पश्चिममा पर्ने हुनाले मस्कोको समय ढिलो हुन्छ । त्यसैले घटाउनुपर्छ । यदि अपराह्न छ भने त्यसलाई २४ घण्टामा परिवर्तन गरेर निकालिएको समयमा घटाउनुपर्छ । माथिको उदाहरणमा अपराह्न ३ बजेको भन्नुको अर्थ १५ बज्यो भन्ने बुझिन्छ । त्यसैले मस्को सुमाईभन्दा पश्चिममा पर्ने हुनाले समय ढिला हुन्छ र घटाउनुपर्छ ।

स्थानीय समय १५ –४= पूर्वाह्न ११ बजेको हुन्छ ।

मस्कोमा पूर्वाह्नको ११ बजेको हुन्छ ।

पूर्वाह्न (Ante Meridian) भनेको रातको १२ बजेदेखि दिनको १२ बजेसम्मको समय र अपराह्न (Post Meridian) भनेको दिनको १२ बजेदेखि रातको १२ बजेसम्मको समय हो ।

**उदाहरण २**

८५ डिग्री १५ मि. पूर्वमा रहेको काठमाडौँमा अपराह्न ४ बज्दा ९० डिग्री पश्चिममा रहेको सिकागोमा कति बज्छ ?

**उत्तर**

काठमाडौँ र सिकागो पूर्वी र पश्चिमी देशान्तर पर्ने हुनाले,

देशान्तरको फरक ९० डिग्री + ८५ डिग्री १५ मि. = १७५ डिग्री १५ मि.

१५ डिग्री बराबर १ घण्टा

१ डिग्री बराबर १/१५ घण्टा

१७५ डिग्री बराबर १७५/१५ = ११ घण्टा ४० मिनेट

अब १५ मि. देशान्तर = १ मि. समय हुन्छ त्यसैले जम्मा समय ११ घण्टा ४१ मिनेट सिकागो काठमाडौँभन्दा पश्चिममा पर्ने हुँदा समय ढिलो हुन्छ ।

काठमाडौँमा अपराह्न ४ बजे भनेको १६ बजे हो । १२ घण्टाको दिन हुँदा ४ मा ११ घण्टा ४१ मिनेट घटाउन नमिल्ने हुँदा (४+१२ = १६) बनाउनुपर्छ । त्यसैले १६-११ घण्टा ४१ मि = पूर्वाह्न ४ बजेर १९ मिनेट

सिकागोमा पूर्वाह्न ४ बजेर १९ मिनेट गएको हुन्छ ।

## ३. स्थानीय समय

देशान्तरका आधारमा निर्धारण हुने समयलाई स्थानीय समय भनिन्छ । भिन्न भिन्न देशान्तरमा परेका स्थानहरूको समय भिन्नाभिन्नै हुन्छ । पृथ्वी पश्चिमबाट पूर्वतिर घुम्ने हुनाले १५ डिग्री देशान्तरमा एक घण्टा समय फरक पर्छ । दिएको ठाउँदेखि १५ डिग्री पूर्वको समय १ घण्टा छिटो हुन्छ १५ डिग्री पश्चिममा समय १ घण्टा ढिलो हुन्छ । ० डिग्री देशान्तरदेखि १५ डिग्री पूर्वमा अपराह्न १ बज्छ भने १५ डिग्री पश्चिममा पूर्वाह्न ११ बज्छ । एउटै अक्षांशमा परे पनि देशान्तर फरक छ भने स्थानीय समय फरक हुन्छ तर एउटै अक्षांशमा परे पनि देशान्तरमा फरक छैन भने समय फरक हुँदैन । उदाहरणका लागि एउटै अक्षांशमा पर्ने लन्डन (५१° उत्तरी अक्षांश र ०°दे.) र क्यालगरी (५१° उत्तर अक्षांश र ११४° प.दे.) एउटै अक्षांशमा भए पनि देशान्तरका कारणले समयमा ७ घण्टा ३६ मि.को फरक छ ।

एउटै देशमा देशान्तर रेखाका आधारमा भिन्नै समय हुँदा कामकाजमा समस्या पर्न सक्छ । त्यसैले कामकाजमा सहज होस् भनेर प्रामाणिक समय निर्धारण गरिएको हुन्छ ।

## ४. प्रामाणिक समय

कुनै पनि देशको लगभग बिच भाग, राजधानी सहर वा सोको आसपासबाट गएको देशान्तरका आधारमा निकालिएको समयलाई प्रामाणिक समय भनिन्छ । यो देशभरि लागु हुन्छ र त्यसैअनुसार मानिस चल्छन् । पूर्व पश्चिमका ठाउँमा भिन्नाभिन्नै स्थानीय समयअनुसार काम चलाउँदा रेल, हवाई सेवा, रेडियो आदि क्षेत्रमा असुविधा र कठिनाइ सिर्जना हुन्छ । त्यसो नहोस् भनेर प्रामाणिक समय निकालिएको हुन्छ । अमेरिका, क्यानाडा, चीन, रुस जस्ता ठुला देशमा एकभन्दा बढी प्रामाणिक समय निर्धारण गरिएको हुन्छ । ग्रिनविचको समयका आधारमा प्रामाणिक समय निकालिन्छ । त्यसैले विश्वभरि नै ग्रिनविचको समयलाई प्रामाणिक समय मानिन्छ । हाम्रो देशको प्रामाणिक समय ८६ डिग्री १५ मिनेट पूर्वी देशान्तरमा पर्ने गौरीशङ्कर हिमाललाई आधार मानेर निर्धारण गरिएको छ । जुन ग्रीनविच समयभन्दा ५ घण्टा ४५ मि. चलाख छ ।

## ५. अन्तर्राष्ट्रिय तिथिरेखा

सामान्यतः १८० डिग्रीको देशान्तर रेखालाई अन्तर्राष्ट्रिय तिथिरेखा भनिन्छ । यो रेखा पार गर्नासाथ तिथि, मिति र वार फरक पर्छ । यसो हुनुको मुख्य कारण पृथ्वी गोलाकार हुनु र यसको दैनिक गति हो । पृथ्वी पश्चिमबाट पूर्वतिर घुमिरहेकाले हरेक १५ डिग्री पूर्वमा १ घण्टाअगि र १५ डिग्री पश्चिममा १ घण्टापछि सूर्य उदाउँछ । यसले ० डिग्रीदेखि १८० डिग्री पूर्वपट्टि १२ घण्टा र १८० डिग्री पश्चिमपट्टि १२ घण्टा गरी २४ घण्टाको समय फरक पर्छ । २४ घण्टाको १ दिन हुने हुनाले १८० डिग्रीको देशान्तर रेखा पार गरेर पूर्वतिर लाग्नासाथ एक दिन अगाडि पर्छ र पश्चिमतिर एक दिन पछि पर्छ । यसरी १८० डिग्री पार गर्नासाथ मिति फरक पर्ने हुनाले यसलाई अन्तर्राष्ट्रिय तिथिरेखा भनिएको हो । यो रेखा ठिक १८० डिग्रीका देशान्तरबाट नगई बाङ्गोटिङ्गो भएर गएको हुन्छ । यसो गर्नुको मुख्य कारण एउटै देशको टापु, समुद्र वा स्थल भागमा मितिमा फरक नपरोस् भनेर गरिएको हो ।

### *क्रियाकलाप*

१. **तपाईँको छिमेकीको छोरा बेलायतबाट नेपाल आउँदै हुनुहुन्छ । उहाँको विमान लन्डनबाट अपराह्न ९:४५ मा उड्ने तालिका छ र नेपाल आइपुग्न करिब १६ घण्टा लाग्छ । तपाईँसँग सल्लाह माग्न आए तपाईँ कति बजे लिन जाने सल्लाह दिनुपर्छ र किन ?**

२. **विश्वको नक्सा ट्रेस गरेर विभिन्न समय देखाउने क्षेत्रहरू खिच्नुहोस् ।**

३. **आक्षांश र देशान्तरले कुनै ठाउँको अवस्थिति पत्ता लगाउन सहयोग गर्छ । एटलस हेरी विभिन्न ठाउँहरूको अवस्थिति पहिचान गर्नुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **देशान्तर, प्रधानमध्याह्न रेखा र अन्तर्राष्ट्रिय तिथिरेखाको परिभाषा दिनुहोस् ।**

(ख) **हाम्रो दैनिक जीवनमा देशान्तरको उपयोगिता उल्लेख गर्नुहोस् ।**

(ग) **स्थानीय समय र प्रामाणिक समयमा भिन्नता देखाउनुहोस् ।**

(घ) **समय र देशान्तरबिचको सम्बन्ध देखाउनुहोस् ।**

(ङ) **कारण दिनुहोस् :**

(अ) रुस र अमेरिकामा धेरैओटा प्रामाणिक समय निर्धारण गरिएका छन् ।

(आ) अन्तर्राष्ट्रिय तिथिरेखा बाङ्गोटिङ्गो हुन्छ ।

(इ) कञ्चनपुरमा भन्दा इलाममा सूर्य आधा घण्टा अगि उदाउँछ ।

(ङ) **नेपालबाट जापान जाँदा घडी चलाख बनाउनुपर्छ ।**

(च) **७५ डिग्री पूर्वमा अवस्थित भारतको कुनै सहरमा मध्याह्न १२ बज्दा १३५ डिग्री पूर्वमा रहेको जापानको कुनै सहरमा कति बज्छ ?**

(छ) **८० डिग्री पूर्वको चेन्नाईमा अपराह्न ३ बज्दा ७५ डिग्री पश्चिमको न्युयोर्कमा कति बज्छ ?**

### *परियोजना कार्य*

ग्लोबको नमुना तयार पार्नुहोस् । जसमा १५ डिग्रीको अन्तरमा देशान्तर, प्रधानमध्याह्न रेखा र अन्तर्राष्ट्रिय तिथिरेखा देखाउनुहोस् ।

पाठ
२

# नेपालको धरातलीय स्वरूप

## १. परिचय

नेपाल एसिया महादेशको मध्य भागमा अवस्थित छ । नेपालको पूर्व, पश्चिम र दक्षिणमा भारत तथा उत्तरमा चीनसँग सिमाना जोडिएको छ । नेपाल २६° २२' उत्तरी अक्षांशदेखि ३०° २७' उत्तरी अक्षांशसम्म र लगभग ८०° ४' पूर्वी देशान्तरदेखि ८८° १२' पूर्वी देशान्तरसम्म फैलिएको छ । नेपाल समुद्र सतहबाट ५९ मिटरदेखि ८८४८.८६ मिटर उचाइसम्म रहेको छ । यसको पूर्वपश्चिम औसत लम्बाइ ८८५ किलोमिटर र उत्तरदक्षिण औसत चौडाइ १९३ किलोमिटर छ ।

धरातलीय स्वरूपका आधारमा नेपाललाई हिमाल, पहाड र तराई प्रदेशमा विभाजन गरिएको छ । नेपालको उत्तरतिर हिमाली क्षेत्र पर्छ । अहिले हिमालय पर्वत भएको स्थानमा टर्सियरी युगको सुरुमा टेथिस सागर थियो । टेथिस सागरदेखि उत्तर पश्चिमको भागलाई अङ्गराल्यान्ड र दक्षिणतिरको भागलाई गोन्डवानाल्यान्ड भनिन्थ्यो । पृथ्वीको आन्तरिक हलचलका कारण ठुलो शक्ति Tectonic force उक्त समुद्रको पिँधमा जम्मा भएका चट्टान माथितिर उठेर हिमालय (Greater Himalayas) को निर्माण भयो । हिमालय पर्वत निर्माण भएको यो प्रक्रियालाई भूगर्भविद्हरूले प्रथम उत्थान भनी व्याख्या गरेका छन् । कालान्तरमा त्यस्तै भूहलचलका कारण महाभारत र चुरे पर्वत शृङ्खलाहरू निर्माण भए । यसै क्रममा अनेकौँ घाँटी, बेँसी र उपत्यका बने । यसले गर्दा नेपालको धरातलीय स्वरूपमा ठुलो भिन्नता पाइन्छ । नेपालको भूस्वरूपलाई उचाइ तथा पर्यावरणका आधारमा विभिन्न पर्यावरणीय क्षेत्रमा विभाजन गरिएको छ :

(क) **हिमाली प्रदेश** : समुद्र सतहबाट करिब ३३०० मि.देखि ८८४८.८६ मिटर उचाइसम्म फैलिएको क्षेत्रलाई हिमाली प्रदेश भनिन्छ । यस क्षेत्रअन्तर्गत मुख्य हिमाली क्षेत्र, सीमान्त हिमाली क्षेत्र तथा भित्री हिमाली क्षेत्र पर्छन् । हिमाली प्रदेशको उत्तरी ढाल चिसो वायु बहने क्षेत्रमा पर्ने हुनाले चिसो र सुक्खा छ । हिमाली क्षेत्रको भूस्वरूप उबडखाबडयुक्त छ । यो क्षेत्र भौगोलिक रूपमा पनि विकट छ । यस क्षेत्रमा हिउँद अत्यन्त चिसो तथा ग्रीष्म केही न्यानो हुन्छ । यो प्रदेशको ४५०० मिटरभन्दा माथि तापक्रम लगभग ०° भन्दा कम हुनाले बर्सैभरि हिउँ जम्छ । हिमाली क्षेत्रमा पानी कम र हिउँ बढी पर्छ । भौगोलिक विकटता, चिसो हावापानी र पूर्वाधारको अभावले यहाँको जनघनत्व कम छ । शेर्पा, थकाली, तामाङ, व्यासी आदि यहाँ बसोबास गर्ने मुख्य जातजाति हुन् । यहाँका अधिकांश मानिसहरू बौद्ध धर्म मान्छन् । बुद्ध जयन्ती, ल्होसार जस्ता चाडपर्व यहाँका मानिसले मनाउने मुख्य चाडपर्व हुन् ।

यहाँ खेतीयोग्य जमिन कम छ । कृषि र पशुपालन यहाँको प्रमुख व्यवसाय हो । यहाँ उवा, जौ, फापर र आलु उत्पादन हुन्छ । केही ठाउँमा स्याउ पनि उत्पादन गरिन्छ । आलु यहाँको मुख्य खाद्यान्न बाली हो । यहाँ चौँरी, भेडा, च्याङ्ग्रा, घोडा आदि पालन गर्ने गरिन्छ । यहाँका केही मानिस जडीबुटी सङ्कलन कार्यमा संलग्न छन् । स्थानीय कच्चा पदार्थको प्रयोग गरेर राडीपाखी बुन्ने साना उद्योगहरू पनि कतै कतै सञ्चालन भएको पाइन्छ । यस क्षेत्रमा थुप्रै पर्यटकीय गन्तव्य छन् । यहाँका केही मानिस होटल व्यवसायमा पनि संलग्न छन् ।

(ख) **पहाडी प्रदेश** : तराई प्रदेश र हिमाली प्रदेशका बिचमा पूर्वदेखि पश्चिमसम्म फैलिएको क्षेत्रलाई पहाडी प्रदेश भनिन्छ । यो प्रदेश समुद्र सतहबाट ६१० मि.देखि ३३०० मि. सम्मको उचाइमा फैलिएको छ । यस प्रदेशमा लेक, बेँसी, पाखा, खोँच र उपत्यका आदि प्रकारका भूस्वरूप छन् । यस प्रदेशलाई महाभारत लेक वा मध्य हिमाल पनि भनिन्छ । हिमालय पर्वत र महाभारत पर्वतबाट बग्ने नदीले यहाँ उपत्यका र नदीँबेसी निर्माण गरेका छन् । नेपालका थुप्रै उर्वर उपत्यका यही प्रदेशअन्तर्गत पर्छन् । यस प्रदेशमा ग्रीष्ममा त्यति गर्मी हुँदैन र हिउँदमा पनि खासै जाडो हुँदैन । यहाँ समशीतोष्ण हावापानी पाइन्छ । यहाँ विभिन्न जातजातिका मानिस बसोबास गर्छन् । ब्राह्मण, क्षेत्री, राई, लिम्बु, तामाङ, नेवार, गुरुङ, मगर आदि यो प्रदेशका मुख्य बासिन्दा हुन् । यहाँका मानिसहरू हिन्दु, बौद्ध, किरात, इस्लाम तथा इसाई आदि धर्म मान्छन् । दसैँ, तिहार, तिज, उँधौली र उँभौली, बुद्ध जयन्ती, ल्होसार, क्रिसमस, इद जस्ता चाडपर्वहरू मनाउँछन् । यो प्रदेशको हावापानी खेतीपाती र पशुपालनका लागि उपयुक्त छ । पूर्वी पहाडी जिल्लामा चियालगायत अन्य विभिन्न नगदे बालीको खेती गरिन्छ । यहाँ मानिसहरू कृषि, पशुपालन, साना तथा मझौला उद्योग, सेवा, वैदेशिक रोजगारीमा संलग्न भएको पाइन्छ । यहाँको नदीबेँसी, टार र उपत्यकामा धान, गहुँ र पहाडी भिरालो जमिनमा मकै, कोदो, फापर, गहुँको खेती गरिन्छ । पशुपालन मानिसको आम्दानीको अर्को मुख्य आधार हो । सुन्तला, स्याउ, चिया, कफी, अदुवा, अलैँची जस्ता नगदेबाली प्रशस्त उत्पादन गरिन्छ । त्यसैले कृषि यहाँका मानिसको जीवीकोपार्जनको मुख्य स्रोत हो । यसैगरी केही मानिस व्यापारमा संलग्न रहेका छन् । अहिले युवाहरू वैदेशिक रोजगारीमा जाने प्रवृत्ति बनेकाले यो पनि आयआर्जनको अर्को स्रोत भएको छ ।

(ग) **तराई प्रदेश** : नेपालको दक्षिणी भागमा समुद्र सतहबाट ५९ मिटरदेखि ६१० मिटर उचाइसम्म फैलिएको होचो र समथर भूभागलाई तराई प्रदेश भनिन्छ । यो प्रदेश नदीहरूले ल्याएको माटो र बालुवा मिलेर बनेको छ । तराई प्रदेशअन्तर्गत भित्री मधेस, भावर प्रदेश र मुख्य तराई पर्छन् । चुरे पर्वत र महाभारत पर्वतका बिचमा भित्री मधेश पर्छ जुन ६१० मिटरको उचाइसम्म रहेको छ । यहाँको समथर धरातलीय स्वरूप, उब्जाउशील माटो तथा सिँचाइ सुविधा भएका कारण खेतीपाती बढी सप्रिन्छ । यस प्रदेशमा विभिन्न प्रकारका खाद्यान्न र नगदेबाली उत्पादन हुने हुनाले अन्न भण्डार पनि भनिन्छ । यहाँ खाद्यान्न बालीका रूपमा धान र गहुँ प्रशस्त उत्पादन हुन्छ । जुट, कपास, चिया, तेलहन, सुर्ती, उखु र विभिन्न प्रकारका फलफूल यहाँका मुख्य नगदेबाली हुन् । पूर्वाधारको विकास, खेतीयोग्य जमिनका कारणले गर्दा तराई प्रदेशमा जनघनत्व

बढी छ । नेपालगन्ज, भैरहवा, वीरगन्ज, लाहान, विराटनगर जनकपुर आदि मुख्य औद्योगिक र वाणिज्य केन्द्र हुन् । यहाँका मानिस माछा मार्ने, पशुपालन गर्ने जस्ता काममा पनि संलग्न भएको पाइन्छ । यादव, थारु, मुसलमान, ब्राह्मण, क्षेत्री, तेली, चमार, मुसहर यहाँका मुख्य जातजाति हुन् । यहाँका मानिस हिन्दु, बौद्ध, किरात तथा इस्लाम आदि धर्म मान्छन् । दसैँ, तिहार, तिज, छठ, माघी, होली, क्रिसमस, इद जस्ता चाडपर्व मनाउँछन् । यहाँ हिमाली र पहाडी क्षेत्रबाट बसाइँ सरेर आउने मानिसको सङ्ख्या उल्लेख्य रहेको छ ।

## २. धरातलीय स्वरूपको उपयोगिता

नेपाल धरातलीय स्वरूपका आधारमा विविधतायुक्त छ । उत्तरी भागमा हिमालय पर्वत रहेकाले गर्दा ग्रीष्ममा बङ्गालको खाडीबाट आएको न्यानो हावालाई हिमालय पर्वतले रोकेर वर्षा गराउँछ भने तिब्बतको पठारबाट बहने चिसो हावालाई रोकेर धेरै चिसो हुनबाट बचाउँछ । धरातलीय स्वरूपकै कारणले नेपालमा ठन्डा, न्यानो र गर्मी हावापानी पाइन्छ । पहाडी क्षेत्र प्राकृतिक स्रोतसाधनले भरिपूर्ण छ । पहाडी क्षेत्रका नदीहरू जलविद्युत् तथा जलयात्राका लागि महत्त्वपूर्ण मानिन्छन् । पर्यटन उद्योगको विकास र विस्तार पनि व्यापक छ । हिमाली क्षेत्रमा घाँसे भूमि वा घाँसका विशाल फाँट पाइने हुनाले पशुपालन प्रशस्त हुन्छ । तराई र पहाडी क्षेत्रमा भने खेतीपाती गरिन्छ । हिमशृङ्खलाहरूले पर्यटन उद्योगको विकासमा सघाउ मात्र पुऱ्याएका छैनन्, प्राकृतिक सिमानाको पनि काम गरेका छन् ।

## *क्रियाकलाप*

१. **तीनओटा समूहमा विभाजन भई तपाईँ बस्ने पर्यावरणीय क्षेत्रका विशेषता खोजी गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **नेपालको पहाडी क्षेत्रका विशेषता खोजेर कक्षामा प्रस्तुत गर्नुहोस् ।**

३. **नेपालको नक्सा बनाई हिमाली, पहाडी र तराई क्षेत्र देखाउनुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **नेपालको तराई प्रदेशलाई किन अन्न भण्डार भनिन्छ ?**

(ख) **पहाडी क्षेत्रको भौगोलिक स्वरूपले त्यहाँको आर्थिक तथा सामाजिक पक्षमा के कस्ता विविधता ल्याएको छ ?**

(ग) **नेपालको तराई प्रदेशमा जनघनत्व बढी हुनाका कारणहरू उल्लेख गर्नुहोस् ।**

(घ) **नेपालको धरातलीय स्वरूप निर्माण प्रक्रियाको चर्चा गर्नुहोस् ।**

(ङ) **हिमाली क्षेत्रका भौगोलिक स्वरूपको उपयोग कसरी गर्न सकिन्छ ?**

### *परियोजना कार्य*

माटो, कागज वा प्लाइउडको प्रयोग गरेर नेपालको भौगोलिक स्वरूपको नक्साको ढाँचा बनाउनुहोस् र कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।

पाठ ३

# नेपालको हावापानी

नेपालमा मौसमी प्रकारको हावापानी पाइन्छ । धरातलीय विविधता, जमिनको ढाल र उचाइका कारणले नेपालको हावापानीमा विविधता देखिएको हो । अन्य देशहरूमा अक्षांशीय फैलावटले हावापानीमा प्रभाव पार्ने भए तापनि नेपालमा त्यस्तो प्रभाव पाइँदैन । हाम्रो भूबनोटले गर्दा तापक्रममा अन्तर पर्छ । नेपालको हावापानीलाई प्रभाव पार्ने मुख्य तत्त्व उचाइ, पर्वतको उपस्थिति, जमिनको ढाल, सामुद्रिक दुरी तथा स्थानीय वायुलाई मान्न सकिन्छ ।

नेपालको हावापानीमा प्रभाव पार्ने मुख्य तत्त्व उचाइ हो । प्रत्येक १६०–१६५ मिटर उचाइमा १° से. तापक्रम घट्छ । नेपाल समुद्र सतहको ५९ मिटरदेखि ८८४८.८६ मिटरको उचाइसम्म फैलिएको हुनाले हावापानीमा उचाइको बढी प्रभाव परेको पाइन्छ ।

नेपालको हावापानीमा प्रभाव पार्ने अर्को तत्त्व पहाडको उपस्थिति हो । पहाडको उपस्थितिले ग्रीष्मकालमा बङ्गालको खाडीबाट बहने जलवाष्पयुक्त वायुलाई रोकेर वर्षा गराउँछ । यसरी नै तिब्बतको पठारबाट बहने चिसो वायुलाई रोकेर यहाँको हावापानी अत्यन्त चिसो हुनबाट रोक्छ ।

नेपालको हावापानीमा प्रभाव पार्ने अर्को तत्त्व जमिनको ढाल हो । नेपालको भूस्वरूपको अवस्थितिले दक्षिणी ढालमा सौर्य ताप बढी र उत्तरी ढालमा सौर्य ताप कम पर्छ । यसले गर्दा पनि हाम्रो देशको हावापानीमा विविधता पाइन्छ ।

हाम्रो देशको हावापानीमा प्रभाव पार्ने अर्को महत्त्वपूर्ण तत्त्व ग्रीष्मकालीन र शीतकालीन मनसुन पनि हो । ग्रीष्मकालीन मनसुन पूर्वबाट पश्चिमतिर बहन्छ । समुद्रबाट जमिनतिर बहने हुनाले यस वायुले प्रशस्त वर्षा गराउँछ । शीतकालीन वायु हिउँदमा पश्चिमबाट नेपाल प्रवेश गर्छ । यसले सामान्य वर्षा गराउँछ भने उच्च पहाडी तथा हिमाली क्षेत्रमा हिमपात हुन्छ ।

नेपालमा चल्ने स्थानीय वायुले पनि हावापानीमा प्रभाव पारेको पाइन्छ । पोखरा, नेपालको पश्चिम तराई तथा मनाङ, मुस्ताङमा स्थानीय वायुको प्रभावले हावापानीमा प्रभाव पार्छ अन्य भागमा पनि सामान्य प्रभाव देख्न सकिन्छ ।

नेपाल समुद्रबाट टाढा पर्छ । यद्यपि पूर्वी नेपाल बङ्गालको खाडीबाट नजिक तथा अन्य भाग टाढा पर्छ । यसैकारणले पनि नेपालको पूर्वी र पश्चिमी भागमा हावापानीमा भिन्नता पाइन्छ ।

नेपालको हावापानी मौसमी हावापानीको क्षेत्रमा पर्ने भए तापनि धरातलीय स्वरूपका आधारमा हाम्रो देशको हावापानीको अवस्था फरक फरक देख्न सकिन्छ । त्यसैले हावापानीको अवस्थालाई ग्रीष्मकालीन र हिउँद वा शीतकालीन अवस्थाका आधारमा स्पष्ट गर्न सकिन्छ ।

### (क) ग्रीष्मकालीन अवस्था

ग्रीष्मकालीन अवस्था फागुनदेखि सुरु भएर असोजसम्म पर्छ । यति वेला सूर्य उत्तरी गोलार्धको अधिकांश भागमा लम्बवत् रूपमा पर्छ । यसले गर्दा उत्तरी गोलार्धमा तापक्रम बढी हुन्छ । तापक्रम उचाइअनुसार फरक पर्छ । यही क्रममा असार महिनामा सूर्य कर्कट रेखाको ठिक माथि पर्छ । यो अवस्थामा उत्तरी गोलार्धको स्थलभागमा न्यूनचाप उत्पन्न हुन्छ । वायुको स्वभावअनुसार बङ्गालको खाडीबाट वायु उत्तरपश्चिम दिशातिर बहन्छ । उक्त वायु जलवाष्पयुक्त हुन्छ र हिमालय पर्वतको अवरोधले नेपालमा प्रशस्त वर्षा गराउँछ ।

नेपालमा हुने कुल वर्षाको लगभग ८० प्रतिशत वर्षा मनसुनद्वारा हुन्छ । मनसुनी वर्षा पनि पूर्वबाट पश्चिमतिर क्रमशः घट्दै गएको पाइन्छ । ग्रीष्मको सुरुतिर पहाडी भेगमा मेघ गर्जनसहित कहिलेकाहीँ असिना पर्छ । ग्रीष्मकालमा नेपालको तराई प्रदेशमा गर्मी हुन्छ । यहाँ तापक्रम २७° से.- ३५° से.सम्म हुन्छ । पूर्वी तराईभन्दा पश्चिम तराईमा बढी गर्मी हुन्छ । पश्चिम तराई समुद्रदेखि टाढा पर्ने र भारतको थार मरुभूमिबाट बहने तातो हावा लुको प्रभावले गर्दा हो । यो समयमा चुरे क्षेत्रको औसत तापक्रम २६° से.देखि ३०° से. सम्म मध्यपहाडी क्षेत्र तथा काठमाडौँ उपत्यकामा २६° से.देखि ३०° से.सम्म तापक्रम हुन्छ । तर ५००० मिटरभन्दा माथि भने तापक्रम शून्य डिग्रीभन्दा तल हुन्छ ।

### (ख) हिउँद वा शीतकालीन अवस्था

हिउँदमा सूर्य दक्षिणी गोलार्धमा लम्बवत् रूपमा पर्छ भने उत्तरी गोलार्धमा छड्के पर्छ । हिउँद सामान्यतः कात्तिकदेखि माघ महिनासम्म रहन्छ । हिउँदमा तापक्रम घट्ने अन्य स्थानीय कारण पनि हुन्छन् । यस अवस्था सामान्यतः पहाडको दक्षिणी ढालमा प्रशस्त घाम लाग्छ र न्यानो हुन्छ । उत्तरतर्फको ढाल छायामा पर्छ । यसले गर्दा दक्षिणी भागमा तापक्रम बढी र उत्तरी भागको तापक्रम कम हुन्छ । तराई क्षेत्रमा कहिलेकाहीँ बिहान ज्यादा जाडो हुन्छ । बाक्लो हुस्सु पनि लाग्छ र शीतलहर चल्छ । शीतलहरले बालीनाली र जनजीवनमा नकारात्मक प्रभाव पार्छ ।

हिउँदमा दक्षिणी क्षेत्रको तापक्रम १५° देखि २०° सम्म, भित्री मधेस, चुरे तथा नदीबेँसी र तराईमा १२° से. देखि १८° से. तापक्रम हुन्छ । मध्यपहाडी क्षेत्रमा ५°-१५° से. तापक्रम हुन्छ भने हिमाली क्षेत्रमा हिमाङ्कभन्दा कम हुन्छ । भूमध्यसागर हुँदै बहने पश्चिमी वायुको प्रभावले गर्दा केही वर्षा हुन्छ । पश्चिममा बढी वर्षा हुन्छ भने पूर्वतिर आउँदा क्रमशः वर्षा कम हुँदै जान्छ । यही समयमा महाभारतको उच्च भाग र हिमाली क्षेत्रमा भने हिउँ पर्छ ।

### हावापानीको प्रभाव

नेपालको आर्थिक तथा सामाजिक जनजीवनमा हावापानीको व्यापक प्रभाव पाइन्छ । यहाँ हावापानीअनुसार खेतीपाती, घरको संरचना र बसोबासको व्यवस्था गरिएको हुन्छ । हिमाली क्षेत्रमा कम पानी पर्ने हुँदा घरका छानाहरू माटाको बनाइन्छ । ढुङ्गाका छाना पनि हुन्छन् । जाडो हुने हुँदा घरमा कम झ्याल राख्ने र होचो बनाइएका हुन्छन् । त्यस्तै हावापानी अनुकूलका बाली, तरकारी र

फलफूल हुर्कने गर्छन् । तराईमा धान खेती राम्रो हुन्छ भने पहाडमा कोदो, मकै, फलफूल राम्रो हुन्छ । हिमाली क्षेत्रमा पशुपालन, स्याउ र ओखर जस्ता फलफूल खेती राम्रो हुन्छ । यहाँ उवा, जौ, आलुको उत्पादन हुन्छ । हिमाली क्षेत्रमा जाडो हुने हुँदा न्यानो लुगा लगाउने, तातो पेयपदार्थ खाने चलन छ । पहाडी प्रदेशमा ग्रीष्म न्यानो र हिउँदमा जाडो हुने प्रकृतिको हावापानी पाइने हुँदा हावापानी अनुकूलको लुगा लगाइन्छ । तराईमा गर्मी हुने हुँदा पातला कपडा लगाउने गरिन्छ । हावापानीको विविधताले गर्दा वनस्पति, जीवजन्तु, कृषि पर्यावरणमा प्रभाव पर्छ । मानिसको लवाइ, खवाइ, चाडपर्व मनाउने शैलीमा पनि हावापानीको प्रस्ट प्रभाव परेको हुन्छ । हिमाली भेगमा बढी प्रोटिनयुक्त खाना खाने तथा तराईमा दाल रोटी जस्ता खानेकुरा खानु हावापानीको प्रभाव हो । हिमाली, पहाडी तथा तराई क्षेत्रमा खेतीपाती सकिएपछि चाडपर्व मनाउनु पनि हावापानीको प्रभाव हो । हामीले उत्पादन गर्ने नगदे बालीमा विविधता हुनुमा पनि हावापानीको भूमिका देख्न सकिन्छ । यसरी हावापानीको विविधताले पनि मानव जीवनमा पार्ने प्रभावले पनि जीवनशैलीमा प्रभाव पर्छ ।

## *क्रियाकलाप*

१. **तपाईँ बस्ने भौगोलिक क्षेत्रको ग्रीष्मकालीन र शीतकालीन हावापानीमा उत्पादन हुने बालीको नाम खोजी गरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **शीतकालीन अवस्थामा हिमाली क्षेत्रको जनजीवन र ग्रीष्मकालमा तराई क्षेत्रका जनजीवन कठिन हुने कारण छलफल गरी प्राप्त निष्कर्ष साथीलाई सुनाउनुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **मनसुन भनेको के हो ?**

(ख) **भित्री हिमाली क्षेत्रमा किन कम वर्षा हुन्छ ?**

(ग) **ग्रीष्मकालीन मनसुनका विशेषता लेख्नुहोस् ।**

(घ) **'मनसुनी वायु नेपालका लागि वरदान सावित भएको छ ।' तथ्यका आधारमा पुष्टि गर्नुहोस् ।**

(ङ) **उच्च हिमाली क्षेत्रमा हिमपात हुने कारण लेख्नुहोस् ।**

(च) **नेपालको हावापानीको ग्रीष्मकालीन अवस्था र शीतकालीन अवस्था तुलना गर्नुहोस् ।**

## *सामुदायिक कार्य*

स्थानीय जानकार व्यक्तिलाई भेटी नेपालको आर्थिक क्रियाकलापमा मनसुनको प्रभाव सोध्नुहोस् । प्राप्त तथ्यका आधारमा प्रतिवेदन लेख्नुहोस् ।

पाठ ४

# प्राकृतिक वनस्पति

कुनै ठाउँको धरातल, हावापानी र माटाले त्यस स्थानको प्राकृतिक वनस्पतिलाई प्रभाव पार्छ । त्यसैले हावापानीअनुसारका वनस्पति पाइन्छन् । वनस्पति र हावापानीबिचमा अन्योन्याश्रित सम्बन्ध हुन्छ ।

## १. प्राकृतिक वनस्पतिको वर्गीकरण

नेपालमा पाइने वनस्पतिलाई निम्नलिखित पाँच समूहमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ :

### (क) ऊष्ण सदाबहार वनस्पति

तराई, भावर, दुन र चुरे पर्वतको १२०० मिटर उचाइसम्म ऊष्ण सदाबहार वनस्पति पाइन्छ । यहाँ गर्मी र पर्याप्त वर्षा हुने हुँदा अग्ला वनस्पति पाइन्छन् । तराई क्षेत्रमा पाइने सदाबहार वनस्पतिको जङ्गललाई चारकोसे झाडी भनिन्छ । साल, सिसौ, खयर, सिमल, कुसुम, जामुन आदि कडा जातका रुख यस वनस्पतिअन्तर्गत पर्छन् । यहाँ हात्ती, गैँडा, बाघ, भालु, मृगलगायतका विभिन्न वन्यजन्तु र चराचुरुङ्गी पाइन्छन् । त्यसैले यो क्षेत्र आर्थिक तथा जैविक दृष्टिकोणले महत्त्वपूर्ण मानिन्छ ।

### (ख) उपोष्ण पतझर वनस्पति

नेपालको चुरे पर्वत श्रेणी तथा महाभारत पर्वत श्रेणीको १२०० मिटरदेखि २१०० मिटरसम्मको उचाइमा पाइने वनस्पतिलाई उपोष्ण पतझर वनस्पति भनिन्छ । यहाँ पाइने जङ्गललाई मौसमी जङ्गल पनि भनिन्छ । यहाँ हिउँदमा चिसो र सुक्खा हुन्छ । त्यसैले यहाँ पाइने वनस्पतिको हिउँदमा पात झर्छ । पात झर्ने हुनाले नै त्यसलाई पतझर वनस्पति भनिएको हो । यस क्षेत्रको कम उचाइमा सदाबहार वनस्पति तथा माथिल्लो भागमा भने कोणधारी वनस्पति पाइन्छ । यो वनस्पतिको क्षेत्र पनि उपोष्ण सदाबहार वनस्पतिको क्षेत्र जस्तै पूर्वबाट पश्चिमसम्म फैलिएको छ । साल, कटुस, चाँप, ओखर, चिलाउने, मौवा, वर, पिपल, बाँझ, बाँस, लाँकुरी, गुराँस तथा विभिन्न खस्रा खालका घाँसहरू प्रशस्त पाइन्छन् । यहाँ चितुवा, भालु, बँदेल, मृग, स्याल, खरायो, मलसाप्रो जस्ता जनावर पाइन्छन् । ढुकुर, मयुर, जुरेली, लामपुच्छ्रे, रूपी, सुगा, काग, कोइली जस्ता चराचुरुङ्गी यहाँ प्रशस्त पाइन्छन् ।

### (ग) कोणधारी वनस्पति

महाभारत पर्वत श्रेणीको माथिल्लो भाग र हिमाली क्षेत्रको तल्लो भागमा (२१०० मिटरदेखि ३३०० मिटरको उचाइमा) पाइने वनस्पतिलाई कोणधारी वनस्पति भनिन्छ । यस क्षेत्रमा

बर्सैभरि ठन्डा हुन्छ । यहाँ हिउँदमा हिमपात हुन्छ । सेपिलो जमिन, कम तापक्रम र हिउँवर्षा हुने हुनाले यहाँ होचा, साना र नरम खालका वनस्पति पाइन्छन् । यहाँ देवदार, सल्ला, धुपी, भोजपत्र, निगालो, पातले कटुस र गुराँस आदिका बोटबिरुवा पाइन्छन् । यस्ता वनस्पतिका क्षेत्रहरू नेपालको पूर्वी भागदेखि पश्चिमी भागसम्म पतझर वनस्पतिको क्षेत्रसँग समानान्तर हुने गरी फैलिएका छन् । यी वनस्पति नरम प्रकृतिका हुने भएकाले औद्योगिक दृष्टिकोणले महत्त्वपूर्ण मानिन्छन् । यस क्षेत्रमा भालु, बँदेल, मृग, कस्तुरी, चउरी आदि जनावरहरू तथा डाँफे, मुनाललगायतका चराचुरुङ्गी पाइन्छन् ।

(घ) **अल्पाइन घाँसे भूमि**

३३०० मिटरदेखि ५००० मिटरको उचाइमा ग्रीष्ममा चिसो र हिउँदमा अत्यन्त चिसो हावापानी पाइन्छ । त्यसैले यहाँ खस्रा घाँसे भूमिहरू विस्तृत क्षेत्रमा फैलिएका छन् । त्यसरी फैलिएका फाँटलाई खर्क पनि भनिन्छ । यस्ता घाँसे मैदानहरूको तल्लो भागमा होचा र झाडीदार वनस्पति पाइन्छन् । ३६०० मिटरभन्दा माथि विस्तृत घाँसेक्षेत्र पाइन्छन् । यी घाँसेक्षेत्र मुख्य चरन क्षेत्र मानिन्छ । यहाँ हिम चितुवा, भालु, घोरल, कस्तूरी, मृग आदि जनावर तथा डाँफेलगायत विविध प्रकारका चराचुरुङ्गी पनि पाइन्छन् । यहाँ विभिन्न हिमाली जडीबुटीहरू पनि पाइन्छन् ।

(ङ) **हिमाली सुक्खा वनस्पति (टुन्ड्रा वनस्पति)**

५००० मिटरभन्दा माथिको उचाइमा सधैँभरि हिउँ पर्छ । यहाँको हावापानी बोटबिरुवा वा वनस्पति हुर्कनका लागि उपयुक्त छैन । यहाँ काइ, लेउ र झ्याउ मात्र पाइन्छ । यस्ता वनस्पतिलाई टुन्ड्रा वनस्पति वा हिमाली सुक्खा वनस्पति भनिन्छ । हिमरेखाको आसपासको क्षेत्रमा भने ग्रीष्ममा छिटो बढ्ने र फुल्ने खालका बुकीफूललगायतका वनस्पति पाइन्छन् ।

## २. प्राकृतिक वनस्पतिको महत्त्व

प्राकृतिक वनस्पति मानव जीवनका लागि महत्त्वपूर्ण मानिन्छ । हाम्रो दैनिक जीवनमा श्वास फेर्नका लागि आवश्यक पर्ने अक्सिजन हामी जङ्गलबाट प्राप्त गर्छौं । जङ्गलले पानीका स्रोत बचाउन, वातावरणलाई सन्तुलन कायम गर्न सहयोग पुऱ्याउँछ । हाम्रो दैनिक जीवनमा आवश्यक पर्ने काठ, दाउरा प्राप्त गर्न सकिन्छ । जडीबुटी बिक्रीबाट देशको राष्ट्रिय आम्दानीमा वृद्धि हुन्छ । प्राकृतिक वनस्पति क्षेत्रले वन्यजन्तु तथा चराचुरुङ्गीलाई वासस्थान उपलब्ध गराउँछ । पशुका लागि घाँस, स्याउला उपलब्ध हुन्छ । जनावर तथा चराचुरुङ्गी हेर्न पर्यटक आउँछन् । पर्यटन उद्योगको पनि विकास हुन्छ ।

## *क्रियाकलाप*

१. **तपाईँ बस्ने भौगोलिक प्रदेशमा कुन प्रकारको वनस्पति पाइन्छ, उक्त वनस्पतिका मुख्य विशेषता लेख्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **वनस्पतिलाई हावापानीले कसरी प्रभाव पारेको हुन्छ, कक्षामा छलफल गर्नुहोस् र प्राप्त निष्कर्ष साथीलाई सुनाउनुहोस् ।**

३. **स्थानीय वनस्पतिका बिरुवा, पात, डाँठ आदि सङ्कलन गर्नुहोस् र कक्षामा वनस्पति प्रदर्शनी आयोजना गर्नुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **भौगोलिक विविधता र वनस्पतिको सम्बन्धको विश्लेषण गर्नुहोस् ।**

(ख) **वनस्पति आर्थिक विकासका लागि उपयोगी हुन्छन्, कसरी, उदाहरणसहित पुष्टि गर्नुहोस् ।**

(ग) **वनस्पति र मानवबिचको सम्बन्ध उल्लेख गर्नुहोस् ।**

(घ) **नेपालमा पाइने वनस्पति र तिनका विशेषता तालिकामा देखाई कक्षामा प्रदर्शन गर्नुहोस् ।**

## *परियोजना कार्य*

चार्टपेपरमा नेपालको नक्सा कोरी भौगोलिक प्रदेशअनुसारका वनस्पतिको नमुना वा चित्र सङ्कलन गरी टाँस्नुहोस् ।

पाठ ५

# नेपालमा खनिज र जलस्रोत

## १. खनिज

जमिनभित्र पाइने निश्चित भौतिक गुण भएका फलाम, तामा, सुन, कोइला आदिलाई खनिज भनिन्छ । नेपालमा पर्वतीय क्षेत्रमा खनिजको भण्डार भएको अनुमान छ । खनिज उत्खननका लागि वैज्ञानिक खोज र अनुसन्धान जरुरी हुन्छ । भूगर्भशास्त्रीले नेपालमा विभिन्न प्रकारका खनिज पाउने तथ्य बताए पनि परिमाण तथा गुणस्तरको विषयमा विस्तृत अध्ययन हुन सकेको छैन । नेपालमा पाइने खनिजको विवरण यसप्रकार छ :

| **खनिज** | **वितरण (पाइने ठाउँ)** |
|---|---|
| फलाम | फुलचोकी (ललितपुर), ठोसे (रामेछाप), लब्धी खोला, भैँसे, कुलेखानी, भूतखोला, धौवादी (नवलपरासी पूर्व) |
| तामा | ओखलढुङ्गाको वाप्सा, नाग्रे, चिसापानी गढी, धनकुटा, रुकुम, सल्यान, इलाम |
| सिसा | गणेश हिमाल, गल्कोट, फुलचोकी |
| चुनढुङ्गा | चोभार काठमाडौँ, भैँसे दोभान, उदयपुर, जोगिमारा, लेले, सुपा देउराली (अर्घाखाँची) |
| कोइला | दाङ, सल्यान, कैलाली, चितवन, थाकखोला (मुस्ताङ), मोरङ, बाग्लुङ |
| सुन | सुनकोसी, कालीगण्डकी, बुढीगण्डकी, मर्स्याङ्दी नदीका बगरमा |
| पेट्रोल | दैलेख, मोरङ, प्युठान, सुर्खेत, झापा |
| निकेल | रामेछाप, सिन्धुपाल्चोक, धनकुटा |
| जस्ता | फुलचोकी, धादिङ, रसुवा |
| म्याग्नेसाइट | दोलखाको खरीढुङ्गा, उदयपुर, बाग्लुङ |

नेपालका विभिन्न ठाउँमा स्लेट, अभ्रख, गन्धक, ग्रेनाइट, युरेनियमका खानी पाइने अनुमान छ । नेपालमा खनिज साधनको खोजी, उत्खनन र प्रयोग प्राचीनकालबाट नै हुँदै आएको पाइन्छ । लिच्छविकालमा नेपालले तामा भारत निकासी गर्ने ऐतिहासिक तथ्य छ । त्यसपछिका समयमा पनि ठोसे, कोइलाबासलगायतका ठाउँबाट खनिज उत्खनन गरेर प्रयोग गरेका उदाहरण पाइन्छन् । नेपालको भूबनोट विभिन्न प्रकारका खनिजका लागि उपयुक्त मानिए तापनि खनिजको वैज्ञानिक ढङ्गले खोज र अन्वेषण भने हुन सकेको छैन । हाम्रो देशमा कुन खनिज कति मात्रामा छ भनेर थाहा पाउन नसक्नुका धेरै कारण छन् । यातायातको पहुँच नहुनु, पुँजी, प्राविधिक ज्ञान र अनुसन्धानको कमी,

उपयुक्त नीतिको अभावलाई यसको मुख्य कारण मान्न सकिन्छ । खनिजको पर्याप्त उपयोग गर्न यी समस्याको समाधान गर्नुपर्छ । खनिजको उपयोग गर्न सकियो भने रोजगारी सिर्जना गर्न सकिन्छ । निर्यात प्रवर्धन भई व्यापार घाटा कम हुन्छ । प्रशस्त रोजगारीको अवसर सिर्जना हुन्छ र मानिसको जीवनस्तरमा वृद्धि हुन्छ । खनिज तत्त्वको उत्खनन र उपयोगले अन्य पूर्वाधारको विकास भई समग्र विकासको गतिमा सकारात्मक प्रभाव पर्छ ।

## २. जलसम्पदा

पानी वा यसका स्रोतको समष्टि नै जलस्रोत हो । जलस्रोतअन्तर्गत नदी, ताल, पोखरी, झरना आदि पर्छन् । नेपाल जलसम्पदामा धनी देश हो । यहाँका अधिकांश नदी हिमालय पर्वतबाट उत्पत्ति भएर दक्षिणतिर बग्छन् । जलसम्पदालाई भूमिगत र सतही गरी दुई भागमा बाँड्न सकिन्छ ।

हाम्रो जलसम्पदाका मुख्य स्रोतहरू हिमनदी, नदी, ताल, तलैया, कुण्ड आदि हुन् । अध्ययनअनुसार नेपालको क्षेत्रफलको करिब ४ प्रतिशत भूभाग नदीनालाले ओगटेको छ । नेपालमा ठुला साना गरी लगभग ६००० नदीनाला छन् । १००० भन्दा बढी नदीहरूको औसत लम्बाइ ११ किलोमिटरभन्दा बढी छ । सबै नदीको कुल जलभण्डार क्षमता करिब दुई लाख घनमिटर छ । कोसी, गण्डकी र कर्णाली नेपालका मुख्य नदीहरू हुन् । नेपालको कुल जलभण्डार क्षमताको ७४% भाग यी तीनओटा नदीले ओगटेका छन् । यी नदीबाट आर्थिक रूपले ठुलो मात्रामा विद्युत् उत्पादन गर्न सकिने अनुमान छ । नदीको प्रवाह, जलभण्डार, उत्पत्ति आदिका आधारमा नेपालका नदीलाई तीन श्रेणीमा विभाजन गर्न सकिन्छ :

### (क) पहिलो श्रेणीका नदी

हिमालय पर्वतबाट उत्पत्ति हुने र बर्सैभरि पानी हुने नदीलाई पहिलो श्रेणीका नदी भनिन्छ । कोसी, गण्डकी, कर्णाली नदी यो श्रेणीमा पर्छन् । यस्ता नदीहरू स्थायी प्रकृतिका हुन्छन् । जलविद्युत्, यातायात र सिँचाइका दृष्टिले यी नदीहरू महत्त्वपूर्ण मानिन्छन् ।

### (ख) दोस्रो श्रेणीका नदी

महाभारत पर्वत श्रेणीबाट उत्पत्ति भएर बग्ने नदीलाई दोस्रो श्रेणीका नदी भनिन्छ । यस्ता नदीमा ग्रीष्ममा जलप्रवाह बढी हुन्छ भने हिउँदमा कम हुन्छ । बबई, राप्ती, तिनाउ, मेची, कमला, कन्काई, आदि यो श्रेणीका नदी हुन् । यी नदीहरू पनि जलविद्युत् उत्पादन र सिँचाइ कार्यका लागि उपयोगी मानिन्छन् ।

### (ग) तेस्रो श्रेणीका नदी

चुरे पर्वत श्रेणीबाट उत्पत्ति हुने, वर्षायाममा प्रशस्त पानी हुने तर हिउँदमा सुक्ने नदी यो श्रेणीअन्तर्गत पर्छन् । यस्ता नदीमा हिउँद र सुक्खायाममा पानीको मात्रा नगण्य हुन्छ । सिर्सिया, तिलावे, हर्दिनाथ, रातु, डुँडुवा यस श्रेणीका नदी हुन् ।

## ३. जलसम्पदाको उपयोग

हामीले जलसम्पदालाई विभिन्न कामका लागि उपयोग गर्न सक्छौँ । जलसम्पदालाई विद्युत् उत्पादनमा उपयोग गर्न सकिन्छ । नेपालमा विद्युत् उत्पादनको सुरुआत राणाकालमा वि.सं. १९६८ बाट भएको थियो । त्यति वेला फर्पिङ लघु जलविद्युत् आयोजनाबाट ५०० किलोवाट विद्युत् उत्पादन गरिएको थियो । माथिल्लो तामाकोसी, कुलेखानी ३ लगायतका आयोजनाबाट ठुलो मात्रामा विद्युत् उत्पादन सुरु भएको छ । यसरी उत्पादित विद्युत् देशभित्र प्रयोग गर्नुका साथै विदेश निर्यात गरी विदेशी मुद्रा पनि आर्जन गर्न सकिन्छ । जलसम्पदाको अर्को महत्त्वपूर्ण उपयोग सिँचाइ हो । नेपाल कृषिप्रधान देश हो र कृषि विकासका लागि सिँचाइ अपरिहार्य मानिन्छ । नेपालमा पहिलो पटक राणाकालमा त्रियुगा र मनुस्मारा नदीबाट सिँचाइ आयोजना सुरु गरिएको थियो । नेपाल सरकारले केही नयाँ सिँचाइ आयोजनाको सुरुआत गरेसँगै जलसम्पदा बहुपयोगी आयोजनाको विकास हुन थालेको छ । तीव्र प्रवाह भएका त्रिशूली, सुनकोसी, कालीगण्डकी, अरुण, तमोर जस्ता नदी साहसिक पर्यटनका लागि पनि उपयुक्त मानिन्छन् । यी नदीमा जलयात्राका लागि ठुलो सङ्ख्यामा स्वदेशी तथा विदेशी पर्यटक आउने गर्छन् । जलसम्पदा दैनिक रूपमा घरायसी कामका लागि पनि उतिकै उपयोगी छ । मानिसका लागि पानी दोस्रो महत्त्वपूर्ण आवश्यकता मानिन्छ । पानी खाना पकाउन, नुहाउन, पिउन आदिका लागि दिनहुँ प्रयोग हुने गर्छ । नेपाल सरकारले पछिल्लो समयमा लिफ्टिङ प्रविधिमार्फत पनि खानेपानी आयोजना सञ्चालन गरिरहेको छ । नेपालको तराई क्षेत्रमा बोरिङमार्फत सिँचाइ तथा खानेपानी उपलब्ध गराउने थुप्रै आयोजना सञ्चालित छन् । हालै नेपाल सरकारले सुनकोसी मरिन बहुद्देश्यीय आयोजनालाई राष्ट्रिय गौरवको आयोजना सूचीकरण गरेको छ । उक्त आयोजना सम्पन्न भएपछि त्यस क्षेत्रमा सिँचाइ विद्युत् तथा खानेपानीलगायत बहुउद्देश्यीय क्षेत्रमा उपयोग गर्न थालिने छ ।

### *क्रियाकलाप*

१. **खनिजको उत्खननका लागि सरकारले चाल्नुपर्ने कदम सम्बन्धमा समूहमा छलफल गरी प्राप्त निष्कर्ष कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **नेपालमा पाइने खनिजहरूको प्रभावकारी उत्खनन हुन नसक्नाका कारण खोजी गरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।**

३. **जलस्रोत नेपालको समृद्धिको आधार हो भन्ने शीर्षकमा सम्पादकीय तयार पार्नुहोस् ।**

४. **जलसम्पदाको संरक्षण र उपयोगका लागि राज्यले चाल्नुपर्ने कदम सम्बन्धमा समूहमा छलफल गरी प्राप्त निष्कर्ष कक्षामा प्रस्तुत गर्नुहोस् ।**

५. **तपाईँको समुदायमा पाइने खोलानाला र नदीहरू कुन कुन श्रेणीका हुन्, विशेषताका आधारमा पहिचान गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **खनिज भनेको के हो ?**

(ख) **पहिलो श्रेणीका नदीको उदाहरणसहित परिचय दिनुहोस् ।**

(ग) **जलस्रोतको उपयोगिता लेख्नुहोस् ।**

(घ) **नेपाल जलसम्पदामा धनी भएर पनि यसको प्रभावकारी विकास र उपयोग हुन नसक्नाका कारण र समाधानका उपाय तालिकामा प्रस्तुत गर्नुहोस् ।**

(ङ) **खनिज साधनको उत्खनन हुन नसक्नाका कारण प्रस्तुत गर्नुहोस् ।**

### *सामुदायिक कार्य*

तपाईंको समुदायमा जलस्रोतको उपयोग कसरी भएको छ, खोजी गरेर प्राप्त विवरणका आधारमा प्रतिवेदन तयार पार्नुहोस् ।

पाठ
६

# नक्सा कार्य

नक्साको प्रयोग परापूर्वकालदेखि नै हुँदै आएको पाइन्छ । विगतका नक्सा निश्चित नापमा आधारित नभई चित्रका रूपमा प्रस्तुत गरिन्थे । अहिले आधुनिक विधि र प्रविधिको प्रयोगबाट नक्सा बनाइने हुनाले बढी वैज्ञानिक हुन्छ र यसले विभिन्न प्रकारका सूचना प्रदान गर्छ । निश्चित नाप र सङ्केतका आधारमा धरातलको कुनै भागलाई कागजमा प्रस्तुत गर्ने विधि नै नक्सा कार्य हो ।

जमिनमा भएका सबै ठिक ठिक स्थानलाई उतारेको रेखाचित्रलाई नक्सा भनिन्छ । नक्सामा गोलाकार पृथ्वीलाई समतल रूपमा देखाइएको हुन्छ । नक्सामा हिमाल, पहाड, तराई, सडक, खोला, भिर, पहिरो, समथर जमिन र उच्च ठाउँ देखाइएको हुन्छ । यस्तो नक्सामा अन्तर्राष्ट्रिय र प्रान्तीय सिमाना देखाइएको हुन्छ । विज्ञान र प्रविधिको विकासले नक्सा बनाउने कार्य सजिलो हुँदै गएको छ । हामीले सजिलै विभिन्न प्रकारका सूचना/सङ्केत एउटै नक्साका माध्यमबाट प्रस्तुत गर्न सक्छौँ । अहिले कम्प्युटरको सहायताले नक्सा बनाउन सकिन्छ । पृथ्वीको नक्सा खिच्नका लागि भूउपग्रह पनि प्रयोग गर्ने गरिन्छ । यसलाई हामीले आवश्यकताअनुसार सानो वा ठुलो बनाएर हेर्न सक्छौँ । ठुला नक्सा सडक, पुल र भवन निर्माणका लागि सहयोगी हुन्छन् । नक्सामा विस्तृत विवरण प्रदान गर्न सानो वा ठुलो नापोमा खिच्न सकिन्छ ।

## १. नक्साका प्रकार

नक्सा विभिन्न प्रकारका हुन्छन् । यहाँ नक्साको प्रकारबारे सामान्य चर्चा गरिएको छ ।

### (क) उद्देश्यमूलक नक्सा

यस्ता प्रकारको नक्सा निश्चित उद्देश्य प्राप्तिसँग सम्बन्धित हुन्छन् । सार्वजानिक वा व्यक्तिगत सम्पत्ति सिमानासहित देखाइने नक्सा उद्देश्यमूलक नक्सा हो । हाम्रो घरजग्गा देखाउने नक्सा यस्तै नक्सा हो । यसप्रकारका नक्सामा कित्ता स्पष्ट देखाइएको हुन्छ । यस्तो नक्सा प्रशासनिक क्षेत्रमा उपयोगी मानिन्छ । सहरी क्षेत्रमा खानेपानी वितरणसँग सम्बन्धित नक्सा पनि उद्देश्यमूलक नक्सा हो ।

### (ख) स्थलाकृत नक्सा

प्राकृतिक र भौगोलिक दुबै स्वरूपका बारेमा जानकारी दिने नक्सालाई स्थलाकृत नक्सा भनिन्छ । यस्ता नक्साले सिमाना, कित्ता, घर, भवन आदि नदेखाएर सिमसार क्षेत्र, जमिन, सहर, गाउँ आदि सामान्य स्थल आकृतिको सङ्केत गर्छन् । स्थलाकृत नक्सालाई भौतिक नक्सा पनि भनिन्छ । भौतिक नक्सामा भौगोलिक स्वरूप समावेश गरिएको हुन्छ । जमिन, पानी आदि देखाउन पनि यस्तो नक्सा प्रयोग गरिन्छ ।

(ग) **राजनीतिक नक्सा**

देश, राज्य, सहरलगायत राजनीतिक एकाइ समावेश गरिएको नक्सालाई राजनीतिक नक्सा भनिन्छ । राजनीतिक नक्सामा राजनीतिक एकाइ देखाइएको हुन्छ । देशको अन्तर्राष्ट्रिय र आन्तरिक सिमाना उल्लेख गरिएको हुन्छ । यसअन्तर्गत स्थानीय सहर, प्रदेशको राजधानी तथा देशको राजधानी सहर देखाइन्छ । मानवनिर्मित आकृति तथा सांस्कृतिक केन्द्र तथा सडक यस्तो नक्सामा समावेश गरिएको हुन्छ ।

## २. दुरीको ज्ञान

नक्सामा जमिनको वास्तविक दुरी र नक्सामा प्रयोग भएको दुरीबिचको अनुपातलाई नै नापो वा स्केल भनिन्छ । नक्सामा उल्लेख गरिएका नापो वास्तविक स्केलभन्दा कम हुन्छ । नापो वा स्केललाई सानो वा ठुलो बनाएर पनि देखाउन सकिन्छ । मानौँ जमिनको वास्तविक दुरी ५ किलोमिटर छ भने यो १ सेन्टिमिटरले प्रस्तुत गरिँदा नापो १:५ हुन्छ । यस्तै हामीले १ सेन्टिमिटर बराबर १ किलोमिटर भनेको जमिनको वास्तविक १ किलोमिटर दुरीलाई नक्साको १ सेन्टिमिटर देखाउनु हो । त्यस्तै १ इन्च बराबर एक माइल भनेको जमिनको वास्तविक १ माइल दुरीलाई नक्साको एक इन्च देखाउनु हो । स्केल वा नापको प्रयोग क्षेत्र, देखाउनुपर्ने विवरण र कागजको आकारमा भर पर्छ । सानो नापो भएका नक्साले सीमित विवरण दिन्छन् भने ठुलो नापो भएका नक्साले बढी विवरण दिन्छन् । नक्सामा नापोलाई तीन तरिकाबाट प्रस्तुत गर्न सकिन्छ :

(क) **कथनात्मक नापो**

यस्तो नापोमा कागज र जमिनको दुरीलाई शब्दद्वारा व्यक्त गरिन्छ । यस्तो नापोलाई शब्दमा जस्तै १ सेन्टिमिटर = १० मिटर, १ इन्च = १० माइलका रूपमा व्यक्त गर्न सकिन्छ ।

(ख) **प्रतिनिधि भिन्न नापो**

यदि नापलाई जमिन र कागजको दुरीको अनुपातमा प्रस्तुत गरिन्छ भने त्यस्तो स्केललाई प्रतिनिधि भिन्न नापो भनिन्छ । यस्तो नापोको भिन्नको हरले धरातलको दुरी तथा अंशले कागजको दुरीलाई बुझाउँछ । यसमा अंशलाई जुन एकाइमा देखाइन्छ हरलाई पनि त्यही एकाइमा प्रस्तुत गर्नुपर्छ । यसलाई (R.F. वा representative fraction scale) भनेर लेखिन्छ । मानौँ १:१००,००० अथवा १/१,०००,०० भनेको नक्साको १ एकाइले वास्तविक सतहको १००,००० एकाइको प्रतिनिधित्व गर्छ । यो सेन्टिमिटर वा इन्चमा प्रस्तुत गरिन्छ । कागजमा जुन एकाइ प्रयोग गरिन्छ जमिनका लागि पनि त्यही एकाइ प्रयोग गर्नुपर्छ ।

(ग) **चित्रात्मक नापो**

कागज र धरातलबिचको दुरीको अनुपात एउटा सरल रेखामा खिची सुविधाअनुसार विभाजन गरेर देखाइन्छ भने त्यसलाई चित्रात्मक नापो भनिन्छ । यस नापोमा रेखा नापेर नक्सा र वास्तविक जमिनविचको अनुपात निकालिन्छ र वास्तविक दुरी पत्ता लगाइन्छ ।

## ३. नक्सा बनाउने विधि

नक्सा एक किसिमको भाषा हो र यसमा रेखाचित्रको भाषा प्रयोग गरिएको हुन्छ जसले गर्दा प्रयोगकर्तालाई दिन खोजेका सूचना सजिलै बुझ्न सकिन्छ । नक्सा बनाउनका लागि हातले बनाउने वा कम्प्युटरमा आधारित भौगोलिक सूचना प्रणालीका विधि प्रचलित छन् । जमिन सर्वेक्षण (Survey) का आधारमा र कम्प्युटरमा आधारित भौगोलिक सूचना प्रणाली (Geographic Information System-GIS) का आधारमा यस्ता नक्सा बनाइन्छ । नक्सा बनाउँदा उद्देश्य एवम् स्रोत र साधनको उपलब्धताका आधारमा विधिको छनोट गर्नुपर्छ । यहाँ जालीदार विधिको प्रयोग गरी नक्सा बनाउने विधिको चर्चा गरिएको छ ।


**जालीदार रेखाचित्रका आधारमा नक्सा उतार्ने विधि**

यस विधिद्वारा नक्सा बनाउन पेन्सिल, कलम, रुलर, इरेजर र आधार नक्सा चाहिन्छ । सर्वप्रथम आधार नक्सा (चित्र क) र कागजमा जालीदार रेखाचित्र कोर्नुपर्छ (चित्र (ख) । त्यसपछि (चित्र ग) मा चिनो लगाएजस्तै कागज र आधार नक्सामा चिनो लगाउनुपर्छ । चिनो सजिलै रेखा कोर्न सकिने, सजिलै सम्झिने र केही फरक लाग्ने अग्लो र होचो ठाउँमा लगाउनुपर्छ । फलस्वरूप (चित्र नं. घ) मा जस्तै नेपालको नक्सा कोर्न सकिन्छ ।


(क)





(ख)



(ग)



(घ)



**सङ्केत :** सङ्केत भनेको नक्सा बनाउँदा धरातलमा भएका तथ्यलाई वर्णन गर्ने चिह्न हो । सङ्केतले नक्सामा प्रयुक्त चिह्न, आकार, रङ आदिलाई जनाउँछ । यसले नक्सा प्रयोगकर्तालाई नक्सामा प्रयुक्त तथ्यहरू सम्प्रेषण गर्छ । नक्सामा तथ्यहरू देखाउन निश्चित रङ वा सङ्केतको प्रयोग गरिन्छ । रङ वा सङ्केतको प्रयोगले त्यस्ता तथ्य पढ्न तथा बुझ्न सजिलो हुन्छ । यस्ता सङ्केत विश्वव्यापी हुन्छन् । त्यसैले प्रयुक्त रङका आधारमा सबै मानिसका बुझाइ समान हुन्छन् । पानीको भाग देखाउन निलो तथा जमिनको भाग देखाउन खैरो रङको प्रयोग हुन्छ । यसले गर्दा नक्सामा प्रयोग हुने सङ्केत/चिह्नमा पनि एकरूपता कायम हुन्छ ।

## ४. नक्साको उपयोग

नक्सा सूचनाको स्रोत हो । नक्साबाट हामीलाई धेरै कुराको जानकारी प्राप्त हुन्छ । नक्सालाई यसप्रकार उपयोग गर्न सकिन्छ :

(क) प्राकृतिक स्रोत र साधनको अवस्था देखाउन

(ख) देशको जनसङ्ख्याको वितरण प्रस्तुत गर्न तथा जनघनत्व देखाउन

(ग) सेवा सुविधाको विस्तार र सञ्चालनका लागि भौगोलिक अवस्था थाहा पाउन

(घ) जमिनको वितरण तथा अवस्था देखाउन

(ङ) पर्यटकलाई कुनै पनि ठाउँको विविध अवस्थाको जानकारी दिन

(च) दुरी पत्ता लगाउन

(छ) विकासका योजना निर्माण गर्न

### *क्रियाकलाप*

१. **१ सेन्टिमिटर बराबर १ किलोमिटर कथनात्मक नापो हो । कथनात्मक नापोलाई प्रतिनिधि भिन्न स्केलमा परिवर्तन गर्दा १:१,०००,००० हुन्छ । दुबै नापोमा मापनको एकाइ सेन्टिमिटरमा हुन्छ । नक्साको १ सेन्टिमिटरले वास्तविक जमिनको १,००,००० सेन्टिमिटर देखाउँछ । यसैगरी १ सेन्टिमिटर बराबर १० किलोमिटर स्केललाई प्रतिनिधि भिन्नमा देखाउनुहोस् ।**

२. **कुनै निश्चित नापका आधारमा कक्षाको नक्सा बनाउनुहोस् ।**

३. **दिइएका तथ्यको सङ्केत बनाएर कक्षामा प्रदर्शन गर्नुहोस् :**

सडक, ताल, पुल, भन्ज्याङ, सहर, पर्वत श्रेणी, नदी, हवाईमार्ग, मन्दिर, रेलमार्ग, चुचुरो,

# अभ्यास

## दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **नक्सा भनेको के हो, यसका प्रकार उल्लेख गर्नुहोस् ।**

(ख) **एटलसमा भएको नक्साको सहायताले काठमाडौँ र आफ्नो प्रदेश राजधानीको दुरी नाप्नुहोस् र साथीहरूसँग तुलना गर्नुहोस् ।**

(ग) **नेपालको नक्सा कोरी उपयुक्त सङ्केतको प्रयोग गरी निम्नलिखित तथ्य भर्नुहोस् :**

(अ) सगरमाथा
(आ) चितवन राष्ट्रिय निकुञ्ज
(इ) शैलेश्वरी मन्दिर
(ई) कालिगण्डकी नदी
(उ) रारा ताल
(ऊ) महेन्द्र राजमार्ग
(ऋ) अपि नाम्पा संरक्षण क्षेत्र
(ए) कञ्चनजङ्घा हिमाल
(ऐ) कपास खेती हुने क्षेत्र
(ओ) रूपाताल
(औ) कोसी नदी
(अं) मुक्तिनाथ
(अ) धनगढी

(घ) **नेपालको नक्सा उतारी सात प्रदेशमा विभाजन गर्नुहोस् र प्रदेश राजधानी समेत देखाउनुहोस् ।**

पाठ ७

# एसिया : भौगोलिक र प्राकृतिक वातावरण

## १. अवस्थिति

एसिया महादेश विश्वको सबैभन्दा ठुलो महादेश हो जुन उत्तरी गोलार्धको १०° द. आक्षांशदेखि ८०° उत्तरी अक्षांशसम्म तथा २५° पूर्वदेखि १८०° पूर्वी देशान्तरसम्म फैलिएको छ । एसिया महादेश तीनतिरबाट महासागर र एकातिरबाट जमिनले घेरिएको छ । एसियाको पूर्वमा प्रशान्त महासागर, उत्तरमा सुमेरु महासागर तथा दक्षिणमा हिन्द महासागर पर्छ । यस महादेशको पश्चिमतर्फ युरोप महादेश पर्छ । युराल पर्वतले एसिया र युरोपलाई छुट्याएको छ । एसिया महादेशको सरदर चौडाइ ८६०० किलोमिटर र लम्बाइ ९६०० किलोमिटर छ । यस महादेशले विश्वको स्थल भागको झन्डै २९.४% भूभाग ओगटेको छ । यस महादेशअन्तर्गत ५० ओटा देश छन् । यो महादेश भौगोलिक रूपमा विविधतायुक्त छ । संसारको सबैभन्दा होचो भाग मृत सागरदेखि विश्वको सबैभन्दा अग्लो स्थान सगरमाथा (८८४८.८६ मिटर) पनि यही महादेशमा पर्छन् । यो महादेशअन्तर्गत पर्ने सबैभन्दा ठुलो देश रुस तथा सानो देश माल्दिभ्स हो ।




## २. धरातलीय स्वरूप

एसिया महादेश धरातलीय स्वरूपका आधारमा विविधतापूर्ण छ । कतै अग्ला पहाड, पर्वतहरू छन् भने कतै समथर मैदान छन्, कतै पठार, उच्च समस्थली छन् भने कतै मरुभूमि छन् । एसिया महादेशको धरातलीय स्वरूपलाई निम्नलिखित पाँच भागमा विभाजन गर्न सकिन्छ :

(क) **उत्तरी मैदानी क्षेत्र** : एसियाको उत्तरी भागमा पर्ने पश्चिममा युराल पर्वतदेखि पूर्वमा लिना नदी तथा तिब्बत र मङ्गोलियाको उत्तरमा अवस्थित मैदानी भागलाई उत्तरी मैदानी क्षेत्र भनिन्छ । रुसको साइबेरिया क्षेत्रमा विस्तृत रूपले फैलिएको हुनाले यो मैदानी क्षेत्रलाई साइबेरियाको मैदान पनि भनिन्छ । ओब, यान्सी र लिना यस क्षेत्रको मुख्य नदी हुन् । संसारको सबैभन्दा गहिरो बैकाल ताल पनि यही क्षेत्रमा पर्छ ।

(ख) **मध्यवर्ती पठार र पर्वतीय क्षेत्र** : यस महादेशको उत्तरको मैदानी भाग तथा भारतीय उपमहाद्वीपका बिचमा अवस्थित क्षेत्रलाई मध्यवर्ती पठार र पर्वतीय क्षेत्र भनिन्छ । यहाँबाट पर्वत चारैतिर फैलिएका छन् । यस भागलाई पामिरको गाँठो वा संसारको छानो पनि भनिन्छ । पामिरको पठारको पूर्वतिर चीनको तिब्बतको भूभाग पर्छ । पामिरको पठारबाट हिमालय, कुनलुन र कराकोरम पर्वत श्रेणीहरू चारै दिशातिर फैलिएका छन् ।

(ग) **दक्षिणी पठार** : मध्यवर्ती पठार र पर्वतीय क्षेत्रको दक्षिणतिर प्राचीन चट्टानले बनेको पठारी भाग छन् । यसअन्तर्गत डेक्कन उच्च समस्थली, अरबको उच्च समस्थली र इरानको उच्च समस्थली पर्छन् ।

(घ) **नदीबेँसी** : नदीले बगाएर ल्याएको माटो थुप्रिएर बनेको बेँसीलाई नदीबेँसी भनिन्छ । एसियामा यस्ता थुप्रै नदीबेँसी छन् । यसअन्तर्गत टिग्रिस र युफ्रेटस नदी मैदान, सिन्धु, गङ्गा, ब्रह्मपुत्र र इरावती नदीको नदीबेँसी वा मैदान पर्छन् । यसैगरी ह्वाङ्हो, याङ्सी, सिक्याङ, मेनम, मेकाङ आदि नदीले निर्मित मैदान पनि एसियाका प्रमुख नदीबेँसी हुन् । यो मैदानी क्षेत्र धान उत्पादनका लागि प्रसिद्ध छ ।

(ङ) **द्वीप समूह** : एसिया महादेशको दक्षिण पूर्वी तथा पूर्वी भाग विभिन्न टापु मिलेर बनेको छ । यस्ता द्वीपसमूहअन्तर्गत मुख्य गरी जापान, फिलिपिन्स, इन्डोनेसिया पर्छन् । यस्ता द्वीपको मध्य भाग केही अग्लो र तटीय भाग समथर छ । यसअन्तर्गत इन्डोनेसिया सबैभन्दा ठुलो द्वीप समूह हो ।

## ३. हावापानी र वनस्पति

एसिया महादेश भूमध्यरेखीय हावापानीको क्षेत्रदेखि उत्तरी ध्रुवको टुन्ड्रा हावापानीको क्षेत्रसम्म फैलिएको छ । त्यसैले यहाँको हावापानीमा विविधता छ । यहाँ विश्वमा पाइने सबै प्रकारका हावापानी पाइन्छ । यहाँ पाइने हावापानी वनस्पति तथा वन्यजन्तु निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

| क्र.स. | हावापानी | विशेषता | वनस्पति र वन्यजन्तुका विशेषता |
|---|---|---|---|
| १ | भूमध्यरेखीय हावापानी | यो हावापानी मलेसिया र पूर्वी द्वीप समूहका देशमा पाइन्छ । वार्षिक औसत तापक्रम २७° से. र बर्सैभरि पानी पर्छ । औसत वार्षिक वर्षा २०० सेन्टिमिटर हुन्छ । | यहाँ सदाबहार वनस्पति पाइन्छन् । जङ्गल अत्यन्त घना, अग्ला र कडा काठमा रुख पाइन्छन् । हावापानीको क्षेत्रमा चिम्पान्जी, हात्ती, बाघ तथा विभिन्न प्रकारका सरीसृप र चराचुरुङ्गी पाइन्छन् । |

| क्र.स. | हावापानी | विशेषता | वनस्पति र वन्यजन्तुका विशेषता |
|---|---|---|---|
| २ | ऊष्ण मौसमी हावापानी | यो हावापानी नेपाल, भारत, फिलिपिन्स, चीनलगायतका देशमा पाइन्छ । ग्रीष्ममा औसत तापक्रम ३२° से. र हिउँदमा १५° से. र औसत वर्षा १५० सेन्टिमिटरभन्दा बढी हुन्छ । | यस हावापानीको क्षेत्रमा पतझर वनस्पति पाइन्छन् । यहाँ घना जङ्गल पाइन्छ । चिसोको कारणले रुखको पात हिउँद महिनामा झर्छ । यस हावापानीको क्षेत्रमा बाघ, हात्ती, गैँडा, मृग, बँदेल, विभिन्न सरिसृपहरू तथा चराचुरुङ्गी पाइन्छन् । |
| ३ | समशीतोष्ण मौसमी हावापानी | यो हावापानी उत्तर र मध्य चीन, कोरिया तथा जापानमा पाइन्छ । ग्रीष्ममा औसत तापक्रम २०° र हिउँदमा औसत तापक्रम १०° से हुन्छ । ग्रीष्ममा वर्षा हुन्छ । औसत वर्षा १५० सेन्टिमिटर हुन्छ । | यस हावापानीको क्षेत्रमा समशीतोष्ण पतझर जङ्गल पाइन्छ । तटीय क्षेत्रमा सदाबहार, भित्री भागमा पतझर र कतिपय उच्च भागमा कोणधारी वनस्पति पाइन्छ । यस हावापानीको क्षेत्रमा न्याउरीमुसो, ब्वाँसो, स्याल, मृग, सर्प, भालु आदि जनावर तथा चराचुरुङ्गी पाइन्छन् । |
| ४ | ऊष्ण मरुस्थलीय हावापानी | यो हावापानी थार र अरबको मरुभूमि क्षेत्रमा पाइन्छ । यहाँ ग्रीष्म गर्मी र सुक्खा तथा हिउँद ठन्डा र सुखा हुन्छ । औसत तापक्रम ग्रीष्ममा ४५° र हिउँदमा ०-१०° से जति हुन्छ । वर्षा २५ सेन्टिमिटर भन्दा कम हुन्छ । | यहाँ क्याक्टस जातका वनस्पति पाइन्छन् । यी वनस्पतिका पात बाक्लो र काँडा हुने तथा जरा लामो हुन्छ । पानी पाइने ठाउँमा पाम र नरिवलका बोट पाइन्छन् । यस हावापानीको क्षेत्रमा हायना, सर्प, छेपारो फ्याउरो, बिच्छी तथा केही चराचुरुङ्गी पाइन्छन् । |
| ५ | शीतोष्ण मरुस्थलीय हावापानी | यो हावापानी मध्य एसियाको तिब्बत र गोबी क्षेत्रमा पाइन्छ । समुद्रदेखि टाढा पर्ने र बढी उचाइ रहेको कारणले यहाँ बर्सैभरि ठन्डा हुन्छ । | यहाँ मरुस्थलीय वनस्पतिहरू नगण्य मात्रामा पाइन्छन् । यस हावापानीको क्षेत्रमा फ्याउरा, मुसा तथा विषालु किराहरू पाइन्छन् । |

| क्र.स. | हावापानी | विशेषता | वनस्पति र वन्यजन्तुका विशेषता |
|---|---|---|---|
| ६ | मन्चुरिया प्रकारको हावापानी | यस प्रकारको हावापानी पूर्वी एसियाको उत्तरी जापान र कोरियामा पाइन्छ । यहाँ ग्रीष्म न्यानो र औसत तापक्रम २०° से. तथा हिउँद ठन्डा हुन्छ । ग्रीष्ममा वर्षा हुने र औसत वर्षा ७५ सेन्टिमिटर जति हुन्छ । | बढी उचाइ भएका ठाउँमा पतझर र कोणधारी वनस्पति पाइन्छन् । यस हावापानीको क्षेत्र चिसो हुनाले यहाँ बाक्लो रौँ भएका जनावर पाइन्छन् । यस क्षेत्रमा न्याउरीमुसो, भालु, फ्याउरो, खरायो, मृग प्रशस्त पाइन्छन् । |
| ७ | भूमध्य सागरीय हावापानी | यस प्रकारको हावापानी पश्चिम एसियामा पाइन्छ । यहाँ ग्रीष्म न्यानो र सुक्खा तथा हिउँद ठन्डा र आर्द्र हुन्छ । ग्रीष्मको औसत तापक्रम २१-२६° से तथा हिउँदमा ५-१०° से जति हुन्छ । वर्षा ४० से. मिटरसम्म हुन्छ । | यहाँ सदाबहार वनस्पति पाइन्छन् । विभिन्न प्रकारका फलफूल पनि प्रशस्त पाइन्छन् । यहाँ खरायो, स्याल, न्याउरी मुसालगायतका लामो पुच्छर र छोटो पखेटा भएका चराचुरुङ्गी पाइन्छन् । |
| ८ | समशीतोष्ण घाँसे भूमिको हावापानी | यो हावापानी गोबी मरुभूमिभन्दा उत्तरतिर पाइन्छ । यहाँ ग्रीष्ममा गर्मी र आर्द्र हुन्छ भने हिउँदमा ठन्डा हुन्छ । हिउँदमा हिउँ पर्छ । वर्षा पनि २५ सेन्टिमिटर भन्दा कम हुन्छ । | यहाको घाँसे भूमि विशाल क्षेत्रमा फैलिएको पाइन्छ । यहाँको घाँसे भूमिलाई स्टेप्स (Steppes) भनिन्छ । बिसन, मृग, स्याल, खरायो र विभिन्न चराचुरुङ्गी पाइन्छन् । |
| ९ | ठन्डा समशीतोष्ण हावापानी | एसियाको उत्तरी भाग विशेष गरेर साइबेरियामा यस प्रकारको हावापानी पाइन्छ । यहाँ ग्रीष्म छोटो र न्यानो तथा हिउँद लामो र ठन्डा हुन्छ । यहाँ हिउँका रूपमा वृष्टि हुन्छ । | साइबेरियामा कोणधारी वनस्पति पाइन्छ । रुख सदाबहार हुन्छन् । यस्ता जङ्गललाई टाइगा भनिन्छ । यहाँ हिँउचितुवा, हिँउभालु र रेडडियर पाइन्छ । |

| क्र.स. | हावापानी | विशेषता | वनस्पति र वन्यजन्तुका विशेषता |
|---|---|---|---|
| १० | टुन्ड्रा हावापानी | उत्तरी धुव्रको छेउछाउ वा सुमेरु वृत्तको उत्तरतर्फ यो हावापानी पाइन्छ । ग्रीष्म छोटो र हिउँद लामो तथा ठन्डा हुन्छ । यहाँ बर्सैभरि हिउँ पर्छ । | काई, झ्याउ, लेउ मात्र पाइन्छ । कम उचाइमा छिटो फुल्ने केही वनस्पति पाइन्छन् । यहाँ ध्रुवीय भालु, रेन डियरलगायतका जनावर पाइन्छन् । पेन्गुइन पनि पाइन्छ । |

## *क्रियाकलाप*

१. **एसिया महादेशको नक्सा बनाई उपयुक्त चिह्न र सङ्केतको प्रयोग गरी निम्नलिखित तथ्य भर्नुहोस् :**

सबैभन्दा होचो भूभाग, सबैभन्दा अग्लो भूभाग, भूमध्यरेखीय हावापानी पाइने क्षेत्र, टोकियो, गोबी मरुभूमि, पामिरको गाँठो, मेकङ नदी, गङ्गा नदी, हिन्द महासागर, सुमेरु वृत्त, टाइगा वनस्पतिको क्षेत्र

२. **कक्षामा विभिन्न समूहमा विभाजित भई एसिया महादेशको अवस्थिति, प्राकृतिक स्वरूप, नदी, हावापानी र वनस्पतिका बारेमा एटलस एवम् विभिन्न स्रोतका माध्यमबाट खोजी गरेर प्राप्त विवरण कक्षामा प्रस्तुत गर्नुहोस् ।**

# अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **एसिया महादेशको धरातलीय स्वरूप उल्लेख गर्नुहोस् ।**

(ख) **एसिया महादेशमा पाइने मुख्य नदीको सूची बनाउनुहोस् ।**

(ग) **एसिया महादेशमा पाइने हावापानीको विवरण प्रस्तुत गर्नुहोस् ।**

(घ) **एसिया महादेशमा पाइने प्राकृतिक वनस्पतिका प्रकार र विशेषता तालिकामा देखाउनुहोस् ।**

(ङ) **'एसिया महादेश विविधतायुक्त छ' यस भनाइलाई पुष्टि गर्नुहोस् ।**

## *समूह कार्य*

एटलस हेरेर एसिया महादेशमा अवस्थित देश एवम् तिनको राजधानी खोजी गनुहोस् र तालिकामा लेखी कक्षाकोठामा टाँस्नुहोस् ।

पाठ
८

# एसिया : आर्थिक क्रियाकलाप र सामाजिक जीवन

एसिया महादेश भूबनोट, हावापानी, प्राकृतिक स्रोत र साधनको उपलब्धता तथा उपयोगका आधारमा विविधतायुक्त छ । यहाँको आर्थिक क्रियाकलाप र जीवनशैली प्रत्यक्ष रूपमा यिनै पक्षबाट प्रभावित छ । एसिया महादेश हावापानीको दृष्टिले विविधताको महादेश मानिन्छ । यहाँ भिन्न भिन्न आर्थिक क्रियाकलाप र जीवनशैली पाइन्छ । यहाँको मुख्य आर्थिक क्रियाकलाप र सामाजिक जीवनलाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

## १. पश्चिम एसिया (मध्यपूर्व)

पश्चिम एसिया (मध्यपूर्व) को क्षेत्रअन्तर्गत साउदी अरब वरिपरिका क्षेत्र तथा युफ्रेट्स (Euphrates) र टिग्रिस (Tigris) नदीबिचका भूभाग पर्छन् । यो क्षेत्र एसियाको पश्चिम भाग तथा युरोपको दक्षिण भागमा अवस्थित छ । यहाँ मरुस्थलीय प्रकारको हावापानीको कारणले कृषि उत्पादन कम हुन्छ । यहाँ कतै कतै मरुद्यानमा मात्र पानी पाइन्छ । यस्तो ठाउँमा गहुँ, कोदो, मकै तथा पाम र नरिवल उत्पादन हुन्छ । यस क्षेत्रको जनघनत्व पनि अत्यन्त कम छ । जीवनशैली पनि कठिन छ । मरुभूमि क्षेत्रका मानिसहरूको अर्थोपार्जन र जीवनशैलीको मुख्य आधार पशुपालन हो । भेडा, बाख्रा, गाई तथा उँट यहाँ पालिने जनावर हुन् । उँट धेरै दिनसम्म पानीविना बाँच्न र हिँड्न सक्ने भएकाले यस क्षेत्रमा उँटलाई यातायातको मुख्य साधनका रूपमा प्रयोग गरिन्छ । यसलाई मरुभूमिको जहाज (ship of the desert) पनि भनिन्छ । यो भाग इसाको पाचौँ शताब्दीतिर नै प्रमुख आर्थिक केन्द्रका रूपमा विकास भएको थियो । त्यसैले यहाँका मानिस पाटपुर्जा, स्टिल, फलाम आदिको व्यापार र उद्योगमा संलग्न भएको पाइन्छ । यो क्षेत्र पेट्रोलियम पदार्थको भण्डारका लागि प्रसिद्ध मानिन्छ । पेट्रोलियम पदार्थ उत्खनन तथा उत्पादन भएपछि यहाँको आर्थिक स्थिति र जीवनस्तरमा ठुलो परिवर्तन आएको छ । विश्वको कुल पेट्रोलियम पदार्थ निर्यातको लगभग ३३ प्रतिशत हिस्सा यस क्षेत्रबाट हुन्छ । पछिल्लो समयमा विशेष गरेर अरबको मरुस्थलीय क्षेत्रमा पर्यटकीय गतिविधिमा पनि व्यापक रूपमा विस्तार भएको पाइन्छ ।

यहाँका अधिकांश व्यक्ति इस्लाम धर्मावलम्बी छन् । यहाँ बस्ने मानिस अरेबिक, हिब्रु, पर्सियन तथा तुर्की भाषा बोल्छन् । यो क्षेत्र इस्लाम तथा इसाई धर्मको उद्गम स्थल पनि हो । यहाँ विशेष गरेर अरबी, टर्किस तथा इरानियन जातिको बसोबास पाइन्छ ।

## २. दक्षिण एसिया

एसियाको दक्षिणी भूभाग अर्थात् हिन्दकुश पर्वतीय क्षेत्रको दक्षिणमा रहेको भूभाग यस क्षेत्रअन्तर्गत पर्छ । एसियाको हिमालय शृङ्खलाभन्दा तल रहेको भारत तथा वरिपरिको क्षेत्रलाई भारतीय उपमहाद्वीप भनिन्छ । यहाँका नदी हिमालय क्षेत्रबाट उत्पत्ति भएको कारणले यहाँ प्रचुर मात्रामा पानीको उपलब्धता

छ । यहाँको जमिन नदीले बगाएर ल्याएको पाँगो माटोबाट निर्मित छ । तसर्थ यहाँ थुप्रै उर्वर नदीबेँसी तथा समथर भूभाग रहेका छन् । कृषि, पशुपालन, उद्योग, वाणिज्य व्यापार तथा पर्यटन र माछा मार्नु यहाका मुख्य आार्थिक क्रियाकलाप हुन् । यहाँ धान, गहुँ, मकैजस्ता खाद्य बाली तथा चिया, जुट, उखु, तेलहन, दलहन, मसला आदि नगदे बालीको प्रशस्त उत्पादन हुन्छ । यस क्षेत्रको अर्थतन्त्र कृषि तथा पशुपालनमा आधारित छ । अहिले उद्योग तथा कलकारखानाको पनि विकास हुँदै गएको छ । भारत, पाकिस्तान, श्रीलङ्कालगायतका देशमा खानी, पशु, कृषि तथा वनस्पतिजन्य उद्योग प्रशस्त छन् । फलामको धाउ, बक्साइट, तामा, पेट्रोल, सुन चाँदी जस्ता खनिज पाइन्छन् । कोइला, पेट्रोल तथा जलविद्युत् जस्ता उर्जाको उपयोग र खपत भएको पाइन्छ । समथल भूभाग र अनुकुल हावापानीको कारणले यहाँको जनघनत्व बढी छ र जनसङ्ख्या वृद्धिदर उच्च छ । संस्कृतिको दृष्टिकोणले यो क्षेत्र महत्त्वपूर्ण मानिन्छ किनभने यहाँ प्राचीन सभ्यता र संस्कृतिको विकास र विस्तार भएको थियो । हिन्दु र बौद्ध धर्मको उत्पत्ति पनि यही भएको थियो । त्यसैले यस क्षेत्रलाई पूर्वीय सभ्यता र संस्कृतिको उद्गम स्थल मानिन्छ । यहाँ हिन्दु धर्म मान्नेको बाहुल्य छ । यसबाहेक यहाँ इसाई तथा इस्लाम धर्म मान्ने मानिसहरूको पनि बसोबास छ । यहाँ हिन्दी, बङ्गाली, नेपाली, उर्दूलगायत ६५० भन्दा बढी भाषा बोलिन्छन् ।

### ३. दक्षिण पूर्वी एसिया

चीनको दक्षिणी भाग तथा एसियाको दक्षिणपूर्वका म्यानमार, मलेसिया, सिङ्गापुर, इन्डोनेसिया, फिलिपिन्स, थाइल्यान्ड आदि देश यस क्षेत्रअन्तर्गत पर्छन् । थाइल्यान्ड, इन्डोनेसिया, सिगाङ्पुर, फिलिपिन्स र मलेसियाले औद्योगिकीकरणमार्फत तीव्र आर्थिक वृद्धि गरिरहेका छन् । यस क्षेत्रमा जनआवादी बाक्लो छ । यस क्षेत्रका मानिस कृषि, पशुपालन, पर्यटन, उद्योग, व्यापार तथा माछा मार्ने काममा संलग्न भएको पाइन्छ । कृषिअन्तर्गत खाद्यान्न बाली तथा नगदेबाली लगाइन्छ । खाद्यान बालीअन्तर्गत धान, मकै, गहुँ जस्ता बाली लगाइन्छ । नगदेबालीअन्तर्गत रबर, कपास, जुट, नरिवल आदि उत्पादन हुन्छ । तटीय क्षेत्रमा बस्ने मानिस माछा मार्ने व्यवसायमा संलग्न भएको पाइन्छ । यहाँ उद्योगधन्दा र व्यापार फस्टाइरहेको पाइन्छ । यस क्षेत्रमा पर्यटन उद्योगको राम्रो विकास भएको छ । यहाँ जस्ता, बक्साइट, फलामको धाउ, पेट्रोल, कोइला प्रशस्त पाइन्छ । मलेसिया, सिङ्गापुर र थाइल्यान्डका मानिसहरूको जीवनस्तर राम्रो छ । यहाँ मङ्गोल जातिका साथै भारतीय र निग्रो जातिका मानिस बस्छन् । यहाँ इस्लाम, बौद्ध, इसाई र नगण्य मात्रामा हिन्दु धर्मावलम्बी बसोबास गर्छन् ।

### ४. पूर्वी एसिया

यो क्षेत्र एसियाको सबैभन्दा विकसित क्षेत्र हो । चीनको पूर्वीक्षेत्र, कोरिया तथा जापान यस क्षेत्रमा पर्छन् । यो क्षेत्रमा एसियाको सबैभन्दा बढी जनघनत्व छ । यस क्षेत्रका मानिस कृषि, पशुपालन, उद्योग, सेवा, व्यापार तथा माछा मार्ने काममा संलग्न भएको पाइन्छ । उद्योग तथा सेवा यहाँको मुख्य आर्थिक क्रियाकलाप हो । चीनको केही भाग, जापान तथा कोरिया धान उत्पादनका लागि प्रसिद्ध छन् । योबाहेक यस क्षेत्रमा मकै, गहुँको पनि ठुलो मात्रामा उत्पादन हुन्छ । यस क्षेत्रमा चिया, कफी, कपास, तथा रेसम जस्ता नगदे बालीको उत्पादन गरिन्छ । कृषि तथा पशुपालनमा आधुनिक प्रविधिको

प्रयोग गरिएको छ । फलामको धाउ, सिसा, जस्ता, तामा कोइला, पेट्रोल खानी प्रशस्त पाइन्छन् । यहाँ उत्पादित जलविद्युत् औद्योगिक प्रयोजनका लागि बढी उपयोग गरिन्छ । हाल यस क्षेत्रमा खनिजजन्य उद्योगको तीव्र विकास भएको हुनाले आर्थिक विकासको गति उच्च छ । प्रतिव्यक्ति आय र औसत उमेर उच्च हुनका साथै जीवनशैली आधुनिक प्रकारको छ । यो क्षेत्र विश्वकै विकसित क्षेत्रअन्तर्गत पर्छ । यस क्षेत्रको अर्को महत्त्वपूर्ण आर्थिक क्रियाकलाप पर्यटन हो ।

यस क्षेत्रमा अधिकांश मङ्गोल जाति रहेका छन् भने बौद्ध धर्म मान्ने मानिस धेरै छन् । तर कन्फुसियस, सिन्तो, ताओ, इस्लाम, इसाई धर्म मान्ने मानिस पनि यहाँ बस्छन् । विभिन्न जातजातिको बसोबास भएको हुनाले यहाँ धेरै भाषा बोलिन्छ । यहाँको साक्षरता दर पनि उच्च छ ।

## ५. मध्य तथा उत्तरी एसिया

हिमालयको उत्तरी भाग तथा रुसको दक्षिणी क्षेत्रका भागमध्ये तथा उत्तरी एसियामा पर्छन् । यस क्षेत्रअन्तर्गत किर्गिस्तान, कजाकिस्थान रुसको केही भाग तथा चीनको पश्चिमी तथा मध्यखण्ड, मङ्गोलियालगायतका देश पर्छन् । विषम हावापानीको कारणले मध्य तथा उत्तरी एसियाको आर्थिक स्थिति तथा जनजीवन सहज छैन । यस क्षेत्रको मुख्य आर्थिक क्रियाकलापमा कृषि तथा पशुपालन पर्छन् । यहाँ उत्पादन हुने खाद्यन्नबाली जौ, मकै, गहुँ, आलु, धान आदि हुन् । नगदे बालीमा कपास, चिया, रेसमको उत्पादन हुन्छ । पशुपालन यहाँको अर्को महत्त्वपूर्ण आर्थिक क्रियाकलाप हो । मध्यएसियामा घाँसेभूमि रहेको हुनाले पशुपालन प्रशस्त गरिन्छ । यहाँका मानिस भेडा र बाख्रा, घोडापालन कार्यमा संलग्न भएको पाइन्छ । अत्यन्तै चिसो हावापानीको कारण यस क्षेत्रमा आबादी एकदम पातलो छ । रुसको उत्तरी क्षेत्र पनि यही भागमा पर्छ, जसलाई साइबेरिया भनिन्छ । यस क्षेत्रमा पाइने कोणधारी जङ्गललाई टाइगा (Taiga) भनिन्छ । यो जङ्गल फर्निचर तथा कागज उत्पादनका लागि उपयोगी मानिन्छ । रुस तथा चीनमा प्रशस्त जलविद्युत् उत्पादन हुन्छ । कोइला, निकेल, सुन, तेल, खानी उल्लेख्य मात्रामा पाइने कारणले यहाँको आर्थिक तथा सामाजिक जीवनमा सकारात्मक प्रभाव पारेको छ । यहाँको जनघनत्व कम छ । यहाँ ककेसियन तथा मङ्गोल जातिको बाहुल्य छ । उत्तरी क्षेत्रमा बस्ने मानिस इसाई धर्म तथा मध्य एसियाका देशका मानिस बौद्ध, कन्फ्युसियस, इस्लाम धर्म मान्छन् ।

## *क्रियाकलाप*

१. **एसिया महादेशको विभिन्न क्षेत्रको सामाजिक र आर्थिक क्रियाकलापको विवरण तालिकामा प्रस्तुत गर्नुहोस् ।**

२. **एसियाको नक्सामा उपयुक्त सङ्केतको प्रयोग गरेर निम्नलिखित तथ्य भर्नुहोस् :**

(क) ठाउँ : तिब्बतको उच्च समस्थली, सगरमाथा, थार मरुभूमि, रियाद, काबुल, श्रीलङ्का, सिङ्गापुर, मङ्गोलिया, दिल्ली, बेइजिङ, टोकियो

(ख) नदी : युफ्रेटस, लिना, मेकङ, इरावती, गङ्गा, ह्वाङ्हो, याङ्त्सी, कोसी

(ग) ताल/समुद्रः बैकाल, बङ्गालको खाडी, अरेबियन सागर, क्यास्पियन सागर

(घ) पर्वत श्रेणीः हिमालय, कुनलुन, तियान शान, काराकोरम

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

**(क) स्टेप्स र टाइगाको आर्थिक महत्त्व लेख्नुहोस् ।**

**(ख) एसियाको विभिन्न क्षेत्रमा जनघनत्व असमान हुनाका कारण लेख्नुहोस् ।**

**(ग) दक्षिण एसिया र दक्षिण पूर्वी एसियाको आर्थिक गतिविधिको तुलना गर्नुहोस् ।**

**(घ) कारण दिनुहोस् :**

(अ) एसियाको पूर्वी भागमा प्रशस्त वर्षा हुन्छ भने पश्चिम भागमा कम वर्षा हुन्छ ।

(आ) सिङ्गापुर र इन्डोनेसियामा बर्सैभरि पानी पर्छ ।

(इ) जापानमा माछा मार्ने व्यवसाय फस्टाएको छ ।

(ई) दक्षिण एसियामा जनघनत्व उच्च छ ।

# पाठ ९

# युरोप: भौगोलिक तथा प्राकृतिक वातावरण

युरोप दोस्रो सानो महादेश हो । यस महादेशलाई समुद्रले तीनतिरबाट र जमिनले एकतिरबाट घेरेको छ । यस्तो भूभागलाई प्रायद्वीप भनिन्छ । युरोपमा धेरै प्रायद्वीप हुनाले यस महादेशलाई 'प्रायद्वीपको पनि प्रायद्वीप' भनिन्छ । लामो तटीय क्षेत्र तथा समुद्र जमिनको भित्री भागसम्म घुसेर उत्तरी युरोपमा फियोर्ड बनेको पाइन्छ । त्यसैले युरोपका अधिकांश देशको समुद्री पहुँच सम्भव भएको हो । यहाँ केही भूपरिवेष्टित देश समेत छन् ।




## १. अवस्थिति

यो महादेश ३९° उत्तर अक्षांशदेखि ७१° उत्तरी अक्षांश र २०° पश्चिम देशान्तरदेखि ६५° पूर्वी देशान्तरसम्म फैलिएको छ । यस महादेशलाई पूर्वमा युराल पर्वत र क्यास्पियन सागरले एसियाबाट छुट्याएको छ । यसको पश्चिममा आन्ध्र महासागर, उत्तरमा सुमेरु महासागर र दक्षिणतर्फ भूमध्यसागर पर्छन् । यसको औसत पूर्वपश्चिम लम्बाइ ६४०० किलोमिटर र उत्तरदक्षिण चौडाइ ४८०० किलोमिटर छ ।

## २. भौगोलिक स्वरूप

युरोपलाई भौगोलिक स्वरूपका आधारमा तीन भागमा विभाजन गर्न सकिन्छ :

**(क) उत्तर पश्चिमको उच्च भूमि**

उत्तरको नर्वे, स्विडेनदेखि पश्चिममा स्कटल्यान्डसम्म फैलिएको उच्च भूभागलाई उत्तर पश्चिमको उच्च भूमि भनिन्छ । यसलाई स्केन्डिनेभियन उच्च भूमि पनि भनिन्छ । यो भाग पुरानो मोडदार पर्वत तथा कडा चट्टानबाट निर्मित छ । स्विडेन र फिनल्यान्डको उच्च भूमिलाई बाल्टिक सिल्ड पनि भनिन्छ । यहाँ विभिन्न प्रकारका खनिज तत्त्व पाइन्छन् । यस क्षेत्रमा प्रशस्त जलविद्युत् उत्पादन हुन्छ ।

(ख) **मध्य मैदानी भाग**

मध्य मैदानी भाग उत्तरी उच्च भूमिको दक्षिणतिर अवस्थित छ । यो पूर्वको युराल पर्वतदेखि पश्चिमको आन्ध्र महासागरको किनारी भागसम्म फैलिएको छ । त्रिकोणात्मक आकारमा फैलिएको यो मैदानको पश्चिमी भाग साँगुरो छ भने पूर्वतिरको भाग क्रमशः फराकिलो हुँदै गएको छ । यो भाग उत्तरबाट दक्षिणतिर केही भिरालो हुँदै गएको छ । यो मैदानी भागले रुसको विस्तृत क्षेत्रलाई पनि ओगट्छ । प्राचीन चट्टानबाट निर्मित यो भाग खनिज साधनका लागि प्रसिद्ध मानिन्छ । यस क्षेत्रले रुस, जर्मनी, उत्तरी फ्रान्स, बेल्जियमको ठुलो क्षेत्रलाई ओगट्छ । यो क्षेत्र भोल्गा, डन, निपर आदि नदीले बगाएर ल्याएको माटो थुप्रिएर बनेको छ । गायो मैदानी भाग मलिलो छ र कृषिका लागि उपयुक्त छ । युरोपको बढी जनघनत्व पनि यही भागमा छ ।

(ग) **दक्षिणको पर्वतीय क्षेत्र**

मध्य मैदानी भागको दक्षिणतिर दक्षिणी पर्वतीय क्षेत्र अवस्थित छ । यो पर्वतीय क्षेत्र आल्प्स, ककेसस, कार्पाथियस, पायरेनिज पर्वत श्रेणी मिलेर बनेको छ । यी पर्वत एसियाको हिमालय क्षेत्रको समकालीन मानिन्छन् । आल्प्स पर्वतीय शृङ्खला फ्रान्स र स्विजरल्यान्डको बिच भाग भएर जान्छ । आल्प्स श्रेणीको सबैभन्दा उच्च पर्वत ब्लान्क पर्वत (४८०७ मि.) हो । आल्प्सको पर्वतको पूर्वतिर कार्पाथियन पर्वत श्रेणी पर्छ । पायरेनिज पर्वत फ्रान्स तथा स्पेनको सिमानामा अवस्थित छ ।

## ३. हावापानी र प्राकृतिक वनस्पति

लामो तटीय क्षेत्र र समशीतोष्ण प्रदेशमा अवस्थित हुनाले युरोपको हावापानी समुद्र/महासागरबाट प्रभावित छ । त्यसैले यहाँको हावापानी मध्यम तथा रम्य प्रकारको छ । यहाँ समशीतोष्ण प्रकारको हावापानी पाइन्छ । केही भित्री भागबाहेक अन्य स्थानमा प्रशस्त वर्षा हुन्छ । सुमेरु वृत्तभन्दा माथिको नर्वे, स्विडेन, फिनल्यान्ड र रुसमा टुन्ड्रा हावापानी पाइन्छ । ग्रीष्म अत्यन्त छोटो र सुक्खा हुन्छ भने हिउँद लामो हुन्छ । यहाँ बर्सैभरि हिउँले ढाकिएको हुन्छ । ग्रीष्मको तापक्रम १०° से.देखि १२° से. जति हुन्छ भने हिउँदमा ०° से भन्दा धेरै कम हुन्छ ।

उत्तर पश्चिम भागमा ब्रिटिस प्रकार वा पश्चिमी सामुद्रिक प्रकारको हावापानी पाइन्छ । समुद्रको नजिक पर्ने र पश्चिमी वायुको प्रभावले यस क्षेत्रमा बर्सैभरि पानी पर्छ । यहाँ हिउँद ठन्डा र आर्द्र तथा ग्रीष्म आर्द्र र न्यानो हुन्छ । यस हावापानीको क्षेत्रमा हिउँद र ग्रीष्मको तापान्तर धेरै हुँदैन ।

युरोपको पूर्वपट्टिको मैदानी भागमा समशीतोष्ण घाँसेभूमिको हावापानी पाइन्छ । ग्रीष्ममा गर्मी र हिउँदमा अत्यन्त जाडो हुन्छ । यो हावापानी विषम प्रकृतिको हुन्छ । ग्रीष्ममा वर्षा हुन्छ तर अत्यन्त कम हुन्छ । यस्तो हावापानीलाई समशीतोष्ण तृण भूमिको हावापानी भनिन्छ । क्यास्पियन सागर तथा युराल पर्वतसम्मको भागमा समशीतोष्ण मरुभूमिको हावापानी पाइन्छ । यहाँ ग्रीष्म गर्मी र सुक्खा तथा हिउँद ठन्डा र सुक्खा हुन्छ । ग्रीष्ममा अन्त्यन्त कम वर्षा हुने तर हिउँदमा हिउँ पर्ने हुनाले यसलाई अर्ध मरुभूमिको क्षेत्र पनि भनिन्छ । युरोपको दक्षिणी भागमा भूमध्यसागरको वरिपरि भूमध्यसागरीय

हावापानी पाइन्छ । यहाँ ग्रीष्म गर्मी र सुक्खा तथा हिउँद ठन्डा र आर्द्र हुन्छ । पश्चिमी वायुको प्रभावले हिउँदमा वर्षा हुन्छ भने वाणिज्य वायुको प्रभावले ग्रीष्म सुक्खा हुन्छ । यस्तो हावापानी स्पेन, फ्रान्स, इटाली र ग्रिसमा पाइन्छ ।

हावापानीको प्रभावले प्राकृतिक वनस्पतिमा विभिन्नता पाइन्छ । अत्यन्त चिसो हुनाले साइबेरियाको केही भागमा तथा उत्तरी भागमा बोटबिरुवाविहीन मैदानी भाग छ । यहाँ काई, झ्याउ तथा लेउ जस्ता वनस्पति मात्र पाइन्छन् । यो भेगको दक्षिणतिर विस्तृत क्षेत्रमा कोणधारी वनस्पतिको क्षेत्र फैलिएको छ ।

कृष्ण सागर र क्यास्पियन सागरको बिचको क्षेत्रमा समशीतोष्ण तृणभूमिको हावापानी पाइन्छ । यस क्षेत्रमा मसिना, बाक्ला र पोसिला घाँसेक्षेत्र विस्तृत भूभागमा फैलिएको छ । यहाँ पाइने घाँसे भूमिलाई स्टेप्स भनिन्छ । भूमध्यसागर वरिपरि लामो जरा, छोटो, मसिना र चिल्लो पात भएका, बाक्लो बोक्रा भएका वनस्पति पाइन्छन् । यहाँ जैतुन, ओक, सुन्तला, कागती, अङ्गुर आदि जातका वनस्पति र फलफूल पाइन्छन् । त्यसैले यस हावापानीको क्षेत्रलाई संसारको बगैँचा पनि भनिन्छ ।

दक्षिणी उच्चभूमिमा भने अल्पाइन वनस्पति पाइन्छन् । यस्ता वनस्पतिमा सल्लो, देबदार, ओखर, भोजपत्र जस्ता नरम जातका रुख पाइन्छन् । युरोपमा विभिन्न प्रजातिका जनावर र चराचुरुङ्गी पाइन्छन् । यहाँ पाइने मुख्य जनावरमा खैरो भालु, लोखर्के, बाइसन (Bison), खरायो, मृग आदि हुन् ।

## *क्रियाकलाप*

१. **युरोपको नक्सा बनाई उपयुक्त सङ्केत र चिह्नको प्रयोग गरी निम्नलिखित तथ्यहरू भर्नुहोस् :**

  (क) आल्प्स, रोम, डेन्युब नदी, स्टेप्स, बर्सैभरि वर्षा हुने क्षेत्र, लन्डन

  (ख) पेरिस, मस्को, आन्ध्र महासागर, बाल्टिक सागर, भूमध्य सागर, एलब्रस पर्वत

  (ग) हिउँदमा वर्षा हुने क्षेत्र, उत्तरी उच्च भूमि, जिब्राल्टर, ओस्लो, ग्रिस, लिस्बन

२. **युरोप महादेशका धेरै देश विकसित छन्, पुस्तकालय तथा शिक्षकको सहायताले विकसित हुनुको कारणबारे छलफल गर्नुहोस् र प्राप्त विवरण कक्षामा प्रस्तुत गर्नुहोस् ।**

# अभ्यास

## दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **युरोपका भौगोलिक क्षेत्रको विवरण दिनुहोस् ।**

(ख) **युरोपका मुख्य नदी र पर्वत श्रेणीको नाम उल्लेख गर्नुहोस् ।**

(ग) **युरोपको अग्लो पर्वत, लामो नदी, हिउँदमा वर्षा हुने क्षेत्र र बर्सैभरि पानी पर्ने क्षेत्रको नाम लेख्नुहोस् ।**

(घ) **युरोप महादेशमा पाइने वनस्पतिको सूची बनाई विशेषता प्रस्तुत गर्नुहोस् ।**

(ङ) **युरोप महादेशमा पाइने हावापानीको सूची बनाई विशेषता लेख्नुहोस् ।**

(च) **भूमध्यसागरीय हावापानीको क्षेत्रलाई किन संसारको बगैँचा भनिन्छ, लेख्नुहोस् ।**

(छ) **कारण दिनुहोस् :**

(अ) पूर्वी युरोपमा घाँसे मैदान पाइन्छ ।

(आ) युरोपको दक्षिणी भागमा हिउँदमा मात्र वर्षा हुन्छ ।

(इ) उत्तरी युरोपमा कोणधारी वनस्पति पाइन्छ ।

(ई) युरोपलाई प्रायद्वीपको पनि प्रायद्वीप भनिन्छ ।

पाठ
१०

# युरोप : आर्थिक र सामाजिक जनजीवन

युरोप आर्थिक र भौतिक रूपमा विकसित महादेश हो । यहाँका मानिसले विज्ञान, प्रविधि र खोजको क्षेत्रमा धेरै प्रगति गरेका छन् । विज्ञान तथा प्रविधिमा हासिल गरेको प्रगतिले उनीहरूलाई विकसित बन्न मदत गरेको छ । अठारौँ शताब्दीको औद्योगिक क्रान्तिले कृषि, खानी, उद्योग, यातायात, विज्ञान र प्रविधिका क्षेत्रमा ठुलो परिवर्तन ल्यायो । त्यही परिवर्तनको प्रभाव आर्थिक, सामाजिक क्षेत्रमा पऱ्यो । अहिले अधिकांश देशहरूमा उद्योग कलकारखानाको विकास भएको छ । विश्वको अर्थतन्त्रमा युरोपीय देशहरूले प्रभाव पार्न सफल भएका छन् ।

यहाँ बसोबास गर्ने गोरा जातिलाई ककेसियन भनिन्छ । यहाँ एसिया, अफ्रिका तथा अन्य महादेशबाट आएका मङ्गोल, निग्रोलगायतका मानिसको पनि बसोबास छ । शिक्षा र स्वास्थ्यको विकास भएको छ । यहाँ मुख्य रूपले अङ्ग्रेजी, फ्रेन्च, जर्मन, पोर्चुगिज, स्पेनिस रसियन भाषा बोलिन्छन् । यस महादेशले ठुला ठुला वैज्ञानिक र अन्वेषकलाई जन्माएको छ । यस्ता वैज्ञानिक, कलाकार, लेखक, दार्शनिकले समग्र मानव समुदायको उन्नति र प्रगतिमा महत्त्वपूर्ण योगदान दिएका छन् । यस महादेशका अधिकांश मानिसहरू इसाई धर्म मान्छन् । प्राकृतिक स्रोत र साधनको उपयोग गरेर यहाँका मानिसले आर्थिक प्रगति र उन्नति हासिल गरेका छन् । यस महादेशका मुख्य आर्थिक क्रियाकलापलाई निम्नानुसार व्याख्या गर्न सकिन्छ :

## १. कृषि

युरोपका करिब १० प्रतिशत मानिस कृषि पेसामा संलग्न छन् । हावापानी र भौगोलिक स्वरूपको विविधताले गर्दा विभिन्न प्रकारका बालीको उत्पादन हुन्छ । यहाँ उत्पादन हुने मुख्य खाद्यान्न बाली गहुँ, जौ, धान, मकै तथा नगदेबालीमा कपास, सुर्ती, उखु तथा फलफूल पर्छन् । विभिन्न प्रकारका सघन खेतीप्रणाली अवलम्बन गरिन्छ । थोरै जमिनमा परिश्रम, पुँजी, आधुनिक औजार र मेसिन प्रयोग गरिन्छ । कृषिमा उन्नत मलबिउ, कीटनाशक औषधीको प्रयोग गरेर बढी उत्पादन गरिन्छ । जनघनत्व बढी भएको र खेतीयोग्य जमिनको अभावले यस्तो खेती गर्ने गरिन्छ । आसपासका क्षेत्रमा ठुलो परिमाणमा व्यावसायिक फलफूल र पुष्प खेती पनि गरिन्छ । यहाँको उत्पादन औद्योगिक कच्चा पदार्थका रूपमा प्रयोग गरिन्छ ।

## २. पशुपालन

युरोपको अधिकांश भाग समशीतोष्ण प्रदेशअन्तर्गत पर्छ । त्यसैले गर्दा यहाँ प्रशस्त घाँसे भूमि पाइन्छन् । यी घाँसे भूमिको क्षेत्रमा मुख्य रूपमा पशुपालन व्यवसाय गरिन्छ । पशुपालन उत्तर पश्चिमको स्केन्डिनेभियनदेखि बेलायतसम्मको भाग र पूर्वी भागको घाँसे भूमिमा गरिन्छ । यहाँ गाई, भेडा, सुँगुर, हाँस र कुखुरा पालन गरिन्छ । डेनमार्क, नेदरल्यान्ड, जर्मनी, फ्रान्स, पोल्यान्ड, बेल्जियम र बेलायत

दुग्धजन्य पदार्थको उत्पादनका लागि विश्व प्रसिद्ध छन् । पूर्वी युरोपमा भेडा र बाख्रा मासु, दुध र उनका लागि पालन गरिन्छ । बाल्कन क्षेत्र, दक्षिणी भाग, ब्रिटिस द्वीप समूहका मानिस पनि पशुपालन कार्यमा संलग्न भएको पाइन्छ ।

### ३. मत्स्य व्यवसाय

युरोप महादेश तीनतिरबाट समुद्रले घेरिएको छ । यसको लामो तटीय क्षेत्र हुनाले माछा मार्ने व्यवसाय फस्टाएको पाइन्छ । तटीय क्षेत्रका मानिस माछा मार्ने व्यवसायमा संलग्न भएका हुन्छन् । यहाँ जाल, डुङ्गा, आधुनिक प्रविधि, औजार आदिको प्रयोग गरेर माछा मार्ने गरिन्छ । माछा मार्नका लागि जहाज पनि प्रयोग गरिन्छ । माछा प्रशोधन गरी निर्यात पनि गरिन्छ । नर्वे, स्विडेन, फिनल्यान्ड, डेनमार्क, आइसल्यान्ड, नेदरल्यान्ड, बेलायत, जर्मनी, फ्रान्स, स्पेन, पोर्चुगल र स्विडेनमा माछा मार्ने व्यवसाय फस्टाएको पाइन्छ ।

### ४. खनिज

युरोपमा विभिन्न प्रकारका खनिजको ठुलो मात्रामा भण्डारण रहेको छ । यद्यपि खनिज तत्त्वको समानुपातिक वितरण भने पाइँदैन । युरोपको स्केन्डेभियन क्षेत्र खनिजको प्रमुख क्षेत्र हो । जर्मनी, पोल्यान्ड, बेल्जियम, फ्रान्स, स्पेन, बेलायत, युक्रेन र चेक रिपब्लिकमा कोइला पाइन्छ । जर्मनी, स्विडेन, फ्रान्समा सिसा पाइन्छ । जस्ता स्पेन, फलामको धाउ फ्रान्स, बेल्जियम र पोल्यान्डमा पाइन्छ । फ्रान्स, रसिया, जर्मनी, नर्वे, बेलायत र अस्ट्रियामा आल्मुनियम र पेट्रोल तथा प्राकृतिक ग्यास पाइन्छ ।

### ५. जलविद्युत्

युरोप जलविद्युत् उत्पादनका लागि प्रसिद्ध छ । युरोपको उत्तरी तथा दक्षिणी क्षेत्रमा जलविद्युत् उत्पादन गरिन्छ । यहाँका कतिपय देशहरूले थर्मल प्लान्ट, सौर्य ऊर्जा तथा वायु ऊर्जाबाट पनि विद्युत् उत्पादन गरेको पाइन्छ । इटाली, स्विडेन, नर्वे, फ्रान्स तथा स्विजरल्यान्ड जलविद्युत् उत्पादनमा अग्र स्थानमा छन् ।

### ५. उद्योग

औद्योगिक क्रान्तिको सुरुआत बेलायतबाट भए पनि यसको प्रभाव अरू देशमा पनि पर्‍यो । त्यसैकारणले अधिकांश युरोपियन देशमा औद्योगिकीकरण भएको छ । खानी, प्रविधिको विकासको कारणले गर्दा औद्योगिकीकरणलाई सघाउ पुगेको देखिन्छ । अधिकांश देश प्रशोधित वस्तुको उत्पादन गर्छन् । यहाँ कृषिजन्य, खनिजजन्य, पशुजन्य र वनस्पतिजन्य उद्योग धेरै छन् । कृषिजन्य उद्योगअन्तर्गत कपडा, उनीका सामान उत्पादन गरिन्छ । दुग्धजन्य उद्योगहरू पनि प्रशस्त छन् । वनस्पतिजन्य उद्योगले कागज, पल्प आदि उत्पादन गर्छन् । फलाम र स्टिल, पाटपूर्जा, जहाज, गाडी, औषधी तथा अन्य मेसनरीका सामग्री उत्पादन गर्ने उद्योग पनि धेरै छन् । यहाँका कतिपय देशमा रासायनिक मल, सिमेन्ट, प्लास्टिक, रसायन, औषधी, स्यान्थेटिक कपडाका उद्योग छन् । विशेष गरेर भूमध्यसागरीय हावापानीको क्षेत्रमा अवस्थित देशमा वाइन, बियर, पर्फ्युम आदि उत्पादन गर्ने उद्योग प्रशस्त पाइन्छन् ।

## *क्रियाकलाप*

१. **युरोप महादेशको आर्थिक क्रियाकलाप र जनजीवन सम्बन्धमा छलफल गरी प्राप्त विवरण कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **नेपाल र युरोपको आर्थिक क्रियाकलापमा के कस्ता समानता र भिन्नता पाइन्छन्, खोजी गरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।**

३. **युरोप महादेशको नक्सा बनाएर उपयुक्त चिह्न र सङ्केतको प्रयोग गरी निम्नलिखित तथ्य भर्नुहोस् :**

एड्रियाट्रिक सागर, इङ्लिस च्यानल, पेट्रोल उत्पादन क्षेत्र, कोइला उत्पादन क्षेत्र, गहुँ उत्पादन क्षेत्र, फलफूल खेती हुने क्षेत्र, स्केन्डिनेभियन क्षेत्र

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **युरोप महादेशमा माछा मार्ने व्यवसाय फस्टाउनुका कारण प्रस्तुत गर्नुहोस् ।**

(ख) **युरोपमा कृषि क्षेत्रमा आधुनिकीकरण हुनाका कारण प्रस्तुत गर्नुहोस् ।**

(ग) **पूर्वी युरोपमा अवस्थित घाँसे मैदानको आर्थिक महत्त्व उल्लेख गर्नुहोस् ।**

(घ) **युरोपका उत्तर पश्चिममा अवस्थित देशहरूमा डेरी उद्योगको विकास हुनाका कारण दिनुहोस् ।**

(ङ) **युरोपियन देशहरूले गरेका आर्थिक प्रगतिबाट नेपालले के पाठ सिक्न सक्छ, लेख्नुहोस् ।**

## *परियोजना कार्य*

**दिइएको तालिकामा आधारित रही युरोपको विस्तृत विवरण तयार पार्नुहोस् :**

| क्षेत्र | देश | हावापानी | कृषि | खानीजन्य उद्योग |
|---|---|---|---|---|
| उत्तरी युरोप | | | | |
| पश्चिम युरोप | | | | |
| मध्य युरोप | | | | |
| दक्षिणी युरोप | | | | |

पाठ ११

# अस्ट्रेलिया : भौगोलिक र प्राकृतिक वातावरण

## क्षेत्रफल र अवस्थिति




अस्ट्रेलिया महादेशको पूर्वमा प्रशान्त महासागर, पश्चिममा हिन्द महासागर, उत्तरमा अराफुरा सागर, टिमोर सागर र दक्षिणमा दक्षिणी सागर पर्छन् । यो महादेश १०° दक्षिणी अक्षांशदेखि ४०° दक्षिणी अक्षांश सम्म र ११४° पूर्वी देशान्तरदेखि १५४° पूर्वी देशान्तरसम्म फैलिएको छ । यो महादेश पूर्णतः दक्षिणी गोलार्धमा अवस्थित छ । यो महादेशअन्तर्गत पूर्वी टिमोर, पपुवा न्युगिनी र न्युजिल्यान्डसहित १४ ओटा देश पर्छन् । मकर रेखा यस महादेशको बिच भागबाट गएको छ । यस महादेशले विश्वको कुल भूभागको ५.९ प्रतिशत क्षेत्रफल ओगटेको छ । यस महादेशको खोज जेम्स कुकले गरेका हुन् । अस्ट्रेलिया सबैभन्दा सानो महादेश हो । यस महादेशको जनघनत्व कम छ । यहाँ आदिवासीको सङ्ख्या कम र आप्रवासीको सङ्ख्या बढी छ ।

## १. भौगोलिक विभाजन

अस्ट्रेलिया महादेशको भौगोलिक स्वरूपलाई निम्नअनुसार तीन भागमा विभाजन गर्न सकिन्छ :

### (क) पूर्वी उच्च भूमि

उत्तरपूर्वको केपयोर्क प्रायद्वीपदेखि दक्षिणको तास्मानियासम्म फैलिएको भागलाई पूर्वी उच्च भूमि भनिन्छ । यसको पूर्वमा उत्तरदेखि दक्षिणसम्म फैलिएको केही अग्लो ससाना पहाडको भूभाग छ, जसलाई ग्रेट डिभाइडिङ रेन्ज भनिन्छ । यो पहाड उत्तरतिर केही होचो र फराकिलो तथा दक्षिणतिर केही अग्लो र साँघुरिँदै गएको छ । यस पहाडको औसत उचाइ समुद्र सतहबाट करिब ९०० मिटर मात्र छ । यहाँको सबैभन्दा अग्लो भाग क्युसिस्को शिखर (२,२२८ मिटर) पर्छ । यसको पूर्वी क्षेत्रमा मैदानी भाग पनि पर्छ जुन उत्तरबाट दक्षिणतिर क्रमशः साँघुरिँदै गएको छ । यही तटीय मैदानी भागसँगै ग्रेट ब्यारियर रिफ अवस्थित छ ।

### (ख) मध्य मैदानी भाग

कारपेन्टरियाको खाडीदेखि दक्षिणी समुद्रसम्म फैलिएको भूभागलाई मध्य मैदानी भाग भनिन्छ । यो पूर्वी उच्चभूमि र पश्चिमी उच्च समस्थलीका बिचमा अवस्थित छ । यो भाग सबैभन्दा होचो र समथर भूभाग हो । यो मैदानी भाग नदीबेँसी तथा तालहरूको क्षेत्र मिलेर बनेको छ । यस क्षेत्रको सबैभन्दा महत्त्वपूर्ण नदी मुर्रे र यसका शाखा नदी हुन् । यो मध्य मैदानी भागलाई पनि तीन भागमा विभाजन गर्न सकिन्छ कारपेन्टरियाको भूमि, लेक आयर बेँसी र मुर्रेडार्लिङ नदीबेँसी । यहाँ केही ताल पनि छन् । यहाँका मुख्य ताल आयर र लरेन्स हुन् ।

### (ग) पश्चिमी उच्च भूमि

यो उच्च समस्थलीले अस्ट्रेलियाको करिब २० प्रतिशत तथा पश्चिमी भागको करिब दुईतिहाइ भूभाग ओगटेको छ । यो भाग प्राचीन कडा चट्टानबाट निर्मित छ । यस भागमा विभिन्न प्रकारका खनिजहरू पाइन्छन् । यो उच्च समस्थलीको अधिकांश भूभाग अर्ध मरुभूमि वा मरुभूमि क्षेत्रअन्तर्गत पर्छ । चारओटा मरुभूमिको संयुक्त भागलाई ग्रेट अस्ट्रेलियन मरुभूमि भनिन्छ । यसअन्तर्गत गिवसन मरुभूमि, ग्रेट स्यान्डी मरुभूमि, ग्रेट भिक्टोरियन मरुभूमि र उलुरुको ग्रेट आयर चट्टानको भाग पर्छन् । आयर चट्टान पर्यटकका लागि प्रसिद्ध छ । यो भाग मध्य मैदानी भागभन्दा केही अग्लो छ ।

## २. हावापानी

अस्ट्रेलियाको हावापानीमा विभिन्न प्रकारका तत्त्वले प्रभाव पारेका छन् । यो महादेश दक्षिणी गोलार्धमा पर्ने हुनाले यहाँको हावापानी उत्तरी गोलार्धको भन्दा विपरीत छ । त्यसैले नेपालमा ग्रीष्म ऋतु हुँदा अस्ट्रेलियामा हिउँद ऋतु हुन्छ । उत्तरी क्षेत्र र क्विन्सल्यान्डमा ऊष्ण मनसुनी हावापानी पाइन्छ । पश्चिमी उच्च समस्थली क्षेत्रमा ऊष्ण मरुभूमिको हावापानी पाइन्छ । यस हावापानीको क्षेत्रमा दिनमा धेरै गर्मी र राति धेरै चिसो हुन्छ । यहाँ वार्षिक वर्षा २५ सेन्टिमिटरभन्दा कम हुन्छ । दक्षिणी भागमा समशीतोष्ण प्रकारको हावापानी पाइन्छ । अस्ट्रेलियाको दक्षिण पूर्वी र दक्षिण पश्चिमी भागमा भूमध्यसागरीय हावापानी पाइन्छ । यस हावापानीको क्षेत्रमा ग्रीष्म सुक्खा र गर्मी तथा हिउँद चिसो र आर्द्र हुन्छ । मुरेडार्लिङ नदीबेँसी वरिपरि समशीतोष्ण घाँसेभूमिको हावापानी पाइन्छ । यहाँ ग्रीष्म न्यानो र आर्द्र तथा हिउँद चिसो र ओसिलो हुन्छ ।

## ३. वनस्पति र जनावर

हावापानीको प्रकारअनुसार वनस्पतिमा पनि भिन्नता पाइन्छ । उत्तर पूर्वी तटीय भागमा भूमध्यरेखीय क्षेत्रमा पाइने वनस्पति पाइन्छन् । यहाँ बढी वर्षा हुने र तापक्रम उच्च हुने हुनाले ऊष्ण सदाबहार वनस्पति पाइन्छन् । कतै कतै भने पतझर वनस्पति पनि पाइन्छन् । विशेष गरेर केपयोर्क प्रायद्वीपको क्षेत्रमा यस प्रकारको वनस्पति पाइन्छ । उत्तरपूर्वी तटीय भागको दक्षिणतिर सभाना घाँसे भूमि पाइन्छ । यहाँ अग्ला र खस्रा घाँस पाइन्छन् । मुर्रेडार्लिङ नदीको बेँसीमा नरम छोटा वनस्पति पाइन्छन् । यस्ता

घाँसे क्षेत्र समशीतोष्ण घाँसे भूमिको क्षेत्रअन्तर्गत पर्छन् । यहाँ पाइने विस्तृत घाँसे भूमिलाई डाउन्स भनिन्छ । दक्षिण पूर्वी र दक्षिणी पश्चिमी तास्मानिया क्षेत्रमा भूमध्यसागरीय वनस्पति पाइन्छ । यहाँ युक्लाइप्टस (मसला) जातका रुखहरू प्रशस्त मात्रामा पाइन्छन् । यसलाई औषधी बनाउनका लागि प्रयोग गरिन्छ । पश्चिमी उच्च समस्थलीको क्षेत्रमा बाक्लो पात, पातमा काँडा र लामा जरा भएका वनस्पति पाइन्छन् । यो महादेशमा अन्यत्र भन्दा अनौठो जनावर पाइन्छन् । मोनोट्रेम्स, कोआला, डिङ्गो, कङ्गारु, एकिदना आदि झन्डै चार सय प्रजातिका जनावर पाइन्छन् । यहाँ कुकाबुरा, इमु जस्ता पन्छी र विभिन्न जातका सरीसृप पाइन्छन् ।

### *क्रियाकलाप*

१. **अस्ट्रेलिया महादेशको नक्सामा पहाडी भूभाग, उच्च समस्थली, मैदान आदि खोजी गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **अस्ट्रेलिया महादेशमा पाइने जनावर र वनस्पतिको तालिका बनाउनुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।**

३ **अस्ट्रेलिया महादेशको उलुरु क्षेत्रमा पाइने आयर रकसम्बन्धी सूचना खोजी प्राप्त विवरण साथीलाई सुनाउनुहोस् ।**

४. **अस्ट्रेलियाको नक्सा बनाएर उपयुक्त सङ्केत प्रयोग गरी निम्नलिखित तथ्य भर्नुहोस् :**

(क) डार्विन, सिड्नी, प्रशान्त महासागर, मुर्रेडार्लिङ नदी, ग्रेट डिभाइडिङ रेञ्ज, ग्रेट अस्ट्रेलियन मरुभूमि, तास्मानिया

(ख) हिउँदमा वर्षा हुने क्षेत्र, ग्रेट स्यान्डी मरुभूमि, ग्रेट ब्यारियर रिफ्ट, आयर ताल, उलुरु, कुलगार्डी, पर्थ

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

**(क) अस्ट्रेलिया महादेशको भौगोलिक स्वरूपको परिचय दिनुहोस ।**

**(ख) अस्ट्रेलिया महादेशमा पाइने हावापानी र तिनका विशेषता लेख्नुहोस् ।**

**(ग) अस्ट्रेलिया महादेशमा पाइने वनस्पति र तिनका विशेषता उल्लेख गर्नुहोस् ।**

**(घ) कारण दिनुहोस् :**

(अ) अस्ट्रेलिया र नेपालमा विपरीत ऋतु हुन्छ ।

(आ) अस्ट्रेलियाको पूर्वी तटीय भागमा जनघनत्व बढी छ ।

(इ) अस्ट्रेलियाका मध्य पश्चिमी भाग बसोबासका लागि अनुपयुक्त छ ।

पाठ १२

# अस्ट्रेलिया : आर्थिक क्रियाकलाप र सामाजिक जीवन

अस्ट्रेलिया विकसित महादेश हो । यहाँ जनघनत्व अत्यन्त कम छ । यहाँका आदिवासीहरू कालो छाला भएका एबोरिजिन्स हुन् । यी मानिस यहाँ ३० हजार वर्षअगि दक्षिण एसियाबाट गएको अनुमान गरिन्छ । यहाँका आदिवासीहरू तुलानात्मक रूपमा गरिब र पिछडिएका छन् । यिनीहरूले अहिले पनि फिरन्ते जीवन बिताउँछन् । यिनीहरूको मुख्य बसोबास समशीतोष्ण घाँसे भूमिको वरिपरि रहेको पाइन्छ । सिकार खेल्ने, पशुहरू पाल्ने र कन्दमूल सङ्कलन गर्ने काममा संलग्न हुन्छन् । तर अहिले यहाँ आदिवासीहरूको जनसङ्ख्या अत्यन्त कम छ ।

१९ औँ शताब्दीमा जब सुनखानीको उत्खनन गरियो, ठुलो सङ्ख्यामा युरोपियन आप्रवासी यहाँ प्रवेश गरे । त्यसैले यहाँका अधिकांश मानिस युरोपियन मूलका छन् । अझ विशेष गरेर बेलायतबाट बसाइँ सरेर आएका मानिसको सङ्ख्या धेरै छ । यसका साथै एसियन मूलका मानिस पनि यहाँ बसोवास गर्छन् । विशेष गरेर एसियाली देशहरू भारत, सिङ्गापुर, मलेसिया तथा चीनबाट आएका मानिसको उल्लेख्य बसोबास पाइन्छ । यहाँ शिक्षा र स्वास्थ्यको राम्रो सुविधा छ । यहाँका अधिकांश मानिस इसाई धर्मावलम्बी छन् । यहाँ बोलिने मुख्य भाषा अङ्ग्रेजी, चिनियाँ र इटालियन हुन् । यहाँका आदिवासी आफ्नै भाषा बोल्छन् । यहाँका मानिसको जीवनशैली युरोपियनसँग मिल्दोजुल्दो छ । यहाँ रहेका आप्रवासी समुद्री तटीय क्षेत्र र सहरी क्षेत्रमा बसोबास गरेको पाइन्छ । त्यसैले तटीय क्षेत्रमा पर्ने सिड्नी, ब्रिसवेन, मेलवर्न आदि सहरमा जनघनत्व बढी छ ।

## मुख्य स्रोत र साधन

### (क) जङ्गल

यस महादेशको करिब १७ प्रतिशत भूभाग जङ्गलले ओगटेको छ । पूर्वी भागमा बढी वर्षा हुने क्षेत्रमा जङ्गल पाइन्छ । यहाँ मुख्य गरेर युकालिप्टस र पामका रुख पाइन्छन् । यहाँ पाइने वनस्पति तेल निकाल्न, औषधी तथा कागज र फर्निचर बनाउन प्रयोग गरिन्छ । तर उत्तरपूर्वी तटीय क्षेत्रमा ऊष्ण हावापानीको क्षेत्रमा पाइने वनस्पति पाइन्छन् ।

### (ख) कृषि

अस्ट्रेलियाको करिब चार प्रतिशत भूभाग मात्र कृषिका लागि उपयुक्त छ । दक्षिण पश्चिमी भाग, दक्षिण पूर्वी भाग र तटीय क्षेत्रमा प्रशस्त वर्षा हुने हुँदा खेतीपाती गरिन्छ । यहाँको खेती प्रणाली आधुनिक प्रकारको छ । किसानले थोरै जमिनबाट धेरै उत्पादन गर्छन् । यहाँको मुख्य खाद्यान्न बाली गहुँ हो । न्यु साउथवेल्स गहुँ उत्पादन हुने मुख्य क्षेत्र हो । जौ, मकै, उवा यहाँका अन्य उत्पादन हुन् । सिँचाइ सुविधा भएको क्षेत्रमा धान पनि उत्पादन हुन्छ । क्विन्सल्यान्ड क्षेत्रमा

उखु, सुर्ती, कपास जस्ता नगदेबाली प्रशस्त उत्पादन हुन्छ । यहाँ अङ्गुरलगायतका विभिन्न फलफूल उत्पादन गरिन्छ ।

(ग) **पशुपालन**

अस्ट्रेलिया भेडा र अन्य घरपालुवा जनावरका लागि विश्व प्रसिद्ध छ । संसारमा उत्पादन हुने उनमध्ये लगभग ३० प्रतिशत यहाँ उत्पादन हुन्छ । यहाँको समशीतोष्ण प्रदेशमा व्यावसायिक रूपमा भेडापालन गरिन्छ । न्यु साउथवेल्स, पश्चिमी अस्ट्रेलिया, भिक्टोरिया र दक्षिणी अस्ट्रेलिया भेडापालनका मुख्य क्षेत्र हुन् । अस्ट्रेलिया संसारमा सबैभन्दा धेरै भेडाको उन र मासु निर्यात गर्ने देश हो । ऊष्ण प्रदेशीय घाँसे मैदानमा दुग्धजन्य पदार्थ र मासुका लागि गाईपालन गरिन्छ । मध्यम वर्षा हुने र तापक्रम पनि मध्यम खालको भएको क्षेत्रमा पशुपालन गरिन्छ । आधुनिक प्रविधि प्रयोग गरी दुध, धुलो दुध, नौनी, चिज आदि उत्पादन गरिन्छ । यस क्षेत्रअन्तर्गत क्विन्सल्यान्ड र न्युसाउथ वेल्स पर्छन् ।

(घ) **खानी**

अस्ट्रेलियामा धेरै प्रकारका खनिज पाइन्छन् । यहाँ सुन, तामा, जस्ता, फलाम, सिसा, कोइला, चाँदी, आल्मुनियम र पेट्रोलियम पदार्थ प्रशस्त पाइन्छन् । अस्ट्रेलियाको उत्तर पश्चिम क्षेत्रमा पर्ने कालिगुर्ली र कुलगार्डी सुनको उत्पादनका लागि प्रख्यात छन् । न्यु साउथवेल्स, क्विन्सल्यान्ड, दक्षिण पश्चिम अस्ट्रेलियामा कोइला पाइन्छ । फलामको धाउ पश्चिम अस्ट्रेलिया, जस्ता ब्रोकन हिल, युरेनियम दक्षिणी अस्ट्रेलिया र उत्तरी क्षेत्रमा पाइन्छ । तास्मानिया, न्यु साउथवेल्स र पश्चिम अस्ट्रेलियामा पेट्रोल पाइन्छ । भिक्टोरिया, न्युसाउथवेल्स र पश्चिमी अस्ट्रेलिया प्राकृतिक ग्यासका लागि प्रसिद्ध छन् ।

(ङ) **उद्योग र व्यापार**

अस्ट्रेलिया औद्योगिक विकासको दृष्टिकोणले पनि प्रसिद्ध छ । स्टिल, गाडी र जहाज निर्माण यहाँका मुख्य उद्योग हुन् । मुर्रेडार्लिङ नदीबेँसी र यसको आसपासमा व्यावसायिक गहुँ खेती हुन्छ । अस्ट्रेलियाले गहुँ, उन, दुग्ध पदार्थ, मासु, फलाम र मेसिनरी सामान आदि निर्यात गर्छ ।

(च) **जलविद्युत् र पर्यटन**

अस्ट्रेलियाको स्नोई मुर्रे विकास आयोजना महत्त्वपूर्ण आयोजना हो । स्नोई नदीको पानी मुर्रे नदीको माथिल्लो भागमा लगेर विद्युत् उत्पादन र सिँचाइका लागि प्रयोग गरिएको छ । मुर्रे-१ बाट ९५० मेगावाट र मुर्रे-२ बाट ५५० मेगावाट विद्युत् उत्पादन गरिएको छ । यसका लागि ग्रेट डिभाइडिङ रेन्जबाट १५ किलोमिटर लामो सुरुङ बनाएर पानीलाई मुर्रे नदीमा लगिएको छ । यहाँको राष्ट्रिय निकुञ्जमा कङ्गारु, इमुलगायत अन्य जनावर हेर्न पर्यटक आउँछन् । त्यस्तै मुगाको विशाल तटीय क्षेत्र (Great barrier reef) को अवलोकन गर्नका लागि पर्यटक आउँछन् । पर्यटन उद्योग आम्दानीको मुख्य स्रोत हो ।

## *क्रियाकलाप*

१. **एट्लसको सहायताले अस्ट्रेलियामा पाइने महत्त्वपूर्ण खनिज क्षेत्र खोजी गरी नक्सामा देखाउनुहोस् ।**

२. **विभिन्न समूहमा विभाजित भई अस्ट्रेलिया महादेश आर्थिक रूपमा सम्पन्न हुनुका कारण खोजी गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।**

३. **अस्ट्रेलिया महादेशको नक्सा बनाउनुहोस् र उपयुक्त सङ्केत प्रयोग गरी निम्नलिखित तथ्यहरू भर्नुहोस् :**

   (क) माउन्ट क्योकुस्को, पर्थ, ग्रेट अस्ट्रेलियन मरुभूमि, कार्पेन्टरियाको खाडी, मुर्रे नदी

   (ख) तास्मानिया सागर, हिन्द महासागर, आयर ताल, ब्रिस्वेन, मकर रेखा

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **अस्ट्रेलिया महादेशको सामाजिक जीवनको चर्चा गर्नुहोस् ।**

(ख) **अस्ट्रेलिया महादेशका मुख्य आर्थिक क्रियाकलाप उल्लेख गर्नुहोस् ।**

(ग) **अस्ट्रेलिया महादेशको जनसङ्ख्याको वितरण असमान हुनाका कारण स्पष्ट पार्नुहोस् ।**

(घ) **अस्ट्रेलिया महादेशमा पशुपालन प्रशस्त हुनाका कारण लेख्नुहोस् ।**

(ङ) **अस्ट्रेलियाका आयात र निर्यात गर्ने वस्तु तालिकामा देखाउनुहोस् ।**

पाठ १३

# विपत्



ठुलो धनजनको क्षति हुने गरी आकस्मिक रूपमा घट्ने घटनाबाट सिर्जित अवस्थालाई विपत् भनिन्छ । यसले पूर्वाधार, पर्यावरण र मानव सभ्यतामा नकारात्मक प्रभाव पार्छ । भूकम्प, सुनामी, बाढी, पहिरो, डढेलो, महामारी, शीतलहर, चट्याङ आदि विपत्का कारक हुन् । प्राकृतिक कारणले हुने विपत्लाई प्राकृतिक विपत् भनिन्छ । मानवीय कारणले सिर्जना हुने विपत्लाई मानव सिर्जित विपत् भनिन्छ । बम विस्फोट, रेडियोधर्मी विकिरण चुहावट, सडक दुर्घटना, रेल, हवाईजहाज दुर्घटना, आगलागी आदि मानव सिर्जित विपत् हुन् । आगलागी भने मानवीय तथा प्राकृतिक दुबै प्रकारको विपत् हो ।

## १. विपत्का प्रकार

### (क) प्राकृतिक विपत्

जल तथा मौसम, भौगर्भिक प्रकोप र जैविक प्रकोपसँग सम्बन्धित विपत् प्राकृतिक विपत् हुन् । यसअन्तर्गत बाढी, पहिरो, डढेलो, तुफान, आँधी, खडेरी, भूकम्प, ज्वालामुखी आदिबाट उत्पन्न विपत् पर्छन् । कतिपय विपत् प्राकृतिक प्रक्रियाका कारणले घट्छन् । मानव जातिको विकासक्रम सँगसँगै विभिन्न प्रकारका प्राकृतिक विपत् उत्पन्न भएर अपूरणीय क्षति निम्त्याएका छन् । सन् २००५ को केट्रिना आँधीबेहेरी, सन् २०१० को हाइटीको भूकम्प, सन् २०११ को प्रशान्त महासागरमा आएको सुनामी, सन् २०१५ को नेपालको भूकम्प, सन् २०१९ मा सुरु भएको कोभिड १९ को महामारी तथा सन् २०२० को अस्ट्रेलियाको जङ्गलमा लागेको डढेलो केही विनाशकारी प्राकृतिक विपत्का उदाहरण हुन् । विपत्अन्तर्गत भौगोलिक, जलउत्पन्न, वायुसिर्जित, खगोलीय, जैविक (सलह, रोग तथा महामारी) आदि पर्छन् । मानवीय तथा अन्य कारणले नेपालको वनविनाश तीव्र हुँदै गएको छ । तीव्र वन विनाशको पनि कारणले वातावरणमा नकारात्मक असर परेको छ । विभिन्न प्रकारका विपत् सिर्जना हुनुमा वन विनाश कारक तत्त्व मानिन्छ तर नेपालको सन्दर्भमा जलवायु परिवर्तन पनि प्राकृतिक विपत्तिको अर्को महत्त्वपूर्ण कारण हो । अतिवृष्टि, अनावृष्टि जलवायु परिवर्तनका कारणले सिर्जना हुन्छ । वनजङ्गल फँडानी र जलवायु परिवर्तनलाई प्राकृतिक विपत्का कारण मान्न सकिन्छ ।

### (ख) मानवसिर्जित विपत्

मानवसिर्जित विपत् मानिसका असावधानी, हेलचेक्र्याइँ र चेतनाको कमीको कारण हुने गर्छ । मानिसहरूबिचको द्वन्द्व, युद्ध आदिका कारण पूर्वाधारको विनाश हुनु मानव सिर्जित विपत् हुन् । प्रदूषण आगलागी अव्यवस्थित सहरीकरण, सडक दुर्घटनाको कारण पनि मानव सिर्जित विपत् देखा पर्छन् ।

### (ग) जलउत्पन्न प्रकोप



जलउत्पन्न प्रकोप भनेको पानीका माध्यमबाट हुने प्राकृतिक प्रकोप हो । बाढी, पहिरो, भूक्षय, हिमताल विष्फोटबाट हुने बाढी, गेग्रानको बहाव आदि जलउत्पन्न प्रकोपका उदाहरण हुन् । जलउत्पन्न प्रकोप प्राकृतिक र मानवीय कारणले सिर्जित हुन्छ । वर्षाका मात्रामा फेरबदल हुँदा बाढी, पहिरो, आँधीबेहेरी, खडेरीका साथसाथै विविध जलउत्पन्न प्रकोप निम्तिने खतरा हुन्छ । नेपाल मनसुनी वर्षाको कारण उत्पन्न हुने उच्च जोखिमको क्षेत्रमा पर्छ । नेपालको भौगोलिक अवस्था, जमिनको बनावट तथा मौसमी वर्षा जस्ता काणले गर्दा नदी तथा जलाधार क्षेत्रमा पहिरो र भूक्षयका कारण प्रत्येक वर्ष धनजनको ठुलो क्षति हुन्छ । जलउत्पन्न प्रकोप न्यूनीकरण गर्न भिरालो जमिनमा रुख रोप्ने, नदी किनारामा तटबन्ध लगाउने, खाली जमिनमा बिरुवा रोप्ने, जथाभावी वनजङ्गल फँडानी नगर्ने र वैज्ञानिक रूपमा भूउपयोग गर्ने जस्ता उपाय अपनाउन सकिन्छ ।

## २. विपत्का असर

(क) धनजनको क्षति हुन्छ ।

(ख) भौतिक संरचनामा क्षति पुग्छ ।

(ग) वातावरणमा नकारात्मक असर पार्छ ।

(घ) मानिसहरू घाइते हुने तथा जनजीवनमा समस्या आउन सक्छ ।

(ङ) विभिन्न प्रकारका महामारी फैलिन्छन् ।

(च) खाद्यान्न, खानेपानी आदिको अभाव हुन सक्छ ।

(छ) राष्ट्रिय अर्थतन्त्रमा नकारात्मक असर पर्छ ।

(ज) मनोवैज्ञानिक त्रास र असुरक्षा हुन्छ ।

## ३. विपत् व्यवस्थापन र सामाजिक दायित्व

विपत् रोकथाम तथा नियन्त्रण, उद्धार र पुनर्स्थापनाको कार्यलाई विपत् व्यवस्थापन भनिन्छ । विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले विपत् जोखिम न्यूनीकरण, विपत् प्रतिकार्य वा विपत् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलापलाई विपत् व्यवस्थापन भनी परिभाषा गरेको छ । विपत्को पूर्वतयारीको अवस्था, विपत् आएपछि तत्काल अपनाउने उद्धार एवम् राहत तथा विपत्पछिको पुनःनिर्माण र पुनः स्थापनासम्मको उपाय विपत् व्यवस्थापनअन्तर्गत पर्छ ।

विपत् व्यवस्थापनमा सामाजिक दायित्व भन्नाले समाजले विपत् व्यवस्थापनका लागि गर्ने गतिविधि भन्ने बुझिन्छ । समाजमा घट्ने सबै खालका विपत् व्यवस्थानपनमा समाजका सदस्यहरूको भूमिका हुन्छ । यसरी सदस्यले निर्वाह गर्ने दायित्वलाई सामाजिक दायित्व भनिन्छ । सामाजिक दायित्वअन्तर्गत विपत्पूर्व, विपत् भइरहेको वेला र विपत्पछाडि गर्नुपर्ने गतिविधि जोडिएका हुन्छन् । त्यसैले समाजका सदस्य तथा विपत्सँग सम्बन्धित जनशक्तिले सम्भावित विपत्को ख्याल राख्नुपर्छ । समग्रमा विपत् व्यवस्थापनलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

**(क) विपत् पूर्वतयारी**

(अ) विपत् व्यवस्थापन योजना तयारी गरी कार्यान्वयन गर्ने

(आ) आफ्नो समुदायमा घट्न सक्ने प्राकृतिक तथा मानव सिर्जित प्रकोप सम्बन्धमा पूर्वआकलन गर्ने

(इ) समुदायमा विपत्सम्बन्धी सचेतना फैलाउने

(ई) सामाजिक सञ्जालमार्फत विपत्का कारक, असर तथा व्यवस्थापनका उपायको प्रचारप्रसार गर्ने

(उ) विपत्का वेला आवश्यक पर्ने प्राथमिक उपचारका साधन, खाद्यान्न, इन्धन तथा अन्य अत्यावश्यक दैनिक जीवनका सामान सञ्चित गरेर राख्ने

(ऊ) प्राकृतिक तथा मानव सिर्जित प्रकोपविरुद्ध जीवन तथा सम्पत्ति बिमा गराउने

(ए) प्रकोपसँग सम्बन्धित रही पूर्वअभ्यासका कार्य गर्ने

(ऐ) प्रकोपसँग सम्बन्धित सूचना आदानप्रदान गर्ने तथा अरूबाट सूचना एकत्रित गर्ने

**(ख) विपत्को समयमा**

(अ) खोज तथा उद्धार गर्ने

(आ) पीडितलाई सुरक्षित स्थानमा सार्ने

(इ) प्राथमिक उपचार प्रदान गर्ने र गम्भीर चोटपटक लागेकालाई अस्पताल लाने प्रबन्ध मिलाउने

(ई) व्यक्तिगत तथा आधारभूत सरसफाइ एवम् सामुदायिक स्वास्थ्यमा ध्यान दिने

(उ) खाद्यान्न तथा बसोबासको उचित व्यवस्था गर्ने

(ऊ) बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बिरामी तथा महिलाको उचित आवश्यक रेखदेख र व्यवस्था गर्ने

(ऋ) यातायातका साधन वा माध्यमको ओहोरदोहोर गर्न सक्ने व्यवस्था मिलाउने

**(ग) विपत्पछि**

(अ) धनजनको क्षतिको आकलन गर्ने

(आ) आमसञ्चारका माध्यम तथा सामाजिक सञ्जालमार्फत नियमित सही सूचना प्रवाह गर्ने

(इ) यस्तो वेलामा हुन सक्ने अपराधका गतिविधि नियन्त्रण गर्न उचित प्रबन्ध मिलाउने

(ई) पीडितलाई राहत वितरण तथा पुनर्स्थापना गर्ने

(उ) विपत्का पीडितलाई न्यायोचित क्षतिपूर्ति उपलब्ध गराउन प्रबन्ध मिलाउने

(ऊ) मनोसामाजिक परामर्श दिने व्यवस्था गर्ने

(ए) पुनर्निर्माणका कार्यलाई प्रभावकारी बनाउने ।

(ऋ) विपत्को लेखाजोखा गर्ने र त्यसमा आधारित भई पूर्वतयारी गर्ने

### *क्रियाकलाप*

१. **विपत् व्यवस्थापन कार्यमा सामाजिक दायित्व सम्बन्धमा कक्षामा छलफल गरी प्राप्त निष्कर्ष प्रस्तुत गर्नुहोस् ।**

२. **तपाईँ बसोबास गरेको क्षेत्रमा हुने सम्भावित कुनै एक जलउत्पन्न प्रकोपको व्यवस्थापन गर्ने उपाय कक्षामा छलफल गरी लेख्नुहोस् ।**

३. **स्थानीय समुदायमा घट्न सक्ने विपत्सम्बन्धी नमुना पूर्वकार्य (Mock drill) क्रियाकलाप सञ्चालन गर्नुहोस् ।**

४. **विपत् व्यवस्थापनका तीन चरणमा गर्नुपर्ने मुख्य क्रियाकलाप छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

**(क) विपत् भनेको के हो ?**

**(ख) प्राकृतिक र मानव सिर्जित विपत्बिचको भिन्नता लेख्नुहोस ।**

**(ग) विपत्का असर लेख्नुहोस् ।**

**(घ) विपत् व्यवस्थापन भनेको के हो ? विपत् व्यवस्थापनमा स्थानीय तहको भूमिका लेख्नुहोस् ।**

**(ङ) नेपालमा हुने जलउत्पन्न प्रकोपको सूची बनाउनुहोस् ।**

**(च) जलउत्पन्न प्रकोपका कारण उल्लेख गर्नुहोस् ।**

एकाइ
सात


# हाम्रो विगत

## सिकाइ उपलब्धि

- ऐतिहासिक स्रोतको खोज, अध्ययन गर्न एवम् त्यसको संरक्षणका उपाय अवलम्बन गर्न
- बुद्ध जन्मभूमि कपिलवस्तुको शाक्य वंशीय इतिहासको छोटकरीमा वर्णन गर्न
- आफ्नो वंशको महत्त्वपूर्ण विवरण खोजी र वंशवृक्ष तयारी गर्न
- नेपालको एकीकरण अभियानका मुख्य घटना उल्लेख गर्न
- नेपाल अङ्ग्रेज युद्धमा नेपाली वीरवीराङ्गनाको योगदानको समीक्षा गर्न
- राणाशासनको उदय एवम् अन्त्यका कारण र यसले सामाजिक तथा आर्थिक पक्षमा पारेको प्रभाव बताउन

पाठ
१

# ऐतिहासिक स्रोत










नेपालमा ऐतिहासिक, भौगोलिक, धार्मिक, सांस्कृतिकलगायत विविध सम्पदाहरू रहेका छन् । यी सम्पदाको पहिचान र संरक्षण गर्नुपर्छ । सम्पदाको ऐतिहासिक पक्ष विश्लेषण गर्दा खोजमूलक सामग्रीको अध्ययन गर्नुपर्छ । विनाविश्लेषण लेखिएको इतिहासले सत्य ज्ञानको प्रसार गर्दैन । वास्तविक इतिहासको खोज गर्नका निम्ति विभिन्न सामग्रीको सङ्कलन, तुलनात्मक अध्ययन र मूल्याङ्कन गर्नु आवश्यक हुन्छ । यसरी एतिहासिक, धार्मिक, सांस्कृतिकलगायत विविध पक्षमा तथ्यपरक ज्ञान दिने स्रोत ऐतिहासिक स्रोत हुन् । यस्ता स्रोतहरू राष्ट्रका पहिचान हुन् । तिनको संरक्षण गर्नुपर्छ । ऐतिहासिक स्रोत निम्नलिखित छन् :

| **स्रोतका प्रकार** | |
|---|---|
| (क) लिखित स्रोत | वंशावली, जीवनी, पुस्तक, मुद्रा, तक्मा, विभूषण, लिखत, शिलापत्र, ताम्रपत्र, बिल, भौचर, भोजपत्र, ताडपत्र, पाण्डुलिपि, स्वर्णपत्र, यात्रा विवरण, मल्लकालका घटनाको टिपोट (ठ्यासफु), इतिहासविद् तथा बुद्धिजीवीसँगका प्रश्नावली तथा अन्तर्वार्ताका लिखित अभिलेख लिखित स्रोत हुन् । |
| (ख) मौखिक स्रोत | वीरगाथा, दन्त्य कथा, लोकगीत, सवाई, कथा, आख्यान, किंवदन्ती, कहावत, अर्ती उपदेश, खाँडो जगाउने मन्त्र मौखिक स्रोत हुन् । |
| (ग) कलाकृति र ठोस वस्तु | मूर्ति, चित्र, भवन, पुल, गुफा, मन्दिर, किल्ला, गौँडा, हतियार, पोसाक, कलाकृति, गहना, शृङ्गार, भग्नावशेष, अवशेष, घाट आदि कलाकृति र ठोस वस्तुका उदाहरण हुन् । |

नेपालको इतिहास अध्ययन गर्ने प्रमुख स्रोत निम्नानुसार छन् :

## १. वंशावली

वंशावलीमा घटनालाई कालक्रमअनुसार मिलाएर राखिएको हुन्छ । नेपालमा इतिहास लेखन कार्यको सुरुआत नहुँदै वंशावलीले नै इतिहासको काम गरेको थियो । वंशावलीमा शासकका नाम, वंश, मितितिथि, सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक घटना र सुधारको वर्णन गरिएको हुन्छ । नेपालमा गोपाल वंशावली, भाषा वंशावली र नेपाल देशको इतिहास नामक वंशावली प्रकाशनमा आएका छन् ।

## २. अभिलेख

धातु, काठ, ढुङ्गा, कागज, ताडपत्र र भित्तामा लेखिएका घटना विवरणलाई अभिलेख भनिन्छ । यस्ता अभिलेखका माध्यमबाट इतिहासका विविध विषयवस्तुको ज्ञान प्राप्त हुन्छ । अभिलेखका आधारमा विगतका घटना विवरणको जानकारी पाउन सकिन्छ । राजामहाराजाले आफूले गरेका महत्त्वपूर्ण कार्यका विवरण जानकारीका लागि धातुमा कुँदेर राख्न लगाउँथे । धातु लेखहरूमा ताम्रपत्र, रजतपत्र र सुवर्णपत्र प्रमुख मानिन्छन् । ऐतिहासिक अध्ययनका लागि अभिलेखले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

## ३. मुद्रा

प्राचीनकालमा नेपालमा सुन, चाँदी, छाला, तामा, माटो आदिका मुद्रा प्रचलनमा रहेका थिए । सुनका मुद्रालाई असर्फी भनिन्छ । नेपालमा सर्वप्रथम मुद्राको प्रचलन लिच्छवि राजा मानदेवको पालादेखि भएको थियो । मल्लराजा रत्न मल्लले तामाको मुद्रा प्रचलनमा ल्याएका थिए भने राजा महेन्द्र मल्लले चाँदीका मोहर प्रचलनमा ल्याएका थिए । नेपालको मुद्रा प्राचीनकालदेखि नै तिब्बतमा चलिआएको थियो । मुद्रामा शुभका प्रतीकस्वरूप देवीदेवता, त्रिशूल, साँढे, घोडा, सूर्य, चन्द्र आदिका चित्र पनि राखिएको पाइन्छ । मानदेवले प्रचलनमा ल्याएको मुद्रालाई मानाङ्क भनिन्छ । नेपालमा प्राप्त पुराना मुद्रामा गोरखनाथ, लोकनाथ, श्री भवानी, नेपालेश्वर, नेपालमण्डलेश्वर आदि उल्लेख गरिएको पाइन्छ । कान्तिपुर, ललितपुर र भक्तपुरबाट निष्कासित मुद्रामा क्रमशः पशुपति, तुलजा भवानी र करुणामयको चित्र राखिएको पाइन्छ । देवीदेवताको नाम पैसामा उल्लेख गर्नाले त्यस वेलाका शासक जनता देवीदेवताप्रति विश्वास गर्थे भन्ने बुझिन्छ । राणाकालभन्दा अगाडि चाँदीका मुद्रा, असर्फीको प्रचलन थियो । प्रधानमन्त्री जुद्धसमशेरको समयदेखि कागजी मुद्राको प्रचलन सुरु भयो । मुद्राको अध्ययनबाट तत्कालीन समयको वास्तविक इतिहास पहिचान गर्न धेरै सजिलो हुन्छ ।

## ४. धार्मिक ग्रन्थ

नेपालको इतिहासका स्रोतका रूपमा हिन्दु धर्मसँग सम्बन्धित महाभारत, रामायण र पुराण पनि मानिन्छन् । यस्ता धार्मिक ग्रन्थले प्राचीन इतिहास जान्नमा सहयोग पुऱ्याउँछन् । प्राचीन न्याय व्यवस्था, अर्थ व्यवस्था, धार्मिक अवस्था, राज्य व्यवस्था र रणकौशलका बारेमा पनि ज्ञान लिन सकिन्छ ।

## ५. विदेशीका विवरण

विभिन्न कालखण्डमा नेपाल भ्रमण गरी विदेशी यात्रीहरूले विभिन्न विवरण प्रकाशमा ल्याएको पाइन्छ । चिनियाँ यात्री हुयानसाङ सन् ६२९ देखि ६४३ ई. (वि.सं. ६८६ देखि ७००) सम्म भारतको भ्रमणमा जाँदा आउँदा नेपालको बाटो भएर गएका थिए । उनले आफ्नो यात्रा विवरणमा नेपालमा प्रतापी राजा अंशुवर्माको शासनकाल, अंशुवर्माद्वारा निर्मित कैलाशकुट भवन, नेपालको आर्थिक र सामाजिक पक्षको पनि चर्चा गरेको पाइन्छ । प्राचीनदेखि आधुनिक नेपालको इतिहासका स्रोतमा विदेशी यात्रीको विवरण पनि महत्त्वपूर्ण रहेको छ ।

## ६. सरकारी अभिलेख तथा कागजपत्र

सरकारी कागजपत्र नेपालको इतिहास अध्ययनका स्रोत हुन् । यी स्रोतबाट राजाको नाम, शासनकाल, भारदारहरूको नाम, न्याय, परराष्ट्र, आर्थिक अवस्था, देशको आम्दानी खर्च, सैनिक व्यवस्थालगायत तत्कालीन नीति र नियम आदिका बारेमा ज्ञान प्राप्त गर्न सकिन्छ । विभिन्न समयका, लालमोहर, खड्ग निशान, सन्देश, आदेशपत्र, सनद सवाल, फुकुवापत्र, सन्धिपत्रहरू प्राप्त भएका छन् । यी अभिलेख र कागजपत्र पनि इतिहास अध्ययन गर्ने महत्त्वपूर्ण स्रोत हुन् । चन्द्रसमशेरले वि.सं. १९८१ मा दासप्रथाको अन्त्य गर्दा दिएको भाषण, जुद्धसमसेरले पदत्याग गर्ने वेलामा दिएको वक्तव्य, पद्मसमशेरले वैधानिक कानुन २००४ घोषणा गर्दाको वक्तव्य, राजा त्रिभुवन र महेन्द्रका भाषण पनि नेपालको इतिहासका महत्त्वपूर्ण ऐतिहासिक स्रोत हुन् । यसले इतिहासको संस्कृति, राज्यव्यवस्था, शासन व्यवस्था, सामाजिक सुधार आदिलाई सङ्केत गर्छन् । वि.सं. १९१० मा जङ्गबहादुरले बनाएको मुलुकी ऐनलाई पनि प्रमुख स्रोतका रूपमा लिन सकिन्छ ।

## ७. कलाकौशल

मन्दिर, विहार, स्मारक, भवन, किल्ला, स्तूप तथा मूर्तिमा राखिएका सामग्रीले ऐतिहासिक अवस्थाको जानकारी दिन्छन् । कलाकृतिहरूमा धार्मिक एवम् सांस्कृतिक अवस्था, वेशभूषा, मूर्तिकला, वास्तुकला, चित्रकला, अध्ययन गरी सामाजिक आर्थिक स्थितिको विषयमा तथ्य कुरा प्राप्त गर्न सकिन्छ । नेपालमा प्राप्त कलाकृतिमा चाँगुनारायणको मन्दिर, पशुपतिनाथको मन्दिर, हनुमानढोका, पाटनको कृष्ण मन्दिर, स्वयम्भूनाथ, बौद्धनाथ, राजा महाराजाहरूका सालिक, न्यातपोल आदि प्रमुख छन् ।

## ८. ठ्यासफु

ठ्यासफु नेपालका एतिहासिक तथ्य देखाउने एउटा स्रोत हो । यसलाई नोट वा डायरी भनिन्छ । ठ्यासफुबाट मुख्य रूपमा तत्कालीन समयमा राजा, मन्त्री, भारदारको नाम, धार्मिक, सामाजिक कार्य, राज्यबिचको आपसी सम्बन्ध, प्राकृतिक घटना र प्रमुख ऐतिहासिक घटनाका बारेमा जानकारी प्राप्त गर्न सकिन्छ ।

## संरक्षणका उपाय

ऐतिहासिक स्रोत देशको पहिचान दिने प्रमुख माध्यम हुन् । विगतको अनुभवलाई वर्तमान र भविष्यमा पनि उपयोग गर्नका निम्ति यी स्रोतको संरक्षण आवश्यक छ । यसका लागि निम्नलिखित उपाय अपनाउन सकिन्छ :

(क) इतिहासका स्रोतको अभिलेखीकरण गरी राष्ट्रियकरण गर्ने

(ख) चोरी हुनबाट जोगाउन आवश्यक सुरक्षाको प्रबन्ध गर्ने

(ग) विभिन्न स्थानमा प्राप्त भएका स्रोतलाई सङ्कलन गर्ने

(घ) पुस्तकालय तथा सङ्ग्रालयको निर्माण गरी संरक्षण गर्ने

(ङ) प्राप्त स्रोतलाई कम्प्युटरका माध्यमबाट अभिलेखीकरण गर्ने

## *क्रियाकलाप*

१. **तपाईँ बस्ने समुदायमा इतिहासका विभिन्न स्रोत हुन सक्छन्, तिनीहरूको अवलोकन गरी सोको विवरण कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **आफ्ना साथीहरूबिच समूह निर्माण गरी इतिहासका स्रोतका सम्बन्धमा एउटा संवाद तयार गर्नुहोस् ।**

# अभ्यास

## दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **नेपालका ऐतिहासिक स्रोतको अध्ययन के कसरी गर्न सकिन्छ, उल्लेख गर्नुहोस् ।**

(ख) **यदि तपाईँलाई नेपालको इतिहास खोजी गर्ने जिम्मा दिइयो भने कुन कुन स्रोतको उपयोग गर्नुहुन्छ, किन ?**

(ग) **ऐतिहासिक स्रोतको संरक्षणका निम्ति तपाईँले खेल्न सक्ने कुनै चार भूमिका लेख्नुहोस् ।**


## *सामुदायिक कार्य*

आफ्ना समुदायका व्यक्तिसँग सोधेर त्यहाँको इतिहाससम्बन्धी स्थानीय जनश्रुति तथा लोकगीत टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ
२

# शाक्यवंशीय इतिहास

## कपिलवस्तुको शाक्य वंशावली




## शाक्यवंशको उत्पति

कपिलवस्तु जिल्लाको तिलौराकोट शाक्यहरूको प्राचीन कपिलवस्तुको राजधानी थियो । इस्वी संवत्पूर्व आठौँ शताब्दीमा उत्तर भारतको साकेत भन्ने राज्यमा ओक्काक राजाले राज्य गर्थे । शाक्यहरू राजा ओक्काकलाई आफ्ना पुर्खा मान्छन् । राजा ओक्काकका पाँच रानी थिए । ती रानीमध्ये जेठी रानी भत्राबाट चार राजकुमार र पाँच राजकुमारीको जन्म भएको थियो । केही समयपछि राजा ओक्काक एक महिलासँग प्रेममा परी उनीसँग छैटौँ विवाह गरे । ती कान्छी रानीबाट जन्तु नाम गरेका राजकुमारको जन्म भयो । ती रानीको षड्यन्त्र र जालझेलमा परेर राजाले कान्छी रानीका छोरालाई राज्य दिन चाहे ।

राजाले अरू राजकुमार र राजकुमारीलाई देश निकाला गरे । निर्वासनमा परेका नौ जना उत्तरतिर हिँडे र हिँड्दै जाँदा पहाडको फेदमा सालको घना जङ्गलमा पुगे । त्यहाँ कपिलमुनिसँग उनीहरूको भेट भयो । कपिलमुनिकै सल्लाह र सहयोगमा त्यस क्षेत्रमा उनीहरूले एउटा बस्ती बसाले । शाक (साल) को जङ्गलमा बस्ती बसालेकाले उनीहरूलाई शाक्य भनियो । कपिलमुनिको सहयोग, सल्लाह र हेरचाहमा बसेको बस्ती हुनाले उक्त बस्तीलाई कपिलवस्तु भनियो । पछि उक्त बस्ती फैलिँदै गयो र एउटा शक्तिशाली गणराज्य बन्यो ।

केही वर्षपछि राजा ओक्काकले निर्वासनमा गएका राजकुमार राजकुमारीहरू कहाँ बस्छन् भनी आफ्ना मन्त्रीलाई बुझ्न पठाए । उनीहरूले कपिलवस्तुको शाक वनमा बसेको जानकारी राजालाई दिए । ती मन्त्री पनि नयाँ नगर कपिलवस्तुमा बसोबास गर्न थाले । जाति कुलको मर्यादालाई बचाउन राजकुमार राजकुमारीले जेठी राजकुमारी प्रियालाई राजमाताको स्थान दिए । अरू राजकुमारीहरूले आफ्नो वंश वृद्धिको उद्देश्यका साथ राजकुमारसँग विवाह गर्ने निर्णय गरे । नयाँ राज्य स्थापनाको कुरा राजा ओक्काकले थाहा पाएपछि राजकुमारहरू शक्य छन् भन्ने उद्गार व्यक्त गरे । यसरी कपिलवस्तुको गणराज्य स्थापनाका साथै सक्या (शक्य) बाट शाक्य वंशको प्रादुर्भाव भएको विवरण बुद्ध ग्रन्थ, त्रिपिटक, दिघनिकाय, अम्बष्ठ कथामा उल्लेख छ । यसरी राजा ओक्काक शाक्य वंशका मूल पुर्खा थिए । यिनका जेठा पुत्र राजकुमार ओक्कामुख (उल्कामुख) कपिलवस्तुका संस्थापक राजा भए । यसरी बुद्धको जन्मअगाडि र निर्वाणपछाडिसम्म शाक्य वंशको शासन कपिलवस्तु गणराज्यमा रहिरहेको देखिन्छ ।

कपिलवस्तुमा जयसेन राजा भएपछि सिंहहनु यिनका उत्तराधिकारी भए । शाक्य राजा सिंहहनुका कञ्चना नामक रानी थिइन् । यिनको कोखबाट शुद्धोधनसहित पाँच दाजुभाइ र एक बहिनी भए । शुद्धोधन जेठा छोरा भएकाले उनी स्वायत्त गणराज्य कपिलवस्तुको राजा भए । करिब २६०० वर्ष अगाडि उनले त्यहाँ राज्य गरेका थिए । उनी जनतामाझ अत्यन्तै लोकप्रिय राजा मानिन्थे । यिनकी जेठी रानी मायादेवीबाट जेठो छोराका रूपमा सिद्धार्थ गौतमको जन्म भएको थियो । प्राचीन गणराज्यमध्ये शाक्यहरूको यो राज्य विशेष उल्लेखनीय थियो । प्राचीन कपिलवस्तु नगर पञ्चभुजाकार किल्लाका रूपमा बसाइएको थियो । साधारण सभाले राज्यको कार्यकारी सभाका रूपमा कार्य गर्थ्यो र यस्तो कार्यकारी सभाका मुख्य व्यक्तिलाई नै राजा भनिन्थ्यो । बुद्धको जन्मताका कार्यकारी सभाका मुख्य व्यक्ति शुद्धोधन थिए । कपिलवस्तु राज्यको छिमेकमा पर्ने कोशल राज्यका राजा विरुद्धको आक्रमणमा परेर कपिलवस्तु राज्य विघटन भयो ।

सिद्धार्थकी आमा मायादेवीलाई महामाया पनि भनिन्छ । महामानवको जन्म दिने महान् आमालाई महामाया भन्ने अलङ्कार उनको सम्मानार्थ पछि थपिएको हो । त्यस्तै छोरा सिद्धार्थलाई जन्म दिएको सातै दिनमा असामयिक निधन भएकी मायादेवीपश्चात् मायादेवीकै बहिनी तथा राजा शुद्धोधनकी अर्की पत्नी प्रजापति गौतमीले सिद्धार्थको पालनपोषण र रेखदेख गरिन् । राजकुमार सिद्धार्थलाई ज्ञानप्राप्त बुद्ध, गौतम बुद्ध, सिद्धार्थ गौतम वा शाक्यमुनि बुद्ध भनिन्छ । मुनि सम्मानार्थ राखिएको अलङ्कार हो । शाक्य समुदायका महान् चिन्तक भएकाले उनलाई मुनि भनिएको हो ।

## क्रियाकलाप

१. **तल दिइएका गौतम बुद्धका उपदेशको पालन गर्नाले कस्तो समुदायको सिर्जना गर्न सकिएला, आफ्ना विचार कक्षामा प्रस्तुत गर्नुहोस् :**

| बोधिसत्व प्राप्तिपछिका उपदेश | बुद्धका आठ ज्ञान मार्ग |
|---|---|
| (क) संसारमा दु:ख छ । | (क) सधैँ साँचो बोल । |
| (ख) दु:खका कारण छन् । | (ख) असल कार्यमा लाग । |
| (ग) दु:खको निरोध हुन्छ, दु:ख रोक्न सकिन्छ । | (ग) असल जीवन बिताऊ । |
| (घ) दु:खको निरोधका उपाय छन् । | (घ) असल कार्यमा मात्र विश्वास गर । |
| | (ङ) असल परिश्रम गर । |
| | (च) असल विचार गर । |
| | (छ) असल उद्देश्यमा लाग । |
| | (ज) असल काममा ध्यान मग्न होऊ । |

२. **बौद्धधर्मको मुख्य केन्द्रका रूपमा रहेको लुम्बिनी क्षेत्रलाई संसारसमक्ष अझ बढी चिनाउन के के गर्नुपर्ला, कक्षामा समूहगत छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।**

३. **बुद्ध जयन्तीको अवसरमा बुद्ध दर्शनको सान्दर्भिकता उल्लेख गरी कुनै राष्ट्रिय पत्रिकामा प्रकाशन गरिदिन अनुरोध गर्दै सम्पादकलाई चिठी लेख्नुहोस् :**

४. **माथिको वंशावली जस्तै आफ्ना वंशको तालिका बनाई कक्षामा प्रस्तुत गर्नुहोस ।**

५. **अभिभावकसँग सोधखोज गरी आफ्नो वंशको गौरवगाथा कक्षामा सुनाउनुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **नेपालमा शाक्यवंशको उत्पत्ति कसरी भयो ?**

(ख) **कपिलवस्तुको नामकरण कसरी रहन गयो ?**

(ग) **नेपालको इतिहासमा शाक्यवंशीय इतिहास किन महत्त्वपूर्ण मानिन्छ ?**

(घ) **आफ्नो वंशावलीको अध्ययन किन गर्नुपर्छ ?**

पाठ ३

# नेपालको एकीकरण : कारण र प्रभाव



## १. नेपाल एकीकरण अभियान

गोरखाका राजा नरभूपाल शाह र रानी कौशल्यावतीको कोखबाट वि.सं. १७७९ पुस २७ गते पृथ्वीनारायण शाहको जन्म भएको थियो । वि.सं. १७९९ चैत्र २५ गते नरभूपाल शाहको मृत्युपछि पृथ्वीनारायण शाह बिस वर्षको उमेरमा गोरखाका राजा भए । उनले नेपालको एकीकरण गरेका हुन् । उनीपछि उनका छोरा बहादुर शाह र बुहारी राजेन्द्रलक्ष्मीले समेत एकीकरण अभियानमा इँटा थप्ने काम गरे । नेपालको एकीकरण अभियानका विभिन्न आक्रमण र विजयको विवरण तल प्रस्तुत गरिएको छ :

### (क) नुवाकोट आक्रमण र विजय

नरभूपाल शाहले वि.सं. १७९४ मा नुवाकोटमा आक्रमण गरे । यस आक्रमणमा उनी असफल भए । पिताको इच्छा पूरा गर्न पृथ्वीनारायण शाहले वि.सं. १८०० मा नुवाकोटमाथि पुनः आक्रमण गरे । यस युद्धमा पृथ्वीनारायण शाहको हार भयो । त्यस वेला जयन्त राना नुवाकोटका प्रमुख थिए । उनलाई वि.सं. १७९४ को नुवाकोट आक्रमणको हारको दोष लगाएपछि गोर्खाली सेना छोडी कान्तिपुरका राजा जयप्रकाश मल्लको सेनामा भर्ना भई नुवाकोटको उमराव (प्रमुख) भएका थिए ।

नुवाकोटको हारपछि पृथ्वीनारायण शाह सैनिक तालिम र हातहतियारको सङ्कलन गर्नका लागि वनारसतर्फ लागे । वनारसबाट आवश्यक पर्ने हातहतियार र केही मुसलमान कालिगढका साथ स्वदेश फर्किए । पृथ्वीनारायण शाहले वि.सं. १८०१ असोज १५ गते नुवाकोटमाथि आक्रमण गरे । त्यस वेला नुवाकोटको जिम्मा जयन्त रानाका छोरा शङ्खमणि रानाले लिएका थिए । शङ्खमणि रानाले गोर्खाली फौजको प्रतिकार गर्दागर्दै दलमर्दन शाहको बाणबाट उनको मृत्यु भयो । यसरी नुवाकोटमाथि विजय प्राप्त भयो । छोराको मृत्युबाट शोकाकुल जयन्त राना भागेर बेलकोट गई बसेका थिए । गोरखाली फौजले बेलकोट पनि आक्रमण गरी कब्जा गऱ्यो ।

नुवाकोटको विजयपश्चात् तुलाराम पाँडेको नेतृत्वमा गएको गोरखाली सेनाले काठमाडौँबाट उत्तर पश्चिममा पर्ने दहचोकमा अधिकार जमायो । उता कालु पाँडेको नेतृत्वमा गएको सैन्य दलले वि.सं. १८११ साउनमा नालदुम र महादेवपोखरी कब्जा गऱ्यो ।

**(ख) कीर्तिपुरको पहिलो आक्रमण**

कीर्तिपुर कान्तिपुरअन्तर्गतको राज्य थियो । काजी कालुपाण्डे र हरिवंश उपाध्यायले तत्काल कीर्तिपुरमाथि आक्रमण गर्नु ठिक छैन भनी आफ्नो विचार व्यक्त गर्दागर्दै कालु पाण्डेलाई कायरको संज्ञा दिँदै गोरखाली फौजले कीर्तिपुरमा आक्रमण गरे । गोर्खालीहरूले कीर्तिपुर आक्रमण गर्ने सुइँको पाएपछि जयप्रकाश मल्लले कान्तिपुरका नवयुवकको एउटा सैन्य दल खडा गरी सेनाको सङ्ख्या ३००० पुऱ्याएर प्रतिकारका लागि बसेका थिए ।

कीर्तिपुर आक्रमण गर्ने शुभसाइत पं. बालकृष्णले निकालेपछि पृथ्वीनारायण शाहसहितको फौजले कीर्तिपुर आक्रमण गऱ्यो । कीर्तिपुरवासीहरूले कीर्तिपुर प्रवेश गर्ने मुख्यद्वार नै बन्द गरिदिए । कीर्तिपुर चारैतिरबाट पर्खालले घेरिएको थियो । गोर्खाली सेना आक्रमण गर्न आएको थाहा पाउनेबित्तिकै कान्तिपुर, भक्तपुर र ललितपुरका सेना एकजुट भए । वि.सं. १८१४ भाद्र ९ गतेका दिन गोर्खाली सेनाले कीर्तिपुरमाथि आक्रमण गरे । उपत्यकाका करिब ४००० जति संयुक्त सेनाले गोर्खाली सेनामाथि जाइलागे । लडाइँमा गोर्खाली सेना नायक कालु पाण्डेलगायत ४०० गोर्खाली सैनिकहरू मारिए । गोरखाली सेना तितरबितर भए । कुशल सेना नायक कालु पाण्डेको मृत्युले पृथ्वीनारायण शाहलाई ठुलो चोट पुऱ्यायो ।

**(ग) मकवानपुर आक्रमण र विजय**

मध्यकालीन नेपालमा मकवानपुर एउटा शक्तिशाली राज्य थियो । मकवानपुरका राजा हेमकर्ण सेनकी छोरी इन्द्र कुमारीसँग पृथ्वीनारायण शाहको पहिलो विवाह भएको थियो । हेमकर्ण सेनको मृत्युपछि दिग्बन्धन सेन मकवानपुरका राजा भए । राजा हुनेबित्तिकै पृथ्वीनारायण शाह र दिग्बन्धन सेनको सम्बन्ध बिग्रिएको थियो । काठमाडौँ उपत्यकालाई नाकाबन्दी गर्नका लागि मकवानपुरलाई आफ्नो कब्जामा लिनुपर्ने भएकाले पृथ्वीनारायण शाहले आक्रमणको योजना बनाए ।

मकवानपुरमा आक्रमण गर्न आफ्ना भाइहरू महोद्दमकीर्ति शाह, दलजित शाह आदिको नेतृत्वमा गोर्खाली सेना पठाए । काजी वशंराज पाण्डे, सेनापति केहरसिंह बस्नेतसहितको दलले वि.सं. १८१९ भाद्र ९ मा मकवानपुरमा आक्रमण गऱ्यो । लगभग १० घण्टासम्म युद्ध चल्यो । अन्त्यमा मकवानपुरले हार स्वीकार गऱ्यो । गोर्खाली सेनाले मकवानपुर विजय गरिसकेपश्चात् दिग्बन्धन सेन सपरिवार हरिहरपुरगढीमा गएर बसे । वि.सं. १८१९ असोज २२ मा गोर्खाली सेनाले हरिहरपुर आफ्नो अधीनमा ल्यायो । दिग्बन्धन सेन भागेर मुगलान पसे । सामरिक दृष्टिकोणबाट गोर्खालीहरूले ७०० जति बन्दुक, युद्ध सामग्रीहरू र अन्य चलअचल सम्पत्ति प्राप्त गरे ।

**(घ) बङ्गाली फौजसँगको लडाइँ**

दिग्बन्धन सेनले विहार र बङ्गालका नवाब मिरकासिमसँग मकवानपुरलाई गोर्खालीहरूको अधीनबाट मुक्त गराइदिन अनुरोध गरे । त्यस बेला भारतको उत्तरी भागमा ईष्ट इन्डिया सरकार बलियो हुँदै

गएको थियो । नवाबलाई उत्तरी हिमाली क्षेत्र आफ्नो अधीनमा राख्ने इच्छा थियो । मकवानपुरको विजयले गर्दा त्यो भूभाग पनि गोरखा राज्यभित्र पर्न गयो । मिरकासिमले गुरगिन खाँको नेतृत्वमा फौज पठाए । वि.सं. १८१९ पुस २७ गते हर्नामाढीमा आएको नवावको फौजमाथि गोर्खालीले आक्रमण गर्दा हाहाकार मच्चियो । यस मुठभेडमा नवाबतर्फका १७०० सिपाही मारिए । नेपालतर्फ पच्चिस तिस जना जति सैनिक जवानले वीरगति प्राप्त गरे । गुरगिन खाँका साथै अन्य सबै नवाबका फौज भागे । यस युद्धमा नवाबतर्फका निकै हतियार तथा गोलाबारुद गोर्खालीले हात पारे । यसपछि गोरखाली फौजले उपत्यकाको छेउछाउमा रहेका साँगा, नाला, बनेपा, फर्पिङ आदि ठाउँ कब्जा गरी उपत्यकालाई आक्रमण गर्न तयारी मजबुत बनाएका थिए ।

### (ङ) **कीर्तिपुरमा दोस्रो आक्रमण**

गोरखाली फौजले शूरप्रताप शाहको नेतृत्वमा वि.सं. १८२१ भदौ ३० मा कीर्तिपुरमाथि दोस्रो पटक आक्रमण गऱ्यो । कीर्तिपुरलाई चारैतर्फबाट पर्खालले घेरिएको थियो । पर्खाल नाघेर आक्रमण गर्नका लागि शूरप्रताप शाह भऱ्याङ हालेर पर्खाल उक्लन लागेको वेलामा उनको देब्रे आँखामा बाण लाग्यो । अर्को बाणले दलजित शाह सख्त घाइते भएपछि कीर्तिपुरको दोस्रो आक्रमणमा पनि गोरखकाली सैनिकले विफलता बेहोर्नुपऱ्यो ।

### (च) **कीर्तिपुरमा तेस्रो आक्रमण र विजय**

हतियार र पाखुराको बलले मात्र युद्ध जित्न नसकिने भएपछि पृथ्वीनारायण शाहले युद्ध जित्नका लागि व्यापक तयारी गरे । कीर्तिपुरभित्र बाहिरबाट लिएर जाने अन्नको साथै कुलो पानी पनि बन्द गरिदिए । कीर्तिपुरमा छ महिनासम्म नाकाबन्दी गरेपछि कीर्तिपुरको अवस्था नाजुक भयो । त्यहाँका जनता पनि शासकसँग रिसाउन पुगे । वि.सं. १८२२ चैत्र ३ गते कीर्तिपुरका सेना नायक धनवन्त काजीले आत्मसमर्पण गरेपछि कीर्तिपुर गोरखाको नियन्त्रणमा आयो ।

### (छ) **कान्तिपुरको विजय**

कीर्तिपुरको हारपश्चात जयप्रकाश मल्लले गोरखाली फौजसँग लड्न अग्रेजसँग सहयोग मागे । वि.सं. १८२४ मा जयप्रकाश मल्ललाई सहयोग गर्न आएको किनलकको अङ्ग्रेज फौजलाई सिन्धुली गढीको पौवागढीमा गोरखाली फौजले आक्रमण गरी पराजित गऱ्यो । त्यसपछि गोरखाली फौजको हौसला अत्यन्तै बढ्यो । कान्तिपुर आक्रमण गर्नका लागि नरदेवीबाट पृथ्वीनारायण शाहको नेतृत्वमा आक्रमण गर्ने, अर्को फौजले भीमसेनस्थानबाट र टुँडिखेलबाट पृथ्वीनारायण शाहका भाइहरूको नेतृत्वमा आक्रमण गर्ने योजना भयो । कान्तिपुरेलाई निस्कन सजिलो होस् भनेर दक्षिणतर्फ निस्कने बाटो छोडिदिने योजना बनाए । त्यस वेला उपत्यकाबासी इन्द्रजात्रा मनाइरहेका थिए । सात दिनसम्म मनाइने इन्द्रजात्राको तेस्रो दिनको मध्यराती गोर्खालीले कान्तिपुरमाथि आक्रमण गरे । फलस्वरूप गोर्खाली फौजले वि.सं. १८२५ असोज १३ गते इन्द्रजात्राको दिन कान्तिपुरमाथि विजय प्राप्त गऱ्यो । जयप्रकाश मल्ल भागेर तलेजु भवानीको मन्दिरमा लुक्न गए । त्यहाँ पनि आक्रमण हुने डरले पाटनमा शरण लिन पुगे । त्यसपछि

पृथ्वीनारायण शाह कान्तिपुरको राजगद्दीमा बसे । भोलिपल्ट बिहानै नगरबासीले पृथ्वीनारायण शाहलाई कान्तिपुरको राजाका रूपमा स्वागत गरे । हर्ष बढाइँ गर्दा बारुद सल्केर तुलाराम पाण्डे परलोक भए । स्थितिलाई सम्हाल्दै पृथ्वीनारायण शाहले इन्द्रजात्राको काम सम्पन्न गराए ।

**(ज) ललितपुरमाथि विजय**

पाटन राज्यमा छ प्रधानको शासन थियो । त्यहाँ उनीहरूबिच एकता थिएन । पाटनका राजा विष्णु मल्ल निःसन्तान भएपछि राज्यप्रकाश मल्ललाई पाटनको उत्तराधिकारी घोषणा गरियो । राज्यप्रकाश मल्लसँग कुरा नमिलेपछि छ प्रधानले उनको आँखा फुटाइदिएका थिए । त्यसपछि विश्वजित मल्ललाई पाटनको राजा बनाए । विश्वजित मल्ललाई पनि विभिन्न आरोप लगाएर तलेजु मन्दिरमा लगेर काटिदिए । यसपछि छ प्रधानले कान्तिपुरका राजा जयप्रकाश मल्ललाई पाटनको राजा बनाए । यिनको कडा स्वभाव भएको कारणले डेढ वर्षपछि टेकु दोभानमा नुहाउन गएको बखत छ प्रधानले यिनलाई त्यतैबाट लखेटे । यसपछि भक्तपुरका राजा रणजित मल्ललाई पाटनको राजा बनाए । यिनलाई पनि शङ्खमूलमा श्राद्ध गर्न गएको वेलामा धपाए । त्यसपछि पाटनको राजगद्दीमा कान्तिपुरका राजा जयप्रकाश मल्ललाई राखे । राजा बनाएको केही समयपछि उनलाई निष्कासन गर्न खोजेको थाहा पाएर जयप्रकाश मल्लले छ प्रधानलाई अपमानित गर्ने, मार्ने र थुन्ने कार्य गरे । यसरी छ प्रधानको बानी नसुध्रिएकाले आफ्नै ज्यान खतरामा रहेको सम्झी उनी पाटनबाट भागे । फेरि छ प्रधानले पृथ्वीनारायण शाहलाई पाटनको राजा भइदिन अनुरोध गरे । पृथ्वीनारायण शाहले असहज परिस्थितिको महसुस गरी भाइ दलमर्दन शाहलाई पाटनको राजा हुन पठाए ।

कान्तिपुर विजयपछि पृथ्वीनारायण शाहले ललितपुरमाथि आक्रमण गर्ने योजना बनाए । आक्रमण गर्नुभन्दा अगाडि उनले श्रीहर्ष मिश्रलाई दूत बनाई आत्मसमर्पण गर्न अनुरोध गरे । कुराकानीपछि छ प्रधान आत्मसमर्पण गर्न राजी भए । वि.सं. १८२५ असोज २४ गते ललितपुर पनि गोर्खाको अधीनमा आयो । पाटनमा शरणार्थी जीवन व्यतीत गरिराखेका जयप्रकाश मल्ल र त्यहाँका राजा तेजनरसिंह मल्ल भागेर भक्तपुरतर्फ लागे । यसरी विनायुद्ध र विनारक्तपात ललितपुर गोर्खाको अधीनमा आयो ।

**(झ) भक्तपुर विजय**

उपत्यकाका दुई मल्ल राज्य विजय गरिसकेपछि नेपाल एकीकरण गर्नका लागि पृथ्वीनारायण शाहको ध्यान भक्तपुरतर्फ गयो । भक्तपुरको स्थिति अलिक फरक थियो । रणजित मल्लका वैधानिक उत्तराधिकारी वीरनरसिंह मल्लको मृत्यु भइसकेको थियो । यसैकारण रणजित मल्लका ल्याइते पट्टिका छोरा अजित सिंह र अवधुतसिंह भक्तपुरको राजा हुनका लागि लालायीत थिए । यिनीहरूलाई राजा बनाइदिने लोभ देखाएर पृथ्वीनारायण शाहले आफ्नो पक्षमा मिलाएका थिए । ललितपुरका राजा तेजनरसिंह मल्ल र कान्तिपुरका राजा जयप्रकाश मल्ल पनि भक्तपुरमा नै शरण लिइरहेका थिए । ती राजालाई फिर्ता गर्न रणजित मल्ललाई पृथ्वीनारायण शाहले आग्रह गरे । उनले फिर्ता गर्न नैतिकताले नदिने भन्ने जवाफ दिए । तसर्थ वि.सं. १८२६ कात्तिक २८ गते भक्तपुरमाथि आक्रमण गरे । दुबै पक्षबिच तीन दिनसम्म युद्ध हुँदा करिब दुईहजार सैनिकको ज्यान गयो भने पाँच सय घर नष्ट भए । उक्त युद्धमा गोर्खाली

सेनाको गोलीबाट जयप्रकाश मल्ल घाइते भएपछि रणजित मल्लले आत्मसमर्पण गरे । यसरी वि.सं. १८२६ मङ्सिर १ गते आइतबार भक्तपुर पनि गोर्खालीको अधीनमा आयो । त्यसपछि पृथ्वीनारायण शाहको उपत्यका विजय गर्ने सपना पूरा भयो । भक्तपुर विजय गरिसकेपछि पृथ्वीनारायण शाहले तीनओटै मल्लराजाको अन्तिम इच्छा सोधे । जयप्रकाश मल्ललाई उनको इच्छाअनुरूप बाँकी जीवन व्यतीत गर्न पशुपति आर्यघाटमा पठाए । तेजनरसिंह मल्ललाई आजीवन नजरबन्दमा राखियो भने रणजित मल्ललाई उनको इच्छाअनुसार काशी पठाइयो ।

(ञ) **पूर्वी सेनराज्य (चौदन्डी, विजयपुर)**

त्यस बखत पूर्वमा दुई स्वतन्त्र राज्य थिए । ती राज्य कमला नदी क्षेत्रमा चौदन्डी र कोसी नदी क्षेत्रमा विजयपुर थिए । अभिमानसिंह बस्नेत र पारथ भण्डारीको एघार महिनाको कडा परिश्रमपछि चौदन्डी राज्यको पहाड र तराईको भूभाग नेपाल राज्यमा गाभियो । चौदन्डीका राजा कर्णसेन भागेर विजयपुर पुगे । वि.सं. १८३१ साउनमा विजयपुर पनि गोर्खाली सेनाले कब्जा गर्‍यो । विजयपुरका राजा कर्णसेन भागेर सिक्किम पुगे । त्यसपश्चात् गोर्खालीहरूले इलाम विजय गरे । इलाम विजय गरेपछि नेपालको सिमाना टिस्टासम्म पुग्यो । पृथ्वीनारायण शाह पूर्वी विजय अभियानलाई स्थगित गर्ने र पश्चिमी विजय अभियानमा सक्रिय रहने योजना बनाउँदै थिए तर अचानक अस्वस्थ भए । वि.सं. १८३१ माघ १ गते ५२ वर्षको उमेरमा देवीघाटमा उनको मृत्यु भयो ।

## २. नेपाल एकीकरणको प्रभाव

पृथ्वीनारायण शाहको मृत्युपछि एकीकरण अभियानलाई उनकी जेठी बुहारी राजेन्द्रलक्ष्मी र कान्छा छोरा बहादुर शाहद्वारा निरन्तरता दिइयो । बहादुर शाहको पालामा नेपालको सिमाना पूर्वमा टिस्टा र पश्चिममा कुमाउँ गढवालसम्म विस्तार भएको थियो । ससाना राज्यको लडाइँले जनता दिक्क भएको अवस्थामा सिङ्गो राष्ट्र बन्नु एवम् विदेशी चलखेल र हस्तक्षेप नियन्त्रण हुनु ठुलो उपलब्धि थियो । पृथ्वीनारायण शाहले दिएका दिव्यउपदेश सत्य सावित भएका छन् । वि.सं. १८३२ मा गरिएको नेपाल तिब्बतको व्यापार तथा वाणिज्य सन्धिले राष्ट्रकै आर्थिक उन्नतिमा टेवा पुगेको थियो । नेपालको राजधानी काठमाडौँ ल्याउनाले आर्थिक तथा प्रशासनिक खर्चमा कमी र अरू राज्यसँग समन्वय र सहयोग हुन पुग्यो । पृथ्वीनारायण शाह जनताको राय सुझावबाट कदम चल्ने भएको हुँदा राष्ट्रियता मजबुत भयो । आम जनताले नेपालको सार्वभौम नागरिक हुन पाएको महसुस गरे । नेपालको राष्ट्रियता मजबुत भयो ।

## *क्रियाकलाप*

१. कीर्तिपुर आक्रमणको विफलताबाट निरास नहुने पृथ्वीनारायण शाहको स्वभावको उल्लेख गर्दै परीक्षामा राम्रो गर्न नसकेका आफ्ना साथीलाई सान्त्वना दिएर पत्र लेख्नुहोस् ।

२. 'नेपाल एकीकरण र आजको सार्वभौम नेपाल' विषयमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नुहोस् ।

३. मकवानपुर विजय अभियान घटनाक्रमलाई कथात्मक रूपमा प्रस्तुत गर्नुहोस् ।

४. नेपाल एकीकरणका मुख्य घटनालाई समयरेखामा देखाउनुहोस् ।

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) पृथ्वीनारायण शाहको सङ्क्षिप्त परिचय दिनुहोस् ।

(ख) काठमाडौँ उपत्यका विजय अभियान गर्न पृथ्वीनारायण शाहले कस्तो रणनीति अपनाएका थिए ?

(ग) पृथ्वीनारायण शाहले सिङ्गो राष्ट्रको राजधानी किन काठमाडौँ बनाएका होलान्, आफ्नो विचार लेख्नुहोस् ।

(घ) उपत्यका विजय गर्नुभन्दा अगाडि मकवानपुर विजय गर्नु किन आवश्यक थियो, तर्क दिनुहोस् ।

(ङ) तपाईँले आफ्नो जीवनमा सफलता प्राप्त गर्दा अपनाएका उपायको सूची तयार गर्नुहोस् ।

## *परियोजना कार्य*

हाम्रो समाजमा विद्यमान जातीय, धार्मिक, भाषिक र वैचारिक आधारको विविधतालाई एकताबद्ध गरी राष्ट्रिय विकासलाई अगाडि बढाउन के गर्नुपर्ला, एक योजना तयार गर्नुहोस् ।

# पाठ ४ नेपाल अङ्ग्रेज युद्ध : कारण र प्रभाव



नौ कक्षाका विद्यार्थीलाई शिक्षकले दुई समूहमा विभाजन गरी एक समूहलाई नेपाल अङ्ग्रेज युद्धका कारण र अर्को समूहलाई नेपाल अङ्ग्रेज युद्धको प्रभावका बारेमा छलफल गर्न लगाइएको थियो । उनीलाई विभिन्न स्रोतसामग्रीसमेत अध्ययन निचोड प्रस्तुत गर्न लगाइएको थियो । ती समूहहरूले आफ्नो निचोड यसरी प्रस्तुत गरे :

## समूह क : नेपाल अङ्ग्रेज युद्धका कारण

### (क) प्राकृतिक कारण

बेलायतमा अङ्ग्रेजहरू चिसो जलवायुमा बसेका र भारतको गर्मी मौसम छल्नका लागि नेपाललाई उपयुक्त देखे । नेपालमा समशीतोष्ण जलवायु भएकाले अङ्ग्रेजको ध्यान नेपालतर्फ गयो । नेपालको गढवाल, कुमाउँ, दार्जलिङजस्ता पहाडी क्षेत्र अङ्ग्रेजका लागि आकर्षणका केन्द्रबिन्दु बनेका थिए । नेपालको प्राकृतिक सम्पदा देखेरे उनीहरू लोभिएका थिए । नेपालमा प्रशस्त खानी, घना जङ्गल, जडीबुटी र काठ पाउने भएकाले त्यसबाट फाइदा लिन चाहन्थे ।

### (ख) राजनीतिक कारण

नेपाल एकीकरण गर्दा पराजित राजाहरू, पाल्पाका राजकुमार रविसेन र कुमाउँ गढवालका राजा रजौटाहरूले अङ्ग्रेजसँग सम्पर्क राखे । आर्थिक प्रलोभनमा परी ती राजाहरू अङ्ग्रेजसँग मिलेका थिए । त्यस्तै भीमसेन थापाले भारतमा गई साम्राज्यवादविरोधी वक्तव्य दिनु र एसियाबाट नै अङ्ग्रेजलाई धपाउने नीति लिनुले नेपाल अङ्ग्रेज युद्ध हुने वातावरण तयार भयो ।

### (ग) नेपालको सैनिक सुदृढीकरण

भीमसेन थापा सत्तामा आउनासाथ सैनिक सुदृढीकरणमा जोड दिए । उनले फौजलाई छाउनीमा राखे र पोसाकको पनि व्यवस्था गरे । सैनिक तालिमका लागि फ्रान्सेली विशेषज्ञ झिकाए । सेनातर्फ युरोपीय पदको सिर्जना गरे । बिर्ताहरण गरी सैनिक सुदृढीकरण, हातहतियार बनाउने कार्यमा तीव्रता ल्याए । देशका विभिन्न भागमा नयाँ किल्लाको निर्माण र मर्मत गरियो । यस्ता सुदृढीकरण कार्यले नेपालको सैनिक शक्ति मजबुत बन्न पुग्यो ।

### (घ) विस्तारवादी नीति

नेपाल सङ्गठित हुँदै क्रमशः दक्षिणी भूभागतिर बढ्न थाल्यो भने कम्पनी सरकार नेपालको भूभागतर्फ अगि बढ्न थाल्यो । एकले अर्कालाई बाधक ठान्न थाले । नेपालको शक्ति बढ्दै गएमा हिन्दुस्थानमा अङ्ग्रेजको अस्तित्व रहन नसक्ने परिकल्पना अङ्ग्रेजले गर्न थाले । भीमसेन थापाले नेपालको भविष्य सुरक्षित गराउन अङ्ग्रेजसँग युद्ध अनिवार्य ठाने ।

### (ङ) तत्कालीन कारण

बुटबल र स्युराज सीमाको विवाद नै युद्धको तत्कालीन कारण बन्न पुग्यो । बुटवल पाल्पा राज्यअन्तर्गत पर्थ्यो । अमरसिंह थापा बडाहाकिम भई त्यस क्षेत्रमा खटिएका थिए । अङ्ग्रेज सरकारले उक्त क्षेत्र आफ्नो भएको दाबी गऱ्यो । भीमसेन थापा युद्धको पक्षमा थिए । नेपालले युद्ध गर्ने निर्णय गऱ्यो । पाल्पामा तैनाथ अमरसिंह थापाले बुटवल क्षेत्रमा फौज पठाए । नेपाली फौजले कम्पनी सरकारको फौजमाथि धाबा बोल्यो । यस युद्धमा अङ्ग्रेज सेना पराजित भयो । ब्रिटिस गर्भनर मार्क्युस अफ हास्टिङ्सले नेपालीले पाल्पा विजय गरी प्राप्त गरेको बुटवल र स्युराज क्षेत्र छाड्न दिएको दबाब नमानेकाले १ नोभेम्बर १८१४ (वि.सं. १८७१) मा नेपालविरुद्ध युद्धको घोषणा गरे । नेपाल अङ्ग्रेज युद्धको प्रारम्भ त्यस घटनाबाट भएको थियो ।

## समूह ख : नेपाल अङ्ग्रेज युद्धको प्रभाव

नेपाल अङ्ग्रेज युद्धको सुरुआत १ नोभेम्बर १८१४ मा भई प्रारम्भिक चरणमा नेपाली सेनालाई युद्धमा सफलता मिले पनि अन्त्यमा नेपाली सेनाको हार भयो । २८ मे १८१५ मा नेपाली प्रतिनिधि र अङ्ग्रेज प्रतिनिधिबिच सुगौलीमा वार्ताका लागि छलफल भयो । ४ मार्च १८१६ (वि.सं. १८७२) मा शान्ति र मित्रता सन्धि भयो । उक्त सन्धिमा नेपालका तर्फबाट गजराज मिश्र र चन्द्रशेखरले हस्ताक्षर गरे भने इस्ट इन्डिया कम्पनीका तर्फबाट ब्राडसाले हस्ताक्षर गरेका थिए । उक्त सन्धिमा नौओटा धारामा हस्ताक्षर गरी युद्धको अन्त्य भयो । नेपाल अङ्ग्रेज युद्धका प्रभाव निम्नलिखित छन् :

### (क) नेपालले एकतिहाई भूभाग गुमाउनुपरेको

नेपाल एकीकरण अभियानदेखि नेपाल अङ्ग्रेजयुद्ध हुनुभन्दा अगाडिसम्म नेपालले पश्चिम सतलजदेखि पूर्वमा टिस्टासम्म गरी ७०० माइल लामो क्षेत्र आफ्नो अधीनमा लिएको थियो । यी क्षेत्रलाई आफ्नो कब्जामा लिन नेपालले धेरै लगानी गरेको थियो । नेपाल अङ्ग्रेजयुद्धपछि भएको सुगौली सन्धिअनुसार नेपालले सतलजदेखि टिस्टासम्म गरी नेपालको ठुलो भूभाग गुमाउनुपऱ्यो । यो भूभाग सम्पूर्ण नेपालको एकतिहाई भाग थियो । यी भूभाग गुमाउँदा नेपालले प्रशस्त प्राकृतिक स्रोतसमेत गुमाउनुपऱ्यो ।

### (ख) नेपालको आन्तरिक र परराष्ट्र नीतिमा अङ्ग्रेजको हस्तक्षेप

सुगौली सन्धिअनुसार बिट्रिस सरकारको अनुमतिविना नेपालले कुनै ब्रिटिस, युरोपीय वा अमेरिकीलाई आफ्नो सेवामा राख्न नपाउने भयो । अङ्ग्रेजको स्वीकृतिविना विदेशी विशेषज्ञलाई नेपालमा नियुक्त गर्न नपाउने सर्तले नेपालको आन्तरिक स्वतन्त्रतामा अङ्ग्रेजको हस्तक्षेप सुरु भयो ।

### (ग) नेपालको एकीकरण रोकिनु र दरबारी षड्यन्त्रको बीजारोपण

नेपालमा ७० वर्ष अगाडिदेखि सुरु भएको नेपाल एकीकरण कार्य नेपाल अङ्ग्रेज युद्धपछि पूर्ण रूपमा रोकिन पुग्यो । थापा र पाण्डे खलकका भारदारहरूबिच वैमनस्य भई दरबारिया षड्यन्त्र सुरु हुन थाल्यो ।

### (घ) नेपालीहरू अङ्ग्रेज सेनामा भर्ती हुने परम्परा

नेपाल अङ्ग्रेज युद्धको समाप्तिपछि नेपालीलाई इच्छाअनुसार अङ्ग्रेज सेनामा भर्ती हुने अनुमति भयो । यो परम्परा अहिलेसम्म पनि कायम रहिराखेको छ ।

### (ङ) नेपालमा अङ्ग्रेज रेजिडेन्ट रहने प्रावधान

दुबै देशको शान्ति र सुरक्षाका निमित्त एकअर्काको देशमा राजदूत राख्ने व्यवस्था भयो । नेपालमा अङ्ग्रेज रेजिडेन्ट रहन थालेपछि बिस्तारै उनीहरूले नेपालको आन्तरिक मामलामा चासो राख्न थाले ।

## *क्रियाकलाप*

१. **अङ्ग्रेजले नेपाललाई आफ्नो अधीनमा राख्न चाहनुका उद्देश्य समेटी एक राष्ट्रिय पत्रिकाका लागि सम्पादकीय तयार पार्नुहोस् ।**

२. **नेपाल अङ्ग्रेज युद्धको कारण उल्लिखित चार्ट वा तालिका बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ?**

३. **हाम्रो सिमाना कसरी सुरक्षा गर्नुपर्छ र शत्रुले अतिक्रमण गरेमा हामीले के गर्नुपर्छ, विभिन्न स्रोतसामग्री अध्ययन गरेर प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **नेपाल अङ्ग्रेज युद्धका प्राकृतिक, आर्थिक तथा राजनीतिक कारण उल्लेख गर्नुहोस् ।**

(ख) **बुटवल र स्युराजको विवादलाई नेपाल अङ्ग्रेज युद्धको तत्कालीन कारण किन मानिन्छ ?**

(ग) **नेपाल अङ्ग्रेज युद्धका परिणाम उल्लेख गर्नुहोस् ।**

(घ) **नेपाल अङ्ग्रेज युद्ध हुनुका मुख्य मुख्य कारण टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

पाठ ५

# नेपाल अङ्ग्रेज युद्धमा वीरवीराङ्गनाको योगदान

नौ कक्षाका विद्यार्थीलाई नेपाल अङ्ग्रेज युद्धमा वीरवीराङ्गनाले गरेको योगदानलाई खोजी गरी प्रस्तुत गर्न लगाइएको थियो । सहभागी विद्यार्थीले वीरवीराङ्गनाको योगदानलाई यसरी प्रस्तुत गरे :

**मोतिप्रसादले वीर बलभद्र कुँवरले गरेको योगदान यसरी प्रस्तुत गरे :**





नेपाल अङ्ग्रेज युद्ध दुई वर्षसम्म चलेको थियो । यस समयमा वीर बलभद्र कुँवरले नालापानीको युद्धमा अमरसिंह थापाले मलाउको युद्धमा र भक्ति थापाले देउथलको युद्धमा देखाएको बहादुरी अविस्मरणीय छ । बलभद्र कुँवर युद्धका वेलामा देहरादुनदेखि लगभग पाँच माइल टाढा नालापानी भन्ने ठाउँमा बनेको खलङ्गा किल्लाको सुरक्षा गरी बसेका थिए । त्यस किल्लामा एक तोपका अतिरिक्त उनका साथमा सिपाही, महिला र केटाकेटी गरेर लगभग ६०० जतिको समूह तयार गरिएको थियो । यिनैको सहयोगमा बलभद्रले किल्लाको द्वार बन्द गरी त्यस अगाडि ढुङ्गामुढाको एउटा बलियो पर्खाल तयार पार्न लगाएका थिए । युद्ध सुरु हुनुअगि अङ्ग्रेज सेनानायक जिलेस्पीले बलभद्रलाई आत्मसर्मपण गर्न अनुरोध गरेका थिए । तर बलभद्रले दूतकै अगाडि चिठी च्यातेर जवाफ यही हो भनेर सुनाइदिए । फलस्वरूप युद्ध सुरु भयो । किल्लाभित्र रहेका नेपाली सेना, महिला र केटाकेटीलगायतले उत्साहपूर्वक बलभद्रलाई ठुलो सहयोग गरे । यस युद्धमा अङ्ग्रेज लेफ्टिनेन्ट एलिस तथा स्वयम् जनरल जिलेस्पीले समेत ज्यान गुमाउनुपऱ्यो । त्यसपछि दिल्लीबाट आएको शक्तिशाली फौजसँग पनि नेपालले मुकाबिला गरि नै रह्यो । अङ्ग्रेज सरकारले युद्धबाट नेपालीलाई पराजित गर्न नसकेर किल्लाभित्र बगेको पानीको नाला बन्द गरिदिए । पानीको अभावले गर्दा उनीहरू भोक र प्यासले छटपटिए ।

यो देखेर बलभद्रले हातमा नाङ्गो खुकुरी बोकेर एकाएक किल्लाको ढोका खोले । अङ्ग्रेजकै अगाडिबाट उनीहरू खोलातिर लागे । उनको यस्तो अदम्य साहस देखेर अङ्ग्रेज मुकदर्शक भए । उनीहरूले

बलभद्र कुँवर र उनका साथमा भएका महिला तथा केटाकेटीप्रति केही गर्ने हिम्मत गर्न सकेनन् । यसरी अन्तिम चरणसम्म पनि नेपाली वीरले आत्मसमर्पण गरेनन् । दुई जना अङ्ग्रेज अफिसरलाई मारेर आफ्नो सुरक्षामा रहेका जनतालाई बचाएर बलभद्र कुबरले बहादुरी देखाए । यसरी नेपालको इतिहासमा उनी अमर बनेका छन् ।

**सूर्यप्रसादले अमरसिंह थापाले गरेको योगदानलाई यसरी प्रस्तुत गरे :**



नेपालको सुदूरपश्चिम क्षेत्रको रक्षाको जिम्मेवारी काजी अमरसिंह थापालाई सुम्पिएको थियो । त्यस क्षेत्रमा अङ्ग्रेज सेनाको नेतृत्व जनरल अक्टरलोनीले गरेका थिए । अक्टरलोनीले अमरसिंह थापालाई 'हामीसँग मिल्न आऊ, तिमीलाई ठुलो पुरस्कार दिउँला' भन्ने पत्र पठाएका थिए । तर अमरसिंह थापा अङ्ग्रेजको लोभमा नफसीकन मातृभूमिको रक्षाको निम्ति डटेर लडे । अमरसिंह थापालाई नेपालको जिउँदो सिंह (The living Lion of Nepal) भनेर पनि चिनिन्छ । रामगढको युद्धमा जनरल अक्टरलोनीको सेनासँग नेपाली सेनाले पछाडि हट्न बाध्य हुनुपर्‍यो । हातहतियारको कमी र नेपाली सेनाको सङ्ख्याको कमी नै यो हारको कारण थियो । अन्त्यमा केही नलागी १५ मे १८१५ मा अक्टरलोनीसँग आत्मसमर्पण गरे ।

सन् १८१६ मा यही हारको मनोवैज्ञानिक असरस्वरूप उनी गोसाइँकुण्डतिर लागे र त्यहीँ नै उनको मृत्यु भयो । अमरसिंह थापाको नाम नेपालका वीरमध्ये अग्रपङ्क्तिमा छ । उनले मातृभूमिको स्वतन्त्रताको रक्षाका लागि जुन वीरताको प्रदर्शन गरे त्यो नेपालको इतिहासमा चिरस्मरणीय रहने छ ।

**सरलाले भक्ति थापाले गरेको योगदानलाई यसरी प्रस्तुत गरिन् :**



नेपाल अङ्ग्रेज युद्धको समयमा भक्ति थापालाई देउथल किल्लाको जिम्मेवारी सुम्पिएको थियो । मलाउँमा अङ्ग्रेज सेनाले आक्रमण गरेको थाहा पाएपछि अमरसिंह थापाले भक्ति थापालाई उनको मातहतमा रहेका सेना लिई देउथल किल्ला कब्जा गर्न पठाए । देउथलमा पुगेपछि ७० वर्ष पुगेका भक्ति थापा अङ्ग्रेज सेनामाथि अरिङ्गाल खनिदा झैँ खनिए । देउथलमा अङ्ग्रेज सेनापति गार्डनरले नेतृत्व गरेका थिए । उनले

भक्ति थापालाई उनीहरूसँग मिल्न आउने खबर पठाए तर भक्ति थापाले त्यो कुरालाई स्वीकार नगरी तत्कालै दुई चार जनालाई छप्काइहाले । रणमैदानमा नाङ्गो तरबार लिई उनले लडेको देख्दा अङ्ग्रेज पनि दङ्ग परे । लड्दालड्दै उनलाई गोली लागेर उनी भुइँमा ढल्न पुगे । त्यसपछि भक्ति थापाको वीरता र साहसलाई देखेर उनको लासलाई अङ्ग्रेजले बहुमूल्य कपडाले ढाकी सम्मान अर्पण गरे । यस युद्धमा नेपालले पराजय बेहोरे पनि यो नेपाली वीरहरूको भूमि हो भन्ने कुरा प्रमाणित भयो ।

**धनबहादुरले उजिरसिंह थापाको योगदानलाई हाउभाउसहित यसरी प्रस्तुत गरे :**

नेपाल अङ्ग्रेज युद्धको सिलसिलामा बुटवलको तिनाउ नदीको किनारमा रहेको जितगढी नामक किल्ला कब्जा गर्ने अङ्ग्रेजको योजना थियो । यस क्रममा अङ्ग्रेज सेनापति रहेका जनरल जोन सुलेभान उडको नेतृत्वमा चार हजार अङ्ग्रेज सैनिकले आक्रमणको तयारी गरेका थिए । यो कुरा थाहा पाएर कर्नेल उजिरसिंह थापाको नेतृत्वमा तैनाथ नेपाली फौजले कुशलतापूर्वक अङ्ग्रेजमाथि धावा बोल्यो र अङ्ग्रेज फौज परास्त भयो । नेपाली फौजले दुई पटक आक्रमण गरी दुबै पटक विजय प्राप्त गर्न सफल भएको थियो । पाल्पा लिने दाउमा आएका अङ्ग्रेज नेपाली सेनासामु टिक्न सकेनन् र अन्ततः उनीहरू गोरखपुरतिर लागे । यसरी उजिरसिंह थापाको योगदान नेपालको इतिहासमा अविस्मरणीय रहेको छ ।

**प्रीतिकुमारीले रणजोरसिंह थापाको योगदानलाई यसरी प्रस्तुत गरिन् :**

नेपाल अङ्ग्रेज युद्धका सिलसिलामा महाकाली पारी जैथकको किल्लामा पाँच सय नेपाली सेना थिए । त्यस फौजका सेनानायक रणजोरसिंह थापा थिए । १५०० को सङ्ख्यामा रहेको अङ्ग्रेज सेनाले नौ पटक आक्रमण गर्दा पनि नेपाली पछि हटेनन् । जब अङ्ग्रेजका गोली सकिए तब नेपालीहरू किल्लाबाट निस्केर जाइलागे र अङ्ग्रेजलाई घेराबन्दीमा पारे । उक्त युद्धमा तीन जना अङ्ग्रेज सेनानायक मारिए ।

**नरेन्द्रले रणवीरसिंह थापाको योगदानलाई यसरी प्रस्तुत गरे :**

नेपाल अङ्ग्रेज युद्धमा भीमसेन थापाका कान्छा भाइ रणवीरसिंह थापालाई पर्सा मकवानपुरको युद्धको जिम्मेवारी सुम्पिएको थियो । अङ्ग्रेज सेनापति बेनेट मार्लेले काठमाडौँ उपत्यका विजय गर्ने उद्देश्यका साथ आफ्ना सेनालाई तीन समूहमा विभाजन गरी आक्रमणको तयारी गरिरहेका थिए । यो सूचना पाएर रणवीरसिंह थापाले आफ्नो फौजलाई समशेर राणा र सर्वजित थापाको नेतृत्वमा पर्सामा अङ्ग्रेजमाथि आक्रमण गर्न पठाए । अङ्ग्रेजको भागाभाग भयो । नेपालीले उनीहरूको हातहतियार कब्जा गरे ।

## *क्रियाकलाप*

१. नेपाली नारीहरू पुरुषसरह जुनसुकै क्षेत्रमा अगाडि बढ्न सक्छन् भन्ने भाव व्यक्त गर्दै नालापानीको युद्धको उदाहरण दिएर गोरखापत्र दैनिकको निम्ति एक समाचार तयार गर्नुहोस् ।

२. वीर बलभद्र कुँवर र अमरसिंह थापाले गरेका योगदानलाई तालिका बनाएर कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. नेपाल अङ्ग्रेज युद्धमा नेपाली महिलाहरूले देखाएको वीरताको खोजी गरी आफ्नी बहिनीलाई निडर र साहसी हुने सल्लाह दिनुहोस् ।

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) नेपालको इतिहासमा अमरसिंह थापाले कसरी नाम कमाए, व्याख्या गर्नुहोस् ।

(ख) नेपाल अङ्ग्रेज युद्धमा नेपाली वीरहरूले देखाएको स्वाभिमान, राष्ट्रप्रेम र बहादुरीको घटनालाई समेटी संवाद लेख्नुहोस् ।

(ग) नेपाल अङ्ग्रेज युद्धमा भक्ति थापा र रणविर सिंह थापाको योगदानको चर्चा गर्नुहोस् ।

पाठ ६

# राणा शासनको उदय र अन्त्यका कारण


जङ्गबहादुर राणा

जङ्गबहादुरको जन्म वि.सं. १८७४ असार ४ मा गोरखामा भएको थियो । उनका बाबुको नाम बालनरसिंह कुँवर र आमाको नाम गणेशकुमारी थियो । जङ्गबहादुरको न्वारनको नाम वीरनरसिंह कुँवर थियो । उनको बाल्यकाल गोर्खाको बोर्लाङमा नै बितेको थियो । बालनरसिंह कुँवर दरबारका विश्वासप्राप्त सेवक भएको कारण धनकुटा, जुम्ला, डडेलधुरा आदि ठाउँका प्रमुख भएका थिए । भीमसेन थापाको पतनसँगै बालनरसिंह कुँवरको पनि जागिर खोसिएको थियो । बाबुको जागिर खोसिएपछि जङ्गबहादुर जुवातास खेलेर समय व्यतीत गर्थे । यसैकारण उनलाई धेरै ऋण लागेको थियो । ऋण तिर्नकै निम्ति उनले हात्ती समाउने जस्ता साहसी काम गरेका थिए र यही कारण दरबारको नजिक हुन पुगेका थिए ।

## १. राणाशासनको उदयका कारण

(क) **नेपालको राजनीतिक अस्थिरता :** पृथ्वीनारायण शाहको मृत्युपछि दरबारमा भारदारी गुटबन्दी सुरु भएको थियो । यस गुटबन्दीले नै राजेन्द्रलक्ष्मी र बहादुर शाहबिच मनोमालिन्य बढ्न गयो । भीमसेन थापाको शासनको उत्तरार्धमा भारदारी गुटबन्दी झन् वृद्धि भएको थियो । यसरी परस्पर विरोधी गुटहरू एकअर्को गुटको विरुद्ध षड्यन्त्र गर्न तल्लीन रहन्थे । दरबारमा गुटले सत्तामा पुग्नका लागि अस्वस्थ प्रतिस्पर्धा हुन थाले । यही अस्थिरताले गर्दा जङ्गबहादुरलाई शक्तिशाली हुन सहयोग पुऱ्यायो ।

(ख) **नेपालको आन्तरिक मामिलामा हस्तक्षेप :** सुगौली सन्धिपछि अङ्ग्रेज रेजिडेन्ट काठमाडौँमा राखिएको थियो । रेजिडेन्ट नेपालमा रहन थालेपछि नेपाल सरकारले पनि उनीप्रति कडा निगरानी राखेको थियो । उनलाई घुमफिर गर्न र जनताहरूसँग सम्पर्क गर्न पनि दिइँदैनथ्यो । अङ्ग्रेज रेजिडेन्टप्रति नेपाली भारदारले शङ्काको दृष्टिले हेर्थे । भारदारहरूबिच गुटबन्दी कायम रहेको अवस्थामा अङ्ग्रेज रेजिडेन्टले फुटाउ र शासन गर (Divide and Rule) भन्ने नीति अवलम्बन गर्न थाले । परस्पर विरोधी भारदारहरूको गुटबन्दीलाई अङ्ग्रेज रेजिडेन्टले अझ मजबुत बनाइदिए । परिस्थितिलाई बुझेर नै जङ्गबहादुरले अङ्ग्रेज रेजिडेन्टसँग सम्बन्ध बढाए ।

(ग) **राज्यलक्ष्मीको हातमा अधिकार आउनु** : राजा राजेन्द्र शाहकी कान्छी रानी राज्यलक्ष्मीको आफ्नो छोरा रणेन्द्रलाई राजा बनाउने चाहना थियो । यो कार्य नेपालको राजपरम्परा विपरीत थियो । वि.सं. १८९९ पुसमा राजाले शाही घोषणामार्फत सम्पूर्ण कार्यकारी अधिकार कान्छी रानीलाई सुम्पिदिएका थिए । आफूले चाहेजस्तो अधिकार प्राप्त गरेपछि रानीले आफ्नो स्वार्थ पूर्ति गर्न माथवरसिंह थापालाई प्रधानमन्त्री बनाइन् । माथवरसिंह थापाबाट उनको इच्छा पूरा नहुने देखेपछि रानीले जङ्गबहादुरप्रति विश्वास गर्न थालिन् ।

(घ) **राजा राजेन्द्रको कमजोर शासन** : राजा राजेन्द्र कमजोर स्वभावका शासक थिए । उनले भारदारबिचको गुटबन्दीलाई रोक्न सकेनन् । उनकै कमजोरीले गर्दा कोतपर्व जस्तो भयानक हत्याकाण्ड घट्न पुग्यो । राजेन्द्रको कमजोरी नै जङ्गबहादुरको उदयको एउटा कारण बन्न पुग्यो ।

(ङ) **भारदारहरूको हत्याको शृङ्खला** : दरबारमा जालझेल र षड्यन्त्र व्याप्त थियो । माथवरसिंह थापा प्रधानमन्त्री भएपछि पाण्डेहरूको पतन भयो । जङ्गबहादुरले वि.सं. १९०२ जेठ २ गते माथवरसिंह थापाको हत्या गरे । उक्त घटनापछि अचानक शक्तिशाली भारदार बनेका गगनसिंह खवासको वि.सं. १९०३ भदौ ३१ गते हत्या भयो । यसमा जङ्गबहादुरको हात रहेको इतिहासकार बताउँछन् । यसरी ठुला र अनुभवी भारदारको हत्या भयो र राणाशासनको उदय हुने वातावरण तयार हुन पुग्यो । तत्कालीन भारदारलाई ठुलो पदमा बहाल रहन गाह्रो भयो । धेरै योग्य भारदारले ज्यान गुमाउनुपऱ्यो । जङ्गबहादुरले यही मौकाको फाइदा उठाए ।

(च) **तीन पर्व**

(अ) **कोत पर्व** : राणाशासन उदयको तत्कालीन कारण कोतको हत्याकाण्ड थियो । कोतको हत्याकाण्डबाट जङ्गबहादुर शक्ति प्राप्त गर्न सफल भएका थिए । यस पृष्ठभूमिमा सबैले गगनसिंहलाई पन्छाउन चाहेको देखिन्छ । वि.सं. १९०३ भदौ ३१ मा गगनसिंह खवासको रहस्यमय ढङ्गले उनकै घरमा हत्या गरियो । गगनसिंह खवासको हत्याले राज्यलक्ष्मीको मनोरथ पूरा गर्ने प्रयासमा वज्र पऱ्यो । त्यसैले रानी क्रोधित र उत्तेजित भई यस हत्यामा



सम्मिलित सबैलाई खतम गर्ने प्रण गरिन् । गगनसिंहको हत्यारा पत्ता नलगाईकन अन्नपानी पनि नखाने प्रतीज्ञा गरिन् । रानीको आज्ञाअनुसार रातमा एक्कासि बिगुल बजेपछि भारदार, फौजी अधिकारी र अन्य अधिकारी कोतमा जम्मा भए ।

जङ्गबहादुर उनका भाइहरू हातहतियारसहित कोतमा आए । परिस्थितिलाई आफ्नो पक्षमा लिनका लागि जङ्गबहादुरले अगाडि नै सम्पूर्ण योजना मिलाएका थिए । कोतमा सबैको उपस्थितिपश्चात् रानीले तुरुन्तै हत्यारा पत्ता लगाई उसलाई वध गर्ने आदेश दिइन् । रानीको शङ्का वीरकेशर पाण्डे (वीरकिशोर पाण्डेको नाममा परिचित) माथि परेकाले उनले तुरुन्त वीरकेशर पाण्डेलाई काट्ने आदेश दिइन् । यसमा अभिमान सिंहले राजाको आदेश आवश्यक पर्ने बिन्ती गरे । उनी बाहिर निस्कन खोज्दा त्यहीँ नै उनको हत्या भयो । त्यहाँ जङ्गबहादुरको इसारामा लगभग ५५ जनाको हत्या गरियो । यस घटनालाई कोतपर्व भनी नेपालको इतिहासमा चित्रण गरिएको छ । यस घटनापछि जङ्गबहादुरले कमान्डर इन चिफको कार्यभार पाए ।

(आ) **भण्डारखाल पर्व** : जङ्गबहादुरलाई शक्तिमा ल्याएपछि आफ्नो इच्छा पुऱ्याउन रानीले युवराज सुरेन्द्रको बध गर्न आदेश दिइन् । तर जङ्गबहादरले हरेक पक्षबाट यो अनुचित हुने भन्दै प्रस्ताव अस्वीकार गरे । त्यसपछि उनी जङ्गबहादुरको हत्या गर्ने योजनामा लागिन् । वीरध्वजलाई हत्याको योजना बनाउन लगाइन् । योजनाअनुसार भण्डारखालमा भोजनको आयोजना गर्ने र जङ्गबहादुरलाई विषाक्त खाना खुवाई हत्या गर्ने योजना बन्यो । पण्डित विजयराज पाण्डेबाट यस कुराको सुइँको पाएका जङ्गबहादुर भोजको स्थलमा आउन ढिलो गरे । वीरध्वज उनलाई लिन निवासतिर जाँदै गर्दा बिच बाटामा जङ्गबहादुरसँग भेट भयो । मलाई मार्ने योजना बुन्ने तैं होइनस् भन्दै जङ्गबहादुरले वीरध्वज बस्नेतलाई दुई टुक्रा पारी हत्या गरे । दलबलसहित भण्डारखाल पुगेका जङ्गबहादुरले सैनिक घेराबन्दीमा पारी कोत पर्वमा बचेका लगभग ३३ जना विरोधीलाई छानी छानी हत्या गरे । वि.सं. १९०३ कात्तिक १२ गते भएको यस हत्या काण्डमा धेरै बस्नेत भारदारहरूको ज्यान गएकाले यसलाई बस्नेत पर्व पनि भनिन्छ । भारदारी सभाको आयोजना गरी मार्ने प्रयास गरेको आरोपमा जङ्गबहादुरले रानीलाई देश निकाला गर्ने निर्णय गरी काशीवास पठाए । राजा राजेन्द्रविक्रम शाहले जङ्गबहादुरलाई प्रधानमन्त्रीमा नियुक्त गरे र तीर्थयात्रा गर्ने भनी आफू पनि काशीतर्फ गए ।

(इ) **अलौपर्व** : भण्डारखाल पर्वपछि राजा राजेन्द्र कान्छी रानीको साथमा तीर्थयात्रा गर्ने बहानामा वनारसतर्फ लागे । राजारानीसँगै राजपरिवारका अन्य सदस्य पनि काशीतिर लागे । केही समयपछि त्यहाँबाट जङ्गबहादुरलाई मार्न भनी केही मान्छे नेपाल पठाए तर जङ्गबहादुरका गुप्तचरहरूले उक्त कुरा पत्ता लगाए । त्यसपछि जङ्गबहादुरले युवराज सुरेन्द्रलाई राजा बनाई राज्याभिषेक केही समयपछि गराए । वनारसमा रहेका नेपालीको सहयोग लिएर जङ्गबहादुरसँग लड्ने निर्णय गरी दलबलसहित राजेन्द्रविक्रम शाह वीरगञ्ज नजिकैको अलौ भन्ने ठाउँमा आई किल्ला बाँधी बसे । यताबाट जङ्गबहादुरले आफ्ना सेना त्यसतर्फ पठाए । वि.सं. १९०४ साउनमा काठमाडौँबाट गएका सेनाले राजेन्दविक्रमको फौजमाथि आक्रमण गरी पराजित गरे । हात्तीमा चढेर भाग्दै गर्दा राजा राजेन्द्र विक्रम जङ्गबहादुरका सेनाद्वारा समातिए । उनलाई कैदीका रूपमा भक्तपुरमा नजरबन्द गरियो । यस पर्वपछि जङ्गबहादुर अझै शक्तिशाली बने ।

(छ) **जङ्गबहादुरको श्री ३ पदप्राप्ती** : वि.सं. १९०६ मा जङ्गबहादुरले श्री ५ सुरेन्द्रबाट राणाजी उपाधि पाए । राणा परिवारले जस्तो सुकै अपराध गरे तापनि उनीहरू मृत्युदण्ड, सर्वस्वहरण,

जातिच्यूत जस्ता सजायबाट मुक्त हुने भए । राणा परिवारले राजपरिवारसँग वैवाहिक सम्बन्ध कायम गर्न पाउने भए । वि.सं. १९१३ साउन २४ गतेको लालमोहरले जङ्गबहादुर कास्की र लमजुङका श्री ३ महाराज बने । यस लालमोहरबाट सैनिक र कर्मचारीको नियुक्ति, पदोन्नति, थमौती, निष्कासन गर्ने, पजनीसम्बन्धी अधिकार र शान्तिमा खलल पुऱ्याउनेलाई मृत्युदण्डको सजाय दिनेजस्ता अधिकार जङ्गबहादुरलाई प्राप्त भयो । उक्त लालमोहरमा श्री ३ को पद जङ्गबहादुरका दरसन्तानले उपभोग गर्न पाउने भन्ने उल्लेख गरिएको थियो ।

(ज) **राजपरिवारसँगको वैवाहिक सम्बन्ध** : जङ्गबहादुरले गुरुप्रसाद शाहकी बहिनीसँग विवाह गरे । आफ्नो आठ वर्षका जेठा छोरा जगतजङको विवाह राजा सुरेन्द्रकी छ वर्षकी जेठी छोरीसँग गरिदिए । जङ्गबहादुरले आफ्ना छोरीहरूको विवाह युवराज त्रैलोक्यविक्रम शाह र राजपरिवारका सदस्य उपेन्द्रविक्रम शाहसँग गरिदिएका थिए । यसरी राज परिवारसँगको पारिवारिक सम्बन्धले राणाहरू झन् शक्तिशाली भए ।

## २. राणाशासन पतनका कारण

(क) **पारिवारिक सङ्घर्ष** : राणाहरूले प्रधानमन्त्रीको रोलक्रम निर्धारण गरी सोअनुसार उत्तराधिकारी तोक्नु झगडाको मुख्य बिउ भयो । राणाहरूमा आफू आफू बिचमै हत्या देशनिकाला गर्ने कामसमेत भए ।

(ख) **राणाहरूको वर्ग विभाजन** : चन्द्रसमशेरले राणाहरूलाई ए, बी र सी वर्गमा वर्गीकरण गरे । यसले सी वर्गका राणा प्रधानमन्त्रीको रोलक्रमबाट वञ्चित भए । कतिपयलाई देशनिकाला समेत गरियो । फलस्वरूप राणा परिवारभित्रै राणाशासन विरोधी समूहको प्रादुर्भाव भयो ।

(ग) **राणाशासन विरोधी आन्दोलन** : जङ्गबहादुरकै समयमा भोटुसिंह, लखन थापालगायतले राणाशासन विरुद्ध विद्रोह सुरु गरेका थिए । विश्वयुद्धपछि नेपालीहरू राणाविरोधी गतिविधिमा सङ्गठित हुँदै गए । चर्खा प्रचार, प्रचण्ड गोर्खा, लाइब्रेरी पर्व, प्रजापरिषद्, स्थापना, विराटनगरको मजदुर आन्दोलन, जयतु संस्कृतम् आन्दोलन जस्ता राणाविरोधी गतिविधि हुन थाले ।

(घ) **राजा त्रिभुवनको दरवार त्याग र सशस्त्र सङ्घर्ष** : जनता र राजाको एकै प्रकारको समस्या थियो । राणाहरूका हरेक कुरा सहन राजा त्रिभुवन बाध्य थिए तर उनलाई यी गतिविधि मन परेको थिएन । त्यसैले राजा त्रिभुवन वि.सं. २००७ कात्तिक २१ गते दरबार त्याग गरी भारतको शरणमा पुगे । नेपाली काङ्ग्रेसको नेतृत्वमा मुक्तिसेना परिचालन भयो । देशभरि सशस्त्र क्रान्ति भयो । परिणामस्वरूप राणा शासनको अन्त्य भयो ।

## क्रियाकलाप

१. **राणाशासनको उदय र अन्त्यसँग सम्बन्धित घटना र मिति समावेश गरी एक समयरेखा तयार गर्नुहोस् ।**

२. **राणाशासनसँग सम्बन्धित प्रश्न बनाई हाजिरीजवाफ प्रतियोगिता आयोजना गर्नुहोस् ।**

३. **विभिन्न स्रोत अध्ययन गरी राणाकालका घटेका मुख्य घटना र सो घटनाका कारण खुलाउनुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **कोत पर्व हुनाको कुनै एक कारण उल्लेख गर्नुहोस् ।**

(ख) **राणाशासनको उदय हुनुमा कोत पर्व पूर्वघटना थियो । यस भनाइलाई पुष्टि गर्नुहोस् ।**

(ग) **राणाविरोधी मुख्य गतिविधिलाई तिथि मितिसहित तालिकामा देखाउनुहोस् ।**

(घ) **राणाशासनको अन्त्यका लागि भएको जयतु संस्कृतम् आन्दोलन सम्बन्धमा छोटो विवरण प्रस्तुत गर्नुहोस् ।**

(ङ) **राणाशासनको अन्त्य हुनाका कारण उल्लेख गर्नुहोस् ।**

## परियोजना कार्य

विभिन्न स्रोतबाट खोजी गरी राणाविरोधी मुख्य गतिविधिहरूलाई मितिसहित तालिकामा प्रस्तुत गर्नुहोस् ।

पाठ
७

# राणाशासनको आर्थिक सामाजिक प्रभाव

राणा शासन १०४ वर्षसम्म कायम रहेको थियो । कोत पर्व, भण्डार खाल पर्व र अलौ पर्वको कारण जङ्गबहादुर राणाको उदय भयो । जङ्गबहादुरले शाही घोषणाबाट श्री ३ महाराज र प्रधानमन्त्री पद आफ्नै वंशमा सीमित राखी राणाशासनको मजबुत गरेका थिए । आफ्नो शासन दिगो बनाउन राणशासकले केही सामाजिक र आर्थिक सुधारका कार्य गरेका थिए ।

## १. सामाजिक तथा शैक्षिक प्रभाव

जङ्गबहादुरको बेलायत भ्रमणपछि वि.सं. १९१० मा नेपालमा प्रथम लिखित मुलुकी ऐन जारी भयो । यसले देशमा कानुनी एकरूपता ल्यायो । ३५ वर्षसम्म विवाह नगरी बसेकी छोरीलाई पैतृक सम्पत्तिमाथि अधिकार स्थापना भयो । वीरसमशेरले वीर अस्पताल, वीरपुस्तकालय र वीर धाराको स्थापना गरे । वि.सं. १९१० मा थापाथली दरबारमा स्थापना गरिएको दरबार हाईस्कुलले अङ्ग्रेजी शिक्षा प्रारम्भ गरेको थियो । देवसमशेरले देशभर १०० भन्दा बढी पाठशाला खोल्न लगाए । देवसमशेरले वि.सं. १९५८ मा गोरखापत्रको प्रकाशन गरे । वि.सं. १९७७ मा चन्द्रसमशेरले कानुन बनाई सतिप्रथालाई पूर्ण रूपमा प्रतिबन्ध लगाए । त्यस्तै गरी वि.सं. १९८१ मा दासप्रथाको अन्त्य भयो । राणाकालमा आफ्नै सन्तानलाई पढाउन भए पनि त्रिचन्द्र कलेज तथा कन्या विद्यालय स्थापना गरियो । वि.सं. १९९० मा एसएलसी बोर्डको व्यवस्था गरियो । वि.सं. १९९६ मा शिक्षासम्बन्धी इस्तिहारको घोषणा भयो । वि.सं. २००२ देखि कागजी नोटहरू प्रचलन चलाए ।



## २. आर्थिक प्रभाव

राष्ट्र र जनताको हितका लागि नसोचीकन राणाहरूले आफ्नो निजी स्वार्थतर्फ बढी ध्यान दिने गर्थे । अधिकांश नेपालीहरू भोक र रोगले ग्रसित थिए भने राणा परिवार र उनीहरूका सहयोगीहरू विदेशी महँगा वस्तुको प्रयोग गर्थे । जागिर दिँदा पनि राणा परिवार र गैरराणा वर्ग भन्नुले जनताको आर्थिक अवस्था दयनीय हुँदै गएको थियो ।

राणाकालमा मुलुकमा कुनै वैज्ञानिक आर्थिक विकासका कार्य खासै भएनन् । तथापि जुद्ध समशेरले गरेका केही उल्लेख्य आर्थिक कार्य प्रशंसनीय मानिन्छन् । उनले कृषि स्कुलको स्थापना गरे । उद्योग परिषद् स्थापना गरे । विराटनगर जुटमिल, कटन मिल, जुद्ध म्याच फ्याक्ट्री तथा अन्य घरेलु उद्योग स्थापना गरी औद्योगिक विकासमा टेवा दिए । उनले वि.सं. १९९४ कात्तिक ७ मा नेपाल बैङ्क लिमिटेड स्थापना गरी बैङ्किङ सेवा प्रारम्भ गरे । सिँचाइतर्फ चन्द्रसमशेरले सप्तरीको त्रियुगा नदीबाट चन्द्रनहर निर्माण गरे ।



### *क्रियाकलाप*

१. **राणाकालका कुन कुन पक्ष हालसम्म पनि प्रयोगमा छन्, सो पक्षहरूलाई समेटी एउटा तालिका बनाई कक्षा कोठामा प्रस्तुत गर्नुहोस् ।**

२. **राणाकालका सकारात्मक र नकारात्मक पक्षको सूची तयार गरी समूह समूह भई कक्षामा छलफल गर्नुहोस् ।**

३. **राणाकालमा भएका सामाजिक आर्थिक उपलब्धिलाई तालिकामा प्रस्तुत गर्नुहोस् ।**

४. **राणाकालको कुनै उपलब्धिलाई कविता, संवाद, कथामध्ये कुनै एकको छनोट गरी आफ्नो सिर्जना प्रस्तुत गर्नुहोस् र कक्षामा साथीहरूलाई सुनाउनुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **जङ्गबहादुरले समाज सुधारका लागि के के कार्य गरे ?**

(ख) **चन्द्रसमशेरले गरेका सुधार कार्यको सूची बनाउनुहोस् ।**

(ग) **आर्थिक र सामाजिक उपलब्धिबिच एकअर्कासँग के सम्बन्ध हुन्छ, लेख्नुहोस् ।**

(घ) **राणाकालमा तपाईँको समुदायमा बनेका कुनै एक सम्पदाको वर्णन गर्नुहोस् ।**

एकाइ आठ

# हाम्रा आर्थिक क्रियाकलाप

## सिकाइ उपलब्धि

- परम्परागत र आधुनिक कृषिको महत्त्व र विशेषता बताउन एवम् कृषि क्षेत्रको विकासको सम्भावनाको खोजी गर्न
- उद्योगको परिचय, प्रकार र महत्त्व बताउन एवम् उद्योगका सम्भावनाको पहिचान गर्न
- व्यापारको परिचय, प्रकार र महत्त्व बताउन एवम् नेपालमा व्यापारको बजारीकरण विविधीकरण तथा व्यापारको प्रवर्धनका उपायको उल्लेख गर्न
- श्रम, आयआर्जन रोजगार र उद्यमशीलताको सम्बन्ध प्रस्तुत गर्न

पाठ
१

# कृषि

नेपाल कृषि अनुसन्धान परिषद्को सभाहलमा 'नेपालमा कृषि' विषयमा अन्तरक्रिया कार्यक्रम सञ्चालन भइरहेको छ । कार्यक्रममा विभिन्न विद्यालयबाट शिक्षक र विद्यार्थीलाई पनि आमन्त्रण गरिएको छ । उक्त कार्यक्रममा कृषि विशेषज्ञ ललिता बुढा मगरले आफ्ना विचार यसरी प्रस्तुत गर्नुभयो ।

उपस्थित महानुभावहरू,

नमस्कार ! म ललिता बुढा मगर ।

हामी आज नेपालमा कृषि र यसको महत्त्व सम्बन्धमा छलफल गर्दै छौँ । नेपाल कृषिको प्रशस्त सम्भावना भएको देश हो । आर्थिक सर्वेक्षण २०८१/०८२ अनुसार कुल गार्हस्थ्य उत्पादनको करिब २५.१६ प्रतिशत योगदान कृषि क्षेत्रले ओगटेको छ । कृषि बालीअन्तर्गत खाद्यान्न बाली, नगदे बाली, पशुपन्छी पालन, फलफूल खेती आदि पर्छन् । कृषि क्षेत्र देश विकास र समृद्धिको महत्त्वपूर्ण आधार हो । दैनिक जीवनमा उपभोग गरिने खाद्यान्न कृषि क्षेत्रबाट नै प्राप्त हुन्छ । अधिकांश उद्योग सञ्चालनका लागि आवश्यक कच्चा पदार्थ पनि कृषिबाट नै प्राप्त हुन्छ । ग्रामीण क्षेत्रमा बसोबास गर्ने जनताको रोजगारीको मुख्य आधार कृषि नै रहेको छ । देशको आन्तरिक तथा बाह्य व्यापारको अधिकांश हिस्सा पनि कृषि क्षेत्रले नै ओगटेको छ । कृषि देशको अर्थतन्त्रको मेरुदण्ड हो । कृषि क्षेत्रको विकासले देशमा गरिबी न्यूनीकरण गर्न सकिन्छ । त्यस्तै निर्यात व्यापारमा वृद्धि गरी व्यापार घाटा कम गर्न पनि कृषि क्षेत्रमा बढी ध्यान दिनुपर्छ । नेपालमा कृषि क्षेत्रमा कृषि उपजको व्यापार, कृषिजन्य उद्योग एवम् कृषि व्यवसाय पनि सञ्चालित छन् ।

उक्त कार्यक्रममा कालिका मा. वि. मा नौ कक्षामा अध्ययनरत विद्यार्थी पवन तामाङले जिज्ञासा राख्दै भन्नुभयो : कृषिको महत्त्वका बारेमा त प्रस्ट भयो । अब नेपालमा कृषिको सम्भावना कस्तो रहेको छ ? त्यसका बारेमा पनि प्रस्ट पारिदिनुहोस् न ।

जिज्ञासाको लागि धन्यवाद दिँदै ललिताले भन्नुभयो :

जलवायु, भूबनोट र प्राकृतिक स्रोतहरूको हिसाबले नेपाललाई समृद्ध देश मानिन्छ । नेपालको तराई प्रदेशलाई अन्नको भण्डार भनिन्छ किनभने तराईमा प्रशस्त मात्रामा खाद्यान्न उत्पादन हुन्छ । पहाडी प्रदेशमा पशुपालन, फलफूललगायत खाद्यान्न उत्पादनको राम्रो सम्भावना छ । त्यस्तै जडीबुटी र तरकारी उत्पादनको पनि पहाडी क्षेत्रमा प्रशस्त सम्भावना रहेको देखिन्छ । हिमाली प्रदेशमा स्याउ खेती, आलु खेती, पशुपालन र जडीबुटी उत्पादन राम्रो हुन्छ । कृषि क्षेत्रको विकासका लागि सरकारले कृषिमा व्यवसायीकरण, यान्त्रीकरण र उत्पादन विविधीकरणलाई उच्च प्राथमिकतामा राख्न सक्नुपर्छ । पढेलेखेका युवावर्गलाई कृषि पेसामा आकर्षित गर्न सक्नुपर्छ । यसका लागि कृषि तालिम, सहुलियत दरमा ऋण सुविधा, कृषि अनुदान, प्राविधिक सहयोग, उत्पादित वस्तुको बजारको सुनिश्चितता जस्ता

सुविधा प्रदान गर्नुपर्छ । यसो हुन सकेको खण्डमा कृषिमा देश आत्मनिर्भर हुनाको साथै कृषि उपजको निर्यातमा वृद्धि गर्न सकिन्छ ।

सहभागी विद्यार्थीमध्ये एक जनाले जिज्ञासा राख्दै भन्नुभयो :

नेपालमा कृषि क्षेत्रको विकासको सम्भावना त थाहा भयो । कृषिको विकास गर्नका लागि के के गर्न सकिन्छ, त्यसका बारेमा बताइदिनुहोस् न ।

प्रश्नका लागि धन्यवाद दिँदै ललिताले भन्नुभयो :

नेपालमा कृषिसँग सम्बन्धित कतिपय समस्या अझै पनि समाधान हुन सकेका छैनन् । यी समस्यालाई समाधान गर्न सकियो भने कृषिजन्य उत्पादनमा वृद्धि गर्न सकिन्छ । राष्ट्रिय आयमा थप योगदान पुग्छ । यसका लागि सरकारले निजी क्षेत्रको समेत सहभागितामा कृषियोग्य जमिनमा सिँचाइ सुविधाको व्यवस्थापनलाई मुख्य प्राथमिकतामा राख्नुपर्ने देखिन्छ । कृषियोग्य भूमिको पहिचान गरी खेतीका लागि मात्र प्रयोग गर्न सकियो भने पनि कृषि क्षेत्रमा देखिएका समस्यालाई न्यूनीकरण गर्न मदत पुग्छ । किसानको उत्पादनलाई बिक्री तथा संरक्षण गर्नका लागि कृषि बजार तथा गोदाम घरको व्यवस्था गर्न सकिन्छ । व्यावसायिक कृषितर्फ युवाहरूको आकर्षण बढाउनका लागि कृषकलाई तालिम तथा अभीमुखीकरण कार्यक्रम सञ्चालन गरिनुपर्छ । कृषिजन्य सामग्री तथा औजार खरिदका लागि सहुलियत दरमा ऋण तथा छुटको व्यवस्थाले पनि यस क्षेत्रको विकासको सम्भावनालाई उजागर गरेको छ । कृषिमा युवाहरूलाई आकर्षण गर्नुपर्छ । कृषिजन्य उत्पादन भएको स्थानमा सडक तथा यातायात सुविधा पुऱ्याउनेतर्फ विशेष ध्यान पुग्नुपर्छ । वैज्ञानिक ढङ्गले कृषि क्षेत्रको विकासका लागि योजना बनाएर काम गर्नुपर्छ र निरन्तर रूपमा कृषिसम्बन्धी अध्ययन तथा अनुसन्धान हुनु आवश्यक देखिन्छ । यसरी नेपालको कृषिमा देखिएका समस्या तथा चुनौतीलाई समाधान गर्न सकेको खण्डमा कृषिको सम्भावना एउटा ठुलो अवसरका रूपमा परिणत गर्न सकिन्छ । धन्यवाद !

## क्रियाकलाप

**१. दिइएको घटना अध्ययन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

### कृषिमा व्यावसायीकरण

दलबहादुर थापा एक सफल कृषक हुन् । उनी रोजगारीको क्रममा दुई वर्ष विदेशमा काम गरेर फर्केका हुन् । उनले अब विदेश नजाने र नेपालमा नै अर्गानिक तरकारी खेती गरेर बस्ने निर्णय गरे । उनले सहकारीबाट रु. दुई लाख ऋण लिए र एक बिगाहा जमिन भाडामा लिएर कृषि व्यवसायको सुरुआत गरे । विदेशमा सिकेको सिपकै कारण उनले अर्गानिक तरकारी खेती गर्न सुरु गरे । मौसमी र बेमौसमी दुबै किसिमका तरकारी खेतीबाट आफ्नो व्यवसायलाई अगाडि बढाए । उनी आफ्नै गाडीमा राखेर उत्पादन गरेका तरकारी बजारमा लगेर बिक्री वितरण गर्छन् ।

उनको तरकारीको माग बजारमा बढ्दै गएको छ । तरकारी खेतीसँगै उनले उन्नत जातको तीनओटा गाईपालन पनि सुरुआत गरे । अहिले गाईको दुध बेचेर पनि आम्दानी गर्न सफल भएका छन् । तरकारी खेतीका लागि आवश्यक मल पनि गाई पालनबाट नै उपलब्ध भएको छ । उनी र उनकी श्रीमती बिहानदेखि बेलुकासम्म अत्यन्त लगनशील भएर काममा लागे । त्यसैले अहिले राम्रो आम्दानी गर्न सफल भएका छन् । उनले सहकारीबाट लिएको ऋण तिरिसकेका र छोराछोरीको शिक्षाका लागि पनि राम्रो व्यवस्था मिलाएका छन् । आफ्नो मिहिनेत र परिश्रमले सफलता पाएकामा उनी खुसी छन् । तरकारी खेतीबाट राम्रो आम्दानी गरेको देखेर उनको गाउँमा अरूले पनि उनकै सल्लाहअनुसार तरकारी खेती सुरु गरेका छन् । विदेशमा कमाउनेभन्दा धेरै यहींबाट आम्दानी हुने भएकाले उनी अरूलाई स्वदेशमा उद्यम गर्न हौसला प्रदान गर्छन् । हामी पनि उनको कर्मलाई सम्मान गरौँ ।

(क) दलबहादुर कसरी सफल कृषक भए ?

(ख) कृषि पेसाप्रति उनको कस्तो धारणा रहेको छ ?

(ग) दलबहादुरको सफलताबाट तपाईंलाई के प्रेरणा प्राप्त भयो ?

(घ) कृषिलाई व्यावसायीकरण गर्न के के गर्न सकिन्छ ?

(ङ) व्यावसायिक कृषिका लागि आफ्ना छिमेकीलाई तपाईं के सल्लाह दिनुहुन्छ ?

२. **नेपालमा कृषिको महत्त्व सम्बन्धमा दुई साथीबिचमा छलफल गरी संवाद तयार गर्नुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **कृषि कार्यअन्तर्गत कुन कुन कृषि क्रियाकलाप पर्छन् ?**

(ख) **नेपाल एक कृषि प्रधान देश हो पुष्टि गर्नुहोस् ।**

(ग) **नेपालमा कृषिका समस्या र समाधानका उपाय उल्लेख गर्नुहोस् ।**

(घ) **नेपालमा कृषिको कस्तो सम्भावना रहेको छ, लेख्नुहोस् ।**

पाठ
२

# परम्परागत र आधुनिक कृषि प्रणाली

दिइएका परम्परागत र आधुनिक कृषि प्रणालीसम्बन्धी दुईओटा अवस्थाको अध्ययन गरौँ र छलफल गरौँ :

## अवस्था एक

फत्तेमान आफूसँग भएका स्रोतसाधनको प्रयोग गरेर बाबुबाजेको पालादेखि चलिआएको पुरानो तरिकाबाट खेतीपाती गर्छन् । उनले आफ्नै घरमा भएका हलो, कुटो, कोदालो आदिको मात्र प्रयोग गरेर खेती गर्ने गरेका छन् । त्यति मात्र नभएर फत्तेमानले जमिन जोत्न, बिउबिजनको छनोट गर्न, बाली लगाउन पुरानै तरिका अवलम्बन गर्ने गरेका छन् । झारपात तथा जनावरबाट जोगाउन र बाली थन्क्याउन पनि परम्परागत प्रणालीको नै प्रयोग गर्छन् । उनले स्थानीय स्तरमा पाइने बिउबिजनको प्रयोग गर्छन् । उनी कहिल्यै रासायनिक कीटनाशक औषधी तथा रासायनिक मलको प्रयोग गर्दैनन् । बालीमा लाग्ने किरा मार्नका लागि घरमै भएको खरानी, गाईवस्तुको पिसाब आदि प्रयोग गर्दै आएका छन् । मलका रूपमा उनी घरमै पालिएका गाई भैँसी, बाख्रा आदिको मल प्रयोग गर्छन् । परम्परागत मौलिक खेतीबाट उत्पादन गरिएका बालीनाली स्वस्थकर हुन्छ भन्ने गर्छन् । राम्रो हेरचाह तथा हावापानीले साथ दियो भने उत्पादन पनि राम्रो हुन्छ । कहिलेकाहीँ बढी नै किरा लागेर बालीनाली नष्ट हुने जस्ता समस्या आउने गरेको कुरा उनी बताउँछन् । उनको उत्पादनलाई अर्गानिक र स्वस्थकर भनेर कतिपय ग्राहक घरमै किन्न आउने गरेका छन् । बढी भएका उत्पादन बजारमा बेच्ने गरेका छन् ।

परम्परागत खेती बढी निर्वाहमुखी कृषि प्रणाली हो । यसमा आधुनिक व्यावसायिक खेतीमा जति उत्पादन हुँदैन । घरमै उत्पादन भएको ताजा र स्वस्थ्यकर खाना खान पाएको र आम्दानी पनि राम्रै भएको उनी बताउँछन् । यसबाट उनी सन्तुष्ट भएको कुरा बताउँछन् ।

## अवस्था दुई

भीमप्रसाद स्वदेशमा राम्रो रोजगारको अवसर नपाएकाले विदेश गएका थिए । त्यहाँ उनले कृषि फर्ममा काम गर्ने अवसर पाए । तीन वर्ष जति काम गरेपछि उनी आफ्नै देशमा गएर कृषि पेसा गर्छु भनी नेपाल फर्के । विदेशमा बस्दा सिकेको सिप र अनुभवमा आधारित भई खेतीपाती गर्दा बढी उत्पादन गर्न सकिँदो रहेछ भन्ने कुरा राम्रोसँग बुझे । उनले उन्नत बिउबिजन, कीटनाशक औषधी, रासायनिक मल, कृषि औजार र प्रविधिको प्रयोग गरी व्यावसायिक कृषिको सुरुआत गरे । उनले कृषि तालिम लिने अवसर पाए । उनले आफ्नो व्यवसायका लागि स्थानीय तह र प्रदेश सरकारबाट कृषि ऋण र अनुदानसमेत लिए । त्यसपछि आधुनिक व्यावसायिक खेती विस्तार गर्नतिर लागे ।



उनी कृषि विशेषज्ञसँग माटो परीक्षण गराएर हावापानी अनुकूल हुने गरी एक बालीको सट्टा विविध बाली लगाउँछन् । उनीसँग ट्र्याक्टर, धान रोप्ने र काट्ने मेसिन भएकाले खेत जोत्न र बाली थन्क्याउन सजिलो भएको छ । यी मेसिनलाई अन्य ठाउँमा प्रयोग गरेर पनि आम्दानी गर्ने गरेका छन् । आफूले लगाउने तरकारीका बिरुवा उन्नत जातको बिउबिजन आफैँ टनेल बनाएर उमार्ने र बिक्री वितरणसमेत गर्छन् । सिँचाइका लागि बोरिङ गरेर जमिनमुनिबाट पानी तान्ने व्यवस्था गरेका छन् । धान रोप्ने र काट्ने काम पनि मेसिनबाट नै गर्छन् । उनी समय समयमा कृषिविज्ञ र पशुविज्ञसँग परामर्श पनि गर्ने गर्छन् । उनले उन्नत जातको तीनओटा गाई पालेका छन् । आफैँ कम्पोस्ट मल बनाउँछन् । रासायनिक मल र कीटनाशक औषधीको समेत प्रयोग गर्ने गरेका छन् । यसले गर्दा कृषि उत्पादन राम्रो भएको छ । आफ्नै ट्र्याक्टर भएकाले प्रत्येक दिन बजारसम्म उत्पादित तरकारी पुऱ्याउँछन् । कतिपय व्यापारी उनको घरमै तरकारी लिन आउँछन् । उनले केही मानिसलाई रोजगारी पनि दिएका छन् । हाल उनको आम्दानी पनि राम्रो छ । उनले व्यवसाय सुरु गर्ने वेलामा लिएको ऋण पनि तिरिसकेको कुरा बताउँछन् । भीमप्रसाद कृषि व्यवसायबाट हुन सक्ने जोखिमबाट बच्नका लागि कृषि बिमा गरेकाले आफू ढुक्क रहेको कुरा बताउँछन् ।

उनी अहिले अरूलाई पनि आधुनिक व्यावसायिक तरकारी खेती गर्ने तरिकाका बारेमा सिकाउँछन् । उनी सँगसँगै गाउँमा अरू पनि व्यावसायिक खेतीतर्फ आकर्षित भएको देखिन्छ । आधुनिक व्यावसायिक कृषिबाट हुने फाइदाको सम्बन्धमा अरूलाई समेत बुझाउँदै हिँड्ने गरेका छन् । ग्रामीण क्षेत्रमा भएको बेरोजगारी समस्या समाधान गर्न र देशलाई आत्मनिर्भर बनाउन सकिने उनको तर्क छ । उनी थप्छन्: हामी लाग्ने हो भने छिट्टै हामीले खाद्यान्न, तरकारी, फलफूल तथा माछा, मासु, अन्डा र दुधमा देशलाई आत्मनिर्भर बनाउन सक्छौँ । देशको राष्ट्रिय आम्दानीमा वृद्धि हुन्छ । कृषिजन्य कच्चा पदार्थमा आधारित उद्योगहरू खोल्न सकिन्छ । पढेलेखेका युवा वर्गहरूलाई पनि व्यावसायिक खेतीतर्फ आकर्षित गर्न सकिन्छ । अरूलाई आधुनिक कृषितर्फ आकर्षित गर्नका लागि उनले सम्झाउँदै भन्ने गरेका छन्, "सरकारले आधुनिक कृषि औजार प्रयोग गरी कृषि पेसालाई बढावा दिने कृषकलाई ५० प्रतिशतसम्म अनुदान दिने व्यवस्था गरेको छ । खेती प्रणालीमा सुधारका लागि विभिन्न सहयोग र उन्नत बिउ खरिदका लागि सरकारले अनुदान तथा सहुलियत उपलब्ध गराउँछ । त्यसैले कृषि तालिम लिएर आफ्नै देशमा व्यावसायिक खेती गरौँ, स्वरोजगारलाई बढावा दिऔँ, आफ्नै देशमा केही गरौँ र देशलाई आत्मनिर्भरता तर्फ अगाडि बढाऔँ ।"

## क्रियाकलाप

१. तपाईँको स्थानीय तहमा कृषिको आधुनिकीकरण तथा व्यावसायीकरणका लागि के के अभ्यास भएका छन्, सोधखोज गरी टिपोट गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. कृषिमा आधुनिकीकरण तथा व्यावसायीकरण गर्न नेपाल सरकारले के के कदम चालेको छ, खोजी गर्नुहोस् ।

३. सामाजिक सञ्जालमा खोजी गरी वा सन्दर्भ सामग्री अध्ययन गरी विकसित मुलुकमा कृषि गर्ने तरिका र नेपालमा कृषि गर्ने तरिकाका बिचमा के कस्ता समानता र भिन्नता रहेका छन्, पत्ता लगाई कक्षामा छलफल गर्नुहोस् ।

४. परम्परागत कृषि प्रणाली र आधुनिक कृषि प्रणालीमध्ये तपाईँलाई कुन कृषि प्रणाली उपयुक्त लाग्छ ? किन, आफ्ना मान्यता प्रस्तुत गर्नुहोस् ।

५. आफूलाई मन पर्ने कृषि प्रणाली (परम्परागत र आधुनिक) सँग सम्बन्धित रही दुई समूहमा बाँड्नुहोस् र मन पर्नाका कारण उल्लेख गर्ने आफ्ना मान्यता (**value line**) प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) परम्परागत कृषि प्रणाली भनेको के हो, यसका महत्त्व लेख्नुहोस् ।

(ख) व्यावसायिक तथा आधुनिक कृषि प्रणालीका विशेषता उल्लेख गर्नुहोस् ।

(ग) परम्परागत कृषि प्रणाली र व्यावसायिक कृषि प्रणालीबिचका भिन्नता छुट्याउनुहोस् ।

(घ) कृषिमा आधुनिकीकरण गर्न कुन कुन उपाय अवलम्बन गर्न सकिन्छ ?

## सामुदायिक कार्य

**तपाईँको समुदायमा आधुनिक व्यावसायिक खेती गरिएको हुन सक्छ । त्यहाँ अवलोकन गरी दिइएका प्रश्नको उत्तर पत्ता लगाउनुहोस् :**

(क) व्यावसायिक रूपमा कुन खेती गरिएको रहेछ ?

(ख) व्यावसायिक खेती कसरी सुरुआत गरियो ?

(ग) उत्पादित वस्तुको बजार व्यवस्था कसरी मिलाइएको रहेछ ?

(घ) व्यावसायिक खेती प्रणालीका फाइदा के के रहेछन् ?

पाठ ३

# उद्योग

## १. परिचय



श्रम, पुँजी, सिप र प्रविधिको प्रयोग गरी वस्तु तथा सेवाको उत्पादन गर्ने कार्यलाई उद्योग भनिन्छ । नेपालमा उद्योगको विकासक्रम अध्ययन गर्दा प्राचीनकालदेखि केही घरेलु तथा साना उद्योग सञ्चालनमा थिए । राणा शासनकालको अन्त्यतिर वि.सं. १९९३ मा उद्योग परिषद्को स्थापनापश्चात् नेपालमा औद्योगिकीकरणको सुरुआत भएको थियो । त्यसपछि वि.सं. १९९३ मा विराटनगरमा स्थापना भएको विराटनगर जुटमिललाई नै नेपालको पहिलो आधुनिक उद्योगका रूपमा लिइन्छ । वि.सं. २००७ मा प्रजातन्त्र स्थापनापश्चात् नेपालमा उद्योगको विकास र विस्तार हुन थालेको पाइन्छ । हाल नेपालमा ग्रामीण क्षेत्रमा घरेलु तथा साना उद्योगको बाहुल्य रहेको छ भने सहरी क्षेत्रमा ठुला तथा मझौला उद्योगहरू रहेका छन् । आर्थिक सर्वेक्षण २०८१/०८२ अनुसार कुल गार्हस्थ्य उत्पादनमा उद्योगको योगदान १२.८३ प्रतिशत रहेको छ । औद्योगिक क्षेत्रको विकासका लागि अहिले नेपाल सरकारले विभिन्न ११ ओटा क्षेत्रलाई औद्योगिक क्षेत्रका रूपमा विकास गरेको छ । सरकारी र निजी क्षेत्रको संलग्नता हुने गरी विशेष आर्थिक क्षेत्रको व्यवस्था गरिएको छ । कुनै पनि देशको आर्थिक विकासमा औद्योगिक विकासको महत्त्वपूर्ण भूमिका रहन्छ । औद्योगिक क्षेत्रको विकासले अर्थतन्त्रका अन्य क्षेत्रहरू, जस्तै : कृषि, पर्यटन आदि प्रभावकारी रूपमा क्रियाशिल हुन्छन् ।

## २. उद्योगको महत्त्व

औद्योगिक विकास देशको आर्थिक विकासको दिगो र भर पर्दो आधार स्तम्भ हो । नेपाल कृषिको प्रशस्त सम्भावना भएको देश हो । उद्योगधन्दाको स्थापनाबाट समाजमा रहेको निष्क्रिय पुँजी र श्रमको अधिकतम उपयोग गर्न सकिन्छ । नेपालको कृषि क्षेत्रमा आधुनिकीकरण गर्न औद्योगिक विकासले मदत गर्छ । कृषि कार्यका लागि आवश्यकीय औजारहरू पनि उद्योगबाट तयार गरिन्छन् । यीबाहेक उद्योगको महत्त्वलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

(क) रोजगारीका अवसर सिर्जना गर्छ ।

(ख) देशको राष्ट्रिय आम्दानीमा वृद्धि हुन्छ ।

(ग) देशमा उपलब्ध प्राकृतिक स्रोत र साधनको सदुपयोग हुन्छ ।

(घ) देशको व्यापारमा आयातलाई घटाई निर्यात बढाउन सकिन्छ ।

(ङ) देशमा उपलब्ध पुँजी परिचालन गरेर पुँजी निर्माणमा मदत पुग्छ ।

(च) औद्योगिक वस्तुमा देश आत्मनिर्भर बन्न सक्छ ।

(छ) देशको सबै क्षेत्रमा उद्योगको स्थापना गर्न सकेमा क्षेत्रीय सन्तुलन कायम गर्न मदत पुग्छ ।

(ज) कृषि क्षेत्रमा रहेको निर्भरतालाई कम गर्छ ।

(झ) नेपालमा आधुनिक र व्यावसाहिक कृषिको विकासमा मदत पुग्छ ।

(ञ) स्थानीय सिप र स्रोतसाधनको उपयोग हुन्छ ।

(ट) स्थानीय कला र संस्कृतिको संरक्षण गर्न मदत पुग्छ ।

## ३. उद्योगका प्रकार

औद्योगिक व्यवसायलाई टेवा पुऱ्याउने उद्देश्यले नेपाल सरकारले औद्योगिक व्यवसाय ऐन, २०७६ कार्यान्वयनमा ल्याएको छ । यस ऐनअनुसार नेपालका उद्योगलाई निम्नअनुसार वर्गीकरण गरिएको छ :

| उद्योगको प्रकार | विशेषता |
|---|---|
| (क) लघु उद्यम | १. घर जग्गाबाहेक बढीमा पाँच लाख रुपियाँसम्मको स्थिर पुँजी रहेको<br>२. उद्यमी स्वयम् उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको<br>३. उद्यमीसहित बढीमा नौ जनासम्म कामदार रहेको<br>४. वार्षिक कारोबार एक करोड रुपियाँभन्दा कम रहेको<br>५. इन्जिन उपकरण वा मेसिनको प्रयोग गरेको भएमा खपत हुने विद्युतीय ऊर्जा, इन्धन वा अन्य तेल इन्जिन क्षमता बिस किलोवाट वा सोभन्दा कम रहेको |
| (ख) घरेलु उद्योग | १. परम्परागत सिप र प्रविधिमा आधारित<br>२. श्रममूलक र खास सिप वा स्थानीय कच्चा पदार्थ एवम् स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित<br>३. इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा ५० किलोवाट क्षमतासम्मको विद्युतीय ऊर्जाको प्रयोग |

| | |
|---|---|
| (ग) साना उद्योग | लघु उद्यम र घरेलु उद्योग बाहेकका १५ करोड रुपियाँसम्म स्थिर पुँजी भएका उद्योग |
| (घ) मझौला उद्योग | १५ करोड रुपियाँभन्दा बढी ५० करोड रुपियाँसम्म स्थिर पुँजी भएको उद्योग |
| (ङ) ठुला उद्योग | ५० करोड रुपियाँभन्दा बढी स्थिर पुँजी भएका उद्योग |

**(क) घरेलु तथा साना उद्योगको परिचय तथा महत्त्व**

कम लगानीमा स्थानीय स्रोतसाधनको प्रयोग गरी सञ्चालन गर्न सकिने व्यवसायलाई घरेलु तथा साना उद्योग भनिन्छ । घरेलु तथा साना उद्योगअन्तर्गत उनी तथा सुती कपडा उद्योग, घरेलु कागज उद्योग, घरेलु धातु उद्योग आदि पर्छन् । अन्य उदाहरणका रूपमा काष्ठ उद्योग, दुग्ध उद्योग, धान कुट्ने, तेल पेल्ने, उखु पेल्ने उद्योगहरूलाई पनि लिन सकिन्छ । नेपालमा कृषि क्षेत्रमा ठुलो श्रमशक्ति आश्रित रहेको देखिन्छ । श्रमशक्तिलाई स्थानीय स्तरमै ससाना व्यवसाय खोली रोजगार प्रदान गर्न घरेलु उद्योगको ठुलो भूमिका रहेको हुन्छ । स्थानीय श्रम, सिप र कच्चा पदार्थमा आधारित व्यवसाय सञ्चालन गर्न सकिएमा व्यवसाय पनि टिकाउ हुन्छन् । नेपालमा बाह्य आयातीत सिप र कच्चा पदार्थमा आधारित उद्योग पनि छन् तर यसको तुलनामा हाम्रा परम्परागत कला, संस्कृति र सिपअनुसारका व्यवसायमा आम्दानी तथा रोजगारीको सम्भावना बढी देखिन्छ । परम्परागत कला, सिप र संस्कृतिमा आधारित उद्योगबाट उत्पादित सामग्रीको माग विश्व बजारमा समेत रहेको छ । कम पुँजी तथा लगानीमा सजिलै स्थापना गर्न सकिने हुनाले पनि नेपालमा यस्ता उद्योगको सम्भावना बढी छ । यसबाट विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । देशमा ठुलो सङ्ख्यामा यस्ता उद्योगहरू सञ्चालन हुँदा राष्ट्रिय आम्दानीमा वृद्धि हुन्छ । रोजगारीको अवसरमा पनि वृद्धि हुने हुँदा जनताको जीवनस्तरमा समेत सुधार आउँछ ।

**(ख) मझौला तथा ठुला उद्योगको परिचय र महत्त्व**

मझौला तथा ठुला उद्योगका लागि ठुला ठुला यन्त्र उपकरण र धेरै सङ्ख्यामा दक्ष र अर्धदक्ष जनशक्तिको आवश्यकता पर्छ । यसरी ठुलो मात्रामा पुँजी लगानी र ठुलो परिमाणमा वस्तु तथा सेवा उत्पादन हुने व्यवसायलाई नै मझौला तथा ठुला उद्योग भनिन्छ । यस्ता उद्योगहरूका लागि ठुला बजारको आवश्यकता पर्छ । नेपालमा सञ्चालित ठुला उद्योगमा चिनी, सिमेन्ट, जुट, कपडा, टायल, फलाम, जस्ता, छाला आदि पर्छन् । देशमा ठुला उद्योगको विकास हुन सकेमा देशको आर्थिक विकासमा सहयोग पुग्छ । रोजगारीको अवसरमा वृद्धि हुन्छ । गरिबी निवारण गर्न र जनताको जीवनस्तरमा सुधार गर्न मदत पुग्छ । देशमा उपलब्ध प्राकृतिक र मानवीय संसाधनको सदुपयोग हुन्छ । कृषिको पनि आधुनिकीकरण र व्यावसायीकरणमा मदत पुग्छ । देशलाई औद्योगिक उत्पादनमा आत्मनिर्भर बनाउन सकिन्छ । आयात प्रतिस्थापन र निर्यात वृद्धि गरी विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । देशको पुँजी विदेश पलायन हुनबाट रोक्न सकिन्छ । देशमा उच्च आर्थिक वृद्धिदर हासिल गर्न मदत पुग्छ ।

## ४. नेपालमा उद्योग विकासका सम्भावना

नेपाल प्राकृतिक तथा सांस्कृतिक स्रोतसाधनमा धनी मुलुक हो । नेपालमा जलविद्युत् उत्पादन क्षमता उच्च रहेको छ । त्यस्तै गरी यहाँ वन सम्पदा र खनिज सम्पदा प्रशस्त मात्रामा रहेका छन् तर यी सम्पदाको उपयोग नगन्य मात्रामा भएको छ । यस्ता उद्योग स्थापनाले मात्र सम्पदाको प्रयोग उच्चतम मात्रामा गर्न सकिन्छ । यहाँ परम्परागत मौलिक सिप र कलाको पनि विकास हुँदै आएको छ । यस्ता स्रोतसाधनलाई प्रयोग गर्न सक्ने श्रम शक्ति पनि नेपालमा छन् । नेपालमा बर्सेनि ठुलो धनराशि विप्रेषणका रूपमा भित्रिन्छ । कृषि क्षेत्रमा आधुनिकीकरण र व्यावसायीकरण बढ्दै गएमा यसबाट उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सकिन्छ । उद्योग क्षेत्रका लागि आवश्यक कच्चा पदार्थको आपूर्ति गर्न सकिन्छ । उद्योग खोलेर कृषि क्षेत्रमा रहेको आवश्यकताभन्दा बढी जनचापलाई रोजगारी दिन सकिन्छ । नेपालका उच्च पहाडी तथा हिमाली क्षेत्रमा प्रशस्त मात्रामा पाइने बहुमूल्य जडीबुटीबाट जडीबुटी उद्योग खोल्न सकिने सम्भावना रहेको छ । त्यस्तै गरी नेपालमा रहेका ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक सम्पदाबाट पर्यटन उद्योगको पनि विकास गर्न सकिन्छ ।

## ५. नेपालमा उद्योग प्रवर्धनका उपाय

नेपालमा सञ्चालित उद्योगको प्रवर्धनले देशको आर्थिक विकास र रोजगारी सिर्जना, पुँजीको परिचालन र लगानीमैत्री वातावरणको विकास हुने हुनाले निम्नलिखित प्रवर्धनका उपायहरू अवलम्बन गर्न सकिन्छ :

(क) उद्योगमैत्री नीतिको तर्जुमा गरी कार्यान्वयन गर्नुपर्छ ।

(ख) औद्योगिक क्षेत्रमा शान्ति सुरक्षाको वातावरण बनाउनुपर्छ ।

(ग) उद्यमीहरूलाई सहुलियतपूर्ण ऋण र अन्य सुविधाको व्यवस्था गरिनुपर्छ ।

(घ) औद्योगिक पूर्वाधारको व्यवस्थासहितको औद्योगिक क्षेत्रको विकास र विस्तार हुनुपर्छ ।

(ङ) गुणस्तरीय वस्तु र सेवाको उत्पादन गरी निर्यातमुखी उद्योग स्थापनामा जोड दिनुपर्छ ।

(च) स्वदेशमै औद्योगिक कच्चा पदार्थको उत्पादन र सहज आपूर्तिको व्यवस्था मिलाइनुपर्छ ।

(छ) उद्योग क्षेत्रमा इन्धनको आपूर्तिका लागि जलविद्युत्को उत्पादन क्षमता बढाउनुपर्छ ।

(ज) नेपाली उद्योगबाट उत्पादित वस्तुको बजार प्रवर्धनका लागि विज्ञापन तथा प्रचारप्रसारमा जोड दिइनुपर्छ ।

(झ) स्वदेशमा उत्पादित सामग्रीको औद्योगिक प्रदर्शनी आयोजना गर्नुपर्छ ।

## *क्रियाकलाप*

१. तपाईँको समुदायमा रहेका कुनै घरेलु तथा साना उद्योगको अवलोकन गर्नुहोस् र त्यहाँबाट उत्पादित वस्तुको अवस्था र बजारीकरणको सम्बन्धमा टिपोट गरी कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।

२. कक्षालाई विभिन्न समूहमा विभाजन गरी उद्योग क्षेत्रका प्रवर्धनका उपाय सम्बन्धमा खोजी गरी समूहगत प्रस्तुति गर्नुहोस् ।

३. तपाईँको जिल्लामा कस्ता उद्योग स्थापना गर्न सकिने सम्भावना रहेका छन्, स्थानीय जानकार व्यक्तिलाई सोधी प्राप्त जानकारीलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) नेपालमा उद्योगलाई कसरी वर्गीकरण गरिएको छ, उल्लेख गर्नुहोस् ।

((ख) घरेलु तथा साना उद्योगको महत्त्व उल्लेख गर्नुहोस् ।

(ग) मझौला तथा ठुला उद्योगको परिचय दिनुहोस् ।

(घ) नेपालमा उद्योगको प्रवर्धनका उपाय उल्लेख गर्नुहोस् ।

(ङ) नेपालमा उद्योगको विकासका लागि कस्ता सम्भावना रहेका छन् ?

पाठ

४

# व्यापार

## १. परिचय

व्यापार भन्नाले व्यक्ति वा समूहबिचमा हुने वस्तु तथा सेवाको खरिदबिक्रीको कार्य हो । यसको मुख्य उद्देश्य नाफा कमाउनु हो । व्यापार कुनै एक देशको एक भागबाट अर्को भागसम्म र एक देशबाट अर्को देशका बिचमा गरिन्छ । मानव सभ्यताको सुरुआतदेखि नै व्यापारको विकास भएको पाइन्छ । त्यति वेला मुद्रा प्रचलनमा नभए तापनि एकअर्काबिचमा वस्तु तथा सेवाको साटासाट गरेर व्यापार गरिन्थ्यो । बिस्तारै स्थानीय स्तरमा उत्पादित वस्तु सोही ठाउँमा बिक्रीवितरण गर्ने कार्यको सुरुआत भयो । मुद्राको विकाससँगै व्यापार बढी विकसित र व्यापक बन्दै गएको देखिन्छ ।

## २. व्यापारको महत्त्व

देशको अर्थतन्त्रको विकासमा व्यापार व्यवसायको महत्त्वपूर्ण भूमिका हुन्छ । व्यापारले वस्तु तथा सेवाको किनबेच सहज बनाउँछ । एक ठाउँमा उत्पादन भएका वस्तुको उपयोग अन्य ठाउँका मानिसले पनि गर्न पाउँछन् । उपभोक्ताले आवश्यकताअनुसारका वस्तु तथा सेवा छनोट गर्ने अवसर प्राप्त गर्छन् । बजारमा भएका सामानका बिचमा स्वस्थ प्रतिस्पर्धा कायम हुन्छ । फलस्वरूप उत्पादकले सामानको गुणस्तर वृद्धितर्फ ध्यान दिन्छन् । नेपालको कुल गार्हस्थ्य उत्पादनमा व्यापार क्षेत्रको योगदान ३० प्रतिशतको हाराहारीमा छ ।

नेपालमा व्यापारको महत्त्वलाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

(क) आवश्यक वस्तु तथा सेवाहरूको उपभोग गर्ने अवसर प्राप्त हुन्छ ।

(ख) स्थानीय उत्पादन तथा उद्योगबाट उत्पादित सामानले बजार पाउँछन् ।

(ग) देशमा रोजगारी तथा स्वरोजगारीको अवसरमा वृद्धि हुन्छ ।

(घ) परम्परागत कला र सिपमा आधारित सामानको बिक्री वितरण भई संरक्षण र प्रवर्धनमा मदत पुग्छ ।

(ङ) उत्पादित वस्तुहरू देशका विभिन्न ठाउँमा र अन्य मुलुकमा समेत निर्यात गर्न सकिन्छ ।

(च) विदेशी मुद्रा आर्जन गर्न सकिन्छ ।

(छ) राजस्व सङ्कलनमा वृद्धि भई राष्ट्रिय आम्दानीमा वृद्धि हुन्छ ।

## २. व्यापारको प्रकार

**(क) आन्तरिक व्यापार** : कुनै पनि देशको भौगोलिक सिमानाभित्र गरिने व्यापारलाई आन्तरिक व्यापार भनिन्छ । यसलाई घरेलु व्यापार पनि भनिन्छ । आन्तरिक व्यापारअन्तर्गत देशभित्र एक ठाउँबाट अर्को ठाउँमा, एक सहरबाट अर्को सहरमा र एक भौगोलिक क्षेत्रबाट अर्को भौगोलिक क्षेत्रमा गरिने व्यापार पर्छ । वस्तु तथा सेवाको सहज आपूर्ति गर्न मदत गर्छ । देशको आर्थिक क्रियाकलापलाई गतिशील बनाउन सहयोग गर्छ । स्थानीय उत्पादनले बजार पाउँछ, जसले गर्दा स्थानीय उत्पादन वृद्धि हुन्छ । रोजगारी तथा स्वरोजगारीको अवसरमा वृद्धि हुनाको साथै जीवनस्तरमा सुधार आउँछ ।

**(ख) बाह्य व्यापार** : दुई वा दुईभन्दा बढी राष्ट्रहरूका बिचमा वस्तु तथा सेवाको किनबेच गर्ने कार्यलाई बाह्य व्यापार भनिन्छ । यसलाई वैदेशिक वा अन्तर्राष्ट्रिय व्यापार पनि भनिन्छ । बाह्य व्यापार वस्तुको गुणस्तर, मूल्य, सहज आपूर्ति र आवश्यकतामा भर पर्छ । विभिन्न देशका जनताहरूले आफ्नो इच्छा, आवश्यकता र क्रयशक्तिका आधारमा वस्तु र सेवा खरिद गर्न सक्छन् । बाह्य व्यापारमा विदेशी मुद्राको उपयोग गरिन्छ । बाह्य व्यापारलाई देशको हितअनुकुल प्रवर्धन गर्न सकेमा देशको आर्थिक विकासमा मदत पुग्छ । बाह्य व्यापारको महत्त्वलाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

(अ) बाह्य व्यापारले देशको व्यापारलाई विश्व बजारसँग जोड्ने काम गर्छ ।

(आ) बाह्य व्यापारबाट आवश्यक उपभोग्य वस्तु तथा सेवाहरूको आपूर्ति हुन्छ ।

(इ) यसका माध्यमबाट रोजगारीका अवसरमा वृद्धि गर्न सकिन्छ ।

(ई) स्वदेशी उत्पादनको बजार विस्तार हुन्छ र विदेशी मुद्रा आर्जन हुन्छ ।

(उ) आवश्यकताअनुसारको गुणस्तरीय वस्तुको उपभोग गर्न सकिन्छ ।

(ऊ) स्थानीय स्रोत र सामग्रीको प्रभावकारी उपयोग हुन्छ ।

(ऋ) विज्ञान र प्रविधिको विकास गर्न सकिन्छ ।

(ए) राजस्व सङ्कलनमा वृद्धि हुन्छ ।

(ऐ) उद्योगका लागि आवश्यक यन्त्र, उपकरण, प्रविधि र कच्चा पदार्थको आपूर्ति गर्न सकिन्छ ।

## ३. नेपालमा व्यापारको सम्भावना र प्रवर्धन

व्यापारको दायरा फराकिलो बनाउने तथा व्यापारिक कारोबारमा वृद्धि गर्ने कार्य नै व्यापार प्रवर्धन हो । नेपालमा व्यापार प्रवर्धनका पर्याप्त सम्भावनाका क्षेत्र रहेका छन् । नेपाल प्राकृतिक सम्पदा, जैविक विविधता र सांस्कृतिक सम्पदाले भरिपूर्ण देश हो । नेपालमा यस्ता सम्पदाको व्यापारिक प्रयोजनको सम्भावना पनि रहेको छ । नेपालमा जलविद्युत् उत्पादन क्षमता बढाएर र पर्यटन सेवा वृद्धि गरेर व्यापारको विस्तार गर्न सकिने प्रचुर सम्भावना छ । त्यस्तै जडीबुटी उत्पादन तथा प्रशोधन, कृषिजन्य

उत्पादन तथा प्रशोधन, खनिज उत्खनन तथा प्रशोधन आदि क्षेत्रमा लगानी वृद्धि गरी व्यापार प्रवर्धन गर्न सकिने अवस्था रहेको छ । स्वदेशी तथा विदेशी लगानीकर्तालाई आकर्षण गरेर नेपालको व्यापार क्षेत्रको विकास र विस्तार गर्न सकिने सम्भावना रहेको छ । यी क्षेत्रको विकासबाट व्यापारमा वृद्धि गरी निर्यात बढाएर आयातमा कटौती गर्न सकिन्छ । त्यस्तै गरी तयारी पोसाक, उनी गलैँचा, पस्मिना, हस्तकलाका सामानको उत्पादनमा वृद्धि गरेर पनि नेपालको व्यापार विस्तार गर्न सकिने सम्भावना छ । स्थानीय सिप र प्रविधिमा आधारित वस्तुको उत्पादनमा वृद्धि र प्रवर्धन गर्न सकिने प्रचुर सम्भावना रहेको छ । मौलिक तथा परम्परागत सिपमा आधारित वस्तुको उत्पादनबाट पनि व्यापार विस्तार गर्न सकिन्छ । नेपालमा भित्रिने विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सकिन्छ । यसबाट निर्यात प्रवर्धनमा समेत सहयोग पुग्छ । विदेशमा सिकेर आएका ज्ञान, सिपलाई स्वदेशी उद्योग विकास र विस्तारमा उपयोग गर्न सकिन्छ । युवा जनशक्तिलाई सहुलियत ऋण सुविधा उपलब्ध गराई व्यापारमा लगाउन सकिन्छ । यसरी नेपालमा भएका व्यापारिक सम्भावनालाई अवसरमा परिणत गर्न सक्ने अवस्था रहेको छ । त्यसका लागि विश्व बजारको मागअनुसारको वस्तु तथा सेवाको उत्पादनमा वृद्धि गर्नुपर्ने हुन्छ । सामान उत्पादन गर्दा गुणस्तरलाई मुख्य रूपमा ध्यान दिनुपर्छ । नेपाल सरकारले व्यापारसँग सम्बन्धित विश्व व्यापार सङ्गठन (WTO), दक्षिण एसियाली स्वतन्त्र व्यापार क्षेत्र सम्झौता (SAFTA अन्तर्गत अतिकम विकसित र विकासोन्मुख राष्ट्रका हैसियतले विभिन्न सुविधा प्राप्त गर्न सकिन्छ । यस्ता सुविधा उपयोग गरेर अन्तर्राष्ट्रिय व्यापारलाई थप प्रवर्धन गर्न जोड दिनुपर्ने देखिन्छ ।

## *क्रियाकलाप*

१. **स्थानीय बजारको अवलोकन गर्नुहोस् र कुन कुन सामान नेपालमा नै उत्पादन भएका रहेछन् र कुन कुन सामान आयात भएका रहेछन्, सूची बनाउनुहोस् ।**

२. **कुनै स्थानीय व्यापारीलाइ भेट्नुहोस् र व्यापारको सम्बन्धमा तल दिइएका प्रश्न सोधी प्राप्त जवाफ कक्षाकोठामा प्रस्तुत गर्नुहोस् :**

(क) तपाईँले बिक्रीवितरण गर्ने सामान देशभित्र कुन कुन ठाउँबाट र देश बाहिर कुन कुन देशबाट आयात भएका छन् ?

(ख) स्थानीय स्तरमा उत्पादित सामानले बजार पाएको अवस्था छ कि छैन ?

(ग) तपाईंको विचारमा नेपालमा व्यापारको क्षेत्र विस्तारका लागि के के गर्नुपर्छ ?

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **व्यापार भनेको के हो ?**

(ख) **नेपालमा व्यापारको महत्त्व उल्लेख गर्नुहोस् ।**

(ग) **आन्तरिक र बाह्य व्यापारबिच फरक छुट्याउनुहोस् ।**

(घ) **बाह्य व्यापारबाट नेपाललाई हुने फाइदा उल्लेख गर्नुहोस् ।**

(ङ) **नेपालमा व्यापार प्रवर्धनका उपायको सूची बनाउनुहोस् ।**

### *सामुदायिक कार्य*

तपाईँको जिल्लामा व्यापार प्रवर्धनका लागि के के सम्भावना रहेका छन्, घर, परिवार वा समुदायमा जानकार व्यक्तिसँग सोधखोज गरी टिपोट गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ५

# नेपालमा व्यापार विविधीकरण र बजारीकरण

विभिन्न किसिमका वस्तु तथा सेवाको फरक फरक देशमा आयात र निर्यात गर्ने कार्यलाई व्यापार विविधीकरण भनिन्छ । यसअन्तर्गत फरक फरक वस्तु तथा सेवा कुनै स्थान वा देशमा मात्र सीमित नभएर विभिन्न स्थान वा देशमा पठाउने र ल्याउने काम गरिन्छ । यसको मुख्य उद्देश्य नयाँ नयाँ वस्तुको उत्पादनमा जोड दिनु र व्यापारको क्षेत्र फराकिलो बनाउनु हो । व्यापार विविधीकरणले व्यापारको प्रवर्धन गर्छ । व्यापार विविधीकरणको सिद्धान्तअनुसार कुनै पनि ठाउँमा उत्पादन भएका वस्तुहरूलाई बिक्रीका लागि विश्वभर पुऱ्याउन सकिन्छ । यसरी विश्वभर पुगेका सामानले उस्तै प्रकृतिका अन्य सामानसँग प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ । परिणामस्वरूप गुणस्तरीय वस्तुले बजार ओगट्छ र व्यापार पनि बढ्दै जान्छ । कुनै पनि वस्तुले जति धेरै ठाउँको बजारमा फैलिने मौका पाउँछ, त्यसको व्यापार क्षेत्र पनि त्यति नै वृद्धि हुँदै जान्छ । त्यसैले व्यापार प्रवर्धनका लागि व्यापार विविधीकरण महत्त्वपूर्ण हुन्छ ।

## १. व्यापार विविधीकरणका किसिम

### (क) क्षेत्र/देशगत व्यापार विविधीकरण

कुनै पनि ठाउँमा उत्पादित वस्तु तथा सेवालाई बिक्रीका लागि स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउने कार्यलाई क्षेत्र/देशगत व्यापार विविधीकरण भनिन्छ । यसमा कुनै पनि देशको कुनै एक क्षेत्रमा उत्पादित वस्तु तथा सेवा देशको विभिन्न ठाउँमा र बाहिरी देशमा समेत पुऱ्याइन्छ । व्यापारमा जति धेरै विविधीकरण गर्न सक्यो त्यति नै व्यापार फस्टाउँछ । व्यापार विविधीकरणको कारणले विभिन्न देशमा उत्पादित सामानको उपभोग गर्ने अवसर मिल्छ । बढ्दो वैदेशिक व्यापार घाटालाई कम गर्न पनि मदत पुग्छ । सामानहरू आयात र निर्यातका लागि सीमित देशसँग मात्र भर पर्नुपर्दैन । अन्तर्राष्ट्रिय बजारमा नेपाली वस्तुको लोकप्रियता बढ्दै जान्छ ।

ऐतिहासिक कालमा नै नेपालको व्यापार भारत र तिब्बतसँग सीमित थियो । मल्लकालमा नेपाल र तिब्बतबिच वाणिज्य सन्धि भएपछि तिब्बतसँग पनि वस्तुको औपचारिक व्यापार हुन थाल्यो । दुई देशसँगको मात्र व्यापार सम्बन्धबाट नेपालले लाभ उठाउन सकेन । नेपालले वैदेशिक व्यापारलाई चिन र भारतसँग मात्र सीमित नगरी अन्य देशसँग पनि गर्नुपर्ने आवश्यकता महसुस गऱ्यो ।

चौँथो पञ्चवर्षीय योजना (२०२७-२०३२) देखि नेपालले व्यापार विविधीकरणको सिद्धान्त अवलम्बन गर्न सुरुआत गऱ्यो । त्यसपछि नेपालले भारत र चीनसँग मात्र नभई अन्य मुलुकसँग पनि व्यापारको क्षेत्र विस्तार गर्दै गयो । नेपालले हाल भारत, चीन, इन्डोनेसिया, बङ्गलादेश, संयुक्तराज्य अमेरिका, क्यानडा, फ्रान्स, मलेसिया, कोरिया, युनाइटेड अरब इमिरेट्स आदि थुप्रै देशसँग व्यापार गर्दै आएको छ ।

**(ख) वस्तुगत व्यापार विविधीकरण**

कुनै पनि देशमा उत्पादित फरक फरक वस्तु देशभित्र र बाहिर निर्यात तथा आयात गर्ने व्यापारलाई वस्तुगत व्यापार विविधीकरण भनिन्छ । यसअन्तर्गत कुनै पनि देशले आफ्नो देशमा उत्पादन गर्दा फाइदा हुने वस्तु उत्पादन र निर्यात गर्न सक्छ । आफ्नो देशलाई अति आवश्यक फरक फरक वस्तु विभिन्न देशबाट आयात गर्न सक्छ । कुनै पनि देशले आफ्नो देशको व्यापार प्रवर्धनका लागि वस्तुगत व्यापार विविधीकरणमा ध्यान दिन अति आवश्यक हुन्छ । यसले कुनै पनि देशलाई सीमित वस्तु मात्र उत्पादन नगरेर विश्व बजारको मागअनुसार विभिन्न वस्तुको उत्पादनका लागि प्रेरित गर्छ । नेपालमा वैदेशिक व्यापारको प्रवृत्ति हेर्दा पहिलेको तुलनामा विविधीकरण बढेर गएको देखिन्छ । वि.सं. २०४१/४२ सम्म नेपालले भारततर्फ दाल, चामल, मकै, काठ, पिना, खयर जस्ता वस्तुको निर्यात गर्दै आएको थियो । हाल अलैँची, सुठो, तोरी र सस्र्युं, जीवित जनावर, मैदा, पिना, खयर, जुटका सामान, जडीबुटी, छाला तथा हाड, धागो, नेपाली कागज, प्लास्टिकका सामान, सुन चाँदीका गहना आदि वस्तु निर्यात गर्छ । त्यस्तै गलैँचा, कार्पेट, उनी तथा सुतीका तयारी कपडा, हस्तकलाका सामान, चिया, कफी, पस्मिना, गरगहना, उनी कार्पेट, भटमासको तेल आदि वस्तु पनि निर्यात गर्दै आएको छ ।

नेपालले हाल भारतलगायत अन्य मुलुकबाट सवारी साधन, मेसिनरी पाटपूर्जा, इन्धन, जुत्ता, ब्याग, शृङ्गारका सामान जस्ता विलासिताका सामान आयात गर्दै आएको छ । त्यस्तै खाद्य तथा पेय पदार्थ, लुगा, कपडा, स्वास्थ्यसामग्री, औषधी आदि दैनिक उपभोग्य सामान पनि आयात गर्दै आएको छ । यसरी नेपालको वैदेशिक व्यापारको अवस्था हेर्दा आयात बढी र निर्यात कम भएको देखिन्छ । आयात बढी र निर्यात कम हुने अवस्थालाई व्यापार घाटा भनिन्छ । यस्तो व्यापार घाटालाई कम गर्न नेपालले व्यापार विविधीकरणमा विशेष जोड दिनुपर्ने हुन्छ ।

## २. व्यापारको बजारीकरण

उत्पादित वस्तु तथा सेवाको बजारसम्म पहुँच पुग्नु र खरिदबिक्री हुने प्रकियालाई नै बजारीकरण भनिन्छ । व्यापार विविधीकरणको कारणले पनि बजारीकरणमा मदत पुग्छ । सामानको गुणस्तरीय प्याकेजिङ र ब्रान्डिङले समेत व्यापार विस्तारमा सहजता प्रदान गर्छ । नेपालमा व्यापारको विस्तार तथा बजारीकरणको आवश्यकता तथा महत्त्वलाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

(क) स्थानीय स्रोतसाधनको अधिकतम उपयोग गर्न सहयोग गर्छ ।

(ख) देशभित्र विभिन्न उद्योगधन्दाहरूको विस्तारको सम्भावना बढाउँछ ।

(ग) कम लागतमा आकर्षक र गुणस्तरीय सामानहरू उत्पादन गर्न सहयोग गर्छ ।

(घ) निर्यात व्यापारमा वृद्धि गरी व्यापार घाटा कम गर्न सहयोग पुग्छ ।

(ङ) नेपाली वस्तुको बजार विस्तारमा मदत पुग्छ ।

(च) देशभित्र नै प्रशस्त रोजगारीका अवसर वृद्धि गर्न सहयोग पुग्छ ।

(छ) स्थानीय उत्पादनले विश्व बजारमा प्रवेश पाउँछ ।

## *क्रियाकलाप*

१. **विभिन्न समूहमा विभाजित भई तल दिइएको आयात निर्यातको तथ्याङ्कलाई अध्ययन गरी विश्लेषण गर्नुहोस् :**

**विभिन्न देशहरूसँग नेपालको वैदेशिक व्यापार**

| क्र.सं. | देश | निर्यात (प्रतिशत) | निर्यात (प्रतिशत) | आयात (प्रतिशत) | आयात (प्रतिशत) |
|---|---|---|---|---|---|
| | | सन् २०१६ | सन् २०२० | सन् २०१६ | सन् २०२० |
| १. | भारत | ५६.९५ | ७२.९३ | ६५.७५ | ६४.२० |
| २. | चीन | २.७४ | ०.६७ | १४.००५ | १३.७४ |
| ३. | संयुक्त राज्य अमेरिका | १२.७ | १०.१५ | १.०७ | १.७६ |
| ४. | कोरिया | ०.२ | ०.१३ | ०.६७ | ०.९० |
| ५. | अस्ट्रेलिया | ०.८३ | ०.७२ | ०.५२ | ०.४७ |

*Source : Trade & Export Promotion Center, 2019/20*

२. **स्थानीय उत्पादक वा व्यापारीलाई भेट्नुहोस् र उनले आफ्ना सामानको बिक्रीवितरण तथा बजारीकरणका लागि के के उपाय अबलम्बन गरेका रहेछन्, सोधखोज गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **व्यापार विविधीकरणको परिचय दिनुहोस् ।**

(ख) **क्षेत्रगत व्यापार विविधीकरण भनेको के हो ?**

(ग) **नेपालले व्यापार प्रवर्धनका लागि वस्तुगत व्यापार विविधीकरणमा जोड दिनुपर्छ । किन, कारण दिनुहोस् ।**

(घ) **नेपालमा व्यापारको विस्तार तथा बजारीकरणको आवश्यकता तथा महत्त्व उल्लेख गर्नुहोस् ।**

(ङ) **व्यापार विविधीकरणले बजारीकरणमा कसरी मदत पुऱ्याउँछ, प्रस्ट पार्नुहोस् ।**

## *परियोजना कार्य*

वस्तुको बजारीकरणका लागि एक विज्ञापनको नमुना तयार गर्नुहोस् ।

पाठ ६

# श्रम, रोजगार र उद्यमशीलता

**तल दिइएको घटना अध्ययन गरौँ :**

## सफलताको कथा

राष्ट्रिय प्रकृति संरक्षण कोष सौराहाले जङ्गलमा मानवीय चाप घटाउन स्थानीयबासीलाई आयआर्जनका लागि च्याउ खेतीको तालिम दिएको थियो । त्यसै वेला चितवनका मानबहादुर थापासहित १० जनाले तालिम लिएका थिए । तालिम लिइसकेपछि उनीहरूले ग्रामीण कृषक समूह गठन गरेर च्याउ खेती सुरु गरे । त्यसबाट सफल हुँदै गएपछि मानबहादुरले सहकारीबाट रु ५०००० ऋण लिई आफैँ च्याउ खेती सुरु गरे । दुई कट्ठा जमिन भाडामा लिएर कन्ने र गोब्रे जातका च्याउ खेती लगाउन थाले । सुरुको दुई वर्षसम्म साइकलमा राखेर आफैँ च्याउ बेच्दै हिँड्थे । श्रीमान् श्रीमती दुबै मिलेर नै व्यवसाय धानेका थिए । बिस्तारै उनले उत्पादन गरेको च्याउको माग बढ्न थाल्यो । प्रचारप्रसार पनि हुँदै गयो । त्यसपछि चार कट्ठा जमिन थपेर छ कट्ठामा च्याउ खेती गर्न थाले । उत्पादन र माग बढ्न थालेपछि १५ जनालाई रोजगारी दिए । उनले अहिले दैनिक औषत १०० के.जी. च्याउ उत्पादन गर्दै आएका छन् । कहिलेकाहीँ दिनको ४०० के.जी.सम्म पनि च्याउ उत्पादन गर्ने गरेका छन् । आफ्नै सवारीसाधनमा उनी च्याउ बिक्री गर्न लैजान्छन् । कतिपय त उनको घरमै च्याउ लिन आउँछन् । अहिले उनी आफैँ च्याउको बिउ समेत उत्पादन गर्छन् । आफूले लगाएर बाँकी रहेको बिउ बिक्रीवितरण गर्छन् । यस व्यवसायबाट उनले खर्च कटाएर मासिक न्यूनतम रु. एक लाख कमाइ गर्ने गरेका छन् । व्यवसाय सञ्चालनको सुरुआतमा लिएको ऋण पनि तिरिसकेका छन् । च्याउ खेतीबाटै आम्दानी गरेर तीन कट्ठा जमिन समेत जोडिसकेका छन् । उनी यो पेसाबाट पूर्ण रूपमा सन्तुष्ट रहेको बताउँछन् । उनले च्याउ खेती गर्ने सिप सिकेर आफू पनि सफल भएको र १०० जना जतिलाई च्याउ खेती गर्ने सिप सिकाइसकेको बताउँछन् । उनलाई नगरपालिकाले जिल्लाकै नमुना किसानका रूपमा सम्मान पनि गरेको थियो ।

माथि दिइएको मानबहादुरको कथा त एउटा नमुना मात्र हो । नेपालमा यस्ता धेरै उद्यमी रहेका छन् जसले थोरै लगानीबाट लगनशील भएर काम गर्दा सफलता पाएका छन् । जोखिम बहन गरेर मुनाफा आर्जन गर्ने उद्देश्यले व्यवसाय सञ्चालन गर्ने व्यक्तिलाई उद्यमी भनिन्छ । आफ्नो व्यवसायलाई सफल बनाउनका लागि गरिने सम्पूर्ण प्रयास तथा खोजमूलक कार्य नै उद्यमशीलता हो । आर्थिक विकासका लागि उद्यमशीलताको पनि महत्त्वपूर्ण भूमिका हुन्छ । एउटा व्यक्तिले सञ्चालन गरेको उद्यमबाट अरू व्यक्ति पनि लाभान्वित हुन्छन् । आफू स्वरोजगार भई अरूलाई पनि रोजगारीको अवसर दिन सक्छन् । फलस्वरूप जीवनस्तरमा सुधार हुन्छ । देशमा भएका स्रोतसाधनको उपयोग हुन्छ । आर्थिक

क्रियाकलापमा वृद्धि भई गरिबी निवारणमा मदत पुग्छ । देशमा छरिएर रहेको बचत सङ्कलन भई पुँजी निर्माणमा मदत पुग्छ ।

देशको आर्थिक विकासमा श्रमको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । श्रमविना वस्तु तथा सेवाको उत्पादन सम्भव हुँदैन । निष्क्रिय रूपमा रहेको पुँजी र साधनको परिचालन गर्ने सक्रिय साधन श्रम हो । त्यसैले श्रमिकलाई दक्ष बनाउनका लागि शिक्षा र तालिमको आवश्यकता पर्छ । आफ्नो श्रम, सिप, क्षमता र बुद्धिको काम गरेर आम्दानी गर्नु रोजगारी हो । श्रमको अधिकतम उपयोग गर्न सके देशमा उत्पादन वृद्धि हुन्छ । उक्त वस्तु तथा सेवालाई निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । यसबाट देशको राष्ट्रिय आम्दानीमा वृद्धि हुन्छ ।

हामीमा काम श्रमप्रति सम्मान गर्ने भावना हुनुपर्छ । कुनै पनि कामलाई सानो भनेर हेला गर्नुहुँदैन । जबसम्म कामको सम्मान गर्ने संस्कृतिको विकास हामीमा हुन सक्दैन तबसम्म हाम्रो देश विकासमा अगाडि बढ्न सक्दैन । त्यसैले हामीले आफ्नो कामलाई माया गर्नुपर्छ भने अरूले गरेको कामको सम्मान गर्नुपर्छ । आफूले पनि नगर्ने र अरूले गरेको कामको नकारात्मक टीकाटिप्पणी गर्ने बानी गर्नुहुँदैन । आफ्नै देशमा सिपमूलक तालिम सिकेर स्वरोजगार बन्न सकिन्छ । श्रमले आयआर्जनसमेत वृद्धि गर्छ । आफ्नो श्रम र मिहिनेतको मूल्यभन्दा कम मूल्यमा विदेशमा गएर काम गर्नुपर्दैन । देशको श्रम शक्तिलाई आफ्नै देशमा उपयोग गर्न सकेमा देश विकास र समृद्धि सम्भव हुन्छ । हामी जनता र देश दुबैको कल्याण हुन्छ । यसरी श्रम, रोजगार र उद्यमशीलता एकअर्कामा अन्तरसम्बन्धित छन् । देशमा उद्यमशीलता वृद्धि भएमा जनताले रोजगारीको अवसर पाउँछन् । उद्यमशीलतालाई सफल पार्न उद्यमीको साथै श्रमशक्तिको पनि ठुलो हात रहेको हुन्छ ।

## क्रियाकलाप

१. **माथि दिइएको कथा पढेर तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) मानबहादुर कसरी आफ्नो व्यवसायमा सफल भएका थिए ?

(ख) मानबहादुरको सफलताको कथाबाट तपाईंले कस्तो प्रेरणा पाउनुभयो ?

(ग) मानबहादुरको कथामा कसरी श्रम, रोजगार, आयआर्जन र उद्यमशीलताको सम्बन्ध देखिन्छ, उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

२. **तपाईँको समुदायमा रहेका सफल उद्यमीको खोजी गर्नुहोस् र उहाँका बारेमा कक्षामा सुनाउनुहोस् ।**

३. **कक्षामा साथीहरूसँग सल्लाह गरी सबैले आआफ्नो घरमा आयआर्जन हुने कुनै सानो व्यवसाय सञ्चालन गर्नुहोस् । केही समयपछि त्यसको प्रतिफल कस्तो भयो ? त्यसले उद्यमशीलता प्रवर्धनका लागि के कस्ता आधार तयार गर्न सक्यो, कक्षामा शिक्षकलाई सुनाउनुहोस्, (जस्तै : कुखुरा पालन, करेसाबारीमा वा कौसीमा तरकारी खेती आदि ।)**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **श्रम भनेको के हो, देश विकासका लागि श्रम शक्तिको महत्त्व उल्लेख गर्नुहोस् ।**

(ख) **हामीले श्रमको सम्मान किन गर्नुपर्छ, आफ्नो विचार प्रस्तुत गर्नुहोस् ?**

(ग) **उद्यमशीलताले के के फाइदा हुन्छ, सूची बनाउनुहोस् ।**

(घ) **श्रम, रोजगारी आयआर्जन र उद्यमशीलताको सम्बन्धलाई उदाहरणसहित प्रस्ट पार्नुहोस् ।**

एकाइ
नौ

# अन्तर्राष्ट्रिय सम्बन्ध, शान्ति र सहयोग

## सिकाइ उपलब्धि

- नेपालका मित्रराष्ट्र तथा संस्थाहरूसँग सम्बन्ध र सहयोगको अवस्थासँग परिचित हुन
- संयुक्त राष्ट्रसङ्घमा नेपालको भूमिका उल्लेख गर्न
- सार्क र युरोपियन युनियनको परिचय र भूमिका बताउन
- अन्तर्राष्ट्रिय शान्ति स्थापनाका लागि नेपालले पुऱ्याउँदै आएको सहयोग उल्लेख गर्न
- सूचना तथा सञ्चार प्रविधिका सामग्रीको परिचय दिन र प्रभावकारी उपयोग गर्न एवम् सावधानी अपनाउन
- विश्वमा घटेका समसामयिक घटनासँग परिचित हुन

पाठ
१

# नेपालका मित्रराष्ट्र र संस्था

शिवशङ्कर प्रसाद कालिका सामुदायिक माध्यमिक विद्यालयमा कार्यरत शिक्षक हुनुहुन्छ । उहाँले नौ कक्षाका विद्यार्थीलाई अन्तर्राष्ट्रिय सम्बन्धका विषयमा आयोजित प्रदर्शनी स्थलमा लिएर जान लाग्नुभएको छ । उक्त प्रदर्शनी स्थलमा जानुअगि अन्तर्राष्ट्रिय सम्बन्धका विषयमा विद्यालय प्राङ्गणमा उहाँले यसरी प्रस्ट्याउनुभयो :

विद्यार्थीहरू,

नेपाल भारत र चीनबिचमा अवस्थित भूपरिवेष्ठित देश हो । देशको अस्तित्वलाई जोगाइराख्न नेपालले कहिले तिब्बतसँग युद्ध गर्नुपर्‍यो त कहिले अङ्ग्रेजसँग युद्ध गर्नुपर्‍यो । विगतमा ज्यादै कठिन दिनमा पनि नेपाल कसैको अधीनमा रहेन । आफ्नो सार्वभौमसत्ता र स्वतन्त्रतालाई जोगाइराख्न सक्षम भयो । सन् १८१६ मार्च ४ (वि.सं. १८७२) मा भएको सुगौली सन्धिपश्चात् नेपालको परराष्ट्र नीतिले नयाँ दिशा लिएको देखिन्छ । बेलायतसँग कुटनीतिक सम्बन्ध स्थापना भएपछि नेपालको आधुनिक विश्वसँग नियमित सम्पर्क सुरु भएको हो । नेपालको परराष्ट्र सम्बन्धको औपचारिक सुरुआत भने सन् १८५० मा जङ्गबहादुर राणाले बेलायतको भ्रमण गरेपछि भएको थियो । त्यस्तै सन् १९२३ मा चन्द्रसमशेरका पालामा ब्रिटिस सरकार र नेपालबिच शान्ति तथा मैत्री सन्धिमा हस्ताक्षर भएको थियो । वि.सं. २००७ को राजनीतिक परिवर्तनपश्चात् नेपालको दौत्य सम्बन्ध अन्तर्राष्ट्रिय क्षेत्रमा प्रवेश गरेको थियो । नेपालले १४ डिसेम्बर १९५५ मा संयुक्त राष्ट्रसङ्घको सदस्यता लियो । अफ्रो एसियाली सङ्गठनको बाङडुङ सम्मेलनमा पनि भाग लियो । सन् १९६१ देखि असंलग्न राष्ट्रहरूको शिखर सम्मेलनमा सहभागी भई सक्रिय सदस्यका रूपमा कार्य गर्दै आएको छ । यसरी विभिन्न देशसँग दौत्य सम्बन्ध र अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्ने कार्यमा नेपालको संलग्नता र सहभागिता रहँदै आएको छ । सन् २०२४ जुलाई १७ मा किरिबाससँग नेपालको कुटनीतिक सम्बन्ध स्थापना भएपछि यस्ता मुलुकको सङ्ख्या १८३ पुगेको छ ।

विभिन्न देशसँग दौत्य सम्बन्धबाट सांस्कृतिक आदानप्रदान, खेलकुद, शिक्षा, उद्योग व्यापार, पर्यटन र रोजगार प्रवर्धन गर्न मदत पुग्ने छ ।

(शिक्षक र विद्यार्थीले विभिन्न स्टल अवलोकन गर्दै गरेका थिए ।)

**स्टल नं. १ बाट नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध र परराष्ट्र नीतिका आधार सम्बन्धमा जानकारी प्राप्त भएको थियो, जुन यसप्रकार छ :**

(क) असंलग्नता

(ख) पञ्चशीलको सिद्धान्तप्रति आस्था

(ग) संयुक्त राष्ट्रसङ्घको बडापत्रको पालना

(घ) क्षेत्रीय सहयोग अभिवृद्धि

(ङ) नि:शस्त्रीकरणमा जोड

(च) भूपरिवेष्टित मुलुकको हकहितको सुरक्षा

(छ) साना तथा अविकसित मुलुकको हकहितको सुरक्षा

(ज) समस्याको शान्तिपूर्ण समाधान

(झ) असल छिमेकीपनको भावना

(ञ) दबाब र भेदभावको विरोध

(ट) स्वतन्त्र परराष्ट्र नीति

**स्टल न. २ मा नेपाल र संयुक्त अधिराज्यबिचको सहयोग सम्बन्धमा प्राप्त भएका जानकारी यसप्रकार छन् ।**

(क) दौत्यसम्बन्ध स्थापना मिति : सन् १८१६

(ख) संयुक्त अधिराज्य (बेलायत) बाट नेपाललाई भएका सहयोग

ब्रिटिस लाइब्रेरी स्थापना

नारायणगढ– बुटवल सडक खण्ड

धरान-धनकुटा सडक खण्ड

बुढानीलकण्ठ स्कुल, काठमाडौँ ।

कृषि अनुसन्धान केन्द्र, पाखीबास (धनकुटा) र लुम्ले (कास्की)




**स्टल न. ३ बाट नेपाल र भारतबिचको सम्बन्धमा प्राप्त भएको जानकारी यसप्रकार थिए :**

(क) नेपाल भारतबिच दौत्य सम्बन्ध २००४ सालमा भएको थियो ।

(ख) विं. सं. २००४ मा नै दुबै देशका राजदूतावासको स्थापना भएको थियो ।

(ग) भारतले नेपाललाई गरेका सहयोगहरू

त्रिभुवन राजपथ

काठमाडौँ त्रिशूली सडक

सुनौली पोखरा राजमार्ग

फत्तेपुर कुलौनी सडक

पञ्चेश्वर बहुउद्देश्यीय आयोजना

पूर्वपश्चिम राजमार्गको केही खण्ड

चतरा नहर

काठमाडौँ सुन्दरीजल खानेपानी योजना



त्रिशूली र देवीघाट जलविद्युत् आयोजना

शिक्षा, ग्रामीण, बागवानी, स्वास्थ्य क्षेत्रमा सहयोग

बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान

राष्ट्रिय ट्रमा सेन्टर र वीर अस्पताल, काठमाडौँ

मनमोहन मेमोरियल पोलिटेक्निक, मोरङ

विभिन्न अस्पताल र सङ्घसंस्थालाई एम्बुलेन्स वितरण

बर्दिवास जनकपुर जयनगर रेलवे सेवा विस्तार

भवन निर्माण तथा यातायातका साधनको वितरण

भारतमा उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्रदान

**स्टल न. ४ मा नेपाल र चीनबिचको सम्बन्ध र सहयोग सम्बन्धमा निम्नलिखित जानकारी प्राप्त भएको थियो :**

(क) दौत्य सम्बन्ध स्थापना : सन् १९५५, अगस्ट १

(ख) चिनले सहयोग गरेका क्षेत्रहरू

अरनिको राजमार्ग, पृथ्वी राजमार्ग, चक्रपथ, काठमाडौँ

पोखरा बाग्लुङ राजमार्ग, नारायणगढ गोर्खा राजमार्ग आदि

सेती जलविद्युत् आयोजना पोखरा




सुनकोसी जलविद्युत् आयोजना, सिन्धुपाल्चोक

निजामती अस्पताल, काठमाडौँ

बी.पी. कोइराला क्यान्सर अस्पताल, चितवन

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ वानेश्वर, काठमाडौँ

दरबार हाइस्कुललगायत विभिन्न विद्यालयको पुन:निर्माण

चीनमा उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्रदान

यी राष्ट्रको अतिरिक्त अमेरिका, जापान, युरोपियन युनियनलगायतले गरेका सहयोग तथा सम्बन्धका बारेमा विद्यार्थीले जानकारी प्राप्त गरे । यसबाहेक विद्यार्थीले विभिन्न संस्था तथा नियोगहरूले गरेको सहयोगका बारेमा पनि जानकारी लिए ।

**स्टल न. ५ मा नेपाल र विश्व बैङ्कको सम्बन्ध र सहयोगका क्षेत्रहरूमा निम्नलिखित जानकारी प्राप्त भयो :**

(क) नेपालले सदस्यता लिएको मिति : सन् १९६१ सेप्टेम्बर ६

(ख) विश्व बैङ्कले नेपाललाई गरेको सहयोगका क्षेत्र

कुलेखानी जल विद्युत् आयोजना, कृषि जनशक्ति विकास

आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम

भूकम्प प्रभावित क्षेत्रमा विद्यालय पुन:निर्माण

नेपाल औद्योगिक विकास निगम

विभिन्न राजमार्ग, सिँचाइ, खानेपानी, तथा ढलनिकाससँग सम्बन्धित परियोजना

**स्टल न.६ बाट नेपाल र एसियाली विकास बैङ्कबिचको सम्बन्ध र सहयोगका सम्बन्धमा प्राप्त जानकारी निम्नानुसार छ :**

(क) नेपालले सदस्यता लिएको मिति : सन् १९६६

(ख) एसियाली विकास बैङ्कले नेपाललाई गरेको सहयोगका क्षेत्र

शिक्षण प्रशिक्षण कार्यक्रम

विद्युत् क्षेत्रको संस्थागत सहयोग

सामुदायिक खानेपानी तथा सरसफाइ आयोजना

काठमाडौँ उपत्यका खानेपानी प्रयोगमा क्षमता वृद्धि

सार्वजनिक क्षेत्रको लेखा परीक्षण स्तर सुधार

उल्लिखित संस्थाबाहेक अन्तर्राष्ट्रिय मुद्रा कोष, नेपाल विकास सहायता समूह, ओपेक (OPEC), विश्व व्यापार सङ्गठन, साफ्टा, बिमस्टेक (BIMSTIC) लगायतका संस्थाले नेपालमा पुऱ्याएको सहयोग सम्बन्धमा समेत विद्यार्थीले अवलोकन गरी जानकारी लिए ।

## *क्रियाकलाप*

१ **नेपाललाई सहयोग पुऱ्याउने राष्ट्र तथा दातृ संस्थाको नाम र सहयोगका क्षेत्रलाई चार्टपेपरमा तयार गरी कक्षामा टाँस्नुहोस् ।**

२ **देश विकासका लागि अन्तर्राष्ट्रिय सहयोगको जरुरत पर्छ कि पर्दैन, समूहमा छलफल गरी आफ्नो तार्किक निष्कर्ष प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **अन्तर्राष्ट्रिय सम्बन्ध भनेको के हो ?**

(ख) **नेपालले हालसम्म कतिओटा राष्ट्रसँग कूटनीतिक सम्बन्ध स्थापना गरेको छ, लेख्नुहोस् ।**

(ग) **नेपाललाई सहयोग गर्ने मित्रराष्ट्रको सूची तयार गर्नुहोस् ।**

(घ) **नेपालमा अर्न्तराष्ट्रिय क्षेत्रबाट सहयोग मूलतः कुन क्षेत्रमा बढी भएको पाउनुहुन्छ, किन ?**

पाठ २

# संयुक्त राष्ट्रसङ्घ र नेपाल



संयुक्त राष्ट्रसङ्घको स्थापना सन् १९४५ अक्टोबर २४ मा भएको हो । मानव हितका लागि स्थापना गरिएको संयुक्त राष्ट्रसङ्घको घोषणापत्रमा शान्ति, समानता, सहयोग र सम्पर्कलाई प्राथमिकता दिइएको छ। नेपालले सन् १९५५ डिसेम्बर १४ मा संयुक्त राष्ट्रसङ्घको सदस्यता प्राप्त गऱ्यो । हाल यसका सदस्य राष्ट्र १९३ ओटा छन् । सदस्यता प्राप्त गरेदेखि नै संयुक्त राष्ट्रसङ्घमा नेपालको सक्रिय सहभागिता र योगदान रहँदै आएको छ। नेपालले १२ जुन, १९५८ मा संयुक्त राष्ट्रसङ्घीय शान्ति मिसन लेवनानमा पाँच जना नेपाली सैनिक पर्यवेक्षक पठाएर सहयोगको सुरुआत गरेको थियो ।

नेपाल सन् १९६६ मा रङ्गभेदसम्बन्धी विषय समितिमा उपाध्यक्ष भएपछि यसै समितिको कायममुकायम अध्यक्षसमेत भयो । वि.सं. सन् १९७७ देखि १९८१ सम्म अफगानिस्तान र युनिफिल लेबनानमा रही शान्ति स्थापना गर्ने कार्यमा संयुक्त राष्ट्रसङ्घलाई सहयोग पुऱ्याएको थियो । संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को अनुरोधमा नेपालले शान्ति स्थापना गर्ने, युद्धविरामको रेखदेख गर्ने जस्ता कार्यमा समेत सहयोग पुऱ्याउँदै आएको छ । नेपालले सिरिया, कङ्गो, सुडान, लाइबेरिया, हाइटी, इराक, माली, पश्चिमी साहारा, आइभोरी कोस्टलगायतका देशमा संयुक्त राष्ट्रसङ्घमार्फत सहयोग पुऱ्याउँदै आएको छ । सन् १९६९–१९७० र १९८८-१९८९ गरी नेपाल दुई कार्यकालका लागि संयुक्त राष्ट्रसङ्घअन्तर्गत सुरक्षा परिषद्को अस्थायी सदस्य भएको थियो । यस्तै सन् १९७४ र १९८७ मा युनेस्को कार्यकारिणी परिषद् तथा विभिन्न समितिमा रहेर कार्य गर्ने अवसर नेपालले प्राप्त गऱ्यो । गौतम बुद्धको जन्मस्थल लुम्बिनीलाई विश्वभर चिनाउने उद्देश्यले संयुक्त राष्ट्रसङ्घले सन् १९८३ मा 'विश्व शान्ति वर्ष' समेत मनायो । नेपाल संयुक्त राष्ट्रसङ्घ मानव अधिकार परिषद्को सदस्यमा सन् २०१८-२०२० सम्मका लागि एसिया प्यासिफिक समूहबाट निर्वाचित भएको थियो ।

नेपालले सर्वप्रथम वि. स. २०१३ (सन् १९५६) मा संयुक्त राष्ट्रसङ्घको महासभाको अधिवेशनमा भाग लियो । त्यसै वेलादेखि नै विश्वको राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा पनि सक्रिय भूमिका निर्वाह गर्दै आएको छ ।

वि.सं. २०१७ (सन् १९६१)मा अफ्रिकाको कङ्गो (हाल जायर) मा गृह युद्ध हुँदा शान्ति स्थापना गर्न संयुक्त राष्ट्रसङ्घको आह्वानमा नेपालले आफ्ना सैनिक पठाएको थियो । कङ्गोमा संयुक्त राष्ट्र सङ्घका तत्कालीन महासचिव ड्याग ह्यामरसोल्डको मृत्युबारे अनुसन्धान समितिमा ऋषिकेश शाहको अध्यक्षतामा कार्य सम्पन्न गरेको थियो । त्यस्तै नामिबियामा राष्ट्रसङ्घीय सैनिक पर्यवेक्षकको व्यवस्था मिलाउने काम पनि पूरा गरेको थियो । नेपालले संयुक्त राष्ट्रसङ्घीय विभिन्न मञ्चमा निशस्त्रीकरण

सम्बन्धमा आवाज उठाउँदै आएको छ । UNO का विशिष्टीकृत संस्थाहरू अन्तर्राष्ट्रिय श्रम सङ्गठन, खाद्य तथा कृषि सङ्गठन र विश्व स्वास्थ्य सङ्गठन युनेस्को आदि संस्थाको सदस्य भई नेपालले भूमिका निर्वाह गर्दै आएको छ । नेपालको विकास, लोकतन्त्र एवम् शान्ति सुव्यवस्थामा UNO ले सहयोग गर्दै आएको छ । महिलाको सशक्तीकरण, बालकल्याण, मानव अधिकारको संरक्षण र संवर्धनमा महत्त्वपूर्ण भूमिका रहेको छ । विश्व स्वास्थ्य सङ्गठनमार्फत स्वास्थ्य सामग्री प्रदान, विपत् व्यवस्थापन, नेपालको १० बर्से युद्ध समाप्तिपछि हतियार व्यवस्थापन, माओवादी लडाकुको समायोजनमा पनि सयुक्त राष्ट्रसङ्घले भूमिका खेलेको थियो ।

## *क्रियाकलाप*

१. **तपाईँ बसोबास गर्ने स्थानमा कुनै व्यक्ति संयुक्त राष्ट्रसङ्घअन्तर्गत शान्ति सेनामा काम गरी फर्कनुभएको छ भने त्यहाँ रहँदा उहाँले शान्ति स्थापनाका लागि के के कार्य गर्नुभयो, सोधपुछ गरी कार्यहरूको विवरणलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **तपाईँको समुदायमा शान्ति सुरक्षा कायम गर्नका लागि के कस्ता उपाय अवलम्बन गरिएका छन्, छलफल गर्नुहोस् ।**

३. **अन्तर्राष्ट्रिय शान्ति सहयोग समन्वय कायम गर्न संयुक्त राष्ट्रसङ्घअन्तर्गत विभिन्न विशिष्टीकृत संस्थामा नेपालले खेलेको भूमिका र सहयोगका क्षेत्रलाई दिइएको तालिकामा भर्नुहोस् :**

| विशिष्टीकृत संस्था | सहयोगका क्षेत्र | नेपालले निर्वाह गरेको भूमिका |
|---|---|---|
| | | |

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **नेपालले संयुक्त राष्ट्रसङ्घको सदस्यता कहिले प्राप्त गरेको थियो ?**

(ख) **संयुक्त राष्ट्रसङ्घमा नेपालले पुऱ्याएको योगदानलाई बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।**

(ग) **अन्तर्राष्ट्रिय शान्ति स्थापनामा नेपालले खेलेको भूमिकालाई सङ्क्षेपमा चर्चा गर्नुहोस् ।**

(घ) **संयुक्त राष्ट्रसङ्घको गतिविधिमा नेपालको भूमिकालाई अझ प्रभावकारी बनाउन के गर्नुपर्ला, आफ्ना विचार प्रस्तुत गर्नुहोस् ।**

पाठ ३

# क्षेत्रीय सङ्गठन र नेपाल

## १. सार्क

दक्षिण एसियाली राष्ट्रहरूको क्षेत्रीय सङ्गठन सार्क हो । यसलाई SAARC (South Asian Association for Regional Co-opertation) भनिन्छ । सन् १९८० मा दक्षिण एसिया क्षेत्रमा विकसित भएको क्षेत्रीय एकताको भावनालाई साकार पार्न बङ्गलादेशका राष्ट्रपति जियाउर रहमानले यसको स्थापनामा विशेष पहल गरेका थिए । सन् १९८५ को डिसेम्बर ८ मा यसको स्थापना भएको हो । यसमा भारत, भुटान, बङ्गलादेश, पाकिस्तान, नेपाल, श्रीलङ्का, माल्दिभ्स र अफगानिस्तान सदस्य रहेका छन् । अफगानिस्तान सार्कको पछिल्लो सदस्य राष्ट्र हो । सार्कको सचिवालय नेपालमा छ ।

### (क) सार्कका प्रमुख अङ्ग

(अ) राज्य वा सरकार प्रमुखहरूको बैठक

(आ) काउन्सिल अफ मिनिस्टर

(इ) स्थायी समिति

(ई) प्राविधिक समिति

(उ) सचिवालय

### (ख) सार्कका उद्देश्य

(अ) दक्षिण एसियाका राष्ट्रहरूबिचको सामूहिक आत्मनिर्भरताको अभिवृद्धि र समृद्धि गर्ने

(आ) समान विचार तथा उद्देश्य भएका अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संस्थासँग सहयोग अभिवृद्धि गर्ने

(इ) दक्षिण एसियाका जनताको हित अभिवृद्धि तथा जीवनस्तर सुधार गर्ने

(ई) एकअर्काको समस्याप्रति पारस्परिक विश्वास र समझदारी कायम गर्दै योगदान दिने

(उ) साझा हितका विषय रहेका अन्तर्राष्ट्रिय मञ्चमा गर्नुपर्ने सहयोगलाई बलियो पार्ने

(ऊ) अन्य विकासोन्मुख देशसँगको सहयोगलाई मजबुत तुल्याउने

(ऋ) सामाजिक, सांस्कृतिक, आर्थिक, प्राविधिक तथा वैज्ञानिक क्षेत्रमा सक्रिय सहभागिता र पारस्परिक सहयोगको अभिवृद्धि गर्ने

(ए) आर्थिक वृद्धि, सामाजिक उन्नति तथा सांस्कृतिक विकासलाई अभिवृद्धि गर्ने

नेपाल सार्कको स्थापनाकालदेखि हरेक गतिविधिमा सक्रिय रहँदै आएको छ । सदस्य राष्ट्रबिच पारस्परिक सहयोग, मैत्री शान्ति र समझदारी वृद्धिमा नेपालको महत्त्वपूर्ण भूमिका छ । सार्कको सचिवालय नेपालको काठमाडौँमा छ । सार्कको उद्देश्य प्राप्तिका निम्ति नेपाल निरन्तर क्रियाशील रहँदै आएको छ ।

सार्कको स्थापनापश्चात् यस क्षेत्रका राष्ट्रबिच सहयोग, समझदारी, सहकार्य हुँदै आएको छ । नेपालले सार्कको प्रवर्धनलाई आफ्नो परराष्ट्र नीति कै अभिन्न अङ्ग बनाएको छ र नेपाल सार्कको प्रवर्धनप्रति निष्ठावान् रहेको छ । सार्कको सफलताबाट नेपालले यस क्षेत्रमा देखा परेका सबै साझा समस्या समाधान हुन सक्छन् भन्ने कुरामा विश्वास राख्छ । सार्क राष्ट्रहरू गरिबी निवारण एवम् आर्थिक विकास गर्ने साझा उद्देश्यमा एकत्रित छन् । व्यापारिक सम्बन्धलाई सुदृढ र सहज बनाउने हिसाबले SAPTA (SAARC Preferential Trading Arrangement) सम्झौता गरिएको छ । पारस्परिक सहयोग र सम्बन्धलाई अझै बढी सुधार गर्नुपर्ने कुरामा सार्क राष्ट्रहरू विश्वास राख्छन् ।

## २. युरोपियन युनियन




क्षेत्रीय तथा आर्थिक सहयोग बढाउने अभिप्रायले जर्मनी, फ्रान्स, बेल्जियम, नेदरल्यान्ड, लग्जम्बर्ग र इटाली जस्ता देशहरूले २५ मार्च १९५७ मा युरोपियन आर्थिक समुदायको स्थापना गरेका हुन् । १ जनवरी १९५८ मा विधिवत् रूपमा स्थापित यो संस्था युरोपेली देशको आर्थिक समुदाय हो । १९९४ जनवरी १ देखि यस सङ्गठनको नाम युरोपियन युनियन (EU) राखिएको छ । यसको प्रधान कार्यालय बेल्जियमको ब्रसेल्समा रहेको छ । सन् १९७५ मा युरोपेली सङ्घ र नेपालबिच कुटनीतिक सम्बन्ध स्थापना भएको थियो । यस संस्थाले सन् १९७७ देखि नेपालको विकास निर्माणका कार्यमा सहयोग गर्दै आएको छ । यो संस्था नेपाल विकास मञ्चको पनि सदस्य छ ।

**युरोपियन युनियनको उद्देश्य**

(अ) सन्तुलित र दिगो सामाजिक तथा आर्थिक विकास प्रवर्धन गर्ने

(आ) अन्तर्राष्ट्रिय स्तरमा आफ्नो पहिचान बनाउने

(इ) सङ्घका सदस्य राष्ट्रका जनताको जीवनस्तर सुधार्ने

(ई) न्यायिक तथा गृह मामलासम्बन्धी विषयमा घनिष्ट सम्बन्ध वृद्धि गर्ने

(उ) सामूहिक व्यापारलाई प्रोत्साहन गर्ने

(ऊ) भन्सार शुल्क एवम् ट्यारिफ नीतिमा एकरूपता ल्याई सदस्य राष्ट्रहरूबिच आर्थिक समस्या र व्यवधानहरू कमी गर्ने

(ए) नागरिकको आर्थिक असमानता हटाउने

नेपालको आर्थिक विकासका साथै व्यवसाय प्रवर्धनका लागि युरोपियन युनियनले निरन्तर सहयोग गर्दै आएको छ । नेपालको जनस्वास्थ्य, शिक्षा क्षेत्रको साथै निजी व्यवसाय प्रवर्धनको क्षेत्रमा समेत युरोपियन युनियनको सहयोग छ । नेपालको निकासी प्रवर्धनको उद्देश्यले ससाना परियोजनामा सहयोग, उद्योगको उत्पादन वृद्धि, गुणस्तर सुधारमा सहयोग गरेको छ । सक्षम र प्रभावकारी औद्योगिक केन्द्र सञ्चालनका लागि समेत यसले सहयोग पुऱ्याएको छ । त्यस्तै भूकम्पबाट क्षति भएको संरचनाको पुनःनिर्माणमा आर्थिक सहयोग प्रदान गरेको छ ।

## *क्रियाकलाप*

१. **सार्कको उद्देश्यलाई चार्ट पेपरमा तयार गरी कक्षामा टाँस्नुहोस् ।**

२. **सार्कका अङ्गहरूको तालिका बनाई कक्षामा टाँस्नुहोस् ।**

३. **तलका वाक्यहरू कुन कुन सार्क सदस्य राष्ट्रसँग सम्बन्धित छन्, खोजी गरी लेख्नुहोस् :**

(क) चिया, रबर, नरिवलको तेल माछा तथा बहुमूल्य पत्थर निर्यात गर्ने टापु राष्ट्र

(ख) थिम्पु राजधानी भएको भूपरिवेष्टित राष्ट्र

(ग) आठौँ सदस्य राष्ट्र

(घ) सबैभन्दा कम क्षेत्रफल भएको राष्ट्र

(ङ) प्राकृतिक प्रकोपबाट बढी प्रभावित र जनघनत्व बढी भएको राष्ट्र

(च) विश्वको सर्वोच्च शिखर भएको राष्ट्र

(छ) क्षेत्रफलको हिसाबले सबैभन्दा ठुलो राष्ट्र

(ज) छालाका सामान निर्यात गर्ने राष्ट्र

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **एसिया महादेशको नक्सा कोरी सार्क राष्ट्रहरू नक्सामा उतार्नुहोस् ।**

(ख) **सार्कको लोगो बनाएर त्यसको सङ्क्षिप्त व्याख्या गर्नुहोस् ।**

(ग) **सार्क स्थापनाका उद्देश्य उल्लेख गर्नुहोस् ।**

(घ) **युरोपियन युनियनको परिचय दिनुहोस् ।**

(ङ) **युरोपियन युनियनले नेपालको कुन कुन क्षेत्रमा सहयोग गरेको छ, उल्लेख गर्नुहोस् ।**

पाठ ४

# सूचना तथा सञ्चार प्रविधि

सूचना तथा सञ्चार प्रविधि भनेको कम्प्युटर, मोबाइल, इन्टरनेट, नेटवर्क, सफ्टवेयर तथा अन्य डिजिटल उपकरणको प्रयोग गरेर जानकारी आदानप्रदान गर्ने प्रविधि हो । यसबाट एकअर्कासँग सम्पर्कमा रही सूचना आदानप्रदान गर्न सकिन्छ । कम्प्युटर एक विद्युतीय यन्त्र हो, जसले निर्देशनअनुसार तथ्याङ्कलाई गणना, प्रशोधन तथा भण्डारण गर्छ । यसको प्रयोगकर्ताले स्मार्ट फोन, ट्याबलेट, ल्यापटप, डेस्कटप जस्ता माइक्रो कम्प्युटर प्रयोग गर्छन् । ल्यापटप, नोटबुक, स्मार्ट फोन जस्ता कम्प्युटरमा हार्डवेयरलाई एउटै उपकरणमा एकीकृत गरिएको हुन्छ । नेपालमा पनि अधिकांश सरकारी कार्यालयले छिटोछरितो सेवा दिन र सहज तरिकाले सूचना प्राप्त गर्न यस्ता प्रविधिहरू जडान गरी सेवा दिँदै आएका छन् । वर्तमान समय सूचना तथा सञ्चार प्रविधिको समय हो । हाल यसको उपयोग तीव्र रूपमा भइरहेको छ । विभिन्न संस्थाका हरहिसाब व्यवस्थित रूपले राख्न, घरायसी कार्यहरू गर्न, रेडियो, टेलिभिजन प्रसारण गर्न पनि प्रविधिबाट सजिलो भएको छ । गीत सुन्न, खेल खेल्नलगायत थुप्रै किसिमका कार्यका लागि पनि यस्ता प्रविधिले सहज बनाएको छ । सूचना तथा सञ्चार प्रविधिका विभिन्न माध्यम र साधनको सम्बन्धमा तल चर्चा गरिएको छ :

## १. इन्टरनेट

इन्टरनेट एक सूचना तथा सञ्चार प्रविधिको माध्यम हो । यो कम्प्युटर प्रविधिमा आधारित विश्वव्यापी सञ्जाल हो । यसलाई विभिन्न प्रकारका कम्प्युटरसँग सम्बन्ध स्थापित गरी विभिन्न काममा उपयोग गरिन्छ । विश्वभरका सबै प्रकारका सञ्जाललाई सङ्कलन गरी Transmission control Protocal का माध्यमद्वारा अन्तरसम्बन्ध स्थापित गर्ने विश्वव्यापी सञ्जाल इन्टरनेट हो ।

संसारभरि नै सन् १९८० को दशकलाई पर्सनल कम्प्युटर (पिसी) को दशक र सन् १९९० को दशकलाई इन्टरनेटको दशक भन्ने गरिएको छ । इन्टरनेटको सुरुआत सन् १९८० बाटै भए पनि टिम बर्नर लीले WWW (वर्ल्ड वाइड वेब) पहिलो पटक प्रयोगमा ल्याएपछि इन्टरनेटको प्रयोग व्यापक भएको हो । इन्टरनेटको विस्तारले सञ्चार माध्यम र सूचना प्रविधि क्षेत्रमा उल्लेख्य परिवर्तन आएको छ । सूचना प्रविधिमा आएको परिवर्तनले समग्र क्षेत्रलाई प्रभावित गरेको छ । यसको फाइदा निम्नानुसार छन् :

(क) **सूचना खोज्न सजिलो बनाउँछ :** इन्टरनेटको विकास नहुँदासम्म कुनै पनि सूचना प्राप्त गर्न सजिलो थिएन । अहिले हामी जहाँ बसे पनि एकैछिनमा विश्वभरका सूचना तत्काल प्राप्त र उपयोग गर्न सक्छौँ ।

(ख) **मनोरञ्जन प्रदान गर्छ :** इन्टरनेटका मध्यमबाट विभिन्न सन्दर्भ सामग्रीहरू सङ्कलन र अध्ययन गर्न सकिन्छ । चलचित्र हेर्न, गीत सुन्न पनि इन्टरनेटको प्रयोग हुन्छ । यसका साथै मनोरञ्जनका लागि विभिन्न खेल खेल्न सकिन्छ ।

(ग) **अनलाइन कारोबार गर्न सहजता प्रदान गर्छ :** इन्टरनेटका माध्यमबाट कुनै पनि सामान घरमै बसी खरिद गर्न सक्छौँ जसलाई ई–व्यापार (E-commerce) भनिन्छ । यसले मोबाइल, बिजुली, फोन, पानी बिल र इटिकेटिङलगायत सरकारी बिल भुक्तानी गर्न सहयोग गर्छ ।

इन्टरनेटका फाइदा धेरै भए तापनि प्रयोगमा सावधानी अपनाउनुपर्छ । यसको गलत प्रयोगले हरेक मानिसको जीवनमा प्रत्यक्ष असर परिरहेको हुन्छ । भाइरसको खतरा हुन सक्छ । कुनै ह्याकरले व्यक्ति वा संस्थाको विवरण चोरी गर्न सक्छ । इन्टरनेटको बढी प्रयोगले आँखाको ज्योति कम गराउनुका साथै शारीरिक एवम् मानसिक असर देखा पर्न सक्छ ।

## २. वेबसाइट

वेब पेजहरूको सङ्ग्रहलाई वेबसाइट भनिन्छ । यसलाई एउटा सामूहिक डोमेन नेम (Domain name) ले पहिचान गरिन्छ । वेबसाइटमा वेबसर्भर राखी इन्टरनेटमा प्रकाशन गरिएको हुन्छ । कुनै पनि व्यक्तिले वेबसाइट इन्टरनेटसँग जोडिएको कम्प्युटरबाट खोलेर हेर्न सक्छन् । वेबसाइटहरू इन्टरनेट भएका मोबाइल फोन अथवा टेलिभिजनबाट पनि हेर्न सकिन्छ, जस्तै : www.moecdc.gov.np एउटा वेबसाइट हो । यसमा पाठ्यक्रम विकास केन्द्रसँग सम्बन्धित विभिन्न जानकारी उपलब्ध गराइएको हुन्छ । वेबसाइटमार्फत वेबपेजमा पुगेर विभिन्न विद्युतीय सामग्रीहरू उपयोग गर्न सकिन्छ । महत्त्वपूर्ण सामग्री चोरी हुने, ह्याकिङ गर्ने जस्ता क्रियाकलाप गरेर वेबसाइडको दुरुपयोग हुन सक्छ । यसले गर्दा आर्थिक क्षेत्रमा पनि हानि व्यहोर्नुपर्ने हुन्छ । गोप्य सूचनाहरू चुहावट हुने खतरा रहन्छ ।

## ३. इमेल

इमेल सञ्चार प्रविधिको एक माध्यम हो । यसबाट विभिन्न डकुमेन्ट, तस्बिर, चित्र, भिडियो आदि आदानप्रदान गर्न सकिन्छ । इमेल प्रयोग गर्न प्रयोगकर्ताले इमेलका लागि जिमेल वा याहु वा हटमेल वा अन्य इन्जिनमा खाता खोल्नुपर्छ । यसबाट प्रयोगकर्ताको इमेल ठेगाना प्राप्त हुन्छ । व्यक्तिले इमेल प्रयोग गर्दा http/www.gmail.com वा http/www.yahoo.com वा http/www.hotmail.com लगायत ठेगाना टाइप गरी सम्बन्धित ठेगानामा सूचना आदानप्रदान गर्न सक्छन् । त्यसपछि इमेलमा प्राप्त सूचना हेर्नका लागि Inbox मा Click गर्नुपर्छ । आफूले कुनै सूचना पठाउनु परेमा compose option मा Click गरी पठाउने व्यक्ति वा सस्थाको इमेल ठेगाना टाइप गर्नुपर्छ । तल रहेको कोठामा चिठी पत्र सूचना टाइप गरी अन्तिममा send गर्नुपर्छ । इमेल ठेगाना भएका व्यक्ति वा संस्थाबिच एकआपसमा पत्राचार गर्न सकिन्छ । यो सेवा हुलाक चिठी जस्तै हो, तर यसको गति धेरै नै छिटो हुन्छ । यसबाट विद्युतीय रूपमा सन्देश पठाइन्छ । यो सेवा धेरै जसो निःशुल्क हुन्छ । इमेल प्रयोग गर्न कम्प्युटर, इन्टरनेट र इमेल प्रोग्राम चाहिन्छ । कम्प्युटरको विकल्पमा मोबाइल फोनबाट पनि इमेल सेवा प्रयोग गर्न सकिन्छ । जिमेल, आउटलुक, याहु आदिले यस प्रकारका सुविधा प्रदान गर्छन् । जसलाई वेब मेल भनिन्छ । इमेलको प्रयोग गर्दा पाउने व्यक्ति तथा संस्थाको ठेगाना सही हुनुपर्छ । इमेल ठेगाना नमिलेको खण्डमा इमेल फिर्ता आउन सक्छ । अनावश्यक रूपमा कसैलाई पनि इमेल पठाएर दुःख दिने काम गर्नुहुँदैन । यस्तो काम गरेमा विद्युतीय कारोबार ऐनअन्तर्गत साइबर अपराधको कसुरमा कारबाही हुन्छ ।

## ४. मोबाइल फोन

मोबाइल फोन एक प्रकारको यन्त्र (Device) हो। यसले सञ्चारको काम गर्छ। यस यन्त्रको उपयोग गरी कुनै पनि व्यक्तिले अर्को ठाउँमा रहेको व्यक्तिलाई सूचना, सन्देश आदानप्रदान गर्न सक्छ। मोबाइल फोन सूचना वा खबर आदानप्रदान गर्ने बहुद्देश्यीय साधन हो। मोबाइल आजको आवश्यकता भएको छ। विभिन्न जानकारी प्राप्त गर्न, सिकाइ सहजीकरण क्रियाकलापलाई प्रभावकारी बनाउन मदत गर्छ। आजभन्दा दुई दशक अगिसम्म गाउँ गाउँमा सञ्चारको विकल्प नै थिएन। चिठीपत्र मात्र पठाउनुपर्थ्यो। आज मोबाइल फोनको विकासले गर्दा अधिकांशको हातहातमा मोबाइल पुगिसकेका छन्। यसले सूचना प्रवाह गर्नुको अतिरिक्त मनोरञ्जन पनि प्रदान गर्न थालेको छ। यस्ता सामग्रीको अत्यधिक प्रयोगले मानसिक र शारीरिक समस्या सिर्जना हुन सक्ने भएकाले उचित उपयोगमा ध्यान पुऱ्याउनुपर्छ।




## ५. ल्यापटप र ट्याबलेट

ल्यापटप सूचना प्रविधिको साधन हो। यसलाई अध्ययन र दैनिक कामका लागि प्रयोग गरिन्छ। यसले डेक्सटप कम्प्युटरको जस्तै काम गर्छ। यसलाई सजिलैसित जहाँ पनि लैजान सकिन्छ। यसबाट विभिन्न चार्ट, चित्रको प्रस्तुतीकरण गर्न सकिन्छ। मल्टिमिडिया र पावर पोइन्टमार्फत प्रस्तुति गर्न पनि उपयोग गरिन्छ। नक्साङ्कन, नक्सा डिजाइन, सामग्रीको एनिमेसन गर्न पनि यसलाई प्रयोग गर्न सकिन्छ। यसले द्रुत गतिमा काम गर्छ।



ट्याबलेट एन्ड्रोइड सिस्टमबाट सञ्चालन हुने डिभाइस हो। यसमा कुराकानी गर्न, फोटो खिच्न, गेम खेल्न, इमेल इन्टरनेटलगायतका सबै सुविधा रहेका हुन्छन्। यसको साइज मोबाइलको भन्दा अलि ठुलो हुन्छ। सिम राखेर मोबाइलका रूपमा पनि प्रयोग गर्न सकिन्छ।

विद्युतीय सञ्चारका साधनमार्फत हामीले सजिलै आफूले चाहेको व्यक्तिसँग सम्पर्क गर्न सक्छौँ। मोबाइल, ल्यापटप, कम्प्युटरले विद्यार्थीको अध्ययन र सिकाइको वातावरणलाई सहज बनाउँछन्। बालबालिकाहरूलाई सही मार्गदर्शन गरेर चलाउन दिँदा उपलब्धिमूलक हुन्छ। एक्लै बस्दा मनोरञ्जनका लागि गीत सुन्न, फिल्म हेर्न, कुराकानी गरेको रेकर्ड गर्न सुविधा प्रदान गर्छ। फोटो र भिडियो पनि खिच्न सकिन्छ। ब्लुटुथको सहायताले अरू मोबाइलसँग डाटा प्रसार गर्न मदत गर्छ। यी साधनमा अलार्म

घडी, क्यालकुलेटर, नोटबुक जस्ता सुविधा पाउन सकिन्छ । फेसबुक, ट्विटर, भाइबर, जिमेललगायत अन्य सामाजिक सञ्जालमा जोडिँदा आवश्यक सूचनामूलक सन्देश प्राप्त गर्न सकिन्छ ।

यी साधन विद्यार्थीले लामो समयसम्म प्रयोग गर्ने, नबुझी प्रयोग गर्ने, अनावश्यक साइटहरू हेर्ने गरेमा बेफाइदा बढी हुन्छ । जसलाई प्रविधिको दुरुपयोग पनि भनिन्छ । यसको दुरुपयोगले शारीरिक तथा मानसिक रूपमा हानी पुऱ्याउँछ ।

## *क्रियाकलाप*

१. **तपाईँसँग उपलब्ध सूचना तथा सञ्चारका साधनको प्रयोग गरी एक स्थानीय पत्रिकामा प्रकाशन गर्नका लागि एउटा समाचारको नमुना तयार गर्नुहोस् ।**

२. **इन्टरनेटको सदुपयोग सम्बन्धमा आफ्नो साथीलाई पठाउने एउटा चिठी/इमेलको नमुना तयार पार्नुहोस् ।**

३. **सूचना र सञ्चारको प्रयोग गर्दा हुने फाइदा र बेफाइदालाई बुँदागत रूप्मा कक्षामा प्रस्तुत गर्नुहोस् ।**

४. **अनलाइन मिडियामा प्रकाशित तलको समाचार पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

वर्तमान नेपालका प्रायः सबै सरकारी, गैरसरकारी तथा सङ्घसंस्थामा सूचना प्रविधिको प्रयोग गरिएको छ । सरकारी कामकाज नियमित सञ्चालन गर्ने र विशेष कार्य सूचना प्रविधिका माध्यमबाट सञ्चालन गर्ने प्रणाली पनि बढ्दो छ । निर्वाचन कार्यालयले निर्वाचन कार्यको बहुसङ्ख्यक हिस्सा सूचना प्रविधि प्रणालीबाट सञ्चालन गरेको छ भने केन्द्रीय तथ्याङ्क विभागले जनसङ्ख्याको आँकडा सङ्कलन र विश्लेषण गर्ने कार्य पनि यसै प्रणालीबाट सम्पादन गर्दै आएको छ । त्यसबाहेक लोक सेवा आयोगले कर्मचारी छनोट प्रणाली, यातायात व्यवस्था कार्यालयले सवारी दर्ता र चालक अनुमतिपत्र व्यवस्थापन, अर्थ मन्त्रालयले बजेट व्यवस्थापन र सूचना प्रविधि विभागले ई भिलेज, ई स्कुल, अनलाइन हाजिरी जस्ता कार्य गर्दै आएको छ । परराष्ट्र मन्त्रालयले राहदानी प्रक्रिया र निजामती किताबखानाले कर्मचारीको अभिलेख प्रणालीको अभिलेखमा सूचना प्रविधि प्रणालीको प्रभावकारी प्रयोग गरेको छ । सूचना तथा सञ्चारका साधनका माध्यमबाट विभिन्न सरकारी कार्यालय, शैक्षिक निकाय र सङ्घसंस्थाले अनआइन मिटिङ र अनलाइन कक्षा पनि सञ्चालन गरिरहेका छन् ।

(क) माथिको समाचार पढेपछि तपाईँले के के जानकारी लिनुभयो, ती कुरालाई एकआपसमा छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

(ख) अनलाइन मिडियाको फाइदा उल्लेख गर्नुहोस् ।

(ग) अनलाइन मिडियामा प्रकाशित गलत समाचारले समाजमा कस्ता कस्ता नकारात्मक असर पार्न सक्छन्, छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) सूचना तथा सञ्चार प्रविधि भनेको के हो, लेख्नुहोस् ।

(ख) तपाईँले इन्टरनेटलाई आफ्नो सिकाइ क्षमता वृद्धि गर्न कसरी उपयोग गर्ने गर्नुभएको छ ?

(ग) इमेललाई कुन कुन काममा उपयोग गर्न सकिन्छ ?

(घ) मोबाइल फोनका फाइदा लेख्नुहोस् ।

(ङ) सञ्चारका प्रविधिलाई सही रूपमा सदुपयोग गर्न नसक्दा कस्ता कस्ता विकृति उत्पन्न हुन सक्छन्, उल्लेख गर्नुहोस् ।

पाठ ५

# समसामयिक घटना र यसको प्रभाव

वर्तमान समयमा विश्वभरी भइरहेका परिवर्तन र गतिविधिलाई समसामयिक घटना भनिन्छ । नेपालमा हुँदै आएका आन्दोलनका घटना, विश्वमा घटेका घटना, महामारी, दैवीप्रकोप, जलउत्पन्न विपत्, खेलकुदका गतिविधि, शैक्षिक गतिविधि राष्ट्रराष्ट्रबिचको द्वन्द्व, व्यापार तथा पारवहनसम्बन्धी विषय आदि समसामयिक घटनाका विषयवस्तु हुन् । यसै सन्दर्भमा विश्वमा हाल घटिरहेका केही घटना र समाचारहरू तल प्रस्तुत गरिएको छ :

## वैश्विक महामारी तयारी सम्झौता

कोभिड-१९ महामारीले विश्वभर स्वास्थ प्रणाली, आर्थिक संरचना र सामाजिक जीवनमा ठुलो असर पार्‍यो । महामारीको समयमा वैश्विक समन्वय र संसाधनमा वितरण तथा पहुँचमा असमानता देखियो । यसबाट कोरोना जस्तै प्रकृतिको अर्को विश्वव्यापी महामारी भविष्यमा पनि हुन सक्ने र यसका लागि अहिले नै तयारी थाल्नुपर्ने चेतनाको विकास भयो । विभिन्न देशका प्रतिनिधिले सञ्चारमाध्यममा लेख प्रकाशन गरी सबै देशबिच आपसी सहयोगको सहज वातावरण तयार पार्न एक प्रकारको वैश्विक सन्धि आवश्यक भएको तर्क प्रस्तुत गरे । भविष्यमा विश्वमा हुने महामारीको सटिक अनुमान गर्न, पत्ता लगाउन, रोकथाम गर्न, समीक्षा गर्न र त्यसप्रति प्रभावकारी ढङ्गले उच्चस्तरको संयोजित प्रतिक्रिया जनाउन सक्ने अवस्थामा रहनुपर्ने भनाइ राखे ।

यसलाई मध्यनजर गर्दै भविष्यमा महामारी रोकथाम, तयारी र प्रतिकार्यलाई सुदृढ गर्ने उद्देश्यले विश्व स्वास्थ्य संगठनले सन् २०२१ मा “Pandemic Treaty/Agreement” अवधारणा सार्वजनिक गर्‍यो । डब्लुएचओका विशेषज्ञ समूहले यस सन्धिको प्रारम्भिक मसौदा तयार पारी सदस्य राष्ट्रको सुझावअनुसार संशोधन गरियो । यो महामारी तयारी सम्झौता सन् २०२५ को मे २० मा जेनेभा, स्विजरल्याण्डमा सम्पन्न ७८औं विश्व स्वास्थ्य सभाबाट स्वीकृत भएको छ । यस सम्झौताले महामारीको समयमा सदस्य राष्ट्रहरूबिच समन्वय र सूचना आदानप्रदानलाई सुदृढ पार्ने वैज्ञानिक र प्राविधिक सहयोगको माध्यमबाट महामारीको प्रभावलाई न्यूनीकरण गर्ने, विकसित र विकासशील देशहरूबिच स्वास्थ्य स्रोतको समान वितरण सुनिश्चित गर्ने र रोगको निदान, खोप तथा उपचारमा समान पहुँचको लागि उपायहरू अवलम्बन गर्ने कार्यलाई प्राथमिकतामा राखेको छ ।

नेपालले विश्व स्वास्थ्य सङ्गठनको महामारी तयारी सम्झौतामा सक्रिय सहभागिता जनाएको छ । नेपालले आफ्नो राष्ट्रिय महामारी तयारी रणनीति (NPPRP) लाई डब्लुएचओका अन्तर्राष्ट्रिय स्वास्थ्य नियम (IHR २००५) र महामारी तयारी सम्झौतासँग मेल खाने गरी अद्यावधिक गरेको छ । यस सन्धिले महामारीसँग सम्बन्धित तथ्याङ्कहरूको आदानप्रदान, खोप तथा सुरक्षात्मक पोसाक र उपकरणको वितरण व्यवस्थित हुने विश्वास गरिएको छ ।

## राष्ट्रिय गौरवको आयोजना मेलम्ची खानेपानी



काठमाडौँ उपत्यकामा मेलम्ची आयोजनाको पानी वितरण कार्य सुरु भएको छ । खानेपानीको निम्ति बर्सौँदेखि काठमाडौँ उपत्यकाबासीले बेहोरेको सङ्कट समाधान उन्मुख छ । काठमाडौँको उत्तर पूर्वमा रहेको सिन्धुपाल्चोक जिल्लाको मेलम्ची खोलाको पानीलाई लामो सुरुङमा पठाएर त्यसलाई सुन्दरीजलमा जम्मा गरिने व्यवस्था रहेको छ । सुन्दरीजलबाट उपत्यकाका लागि विभिन्न स्थानमा निर्माण गरिएका पोखरीमा जम्मा गरेर पानीलाई विभिन्न स्थानमा वितरण व्यवस्था मिलाएको छ । खानेपानी आयोजनामा यति लामो सुरुङको निर्माण कार्य नयाँ अनुभव हो । सुरुङको लम्बाइ झन्डै २७ किलोमिटर रहेको छ । वि.सं. २०७७ फागुन १० गते सुरुङमा पानी प्रवाह गरी परीक्षण गरिएको थियो जसबाट काठमाडौँबासीलाई पानीको आपूर्ति सहज हुने अपेक्षा गरेका छौँ ।

*(स्रोतः मेलम्ची खानेपानी विकास समितिका विवरण एवम् श्वेतपत्र)*

## जलवायु परिवर्तन

वायुमण्डलको तापक्रम, हावाको बहाव र वर्षात्मा हुने घटबढका कारण पृथ्वी तथा यसको कुनै भागमा औसत मौसममा हुने महत्त्वपूर्ण परिवर्तनलाई जलवायु परिवर्तन भनिन्छ । यो परिवर्तन पृथ्वीको वायुमण्डलको तापक्रमको वृद्धिले जल र वायु तथा वातावरणमा हुने नकारात्मक परिवर्तन हो । पृथ्वीको वायुमण्डल नाइट्रोजन, अक्सिजन, कार्बन डाइअक्साइड जस्ता ग्यास मिलेर बनेको हुन्छ । वायुमण्डलमा यी सबै ग्यास निश्चित मात्रामा वा अनुपातमा हुन्छन् । यिनीहरूको सन्तुलन बिग्रन जाँदा जलवायु परिवर्तन हुने गर्छ । चरम औद्योगिक विकासका कारण कार्बनडाइअक्साइड, मिथेन, सल्फर डाइअक्साइड, क्लोरोफ्लोरो कार्बन आदि वृद्धि भएर वायुमण्डलमा तह भएर बसेका छन् । यसका कारण वायुमण्डलमा असर परी जलवायु परिवर्तनको अवस्था सिर्जना हुन्छ । विश्वका कतिपय जङ्गलमा लाग्ने डढेलोका घटनाले वायुमण्डलीय प्रदूषण उच्च विन्दुमा पुऱ्याएको छ । नेपाल पनि वायुमण्डलीय प्रदूषणबाट मुक्त हुन सकेको छैन । बढ्दो जलवायु परिवर्तनका कारण वर्षा कम वा बढी हुने अवस्था रहन्छ ।

**जलवायु परिवर्तनका असर**

(क) समुद्रको सतह बढ्न गई होचा स्थान डुबानमा हुन सक्ने

(ख) हिमाल नाङ्गा डाँडामा परिणत हुने

(ग) हिमतालको विस्फोट हुने खतरा बढ्ने

(घ) मौसमी फूल फुल्ने, फल फल्ने पाक्ने समयमा परिवर्तन हुने

(ङ) जीवजन्तुको लोप हुने खतरा बढ्ने

(च) बाढीपहिरो भूक्षय बढ्ने

## *क्रियाकलाप*

१. **जलवायु परिवर्तनको नकारात्मक असरबाट बच्न तपाईंले कुन कुन उपाय अपनाउनुहुन्छ, कक्षामा छलफल गरी लेख्नुहोस् ।**

२. **वर्तमान समयमा घटेका समसामयिक घटनाको खोजी गरी भित्तेपत्रिकामा टाँस्नुहोस् ।**

३. **खेलकुद क्षेत्रसँग सम्बन्धित विभिन्न समसामयिक घटनामा आधारित भई समाचार, सम्पादकीय, चित्र आदि सङ्कलन गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **जलवायु परिवर्तनका कारण र असर उल्लेख गर्नुहोस् ।**

(ख) **वैश्विक महामारी तयारी सम्झौताका सकारात्मक पक्षहरू औँल्याउनुहोस् ।**

एकाइ
दश

# जनसङ्ख्या र यसको व्यवस्थापन

## सिकाइ उपलब्धि

- जनसाङ्ख्यिकीका तत्त्वहरू उल्लेख गर्न र नेपालमा जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने तत्त्वको सूची तयार पार्न
- नेपालमा बसाइँसराइका कारण र असर पहिल्याउन
- जनसङ्ख्या वृद्धिका कारण, असर र व्यवस्थापनका उपाय प्रस्तुत गर्न
- पारिवारिक स्वास्थ्य र हेरचाहको परिचय एवम् महत्त्व उल्लेख गर्न व्यावहारिक अभ्यास गर्न

पाठ
१

# जनसाङ्ख्यिक तत्त्व

कुनै निश्चित ठाउँमा निश्चित समयमा बसोबास गर्ने मानिसको कुल सङ्ख्यालाई जनसङ्ख्या भनिन्छ। जनसङ्ख्या सधैँ परिवर्तनशील हुन्छ। यस्तो परिवर्तनका निम्ति महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने तत्त्वहरू जन्म, मृत्यु र बसाइँसराइ हुन्। यसलाई जनसाङ्ख्यिक तत्त्व भनिन्छ। यी जनसङ्ख्या निर्धारणका प्रमुख कारक पनि हुन्। जन्मले जनसङ्ख्या वृद्धि गर्छ, मृत्युले जनसङ्ख्या घटाउँछ। कुनै स्थानमा बाहिरबाट बसाइँ सरेर आउँदा जनसङ्ख्या बढ्छ भने बसाइँ सरेर बाहिर जाँदा जनसङ्ख्या घट्छ। जनसाङ्ख्यिक तत्त्व सम्बन्धमा तल चर्चा गरिएको छ :

## १. जन्म

जन्म निरन्तर चलिरहने प्राकृतिक प्रक्रिया हो। एक महिलाले आफ्नो प्रजननकालमा जीवित रूपमा बच्चा जन्माउनुलाई जन्म भनिन्छ। जन्म प्रजनन प्रक्रियासँग सम्बन्धित छ। सामान्यतः १५ वर्षदेखि ४९ वर्ष उमेर समूहका महिलाहरू प्रजननको दृष्टिकोणले योग्य हुन्छन्। प्रजननयोग्य महिलाको जनसङ्ख्या उच्च भएको ठाउँ वा देशमा स्वाभाविक रूपले उच्च जन्मदर हुने गर्छ। चेतनाको अभाव, बेरोजगारी जस्ता समस्या रहेको देशमा पनि सामान्यतः जन्मदर बढी हुने गर्छ।

## २. मृत्यु

जन्म जस्तै मृत्यु पनि प्राकृतिक प्रक्रिया हो। विश्व स्वास्थ्य सङ्गठनका अनुसार मृत्यु भनेको जन्मपछि कुनै पनि समयमा हुने सम्पूर्ण जीवित लक्षणहरूको स्थायी रूपमा अन्त्य हुनु हो। मृत्यलाई प्रकृतिमा सन्तुलन कायम गर्नका निम्ति आवश्यक पर्ने जैविकीय घटना पनि भनिन्छ। मृत्युले कुनै पनि ठाउँको जनसङ्ख्या घटाउँछ। त्यसकारण यसलाई जनसङ्ख्या निर्धारणका प्रमुख कारक तत्त्वअन्तर्गत राखिएको हो। सामान्यतः स्वास्थ्य पूर्वाधारको अवस्था राम्रो भएका ठाउँमा मृत्युदर न्यून हुन्छ भने कमजोर स्वास्थ पूर्वाधार भएका ठाउँको मृत्युदर उच्च रहन्छ।

## ३. बसाइँसराइ

एक ठाउँबाट अर्को ठाउँमा गई बसोबास गर्ने प्रक्रियालाई बसाइँसराइ भनिन्छ। सामान्यतः बसाइँसराइ सहज जीवनयापनका निम्ति गर्ने गरिन्छ। कतिपय अवस्थामा दबाबमूलक बसाइँसराइ पनि हुने गर्छ। बसाइँसराइलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ। स्थानका आधारमा आन्तरिक र बाह्य बसाइँसराइ हुन्छ। त्यस्तै समयका आधारमा स्थायी र अस्थायी बसाइँसराइ हुन्छ। बसाइँसराइले जनङ्ख्याको आकारमा प्रत्यक्ष परिवर्तन ल्याउँछ। बसाइँसराइलाई जनसङ्ख्याको एक प्रमुख निर्धारक तत्त्वका रूपमा लिइन्छ। बसाइँ सर्ने ठाउँलाई उद्गम स्थल भनिन्छ भने जाने ठाउँलाई गन्तव्य भनिन्छ। यसरी विभिन्न कारणले उद्गम स्थलबाट गन्तव्य स्थलतर्फ जाने प्रक्रिया नै बसाइँसराइ

हो । नेपालमा बसाइँसराइको प्रकृति हेर्दा हिमाली तथा पहाडी भेगबाट तराईमा तथा ग्रामीण भेगबाट सहरी भेगतर्फ उन्मुख रहेको देखिन्छ ।

### *क्रियाकलाप*

१. **कक्षाका विद्यार्थी तीन समूहमा बाँडिनुहोस् र प्रत्येक समूहले एउटा एउटा जनसाङ्ख्यिक तत्त्वका बारेमा प्राप्त जानकारी चार्टपेपरमा लेखी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **आफ्ना कक्षामा पढ्ने अन्यत्रबाट बसाइँ सरेर आएका विद्यार्थी सङ्ख्यालाई वृत्तचित्रमा प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **जन्म, मृत्यु र बसाइँसराइलाई किन जनसाङ्ख्यिक तत्त्व भनिएको हो, कारण दिनुहोस् ।**

(ख) **मृत्युको परिभाषा दिनुहोस् ।**

(ग) **जनसाङ्ख्यिक तत्त्वको सूची तयार गरी छोटकरीमा व्याख्या गर्नुहोस् ।**

(घ) **बसाइँसराइ भनेको के हो ?**

(ङ) **बसाइँसराइले उद्गम स्थल र गन्तव्य स्थलमा कस्तो प्रभाव पारेको हुन्छ, उल्लेख गर्नुहोस् ।**

पाठ २

# नेपालमा जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने तत्त्व

जनसङ्ख्यामा देखा पर्ने सङ्ख्यात्मक घटबढ जनसङ्ख्या परिवर्तन हो । जनसङ्ख्या स्थिर रहँदैन । यो गतिशील हुन्छ । त्यसका पछाडि विभिन्न प्राकृतिक तथा मानवीय कारणहरू हुन्छन् । जन्मले जनसङ्ख्यामा सकारात्मक परिवर्तन ल्याउँछ अथवा मृत्युदरभन्दा जन्मदर बढी भयो भने जनसङ्ख्या बढ्छ । विश्वका अधिकांश देशमा मृत्युदरभन्दा जन्मदर बढी हुने गर्छ । दिनप्रतिदिन विश्वमा जनसङ्ख्या बढ्दो क्रममा रहेको पाइन्छ । विशेष गरी विकासोन्मुख देशमा जन्मदर उच्च रहेको पाइन्छ र जनसङ्ख्या वृद्धिको क्रम पनि उच्च रहेको छ । मृत्युका कारण जनसङ्ख्या घट्छ । बसाइँसराइले गर्दा जाने ठाउँको जनसङ्ख्या घट्छ भने आउने ठाउँको जनसङ्ख्यामा वृद्धि हुन्छ ।

जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने विभिन्न तत्त्व हुन्छन् । तीमध्ये जन्म, मृत्यु र बसाइँसराइ प्रमुख हुन् । यी तत्त्व सामाजिक, आर्थिक र वातावरणीय अवस्थासँग सम्बन्धित हुन्छन् । जसको चर्चा तल गरिएको छ :

## १. सामाजिक अवस्था

### (क) चेतनाको कमी

चेतनाको कमीले जनसङ्ख्याको परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेल्छ । व्यक्तिको सोचाइ, चिन्तन तथा उसको व्यवहारको निर्धारण उसको चेतनाको स्तरले गर्छ । चेतनाको कमी भएका व्यक्तिले राम्रो नराम्रो, व्यावहारिक तथा अव्यावहारिक पक्षका बारेमा परिस्थितिअनुरूप छुट्याउन असमर्थ हुन्छन् । यसका साथै उनीहरूलाई परिवार नियोजनका उपायका बारेमा पनि कम जानकारी हुन सक्छ । यसको कारण जनसङ्ख्या व्यवस्थापनमा चासो नहुने र जनसङ्ख्या वृद्धिमा यसको प्रभाव रहने हुन्छ । अन्धविश्वास सरसफाइमा कम चासोका कारण मृत्युदर बढी हुन्छ जसले जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्छ ।

### (ख) परिवारको अवस्था

परिवारको अवस्था जनङ्ख्या परिवर्तनको अर्को महत्त्वपूर्ण तत्त्व हो । उच्च तथा शिक्षित परिवारका महिलाहरूले सामान्यत: धेरै बच्चा जन्माउन चाहँदैनन् र सानो परिवारमा बस्न रुचाउँछन् । उनीहरूमा कार्यव्यस्तताले गर्दा बच्चाको स्याहारसुसार गर्ने फुर्सद पनि हुँदैन । ठुलो तथा संयुक्त परिवारमा बच्चाको स्याहारसुसार गर्ने जिम्मेवारी पनि धेरै जनाको हुने हुँदा धेरै बच्चा जन्माउने सम्भावना रहन्छ ।

### (ग) धार्मिक विश्वास

हरेक समाज कुनै न कुनै धार्मिक मान्यताबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित रहेको हुन्छ । हाम्रो समाजमा अझ पनि पितृसत्तात्मक मान्यता पूर्ण रूपमा हटिसकेको छैन । यस्ता समाजमा छोरीको तुलनामा छोराको महत्त्व बढी हुन्छ भन्ने मान्यता राखिन्छ । यस्तो किसिमको धार्मिक विश्वासले गर्दा जनसङ्ख्याको वृद्धिमा मदत पुग्छ । कुनै एक धार्मिक समुदाय भएका ठाउँमा त्यही समुदायमा मानिसको बसाइँ सर्ने हुन सक्छन् । धार्मिक विश्वासले पनि जनसङ्ख्या परिवर्तनमा प्रभाव पर्छ ।

### (घ) स्वास्थ्य सुविधाको अवस्था

स्वास्थ्य मानव जीवनको सबैभन्दा महत्त्वपूर्ण तत्त्व हो । जुन ठाउँमा पर्याप्त स्वास्थ्य सुविधाको उपलब्धता छैन त्यस ठाउँका मानिसको औसत बाँच्ने आयु कम हुन्छ अथवा मृत्युदर बढी हुने सम्भावना हुन्छ । यसरी स्वास्थ्य सुविधाको अभावमा मृत्युदर बढी भएमा जन्मेको बच्चा बाँच्ने अनिश्चितताका कारण वृद्धि दर पनि उच्च हुन सक्छ ।

## २. आर्थिक अवस्था

### (क) गरिबी

दैनिक रूपमा जीविकोपार्जनका निम्ति आवश्यक पर्ने आधारभूत आवश्यकताको सहज रूपमा आपूर्ति हुन नसकेको अवस्थालाई गरिबी भनिन्छ । गरिबीका कारणले गर्दा कुनै पनि व्यक्तिले आफ्नो दैनिक जीवनका आवश्यकता सँगसँगै गुणस्तरीय सुविधा तथा शिक्षा पनि प्राप्त गर्न असमर्थ हुन्छन् । यसका साथै गरिबीले गर्दा आफ्ना सन्तानलाई नै सम्पत्तिको स्रोतका रूपमा लिने सोचाइ पनि विकास हुन सक्छ । भविष्यको साहाराका रूपमा आफ्नो सन्तानलाई लिने पनि चलन रहेको हुन्छ । यसले गर्दा जनसङ्ख्या वृद्धिमा टेवा पुग्छ ।

### (ख) सन्तुलित आहारको अभाव

स्वस्थ जीवनयापन गर्न सन्तुलित आहारको आवश्यकता पर्छ । सन्तुलित आहारको अभावमा विभिन्न किसिमका रोग लाग्ने साथै उमेर नपुग्दै मृत्यु हुने पनि सम्भावना रहन्छ । उच्च मृत्युदरका कारण जनसङ्ख्या परिवर्तन हुन्छ ।

### (ग) बेरोजगारी

सक्रिय उमेर समूहका मानिसहरू आयआर्जनमूलक गतिविधिमा संलग्न नभएको अवस्था बेरोजगारी हो । नेपालमा बेरोजगारीको अवस्था चुनौतीपूर्ण छ । रोजगारी नहुनुका कारण कुनै पनि गतिविधिमा व्यस्त हुनुपर्दैन । परिवारमा सधैँ रहने अवस्था हुँदा बच्चाबच्चीलाई स्याहारसुसार गर्ने पर्याप्त समय हुन्छ । यसले गर्दा जन्मदर उच्च रहने सम्भावना हुन्छ र जनसङ्ख्यामा परिवर्तन आउँछ ।

## ३. वातावरणीय अवस्था

**(क) हावापानी**

हावापानी जनसङ्ख्या परिवर्तनको अर्को महत्त्वपूर्ण कारक तत्त्व हो । चिसो हावापानीको तुलनामा तातो हावापानी भएको क्षेत्रमा बसोबास गर्ने बालबालिका छिटो परिपक्व अवस्थामा पुग्छन् । छिटो हुने परिपक्वताले गर्दा उनीहरू सानै उमेरमा प्रजनन कार्यमा सक्रिय रहने सम्भावना रहन्छ ।

**(ख) प्रदूषण**

हाम्रो वरिपरिको वातावरणमा अनावश्यक वस्तुको मात्रा बढ्न गई स्वास्थ्यलाई हानि पुऱ्याउने अवस्था प्रदूषण हो । अत्यधिक प्रदूषणका कारणले गर्दा विभिन्न किसिमका रोगबाट सङ्क्रमित हुने सम्भावना हुन्छ । रोगबाट ग्रसित जनसङ्ख्याले देशको सकारात्मक परिवर्तनमा कुनै भूमिका निर्वाह गर्न सक्दैन भने मृत्युदर पनि बढ्ने सम्भावना रहन्छ । यसले गर्दा जनसङ्ख्या परिवर्तन हुन्छ ।

**(ग) विपत्**

सामान्यतः प्राकृतिक र मानवीय कारणले गर्दा विपत् आइपर्छन् । यस्ता विपत्तिका कारण धेरै धनजनको क्षति हुनाले जनसङ्ख्यामा पनि परिवर्तन आउने गर्छ ।

### *क्रियाकलाप*

१. **समूहमा छलफल गरी जनसङ्ख्यामा परिवर्तन ल्याउने विभिन्न तत्त्वको सूची तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **तपाईँको समुदायमा जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने अवस्थाहरूमध्ये बसाइँसराइको अवस्था र त्यसका कारणलाई समेटेर एक लेख तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **धार्मिक विश्वासले जनसङ्ख्या परिवर्तनमा कस्तो भूमिका खेल्छ, आफ्नो विचार लेख्नुहोस् ।**

(ख) **जनसङ्ख्या परिवर्तनमा असर पुऱ्याउने वातावरणीय अवस्थाबारे छोटकरीमा लेख्नुहोस् ।**

(ग) **नेपालको जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने सामाजिक अवस्थाबारे छोटकरीमा व्याख्या गर्नुहोस् ।**

पाठ ३

# नेपालमा बसाइँसराइका कारण र असर



उद्‌गम स्थानदेखि गन्तव्य स्थानतर्फ जाने प्रक्रिया बसाइँसराइ हो । बसाइँसराइमा आकर्षण र विकर्षण गर्ने तत्त्व हुन्छन् । विकर्षण गर्ने तत्त्वले उद्‌गम स्थल छोड्नका निम्ति अभिप्रेरित गर्छन् भने आकर्षण गर्ने तत्त्वले गन्तव्य स्थलमा बसाइँसराइका लागि अभिप्रेरित गर्छन् ।

गाउँमा पर्याप्त रोजगारीको अवसर नभएको होइन तर यसको पहिचान र प्रयोगमा युवा पुस्ताको ध्यान पुगेको देखिँदैन । यहाँ उत्पादन भएका वस्तु जीविकोपार्जनका निम्ति पर्याप्त छन् । शिक्षित मानिस गाउँमा बस्न कम रुचि राख्छन् भने अधिकांश किसानलाई आधुनिक कृषि प्रणालीसम्बन्धी ज्ञानको अभाव छ । पढेलेखेका मानिस कृषि पेसामा आउन चाहँदैनन् । यस्तो अवस्था आउनुमा कृषिको आधुनिकीकरण तथा व्यावसायीकरण नहुनु हो । शिक्षित जनशक्तिले आफ्नो दक्षताअनुरूपको अवसर पनि प्राप्त गर्न सकेका छैनन् । यस्ता अवसरसँग सम्बन्धित पक्ष पनि नेपालमा बसाइँसराइका महत्त्वपूर्ण कारक तत्त्व बन्न पुगेका छन् । यी सबै आर्थिक पक्षहरूसँग सम्बन्धित कारण हुन् ।

विशेष गरी वयस्क अथवा सक्रिय जनसङ्ख्या बढी मात्रामा स्थायी अथवा अस्थायी किसिमको बसाइँसराइमा सक्रिय भएको पाइन्छ । उच्च शिक्षा प्राप्तिका लागि होस् वा रोजगारीका लागि होस् यही समूहको जनसङ्ख्या नै बढी सक्रिय भएको पाइन्छ । त्यसकारण नै गाउँमा वृद्धवृद्धा तथा केटाकेटीको सङ्ख्या बढी हुन गएको हो । रोजगारीको सिलसिलामा होस् वा अन्य प्रयोजनका लागि होस् पुरुषको तुलनामा महिलाको बसाइँसराइको क्रम अत्यन्त न्यून रहेको छ ।

विकासका पूर्वाधारको अभाव, रोजगारीका अवसरहरू प्राप्त नहुनु, कृषिमा आधुनिकीरण तथा व्यावसायिकीकरण नहुनु, गुणस्तरीय शिक्षाको अवसर नहुनु आदि नेपालको बसाइँसराइका प्रमुख कारण हुन् ।

बसाइँसराइले उद्‌मस्थलको जनसङ्ख्या कमी हुने र गन्तव्यस्थलको जनसङ्ख्या वृद्धि हुने हुन्छ । उद्‌गमस्थलमा जनशक्तिको अभाव हुने, खेतबारी बाँझो रहने अवस्था आउँछ । गन्तव्य स्थलमा भने भिडभाड बढ्ने, स्रोतको अभाव हुने, सडक जाम हुने, प्रदूषण वृद्धि जस्ता असरहरू देखा पर्छन् ।

## *क्रियाकलाप*

दक्ष तथा युवा पुस्ताहरू गाउँ मात्र हैन दिन प्रतिदिन देशै छोडेर पलायन भइरहेका छन् । कम विकसित मुलुकबाट विकसित मुलुकमा जाने क्रम बढिरहेको छ । विकासोन्मुख देशमा विकासका गतिविधि सञ्चालन गर्नका निम्ति जनशक्तिको अभाव बढ्दै गएको छ । विश्वका गरिब देश जनशक्तिको अभावमा झन् कमजोर हुँदै गइरहेका छन् भने धनी देशले सस्तो मूल्यमा दक्ष जनशक्ति प्राप्त गरिरहेका छन् । यस्ता कारणले विश्व अर्थतन्त्रमा असमानताको खाडल बढ्दो क्रममा छ ।

१. माथि उल्लेख गरिएको समस्या कुन प्रकारको बसाइँसराइसँग सम्बन्धित छ ? यसप्रकारको समस्या समाधानका निम्ति के गर्नुपर्ला ?आफ्नो विचार व्यक्त गर्नुहोस् ।

२. आन्तरिक बसाइँसराइ भनेको के हो ? यसले देशको विकासमा कस्तो असर पुऱ्याउँछ, लेख्नुहोस् ।

३. नेपालमा बसाइँसराइका असर सम्बन्धमा छलफल गरी निष्कर्षमा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **नेपालमा बसाइँसराइका कारण उल्लेख गर्नुहोस् ।**

(ख) **नेपालमा बसाइँसराइले पारेका असरको सूची तयार पार्नुहोस् ।**

(ग) **नेपालमा आन्तरिक तथा बाह्य बसाइँसराइका कुनै दुई दुई कारण लेख्नुहोस् ।**

(घ) **आन्तरिक बसाइँसराइको कारणले गर्दा नेपालको ग्रामीण र सहरी क्षेत्रमा पर्न गएका असर उल्लेख गरी यसका समाधानका निम्ति के गर्नुपर्ला, बुँदागत रूपमा लेख्नुहोस् ।**

## *सामुदायिक कार्य*

आफू बसेको समुदायमा गई समुदायका कुनै व्यक्तिलाई भेटी बसाइँसराइका कारण र समुदायमा त्यसले पारेको असर सम्बन्धमा उनीहरूका विचार समेटी एउटा लेख तयार पार्नुहोस् ।

पाठ ४

# जनसङ्ख्या वृद्धिका कारण र असर

(जनसङ्ख्या गतिशील हुन्छ । विश्वका विकासोन्मुख तथा अति कम विकसित मुलुकहरू तीव्र जनसङ्ख्या वृद्धिका कारण विभिन्न समस्याहरू भोग्न बाध्य भइरहेका छन् । जनसङ्ख्या वृद्धिका कारण र असर सम्बन्धमा केन्द्रित रहेर एक दैनिक पत्रिकाका सम्पादक र जनसङ्ख्याविद्बिच भएको अन्तर्वार्ताको अंश यहाँ प्रस्तुत गरिएको छ ।)

सम्पादक : नमस्कार जनसङ्ख्याविद्ज्यू ! आजको हाम्रो बसाइमा जनसङ्ख्या विषयसँग सम्बन्धित रहेर अन्तर्वार्ता अगाडि बढाउने अनुमति चाहन्छु ।

जनसङ्ख्याविद् : नमस्कार ! विषय गहन छ । हाम्रो संवाद पनि पक्कै प्रभावकारी हुने छ ।

सम्पादक : जनसङ्ख्या वृद्धिका विभिन्न कारणहरू हुन सक्छन् । यहाँको विचारमा सबैभन्दा प्रमुख कारण के के होलान् ?

जनसङ्ख्याविद् : जनसङ्ख्या वृद्धिका विभिन्न कारण हुन्छन् । तीमध्ये शिक्षाको कमी, बेरोजगारी, धार्मिक अन्धविश्वास र सामाजिक कुरीति मुख्य कारण हुन् । अन्य कारणमा लैङ्गिक विभेद, मृत्युदरमा क्रमिक रूपमा कमी आउनु, बसाइँसराइ आदि जनसङ्ख्या वृद्धिका प्रमुख कारणहरू हुन् ।

सम्पादक : समयको परिवर्तन सँगसँगै हाम्रा सोचाइ र मान्यतामा परिवर्तन ल्याउन सकिएन भने विभिन्न विकृतिहरू पनि आउन सक्छन् । यस्ता धार्मिक अन्धविश्वास र सामाजिक कुरीतिको जनसङ्ख्या वृद्धिसँग कस्तो सम्बन्ध रहन्छ होला ?

जनसङ्ख्याविद : हो समाजमा अनुशासन कायम गराउने एउटा महत्त्वपूर्ण माध्यम धर्म पनि हो । समय सापेक्षिक रूपमा हाम्रा धार्मिक मान्यतामा परिवर्तन ल्याउन सकिएन भने यसको नकारात्मक प्रभाव पर्न सक्छ । सानै उमेरमा विवाह गर्नु, जिउँदो छँदा हेर्छ र मरेपछि पनि छोरो चाहिन्छ भन्ने सङ्कीर्ण सोचाइका कारण जनसङ्ख्या वृद्धि हुन पुग्छ ।

सम्पादक : जनसङ्ख्या वृद्धिबाट हुने असरका बारेमा पनि प्रस्ट पारिदिनुहुन्थ्यो कि ?

जनसङ्ख्याविद् : जनसङ्ख्या वृद्धिपश्चात् यसका विविध किसिमका असर हुने गर्छन् । यसको सबैभन्दा महत्त्वपूर्ण असर त प्राकृतिक स्रोतको चरम दोहन नै हो । सम्पूर्ण मानवीय आवश्यकता पूरा गर्ने प्रमुख स्रोत नै प्राकृतिक स्रोत हुन् । जनसङ्ख्या वृद्धिको तुलनामा उपलब्ध स्रोत बढ्दैनन् । उपलब्ध स्रोत र जनसङ्ख्याबिच सन्तुलन हुँदैन । यसले जनसङ्ख्याको व्यवस्थापनमा असर पुऱ्याउँछ । समग्रमा तीव्र जनसङ्ख्या वृद्धिका कारण पर्ने

असरअन्तर्गत सामाजिक तथा सांस्कृतिक असर, आर्थिक असर र वातावरणीय असर पर्छन् ।

सम्पादक : जनसङ्ख्या वृद्धिका कारण देखा पर्ने सामाजिक र सांस्कृतिक असरका सम्बन्धमा प्रस्ट पारिदिनुहुन्छ कि ?

जनसङ्ख्याविद् : राम्रो प्रसङ्ग उठाउनुभयो । सामाजिक अवस्थामा देखा परेको नकारात्मक असरले हाम्रा सांस्कृतिक परम्परा, मूल्यमान्यताहरूमा पनि प्रत्यक्ष असर पुऱ्याउँछ । हाम्रा सांस्कृतिक सम्पदा तीव्र जनसङ्ख्या वृद्धिका कारण दिन प्रतिदिन अतिक्रमित भइरहेका छन् । मौलिक परम्परा लोप हुने अवस्थामा पुगेका छन् । प्राचीन तथा ऐतिहासिक महत्त्वका ठाउँहरूमा दिन प्रतिदिन बस्ती बढ्दो क्रममा छ । ठुला व्यापारिक केन्द्रहरू स्थापना भइरहेका छन् । मानिस सीमित मात्रामा उपलब्ध स्रोतबाट असीमित आवश्यकता पूरा गर्नुपर्ने बाध्यताले गर्दा मौलिक प्रचलनहरू भुल्दै गएको अवस्था छ ।

सम्पादक : उच्च जनसङ्ख्या वृद्धिले मनोवैज्ञानिक समस्या पनि निम्त्याउँछ भनिन्छ । मानिसको भावनासँग यो कसरी सम्बन्धित हुन्छ होला ?

जनसङ्ख्याविद् : हो, उच्च जनसङ्ख्या वृद्धिबाट उत्पन्न समस्याले व्यक्तिको शारीरिक मात्र नभएर मानसिक अवस्थामा पनि समस्या उत्पन्न हुन सक्छ । अस्तव्यस्त वातावरणीय अवस्था, कोलाहल, बेरोजगारीको समस्या, पर्याप्त अवसरको कमी अव्यवस्थित बसोबास, असुरक्षित सामाजिक वातावरण आदि सबै उच्च जनसङ्ख्या वृद्धिबाट उत्पन्न हुने समस्या हुन् । यस्ता किसिमका समस्या एकै पटक आइपरेमा व्यक्तिमा मनोवैज्ञानिक असर पर्न सक्छ ।

सम्पादक : धन्यवाद ! यहाँको उपस्थिति र अर्थपूर्ण संवादका लागि हामी धेरै आभारी छौँ ।

जनसङ्ख्याविद् : जनसङ्ख्या वृद्धिका कारण र असर सम्बन्धमा मलाई आफ्ना कुरा राख्ने अवसर दिनुभएकामा तपाईंलाई पनि धेरै धन्यवाद ।

## *क्रियाकलाप*

१. **कक्षालाई भिन्न भिन्न समूहमा वर्गीकरण गर्नुहोस् र जनसङ्ख्या वृद्धिका कारण तथा असर चार्टमा लेखेर प्रस्तुत गर्नुहोस् ।**

२. **जनसङ्ख्या परिवर्तनका कारण तपाईँको समाजमा पर्न गएका असर सम्बन्धमा कक्षामा छलफल गरी न्यूनीकरणमा तपाईँको भूमिका खोजी गर्नुहोस् ।**

३. **जनसङ्ख्याको वृद्धिबाट देखा पर्न सक्ने मनोवैज्ञानिक प्रभावका बारेमा कक्षामा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

**(क) जनसङ्ख्या वृद्धिका कारण लेखी छोटकरीमा व्याख्या गर्नुहोस् ।**

**(ख) जनसङ्ख्या वृद्धिका असरहरू उल्लेख गर्नुहोस् ।**

**(ग) जनसङ्ख्या घट्नाले आर्थिक क्षेत्रमा पर्ने प्रभावको समीक्षा गर्नुहोस् ।**

### *परियोजना कार्य*

**तपाईँको समुदायमा जनसङ्ख्या परिवर्तनका कारण देखा परेका समस्या समेटी निम्नअनुसारको शीर्षकमा एक प्रतिवेदन तयार गर्नुहोस् :**

(क) शीर्षक

(ख) उद्देश्य

(ग) अध्ययन विधि

(घ) पत्ता लागेका कुरा

(ङ) निष्कर्ष

पाठ
५

# जनसङ्ख्या व्यवस्थापन

## अवधारणा

उपलब्ध स्रोतसाधन र जनसङ्ख्याबिचको सन्तुलित अवस्था जनसङ्ख्या व्यवस्थापन हो । मानिसका आवश्यकता परिपूर्ति गर्ने प्रमुख माध्यम प्राकृतिक स्रोत हुन् । उपलब्ध साधनस्रोतको तुलनामा जनसङ्ख्याको मात्रा बढी हुन गएमा आवश्यकताको परिपूर्तिमा नकारात्मक असर पुग्छ र विभिन्न किसिमका समस्या देखा पर्न सक्छन् । जनसङ्ख्याका व्यवस्थापन भनेको जनसङ्ख्याको सन्तुलित अवस्था पनि हो । यसले व्यक्तिका आधारभूत आवश्यकताको सहज आपूर्तिका साथ गुणस्तरीय जीवनयापनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । जनसङ्ख्या गतिशील छ तर जनसङ्ख्या वृद्धिको अनुपातमा प्राकृतिक स्रोत बढ्दैनन् । समयमै सन्तुलनका उपाय अवलम्बन गरी जनसङ्ख्याको उचित व्यवस्थापन गर्नु मानव जगतका निम्ति हितकर हुन्छ । जनसङ्ख्याको व्यवस्थापन नै जनसङ्ख्या वृद्धि र देशको सामाजिक तथा आर्थिक अवस्थाबिच सन्तुलन कायम गर्ने सबैभन्दा प्रभावकारी माध्यम हो । जनसङ्ख्या व्यवस्थापनले प्राकृतिक स्रोत र उपलब्धताका आधारमा जनसङ्ख्याको वितरणमा पनि जोड दिन्छ । जनसङ्ख्याको व्यवस्थापन प्रक्रियामा वृद्धिदर नियन्त्रण गर्ने मात्र नभई जनसङ्ख्याको वितरण, बसाइँसराइको संरचना, अवस्था र अन्य विकासका गतिविधिसँग सम्बद्ध पक्षहरूलाई पनि उत्तिकै महत्त्व दिइन्छ ।

## जनसङ्ख्या व्यवस्थापनका उपाय

जनसङ्ख्याको व्यवस्थापन उपलब्ध स्रोत र साधनसँग जनसङ्ख्यालाई सन्तुलन गर्ने प्रक्रिया हो । जनसङ्ख्याको आकार, वितरण, संरचना, वृद्धिदर आदि जनसङ्ख्याको व्यवस्थापनसँग सम्बन्धित हुन्छन् । सामान्यतः जनसङ्ख्याको व्यवस्थापनलाई वृद्धिको नियन्त्रणसँग मात्र जोडेर हेर्ने गरिन्छ । यस प्रक्रियामा जन्मदर, मृत्युदर बसाइँसराइ, सन्तुलित जनसङ्ख्या आदिको पनि विश्लेषण गर्नुपर्ने हुन्छ । गुणस्तरीय जीवनयापनका निम्ति आधारभूत आवश्यकताका साथसाथै शिक्षा, स्वास्थ्य, सुरक्षा, रोजगारी, मनोरञ्जन, अधिकारको सुनिश्चितता हुनुपर्छ । ती सबै पक्षको प्रभावकारी ढङ्गले व्यवस्थापन गर्नु जनसङ्ख्याको व्यवस्थापन हो । त्यसकारण जनसङ्ख्याको व्यवस्थापनका निम्ति प्रत्यक्ष तथा अप्रत्यक्ष उपायहरू अवलम्बन गर्न सकिन्छ ।

प्रत्यक्ष उपायअन्तर्गत ढिलो विवाह, जन्मान्तरको कायम, वैध गर्भपतन, अव्यवस्थित बसाइँसराइको नियन्त्रण, गर्भनिरोधक साधनहरूको प्रयोग आदि पर्छन् । यस्तै अप्रत्यक्ष उपायअन्तर्गत जनसङ्ख्या शिक्षा, विभिन्न सचेतनामूलक कार्यक्रम, महिला सशक्तीकरण, रोजगारी तथा आयआर्जनमूलक गतिविधिमा वृद्धि आदि पर्छन् ।

महिलाले १४ वर्षदेखि ४९ वर्षसम्मको उमेरमा बच्चा जन्माउन सक्छन् । यदि कुनै पनि महिलाको विवाह १५ वा १६ वर्षकै उमेरमा भयो भने लामो समय अथवा लगभग ३३, ३४ वर्षको अवधिसम्म

बच्चा जन्माउन सक्ने सम्भावना रहन्छ । जति लामो समयसम्म गर्भाधारण गर्ने समय रहन्छ सोही अनुपातमा जनसङ्ख्याको वृद्धि हुने सम्भावना हुन्छ र यसबाट जनसङ्ख्याको वृद्धि सँगसँगै व्यवस्थापनमा पनि कठिनाइ भएको हुन्छ । यदि विवाहको उमेर नै ढिलो भयो भने एकातर्फ गर्भाधारण गर्ने समय पनि घट्दै जान्छ भने अर्कातर्फ ढिलो उमेरसम्म अन्य अवस्थामा पनि परिपक्वता आइसक्ने हुँदा जन्मदर स्वाभाविक रूपमा नियन्त्रण हुन्छ ।

वर्तमान समयमा बाटाघाटाको सुविधा, तीव्र सहरीकरण, आधुनिकीकरण आदिले बसाइँसराइमा व्यापकता आएको छ । अव्यवस्थित बसाइँसराइ भएमा स्रोतहरूको अभाव हुने, प्रदूषण बढ्ने, प्राकृतिक स्रोतसाधनमाथिको दबाब बढ्ने हुन्छ । सहरी क्षेत्रमा देशका विभिन्न ठाउँबाट अत्यधिक मात्रामा आउने जनसङ्ख्याको कारण व्यवस्थापनमा चुनौती देखा परेको छ । अव्यवस्थित किसिमको बसाइँसराइ भएमा ग्रामीण भेगमा भएका स्रोतको प्रभावकारी रूपमा उपयोग गर्ने मानिसको अभाव रहन्छ । महिलाको गर्भाधारण गर्न सक्ने क्षमता, अव्यवस्थित बसाइँसराइ, जन्मदरको भिन्नता आदिले जनसङ्ख्या वृद्धिमा प्रत्यक्ष असर पुऱ्याउने हुनाले यिनको व्यवस्थापन जनसङ्ख्या व्यवस्थापनको प्रत्यक्ष उपायअन्तर्गत पर्छ । जनसङ्ख्या व्यवस्थापनमा अप्रत्यक्ष माध्यमको भूमिका पनि महत्त्वपूर्ण हुन्छ । यिनले दूरगामी रूपमा प्रभाव पार्ने हुन्छन् । यस्ता उपाय अवलम्बन गर्न सके दीर्घकालीन रूपमा जनसङ्ख्याको व्यवस्थापनमा मदत पुग्छ ।

जनसङ्ख्याको व्यवस्थापनमा सरकारको एकल प्रयास मात्र पर्याप्त हुँदैन । हरेक क्षेत्र, समुदाय तथा व्यक्तिले पनि आआफ्नो ठाउँबाट जिम्मेवारीपूर्ण व्यवहार प्रदर्शन गर्नुपर्छ ।

### *क्रियाकलाप*

१. **जनसङ्ख्या व्यवस्थापनका उपाय झल्कने चार्ट तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **जनसङ्ख्या व्यवस्थापनमा युवाहरूको भूमिका विषयमा कक्षामा वक्तृत्वकला प्रतियोगिता आयोजना गर्नुहोस् र शिक्षकको सहयोगमा मूल्याङ्कन गर्नुहोस् ।**

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) **जनसङ्ख्या व्यवस्थापन भनेको के हो ?**

(ख) **जनसङ्ख्या व्यवस्थापनका प्रत्यक्ष तथा अप्रत्यक्ष उपायको सूची तयार पार्नुहोस् ।**

(ग) **जनसङ्ख्या व्यवस्थापनमा तपाईँले निर्वाह गर्न सक्ने भूमिका छोटकरीमा लेख्नुहोस् ।**

पाठ
६

# पारिवारिक स्वास्थ्य र हेरचाह

परिवार समाजको प्रारम्भिक एकाइका रूपमा रहेको हुन्छ । परिवारमा पारिवारिक सदस्यहरूको सम्बन्ध गाँसिएको हुन्छ । वास्तवमा परिवारले व्यक्तिलाई शारीरिक, मानसिक, सामाजिक तथा आध्यात्मिक रूपले विकसित हुन उपयुक्त वातावरणको सिर्जना गर्छ । समाजको एक आधारभूत अङ्गका रूपमा रहेको परिवारअन्तर्गत आमाबाबु र तिनका सन्तति समाहित हुन्छन् । परिवारका सम्पूर्ण सदस्यको शारीरिक, संवेगात्मक, आध्यात्मिक स्वास्थ्य एवम् सामाजिक र मानसिक अवस्थालाई पारिवारिक स्वास्थ्य भनिन्छ । स्वस्थ जीवनयापनका लागि पारिवारिक स्वास्थ्यले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसैले स्वस्थ परिवार निर्माणको जिम्मेवारी पारिवारिक सदस्यहरूमा नै निर्भर रहन्छ । नियमित स्वास्थ्य परीक्षण, खोप, पोषण, सरसफाइ, शारीरिक वृद्धि विकासदेखि स्वास्थ्यको अवस्था र समस्याको पहिचान गरी समाधानका उपाय जस्ता पक्षहरू पारिवारिक स्वास्थ्य हेरचाहभित्र पर्छन् । अन्धविश्वास र दुर्व्यसनी विरुद्धको सचेतना पनि पारिवारिक स्वास्थ्य हेरचाहको महत्त्वपूर्ण पक्षका रूपमा रहेको हुन्छ । समाजमा विभिन्न स्वास्थ्य सेवाहरू उपलब्ध गराइएका हुन्छन् । उपलब्ध स्वास्थ्य सेवाहरू उपयोग गरी आफ्नो परिवारको स्वास्थ्य हेरचाह गर्नु हाम्रो दायित्व हो ।

पारिवारिक स्वास्थ्य र हेरचाहको अवस्थाले परिवारका सदस्यको स्वास्थ्यलगायत शैक्षिक, आर्थिक, सामाजिक विकासमा समेत सकारात्मक प्रभाव पार्ने हुनाले यसको महत्त्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- गुणस्तरीय खाद्यान्नको प्रवर्धन गर्न
- लत्ताकपडा र सुरक्षित बासको व्यवस्था गर्न
- निरोधात्मक र उपचारात्मक स्वास्थ्य सेवामा पहुँच पुऱ्याउन
- तनावरहित स्वस्थ र सुखी पारिवारिक वातावरण निर्माण गर्न
- स्वास्थ्य समस्यामा उचित रेखदेख र हेरचाह गर्न
- स्वस्थ रहन, उत्प्रेरणा र हौसला प्रदान गर्न
- व्यक्तिगत सरसफाइसम्बन्धी बानीको विकास गर्न
- सकारात्मक सोचसहित उत्पादनशील क्षमतामा वृद्धि गर्न
- एउटा आदर्श परिवार निर्माण गर्न ।

परिवारका सदस्यमा हुने स्वास्थ्यसम्बन्धी गतिविधिले पारिवारिक स्वास्थ्यमा प्रभाव पार्छ भने त्यससँगै पारिवारिक मूल्यमान्यता, धार्मिक तथा सांस्कृतिक संस्कार र संस्कृतिले पनि पारिवारिक स्वास्थ्यलाई निर्धारण गर्छ । परिवारको आर्थिक अवस्था, सदस्यबिचको आपसी समझदारी, शरीरमा उत्पन्न हुने रसायन, समय समयमा देखा पर्ने सरुवा रोगको महामारीलगायतका कारण पारिवारिक स्वास्थ्य हेरचाहमा विभिन्न समस्या देखा पर्ने गरेको पाइन्छ । यसका बाबजुद परिवारको स्वास्थ्य अवस्थालाई स्वस्थ बनाउन र उचित हेरचाह गर्न निम्नानुसारका व्यावहारिक अभ्यास गर्नु उपयुक्त हुन्छ ।

- नियमित रूपमा सन्तुलित भोजन सेवन गर्नुपर्छ ।
- नियमित शारीरिक परिश्रम हुने क्रियाकलाप गर्नुपर्छ, जस्तै : दैनिक कार्य, हिँडडुल, योग, ध्यान आदि ।
- उमेरअनुसार पर्याप्त निदाउने गर्नुपर्छ ।
- रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्ने खालका खाना लिनुपर्छ ।
- खोप तालिका पूरा गर्नुपर्छ ।
- बालबालिका, गर्भवती महिला र वृद्धवृद्धाको विशेष हेरचाह, प्रेम तथा स्नेह प्रदान गर्नुपर्छ ।
- नियमित स्वास्थ्य परीक्षण गर्नुपर्छ ।
- बढ्दो सरुवा रोगको सङ्क्रमणबाट बच्न उचित सावधानीका उपाय अवलम्बन गर्नुपर्छ ।
- पर्याप्त आराम गर्नुपर्छ ।
- समय समयमा मनोरञ्जन लिनुपर्छ ।
- दैनिक ध्यान, चिन्तन मनन र सकारात्मक सोच राख्नुपर्छ ।
- परिवार नियोजनका साधनको प्रयोग गरी उचित जन्मान्तर कायम राख्नुपर्छ ।
- फोहोरमैलाको उचित व्यवस्थापन गर्नुपर्छ ।
- किशोरीहरूमा हुने महिनावारी तथा पेटसम्बन्धी समस्यामा सचेत रहनुपर्छ ।
- अन्धविश्वासमा नपरी धार्मिक अभ्यास गर्नुपर्छ ।

## क्रियाकलाप

१. तपाईँको समुदाय वा परिवारमा पारिवारिक स्वास्थ्यको अवस्थालाई स्वस्थ राख्न भएका वा गरिएका व्यावहारिक अभ्यासको सूची तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. हाम्रो समाजमा स्वस्थ जीवनयापनका लागि पारिवारिक स्वास्थ्यको भूमिका विषयमा एक लेख तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

### दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) पारिवारिक स्वास्थ्यलाई परिभाषित गर्नुहोस् ।

(ख) पारिवारिक स्वास्थ्य र हेरचाहको महत्त्वको सूची तयार पार्नुहोस् ।

(ग) पारिवारिक स्वास्थ्य निर्धारण गर्ने पक्षहरू छोटकरीमा व्याख्या गर्नुहोस् ।

(घ) पारिवारिक स्वास्थ्यलाई प्रभाव पार्ने कुराहरू उल्लेख गर्नुहोस् ।

(ङ) स्वस्थ परिवार निर्माणमा स्वस्थ बानी व्यवहारसम्बन्धी अभ्यासको भूमिका उल्लेख गर्नुहोस् ।